# अध्याय एक

# शोध परिचय

## १.१ विषय प्रवेश

प्राचीनकालदेखि नै शिक्षा मानव जीवनलाई सभ्य, सुसंस्कृत र अनुशासित बनाउने पद्धतिसँग सम्बन्धित छ । यो निरन्तर चलिरहने र समयानुकूल परिवर्तन भैरहने प्रक्रिया हो । शिक्षाको आवश्यकता र त्यसको उचित व्यवस्थापन मानव विकासक्रमसँगै कुनै न कुनै स्वरूपमा भएको मानिन्छ । प्राचीनकालीन शिक्षा प्रदायक संस्था औपचारिक वा अनौपचारिक दुबै किसिमबाट व्यवस्थित हुन्थे । प्राच्य शिक्षाका निर्धारित लक्ष्यहरू प्राप्त गर्न समग्र शैक्षिक व्यवस्थापनमा ध्यान पुगेको हुन्थ्यो । तत्कालीन शैक्षिक व्यवस्थापनका प्रभावले गर्दा प्राच्य शिक्षण संस्थाहरू अनुशासित, योग्य र स्तरीय जनशक्तिको उत्पादन गर्दथे । त्यसैले संस्कृत भाषाका विद्वान् गुरु, ऋषि तथा महर्षिहरू जनशक्तिका रूपमा उत्पादित थिए ।

नेपालमा प्राचीनकालदेखि शैक्षिक प्रशासन र व्यवस्थापनलाई व्यवस्थित गर्ने प्रयोजनका निमित्त प्राच्य शिक्षा अन्तर्गत देवकुल, ऋषिकुल, राजकुल, पितृकुल र गुरुकुल जस्ता विद्या केन्द्रहरू स्थापना भई सञ्चालनमा आएका पाइन्छन् । सिद्धार्थ गौतमले ज्ञान प्राप्त गरी बाँड्न सुरु गरेपछि गुम्बा, विहार र मठमा बौद्ध धर्म सम्बन्धी शिक्षाको आरम्भ भएको देखिन्छ । त्यस्तै मस्जिदहरूमा मदरसा शिक्षा प्रदान गर्न सुरु भयो ।

साथै पूर्वीय दर्शनमा आधारित गुरुकुलीय शिक्षा पद्धति बढी प्रचलित रहे तापनि यसको समयसापेक्ष विकास, विस्तार र गुणस्तरलाई त्यसको व्यवस्थापन पक्षले प्रभाव पारेको पाइन्छ । समय बित्दै जाँदा यी शिक्षण संस्थाहरू कति त नेपाली मौलिक स्वरूपमा विकसित हुँदै गए । राणाकालमा जङ्गबहादुरद्वारा आफ्ना भाइबन्धुहरूलाई

आधुनिक शिक्षा दिने नाममा अङ्ग्रेजी शिक्षा सुरु गरियो । वर्तमानमा पनि प्राच्य शिक्षाको प्रतिबिम्बका रूपमा गुरुकुल विद्यालय सञ्चालनमा रहेका छन् ।

परापूर्वकालदेखि नै व्यक्तिका असीमित इच्छा, चाहना र त्यसको परिपूर्ति गर्न प्राच्य शिक्षा प्रयोगशील थियो । प्राच्य शिक्षाले वेद, योग, तन्त्र, वेदाङ्ग पाणिनीय व्याकरणका परिधिभित्रका मानव सृष्टिका उषाकालबाटै मानवीय जीवन जगत्सँग सम्बन्ध राख्ने यावत् ज्ञानार्जनका प्रविधिहरूलाई समेट्छ । यस शोधमा प्राच्य शिक्षाले पौरस्त्य शास्त्रीय शैक्षिक ऊहापोहलाई जनाउँछ । प्राच्यकालदेखि नै जीवनोपयोगी शिक्षाको निमित्त आवश्यकीय ज्ञान, सीप र धारणा गुरुको सामीप्यबाट मात्र ग्रहण गर्न सम्भव थियो । नेपालको सन्दर्भमा प्राच्य शिक्षाको आधारस्तम्भका रूपमा गुरुकुललाई लिइन्छ । गुरुकुलको अवधारणाले आफ्नो मातापिताबाट टाढा रहेर गुरुको प्रत्यक्ष निगरानीमा बसी सिक्ने सिकाउने पद्धतिलाई जनाउँछ । यस्तो प्रकारको शिक्षा प्राचीनकालदेखि नै अनौपचारिक र औपचारिक दुबै स्वरूपमा प्राप्त गरिन्थ्यो ।

अनौपचारिक शिक्षाले शिक्षार्थीको रुचि, चाहना र आवश्यकता अनुसार पुरोहित, पण्डित, संन्यासी र घर परिवारबाट प्रदान हुने शिक्षालाई जनाउँछ । यो मूलतः पिता पुर्खाबाट चलेको शिक्षा प्रणाली हो । अनौपचारिक रूपमा परापूर्वकालदेखि बाबुले छोरालाई आवश्यक पर्ने ज्ञान र सीप हस्तान्तरण गरे भने आमाले छोरीलाई आवश्यक ज्ञान र सीप सिकाउने कार्य गर्दै आए । नेपाली समाजमा प्राचीनकालदेखि नै विकसित हुँदै आएको त्यसप्रकारको साधारण शिक्षालाई प्राच्य शिक्षा भनिन्छ । यसमा आफ्नो मातापिता वा नजिक छिमेकमा रहेका पण्डितहरूले साना भाइ बहिनीहरूलाई फुर्सदको समयमा ज्ञानार्जन गर्न लगाइ सामान्य लेखाइ-पढाइ र गणित सम्बन्धी ज्ञान दिने शिक्षा पर्दथ्यो (उपाध्याय, २०६२, पृ. ३६) । घिमिरे (२०७८, १८ वैशाख) का अनुसार नेपालको शैक्षिक इतिहासमा वि.सं. १७५१ मा पहिलो अनौपचारिक गुरुकुल महोत्तरी, मटिहानीमा गुरु रामलालदास (तस्मैया बाबा) ले शुभारम्भ गरे । विकासक्रमसँगै शिक्षा लिनेदिने परिपाटीमा नयाँ धारणा र पद्वति विकसित भए । त्यसपछि वि.सं. १७७५ मा तस्मैया

बाबाले आफ्ना शिष्य जयकृष्णदासलाई गुरुका रूपमा राखेर औपचारिक गुरुकुलको स्थापना गरेका हुन् (घिमिरे, २०७८) ।

औपचारिक शिक्षाले शिक्षार्थीलाई मन्दिर, देवालय, आश्रम, गुरुकुल तथा गुम्बामा प्रदान गरिने उपाधिपरक शिक्षालाई जनाउँछ । जो, पौरस्त्य परम्परामा पनि गुरुले निपुण भएका छात्रछात्रालाई स्नातकोपाधि प्रदान गरी गुरुकुलबाट गृहस्थ आश्रममा पठाउने परम्परा थियो । यस्तो शिक्षाले गुरुकुल, विद्यालय, महाविद्यालय र विश्वविद्यालयहरूबाट प्राप्त गर्ने शिक्षालाई जनाउँथ्यो । नेपालमा गुरुकुल शिक्षा पद्धति प्राचीनकालदेखि नै नेपाली समाजमा विकसित हुँदै आएको छ तापनि प्राचीनकालमा लिपि र भाषाको पूर्ण विकास भइ नसकेकोले शिक्षा पारिवारिक सीप, ज्ञान र व्यवहारको अनुकरणमा सीमित थियो ।

लिच्छविकालका भने विभिन्न शिलालेखहरूमा संस्कृत भाषाको प्रयोग गरिएकाले त्यस बखतको शैक्षिक स्तर उच्च थियो भन्ने कुरा पुष्टि हुन्छ । राणाकालमा प्राच्य गुरुकुल शिक्षालाई औपचारिक रूपमा सञ्चालन गर्न स्रेस्ता, भाषा र संस्कृत पाठशाला आदि नामका विभिन्न शैक्षिक संस्थाहरू स्थापना गरिएको थियो । वि.सं. २०४३ साल मंसीर २५ गते दाङको बेलझुन्डीमा संस्कृत शिक्षालाई उच्चतम तहसम्म सुव्यवस्थित गर्ने पवित्र उद्देश्यले नेसंवि (तत्कालीन मसंवि) को विधिवत् स्थापना गरियो । हाल पनि संस्कृत शिक्षाको विकास र विस्तारका लागि विद्यालय, विद्यापीठ, महाविद्यालय तथा विश्वविद्यालय सञ्चालनमा छन् । जुन कुरा नेपालमा प्राच्य शिक्षाको विकासक्रम अध्ययनबाट स्पष्ट हुन्छ ।

## १.२ नेपालमा प्राच्य शिक्षाको विकासक्रम

मानव सभ्यताको विकासक्रमसँगै शैक्षिक विकास प्रारम्भ भयो । सनातन गुरुकुल शिक्षा संसारको अति प्राचीन शिक्षा पद्धति हो (बराल, २०७७, पृ. २) । प्राचीनकालमा नेपालमा प्राय, त्यस्तै शिक्षा व्यवस्था थियो जस्तो कि प्राचीन भारतमा थियो (झा, २०४४, पृ. १० र शर्मा, २०६८, पृ. १५) । प्राचीन भारतमा ज्ञान मौखिक

रूपमा एक पुस्ताबाट अर्को पुस्तामा स्थानान्तरण भएको थियो (Chouhan, 2016, p. 2) । भारतमा झैँ प्राचीन नेपालको शिक्षा अनौपचारिक स्वरूपबाटै थालनी भएको हो । नेपाली समाजमा यस्तो शैक्षिक पद्धतिको अभ्यास अझै पनि कायम रहेको छ ।

नेपालमा पिँढी पाठशालाबाट शिक्षाको जग बसेको थियो र त्यस्ता पाठशालाहरू गुरुकुल पद्धतिका रूपमा विकसित भएका थिए (ढकाल, २०७४, पृ. ३३) । धार्मिक संस्था, परिवार हुँदै टोल र समुदायमा विस्तार भएको परम्परागत शिक्षा पद्धतिले अर्धऔपचारिक शिक्षाको स्वरूप ग्रहण गर्दै आधुनिक रूपमा विकसित भएका अर्धऔपचारिक विद्यालयहरूलाई राष्ट्रिय स्वरूप दिई औपचारिकता दिइएको थियो (उराशिआ, २०७५, पृ. १५) । पौडेल (२०७६, ११ फागुन) का अनुसार यस्तो प्रकारको प्राच्य शिक्षाको वास्तविक समय पहिचान नभए पनि १८-१९ औं शताब्दीको समयावधितिर कास्कीको पाउँदुरमा पौडेल थरका विद्वान्ले पिँढीमा राखेर पढाउने भएकै कारण त्यसबेला पिँढी पाठशाला भनिन्थ्यो (पौडेल, २०७६) ।

वैदिककालमा आमा र बुबापछि ऋषिमुनिहरूबाट निर्देशित शिक्षा प्रमुख रूपमा रहेको थियो (उराशिआ, २०७५, पृ. १६) । यसले नेपाली समाजमा प्रचलित प्राच्य शैक्षिक पद्धतिको विकासक्रमलाई स्पष्ट गरेको छ । राणाकालभन्दा अगाडिको शिक्षालाई नेपालको शैक्षिक इतिहासका दृष्टिकोणले प्राचीनकालीन शिक्षा भनिन्छ (यादव र अरू, २०६८, पृ. १४) । मूलतः नेपालको शिक्षा विकासलाई प्रजातन्त्रपूर्व र प्रजातन्त्र स्थापनापछिको अवधि गरी दुई कालमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ । मनप्रसाद वाग्ले र माधवप्रसाद ढकालद्वारा लिखित 'शिक्षाको प्रारम्भिक परिचय' पुस्तकमा फ्रान्सका इतिहासकार सिल्भाँ लेभीले वि.सं. २००७ अघिको शैक्षिक विकासक्रमलाई तीन चरणमा विश्लेषण गरेका कुरा उद्धृत गरेका छन् (वाग्ले र ढकाल, २०६७, पृ. १५६) । यस आधारमा नेपालको प्राच्य शिक्षाको विकासक्रमलाई निम्नानुसार उल्लेख गरिएको छ :

### १.२.१ नेपालमा प्रजातन्त्रको उदय हुनुअघिको प्राच्य शिक्षा

सिल्भाँ लेभीका अनुसार प्रजातन्त्रपूर्वको प्राचीन शिक्षाका कालहरू हुन् - स्वदेशीकाल, असावधानीकाल र विरोधकाल । उनका अनुसार प्राचीनकालदेखि नेपाल एकीकरणको अवस्थासम्मको अवधि स्वदेशीकाल हो । यस काललाई मौलिककाल पनि भनिन्छ । शिक्षाको सन्दर्भमा नेपालीकला, नेपालीपन र संस्कृति झल्कने शिक्षा मौलिक शिक्षा हो । खासमा यस अवधिमा शिक्षाप्रेमी व्यक्ति अथवा स्थानीय समुदायद्वारा अनौपचारिक र धार्मिक केन्द्रमा धार्मिक, सांस्कृतिक र सामाजिक ग्रन्थमा आधारित विषयवस्तुहरू पढाइ गरिन्थ्यो । यस शिक्षाले समाजमा प्रचलित धर्म, सामाजिक मूल्य मान्यता, चालचलन र जीवनको आदर्शमा आधारित परम्परागत शिक्षालाई समेट्छ ।

वर्णाश्रम व्यवस्थामा गुरुबाट वैदिक शिक्षाको विकास भयो (शर्मा, २०६८, पृ. १४) । वैदिककालदेखि नै नेपालमा संस्कृत भाषा प्रचलित थियो । यस अवधिमा वैदिक शिक्षामा आधारित गुरुकुल, देवकुल, पितृकुल, आश्रम परम्पराको शिक्षा पद्धति र बुद्ध धर्ममा आधारित चैत्य, मठ र गुम्बामा आधारित शिक्षा पद्धतिको विकास भएको देखिन्छ । नेपालमा आर्यसभ्यताको प्रवेश विक्रम-पूर्व ७०० को आसपासतिर भएको सङ्केत पाइन्छ (आचार्य, २०७३, पृ. ५) । हाम्रो देश नेपालको सन्दर्भमा भन्नुपर्दा शिक्षाको प्रारम्भ धार्मिक केन्द्रहरूबाट अर्थात् गुरुकुलबाट नै प्रारम्भ भयो (पोखे्रल र अरू २०७१, पृ. १७) । अतीतमा शिक्षाको प्राचीनतम थलो ऋषिमुनिको आश्रम थियो । त्यसपछि गुरुकुलहरूको जन्म भयो (चिन्तामणि योगी र अरू, २०६२, पृ. १०३) । जहाँ भाषा र विषय दुबै रूपमा संस्कृतको शिक्षण हुन्छ (TU, 2007, p. 30) । गुरुकुल विद्यार्थीहरूलाई सिदा र आवासको निःशुल्क व्यवस्था गरी पठनपाठन आदि गराउने आश्रम हो ।

संस्थाको स्थापित परम्पराहरूको अदृश्य तर सर्वव्यापी प्रभावले विद्यार्थीलाई उनीहरूसँग आफूलाई चिन्न स्वाभाविक रूपमा प्रेरित गर्छ (Altekar, 1944, p. 32) । नेपाल सरकार, शिक्षा मन्त्रालय (२०६९) द्वारा प्रकाशित 'शैक्षिक सूचना' अनुसार नेपालमा परम्परागत हिन्दु-वैदिक शिक्षाको लामो इतिहास थियो (नेस, २०६९, पृ. ४) । यो शिक्षा प्राचीन समयदेखि अभ्यासमा रहेको छ (TU, 2007, p. 1) । विशेषतः गुरुकुल

प्रणालीका शिक्षा सीमित मात्रामा प्रचलित थिए । बौद्ध दर्शनको प्रादुर्भाव पश्चात् बौद्ध धर्मसँग सम्बन्धी शिक्षा सुरु भयो । त्यसैले Wood (1965 : 16) ले उल्लेख गरेका छन्, “नेपालमा शिक्षाको प्रारम्भिक दुई प्रमुख रूपहरू हिन्दुवाद र बौद्ध धर्मसँग सम्बन्धित थिए” । नेपालका गुरुकुल तथा धार्मिक संस्थाहरूमा एक शताब्दी भन्दा पहिले परम्परागत शिक्षा प्रणालीको प्रभुत्व थियो (श्रेष्ठ, २०५०, पृ. २) । यसले परम्परागत शिक्षा भन्ने बित्तिकै पहिलो हिन्दु-वैदिक र दोस्रो बौद्ध शिक्षालाई बुझिन्छ ।

प्राचीनकालदेखि आरम्भ भएको शिक्षा विकासको प्रक्रिया मध्यकालमा पनि जारी रह्यो (उपाध्याय, २०६२, पृ. ३६) । लिच्छविकालदेखि शाहकालसम्म गुरुकुल शिक्षाले लामो इतिहास पार गरेको पाइन्छ (पन्त, २०७०, पृ. ५४) । यस अवधिमा शिक्षा ऐच्छिक कार्यक्रमको रूपमा थियो । यसका लागि गुठीको व्यवस्था गरिएको थियो (शर्मा, २०६०, पृ. १) । साथै बाग्मती नदीको सिराना रहेको वर्तमान काठमाडौँ उपत्यका प्राचीनकालदेखि नै नेपाली सभ्यता तथा संस्कृतिहरूको केन्द्रस्थलको रूपमा विकसित भएर रहँदै आएको पाइन्छ (आचार्य, २०१८, पृ. ५७) । यसबाट लिच्छविकालमा संस्कृति, कला र शिक्षाको उच्चतम विकास भएको देखिन्छ ।

चौधौँ शताब्दीमा जयस्थिति मल्लले आफ्ना प्रजालाई विभिन्न व्यावसायिक समूहमा विभाजन गरी तिनीहरूलाई व्यावसायिक सीप सिकाउने व्यवस्था गरेका थिए (शर्मा, २०६८, पृ. २१) । नेपालको एकीकरण पहिलेका बाइसे चौबिसे राज्यहरू लगायत काठमाडौँ, पाटन, भक्तपुर, पाल्पा, डोटी, जुम्ला, तनहुँ, कास्की, महोत्तरी र धनुषा आदि क्षेत्रहरूमा संस्कृत शिक्षाको राम्रो प्रभाव थियो । नेपाल संस्कृत पाण्डुलिपिहरूको अद्वितीय सङ्ग्रहको लागि विश्वभरमा प्रसिद्ध छ (Pant, 1979, p. 110) । आजको समयमा मानिसलाई सभ्य, मर्यादित, कर्तव्यनिष्ठ बनाउनका लागि सज्जन वृन्दहरूमा संस्कृत शिक्षाको अध्ययन हुन अत्यन्तै जरुरी हुन्छ (तिमल्सिना, २०७७) । यसले संस्कृत शिक्षाको सबलतालाई औंल्याएको देखिन्छ ।

लेभीले पृथ्वीनारायण शाहदेखि जङ्गबहादुर राणाले शासन नलिउञ्जेलसम्मको समयलाई असावधानीकाल मानेका छन् । शैक्षिक हिसाबले वैदिक वा गुरुकुल शिक्षालाई

ध्यान नदिनु असावधानीकाल हो । राजा पृथ्वीनारायण शाह यद्यपि राष्ट्र निर्माणमा नै बढी संलग्न भएकाले उनले खासै गुरुकुल शिक्षाको उन्नयन गर्न पाएनन् (पन्त, २०७०, पृ. ५३) । नेपालको एकीकरण र सो पश्चात् यहाँको पुरानो, ऐतिहासिक र परम्परावादी शिक्षामा विकास नभै पूर्ववत् रूपमा चल्दै आएको समयावधि नै असावधानीकाल हो तापनि दरबारमा संस्कृत भाषाको प्रयोग भए पनि नेपाली भाषालाई राष्ट्रभाषाको रूपमा प्रयोग गर्दै राष्ट्रिय एकीकरणको अभियान सफल बनाउन पृथ्वीनारायण प्रयत्नशील रहेको पाइन्छ (शर्मा, २०६८, पृ. २८) । त्यसपछिका राजाहरूले आफ्नो समय आन्तरिक भै-भगडामा बिताई परम्परागत शिक्षाको विकास गर्न सकेनन् ।

तेस्रो, नेपालको शिक्षा विकासमा जङ्गबहादुर राणाले वि.सं. १९०३ असोज २ गते शासन सुरु गरेदेखि प्रजातन्त्रको स्थापना हुनु अघिको अवधिलाई विरोधकाल मानिएको छ । विशेष गरेर राणाकालमा शिक्षाको विरोध गर्नुको पछाडि केही कारणहरू थिए । खासगरी शिक्षाले जनतामा जनचेतना बढाउँछ र आफ्नो शासनको बिरोध हुन्छ भन्ने हुनु प्रमुख कारण मानिन्छ । यो कुरा चन्द्रशम्सेरले वि.सं. १९१८ मा त्रि-चन्द्र कलेज स्थापना गर्दा मैले आज मुटुमा किला गाडें भन्ने कथन छ । उनीहरूमा राणा परिवारका सदस्यहरूले मात्र शिक्षा प्राप्त गर्नुपर्छ भन्ने मान्यता थियो तर त्यसबेला केही उदारवादी शासकहरू र जनदबावका कारण परम्परागत र आधुनिक शिक्षाका नाममा अङ्ग्रेजी शिक्षा दिने केही विद्यालय र महाविद्यालयहरू स्थापना भएका थिए ।

शिक्षा क्षेत्रमा बढ्दो सङ्ख्यात्मक वृद्धि र कार्य चापले गर्दा वि.सं. १९८८ मा आएर साधारण र संस्कृत गरी दुईवटा शिक्षा छुट्टाछुट्टै विभागको व्यवस्था गरियो (पोखरेल, २०७०, पृ. २१) । वि.सं. १९९५ मा शिक्षाको 'तालुकी अड्डा' (डाइरेक्टरेट) को व्यवस्था गरेर शिक्षा प्रशासनलाई गति दिइयो (शर्मा, २०६०, पृ. २) । संवत् २००६ साल जेष्ठ ५ मा प्राप्त प्रचार विभागको पुर्जी अनुसार नेपालमा एउटा कलेज, चारवटा हाईस्कुल, दुईवटा मिडिल स्कुल, एउटा आधारभूत शिक्षा तालिम केन्द्र र अठ्तीसवटा आधार स्कुल रहेको पाइन्छ (शर्मा, २०६०, पृ. ७) । यसबाट प्रजातन्त्र स्थापना पूर्व नेपालमा शिक्षाको विकासक्रम सुरु भएको स्पष्ट हुन्छ ।

### १.२.२ नेपालमा प्रजातन्त्रको उदयपछिको प्राच्य शिक्षा

प्रजातन्त्र स्थापनादेखि हालसम्मको अवस्थालाई प्राच्य शिक्षाका विस्तार, विकास र सुधारकाल मानिन्छ । वि.सं. २००७ साल फाल्गुण ७ गतेका दिन अन्तरिम सरकार गठन भएपछि शिक्षा सम्बन्धी काम गर्न शिक्षा विभागको सट्टा शिक्षा मन्त्रालयको गठन गरियो (यादव र अरू, २०६८, पृ. ११ र पोखरेल, २०७० पृ. २१) । यसपछि प्राच्य शिक्षाको विकास र विस्तारमा व्यापक लहर चल्यो । फलस्वरूप वि.सं. २००८ सालदेखि रानीपोखरी पाठशालामा संस्कृतको पठनपाठन सुरु भयो । राष्ट्रिय शिक्षा योजना आयोगले सन् १९५४ मा २३३ संस्कृत विद्यालय रहेको अनुमान गरेको थियो भने सन् १९५९ मा १९१ संस्कृत विद्यालय रहेको अनुमान छ (Wood, 1965, p. 38) । यसका साथै सरकारी र जनस्तरमा शिक्षाप्रति चासो बढ्दै गयो । त्यसपछि व्यक्तिगत र सामूहिक तवरबाट औपचारिक रूपमा परम्परागत र अङ्ग्रेजी विद्यालयहरू खुल्न थाले ।

शिक्षा विभागद्वारा प्रकाशित स्रोत फ्लास प्रतिवेदन (सन् २०१७-१८) अनुसार नेपालमा देशभरिका कुल विद्यालय सङ्ख्या ३५६०१ रहेका छन् । त्यसमध्ये सामुदायिक विद्यालयहरू २७८८३ संस्थागत विद्यालयहरू ६५६६ रहेका छन् । साथै शिक्षक दरबन्दी पुनर्वितरण सुझाव कार्यदल २०७५ को प्रतिवेदन अनुसार देशभरिका आधारभूत र माविमा गरेर प्राथमिक (आधारभूत) तहमा १००६८५ जना, निमावि (आधारभूत) तहमा २५६८७ जना र मावि तहमा १९५१७ जना शिक्षक कार्यरत रहेका छन् भने सबै प्रकारका विद्यालयहरूमा कुल ३२५५१८ जना शिक्षक कार्यरत रहेको देखिन्छन् । त्यसैगरी कक्षा १ देखि १२ कक्षामा कुल विद्यार्थी ७३९१५२४ अध्ययनरत छन् ।

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको २०७९-०१-१५ को मन्त्रीस्तरीय निर्णयानुसार परम्परागत शिक्षण संस्था (सञ्चालन तथा व्यवस्थापन) मापदण्ड २०७९ जारी गरिएको छ । उक्त मापदण्ड अनुसार मुलुकमा आफ्नै मौलिक पहिचानका साथ परम्परागत रूपमा विद्यालय सञ्चालन हुँदै आएका गुरुकुल/आश्रम, गुम्बा/विहार तथा मदरसाजस्ता शिक्षण संस्थालाई राष्ट्रिय प्रणालीमा आबद्ध गरी प्रभावकारी रूपमा सञ्चालन, व्यवस्थापन तथा नियमन गर्न खोजिएको छ (नेस,

२०७९, पृ. १) । नेपालमा विद्यमान परम्परागत विद्यालयहरूको सङ्ख्यालाई तालिका नं. १.१ मा देखाइएको छ ।

तालिका नं. १.१ : नेपालमा विद्यमान परम्परागत (धार्मिक) विद्यालयहरूको सङ्ख्या

| परम्परागत विद्यालयको प्रकार | सबै तहका विद्यालय | | तह अनुसार परम्परागत विद्यालयको सङ्ख्या | | | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | प्रावि | निमावि | मावि | उमावि |
| आश्रम/गुरुकुल | १०० | ९ | १०० | ३१ | १३ | २ |
| गुम्बा/विहार | ११४ | १० | ११४ | ११ | १ | ० |
| मदरसा | ९०७ | ८१ | ९०७ | ३३ | १७ | ४ |
| जम्मा | ११२१ | १०० | ११२१ | ७५ | ३१ | ६ |

स्रोत : उराशिआ प्रतिवेदन, २०७५ पृ. ६८-६९ बाट लिइएको ।

तालिका नं. १.१ अनुसार परम्परागत विद्यालयहरूमध्ये सबैभन्दा कम विद्यालय सङ्ख्या गुरुकुलको ९ प्रतिशत रहेको छ भने सबैभन्दा बढी मदरसाको ८१ प्रतिशत रहेको देखिन्छ । यस्ता विद्यालयमा मावि र उमाविको सङ्ख्या धेरै छैनन् । परम्परागत विद्यालयतर्फ देशभरिमा कुल विद्यालय सङ्ख्या मध्ये करिब ३ प्रतिशत विद्यालयहरू रहेका देखिन्छन् । उक्त तालिका अनुसार आधुनिक प्रकृतिका विद्यालयको तुलनामा परम्परागत (धार्मिक) विद्यालयहरूको विस्तार हुन सकेको छैन ।

पछिल्लो समय नेपालमा नैतिक, आध्यात्मिक तथा मानवीय मूल्य-मान्यतामा आधारित शिक्षा अपहेलित भएको छ । गुरुकुल शिक्षा पनि यसै अन्तर्गत पर्छ ।

(चापागाइँ, २०७१, पृ. २६) । खासमा "नेपालमा पनि आधुनिक वा अङ्ग्रेजी शिक्षा भित्रिनु भन्दा पहिले गुरुकुल शिक्षा पद्धतिकै प्रारूप रहेको कुरा निर्विवाद छ । साथै वि.सं. २००९ को उड कमिसनको सिफारिस लागु हुनु भन्दा पहिलेका भाषा पाठशालासम्मको शिक्षा त्यसैको एक अंश थियो" (उपाध्याय, २०७१, पृ. ११) । प्रजातन्त्रोत्तर कालमा आधुनिक गुरुकुल व्यवस्थित हुँदै आएको र विद्यालय शिक्षामा संस्कृत शिक्षालाई पनि समावेस गरी व्यवस्थापन गरिँदै आएको देखिन्छ ।

संसारको पुरानो संस्कृत भाषाको आवश्यकतालाई ख्याल गरेर विभिन्न मुलुकहरूका विश्वविद्यालयहरूमा पनि संस्कृतसम्बन्धी अध्ययन अनुसन्धान भैरहेको अवस्था देखिन्छ । हाल विश्वका १४ वटा भन्दा बढी विश्वविद्यालयहरूमा संस्कृत शिक्षाको पठनपाठन भइरहेका छन् । भारत र जर्मनीका सञ्चार माध्यमहरूले नियमित रूपमा संस्कृत भाषाबाट विभिन्न कार्यक्रमहरू प्रसारण गरिरहेका छन् । त्यसको प्रभावले गर्दा पश्चिमी देशहरूमा समेत दिन प्रतिदिन संस्कृत सिकाइको महत्त्व बढ्दै गएको पाइन्छ । विशेष गरेर नेपालमा वि.सं. २०५२ पछि सशस्त्र द्वन्द्वकालमा संस्कृत विद्यालयहरू बन्द गरिए । त्यसको नकारात्मक प्रभाव मुलुकमा संस्कृत भाषा, नैतिक मूल्य मान्यता र व्यक्तिको चरित्र विकासमा पर्‍यो । संस्कृत शिक्षाको स्थान अङ्ग्रेजी शिक्षाले ग्रहण गर्‍यो ।

समाजमा प्रचलित नैतिक मूल्य मान्यता र संस्कारको जगेर्ना गर्न सक्ने अनुशासित नागरिक उत्पादनमा आधुनिक शिक्षा पनि अपेक्षित तवरले सफल रहन सकेको देखिदैन । त्यसकारण सामाजिक न्यायका अभावमा समाजभित्र अप्रत्यक्ष हिंसाहरूले मौलाउने अवसर पाइरहेको वर्तमान स्थिति छ (नेस, २०६८, पृ. ७०) । यसले शैक्षिक व्यवस्थापनमा प्रश्न खडा गरेको छ । "हामीलाई यस्तो शिक्षाको आवश्यकता छ जसबाट चरित्र निर्माण होस्, मानसिक शक्ति बढोस्, बुद्धि विकसित होस् र मानिसले आफ्नो खुट्टामा उभिन सिकोस्" (पौडेल, २०६६, पृ. १२८) । त्यसैले नेपालको शैक्षिक व्यवस्थापन बारेमा बेलाबेलामा बहस, गोष्ठी, अन्तर्क्रिया, छलफल र अनुसन्धान हुने गरेका छन् तर प्राचीन शैक्षिक व्यवस्थापनका सवालहरू विशिष्ट

रूपमा अनुसन्धान भइ उजागर हुन सकेको छैन तसर्थ प्रस्तुत 'प्राच्य शिक्षामा औपचारिक तथा अनौपचारिक शैक्षिक व्यवस्थापन' शीर्षकमा यो शोध गरिएको हो ।

## १.३ समस्या कथन

शिक्षाको विकास शैक्षिक व्यवस्थापनमा निर्भर रहन्छ । मानवीय र भौतिक स्रोतको उपयोग गरी शिक्षण संस्थाको गतिविधिको योजना, आयोजना, निर्देशन र नियन्त्रण गर्ने प्रक्रिया शैक्षिक व्यवस्थापन हो । उपयोगी, व्यावहारिक एवं स्तरीय शिक्षाको व्यवस्था गर्न शैक्षिक व्यवस्थापनमा समयानुकूल सुधार आवश्यक हुन्छ । त्यसकारण व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन प्राचीनकालदेखि नै विभिन्न पद्धति र स्वरूपमा शैक्षिक व्यवस्थापन हुँदै आएको पाउन सकिन्छ ।

व्यक्तिमा नैतिक आचरण र सेवाभाव हराउँदै गएको सन्दर्भमा पुनः त्यसलाई जगाउने र राष्ट्रका निमित्त असल र सक्षम नागरिक निर्माण गर्न कतै शैक्षिक व्यवस्थापनमा त समस्या होइन भन्ने तथ्यको विश्लेषण गरी निष्कर्ष पत्ता लगाउन यो अनुसन्धान गरिएको छ । त्यसैले 'प्राच्य शिक्षामा औपचारिक तथा अनौपचारिक शैक्षिक व्यवस्थापन' नै यस शोधको मूल समस्या र अन्तरवस्तु हो । शोध समस्यासँग सम्बन्धित शोधप्रश्नहरूलाई विशिष्टिकृत रूपमा निम्नानुसार प्रस्तुत गरिएका छन् :

क) प्राच्य शैक्षिक व्यवस्थापनका औपचारिक तथा अनौपचारिक संरचना/सङ्गठन के कस्ता थिए ?

ख) प्राच्य शिक्षामा शैक्षिक व्यवस्थापन कसरी गरिन्थ्यो ?

ग) प्राच्य शिक्षाले नेपालको वर्तमान शिक्षा व्यवस्थामा पारेको प्रभाव कस्ता छन् ?

## १.४ शोधका उद्देश्यहरू

प्राच्य शिक्षामा औपचारिक तथा अनौपचारिक शैक्षिक व्यवस्थापनको अध्ययन गर्नु यस शोधको मूल अभीष्ट हो । लुकेका र पत्ता नलागेका सत्यतथ्यको खोजी गर्नु

शोधको उद्देश्य हुन्छ (Kothari, 2004)। यस शोधको विशिष्ट उद्देश्यहरू निम्नानुसार निर्धारण गरिएका छन् :

क) प्राच्य शैक्षिक व्यवस्थापनका औपचारिक तथा अनौपचारिक संरचना/सङ्गठनको समीक्षा गर्नु,

ख) प्राच्य शिक्षामा शैक्षिक व्यवस्थापनका पक्षहरू विश्लेषण गर्नु,

ग) प्राच्य शिक्षाले नेपालको वर्तमान शिक्षा व्यवस्थामा पारेको प्रभावको खोजी गर्नु ।

## १.५ शोधको औचित्य, महत्त्व र उपयोगिता

सिकारुलाई औपचारिक तथा अनौपचारिक शिक्षा प्रदान गर्न गुरुकुलको महत्त्वपूर्ण भूमिका रहन्छ । यसका लागि कुशल शैक्षिक व्यवस्थापनको आवश्यकता पर्दछ । शिक्षाको गुणस्तर विकास गर्न प्रभावकारी व्यवस्थापनले सकारात्मक प्रभाव पार्दछ । भगवान् कृष्ण र रामले गुरुकुल शिक्षाबाटै दिव्य ज्ञान प्राप्त गर्न सकेको दृष्टान्तले शैक्षिक व्यवस्थापनको महत्त्व पुष्टि गरेको छ । त्यसकारण मानव जीवनका लागि गुरुकुल शिक्षा अत्यन्तै उपयोगी मानिन्छ ।

प्राच्य शिक्षाको आदर्श, महत्त्व र आवश्यकतालाई अपेक्षित रूपले प्रचार र उपयोगमा ल्याउन सकिएको छैन । यसले वर्तमान शिक्षाको यथोचित विकास र सुधारका लागि आधार प्रदान गर्दछ । शैक्षिक क्षेत्रमा रहेका समस्याहरूको निदान पनि निश्चित व्यवस्थापनका सिद्धान्त र शैलीबाट प्रभावित रहन्छ भन्ने कुरा प्राच्य शैक्षिक व्यवस्थाले पुष्टि गर्दछ । कुनै पनि शैक्षिक संस्थाको सफलता वा असफलता त्यस संस्थाको व्यवस्थापकको कुशलतामा निर्भर गर्दछ । योजनाबद्ध व्यवस्थापनले शिक्षाको विकास र विस्तारको लागि रचनात्मक र सकारात्मक प्रभाव पार्दछ । फरक र उन्नत शिक्षा व्यवस्थापनले प्राचीनकालदेखि शिक्षाको विकासक्रममा विभिन्न चिन्तन, दृष्टिकोण र सिद्धान्तहरू प्रतिपादन भएका छन् । यसले आधुनिक शिक्षाको प्रबन्ध, विकास, प्रभाव र आवश्यकीय सुधारमा समेत मार्गदर्शन प्रदान गर्दछ । वर्तमान शिक्षा प्राच्य शिक्षाको

तुलनामा अझ अत्यन्तै जटिल र व्यापक बन्दै गइरहेको परिपेक्ष्यमा यस अनुसन्धान महत्त्वपूर्ण रहन सक्छ ।

गुरुकुल र आधुनिक शिक्षा पद्धतिबिच निकै प्रक्रियागत भिन्नता र केही उद्देश्यगत समानता पनि रहेको छ । यस शोधले गुरुकुल शिक्षा व्यवस्थापनका पक्षहरूको बारेमा शोध गर्न चाहने विद्यार्थी, शिक्षक, शिक्षाविद्, अनुसन्धानकर्ता एवं सम्बन्धित संस्थाहरूको लागि मार्गदर्शन समेत गर्दछ । वर्तमान शिक्षा व्यवस्थामा देखिएका कमीकमजोरीहरूलाई सरल र विशिष्ट रूपले सच्याउन र प्राच्य शैक्षिक व्यवस्थापनका बारेमा नयाँ तथ्य र जानकारीहरू उजागर गर्न सघाउँछ । साथै यसले गुरुकुलीय व्यवस्थापनका प्रचारमा आउन नसकेका केही पक्षहरूको अध्ययन गर्दछ । यसले शैक्षिक व्यवस्थापनको क्षेत्रमा नयाँ आयाम थप्ने विश्वास लिन सकिन्छ ।

निचोडमा, यस शोधको लक्ष्य समस्यासँग सम्बद्ध क्षेत्रमा नवीन ज्ञानको खोजी, निर्माण र विद्यमान रिक्तताको परिपूर्ति गर्नु हो । प्रस्तुत शोधले निर्धारण गरिएका पक्षहरूमा व्यवस्थापन गरिएका असल अभ्यासहरूलाई वर्तमान शिक्षाको व्यवस्थापन सुधारका निमित्त उपयोग गर्न योगदान गर्नु हो । साथै शिक्षा व्यवस्थापनका क्षेत्रमा नीति तथा योजना निर्माण, कार्यान्वयन, सुपरीवेक्षण एवं मूल्याङ्कन तहमा क्रियाशील व्यक्तित्वहरूका लागि पृष्ठपोषण प्रदान गर्नु यस शोधको औचित्य हो ।

## १.६ शोधको परिसीमा

यस शोधकार्य समस्या कथन र उद्देश्यसँग लक्षित गरी देहायको सीमाभित्र रहेर सम्पन्न गरिएको छ :

क) प्रस्तुत शोध नेपाल राज्यभित्र राणाकालपूर्वको 'प्राच्य शिक्षामा औपचारिक तथा अनौपचारिक शैक्षिक व्यवस्थापन' सँग केन्द्रित छ ।

ख) (क) मा जुनसुकै कुरा उल्लेख गरिए पनि शोध उद्देश्यसँग सम्बन्धित अनुसन्धान र आनुक्रमिक इतिहास दुर्लभ र लिखित साधनको कमी भएकाले राणाकालपछिका सम्बन्धित तथ्याङ्क तथा सूचनालाई शोधप्रबन्धमा उपयोग गरिएको छ ।

ग)	शोधका लागि देशभरका कम्तीमा सबै प्रदेशको प्रतिनिधित्व रहने गरी आधुनिक गुरुकुलको रूपमा सञ्चालित औपचारिक एघारवटा र अनौपचारिक दुईवटा गरी तेह्रवटा विद्यालयमा अध्यापनरत तेह्रजना प्राचार्य/शिक्षक साथै गुरुकुल शिक्षामा विशिष्ट योगदान गर्नुहुने ख्यातिप्राप्त विद्वान् आठजना विशेषज्ञहरू गरी एक्काइसजनालाई उत्तरदाताको रूपमा उद्देश्यमूलक नमुना छनोट गरिएको छ ।

घ)	शैक्षिक व्यवस्थापनले प्राच्य शैक्षिक प्रशासन र सङ्गठन, आर्थिक व्यवस्थापन, शिक्षक प्रशासन, विद्यार्थी प्रशासन, विद्यार्थी मूल्याङ्कन, भौतिक व्यवस्थापन, शैक्षणिक व्यवस्थापन र शैक्षिक सुपरीवेक्षण एवं मूल्याङ्कन गरी आठ पक्षहरूलाई समेटेको छ ।

## १.७ शोधप्रबन्धको रूपरेखा

यस अध्ययनमा शोधप्रबन्धको समग्र पक्षलाई जम्मा सात अध्यायमा विभक्त गरी चरणबद्ध ढङ्गले विषयवस्तुहरू निम्नानुसार सङ्गठित गरिएको छ :

अध्याय एक	:	शोध परिचय

अध्याय दुई	:	पूर्वकार्यको समीक्षा

अध्याय तीन	:	शोधविधि

अध्याय चार	:	प्राच्य शैक्षिक व्यवस्थापनका औपचारिक तथा अनौपचारिक संरचना/सङ्गठन

अध्याय पाँच	:	प्राच्य शिक्षामा शैक्षिक व्यवस्थापन

अध्याय छ	:	प्राच्य शिक्षाले नेपालको वर्तमान शिक्षा व्यवस्थामा पारेको प्रभाव

अध्याय सात	:	सारांश र निष्कर्ष

# अध्याय दुई

## पूर्वकार्यको समीक्षा

### २.१ विषय प्रवेश

यस अध्यायमा शोध शीर्षकसँग सम्बन्धित साहित्यको पुनरवलोकन गरी तिनीहरूलाई तथ्यपूर्ण रूपमा प्रस्तुत गरिएको छ । यसमा सैद्धान्तिक साहित्य, प्रायोगिक साहित्य तथा अनुसन्धान समस्यासँग सम्बन्धित अध्ययन र त्यसको यथोचित विवेचना गरिएको छ । यस कार्यले शोधप्रबन्धको विश्वसनीयता, वैधता र प्रामाणिक बनाउनको लागि समेत वैधानिक आधार तयार गरेको छ । साथै पूर्वकार्यको समीक्षाबाट शोध अन्तराल पहिचान गरी शोध समस्या किटान गरिएको छ ।

यसमा पूर्ववर्तीहरूले गरेका अनुसन्धानका राम्रा र सुधार गर्नुपर्ने पक्षहरूलाई केलाई स्पष्ट रूपमा औल्याइएको छ । यस कार्यले प्राज्ञिक जगत्मा गरिएको शोध कार्यको प्रामाणिक र विश्वसनीयतालाई निर्धारण गरी अध्ययनलाई तथ्यगत रूपमा गहन र विशिष्ट बनाउँछ । साथै यस समीक्षाले शोध समस्या पहिचान, छनोट, सीमाङ्कन र निष्कर्षमा पुग्न समेत योगदान गरेको छ तसर्थ पूर्वकार्यको पुनरवलोकन निम्नानुसार मूल स्तम्भहरूको आधारमा गरिएको छ :

### २.२ सैद्धान्तिक साहित्यको समीक्षा

अनुसन्धान नयाँ ज्ञानको खोजी गर्ने कार्य हो । यो स्थापित ज्ञानको सत्यापन र पुनः परीक्षण गर्ने कार्य पनि हो । कुनै पनि अनुसन्धानमा सैद्धान्तिक साहित्यको समीक्षा आवश्यक मात्र नभइ वाञ्छनीय हुन्छ किनकि यस्तो समीक्षाले सैद्धान्तिक धरातल निर्माण गर्दछ र शोधको आधारशिलाका रूपमा कार्य गर्दछ । यसले पूर्ववर्तीहरूको अनुसन्धान समीक्षा र सीमाको विवेचना मात्र नगरी प्रस्तुत शोधको औचित्य र आवश्यकता समेत पुष्टि गर्दछ ।

प्रस्तुत शोधकार्यमा पनि निर्धारित उद्देश्यहरू प्राप्त गर्न निश्चित वैज्ञानिक, प्राविधिक र कलात्मक सीप तथा सिद्धान्तहरूको उपयोग आवश्यक हुन्छ । यसले व्यक्ति वा संस्थाको कार्यक्षमताको विस्तार हुन्छ र आशातीत उपलब्धि हासिल गर्न मदत गर्दछ । त्यसैले शैक्षिक व्यवस्थापनसँग सम्बन्धित सैद्धान्तिक साहित्यको निम्नानुसार समीक्षा गर्दै यस शोधलाई तथ्यपरक ढंगले तार्किक निष्कर्षमा पुऱ्याउन आधार तयार गरेको छ :

### २.२.१ प्राच्य शिक्षामा शैक्षिक व्यवस्थापनको सिद्धान्त

व्यवस्थापन एक कला र उदीयमान विज्ञान हो । कुनै पनि शिक्षण वा अन्य संस्थाहरूको व्यवस्थापनले सम्बन्धित संस्थाको प्रभावकारी लक्ष्य प्राप्तिमा योगदान दिएको हुन्छ । शैक्षिक व्यवस्थापन शैक्षिक संस्थाहरूको सञ्चालनसँग सम्बन्धित अध्ययन र अभ्यासको क्षेत्र हो (Bush, 2011, p. 1)। शिक्षा क्षेत्रमा व्यवस्थापनको यो सैद्धान्तिक अवधारणा अचानक विकसित नभइ यो वर्षौं र सम्भवतः भारतमा युगौंदेखि विकास हुँदै आएको छ (Sarkar, 2020, p. 1-2) । औद्योगिक र प्राविधिक शिक्षा व्यवस्थापनको आधारमा प्राचीन भारतले आफ्नै आर्थिक जीवन र समृद्धि निर्माण गर्न सक्षम रह्यो । जसबाट नेपाल पनि प्रभावित रहेको प्राचीनकालमा विकसित औपचारिक तथा अनौपचारिक शिक्षा केन्द्रको स्वरूपबाट स्पष्ट हुन्छ ।

वैदिक शिक्षा प्रणाली धार्मिक शिक्षा केन्द्रको रूपमा व्यवस्थित रहेको थियो । फलस्वरूप शिक्षाको विकास प्रगति उन्मुख भएको पाइन्छ । R. K. Mookerji ले उल्लेख गरे अनुसार यो प्रगति अन्ततः प्राविधिक, औद्योगिक व्यावसायिक शिक्षाको उपयुक्त प्रणालीको जगमा आधारित हुनुपर्छ (Mookerji, 1989, p. 345) । प्रारम्भिककालको व्यवस्थापनसँग सम्बन्धित दृष्टिकोण ऋग्वेदको पहिलो मण्डल सूक्त-१०९ मा युद्ध आदि सबै विद्यामा कुशल बनाओ र सङ्ग्राममा हामीलाई संरक्षण गर भन्ने कुरा लेखिएको पाइन्छ (लुइटेल, २०६३, पृ. ११२) । प्रस्तुत शोधले यस प्रकृतिको कौशलयुक्त शिक्षा, विशेष गरी गुरुकुलीय प्राविधिक शिक्षामा निहित व्यवस्थापन र प्रशासनिक अवधारणाहरूलाई विस्तृत स्वरूपमा विश्लेषण गरेको छ । नारदको कानुनको पुस्तकमा

प्रशिक्षण विधिका बारेमा उल्लेख गरिएको छ कि यो वैदिक शिक्षाको अधिकांश मामलाहरू जस्तै आवासीय थियो (Sarkar, 2020, p. 3) । त्यसप्रकारको शिक्षा व्यवस्थामा प्रशिक्षक र प्रशिक्षार्थीहरूले आपसी सम्बन्ध विकास गरी पूर्ण ध्यान आफ्नो प्रशिक्षणमा दिनु अनिवार्य आवश्यक थियो । नत्र कडा कारबाही हुन्थ्यो ।

तत्कालीन समयमा प्राविधिक तालिमको साथै मूल्य प्रणालीमा आधारित नैतिक विकासमा ठुलो ध्यान दिइयो । गीतामा आत्म-व्यवस्थापनको उन्नत स्वरूपको व्याख्या गरिएको पाइन्छ । यो ज्ञान गुरु स्वरूप साक्षात् भगवान्बाट प्रारम्भ भएर गुरु-शिष्य परम्पराअनुसार अघि बढिरहन्छ (स्वामी प्रभुपाद, सन् १९९७, पृ. १४) । गुरुकुलमा शिष्य आफूलाई गुरूप्रति समर्पित रहँदै सिक्ने सिकाउने कार्यमा प्रतिबद्ध रहनु थियो । उपनयन र समावर्तन जस्ता निश्चित धार्मिक अनुष्ठानहरूबाट क्रमशः शिक्षाको सुरूवात र अन्त्य हुन्थ्यो । त्यसबेला भर्ना हुन आवश्यक थिएन किनकि बुबाको हातबाट केटाकेटीले शिक्षा लिने चलन थियो । यस प्रणालीले औपचारिक शिक्षालाई जस्तै अनौपचारिक शिक्षालाई पनि उत्तिकै महत्त्व दिनुले प्राच्य शिक्षा व्यवस्थापनको सैद्धान्तिक अवधारणालाई स्पष्ट गर्दछ ।

कुनै पनि शैक्षिक सङ्गठनभित्र कार्यरत सम्पूर्ण मानव संशाधनको समन्वय र संरचनागत व्यवस्था सहितको सामाजिक प्रक्रिया नै शैक्षिक व्यवस्थापन हो । कुनै पनि शिक्षण संस्थाको व्यवस्थापन कार्य गर्दा निश्चित सिद्धान्तहरूमा आधारित हुनुपर्छ । पूर्वकार्यको पर्यावलोकन शोध समस्याको मात्र नभएर सिद्धान्तको पनि हुन्छ (श्रेष्ठ, २०७७, पृ. १४) । व्यवस्थापनको क्षेत्रमा, सिद्धान्तको भूमिका महत्त्वपूर्ण र प्रासंगिक व्यवस्थापकीय ज्ञानको वर्गीकरण गर्ने माध्यम प्रदान गर्नु हो (Koontz & Donnell, 1993, p. 8) । यस शोधमा पनि शैक्षिक व्यवस्थापनका निश्चित सिद्धान्तहरूसँग सम्बन्धित गरेर अध्ययन गरिएको छ । Bush (2008) ले आफ्नो पुस्तक र Ashouri (2014) ले 'शैक्षिक व्यवस्थापन र नेतृत्व' विषयक अनुसन्धानमूलक लेखमा व्यवस्थापनका नमुनाहरू वा व्यवस्थापनका सिद्धान्तलाई औपचारिक, विषयगत, सांस्कृतिक र गुणस्तरीय आदि विभिन्न प्रकारमा औल्याएका छन् । उक्त व्यवस्थापनका

सिद्धान्तहरूलाई यस शोधमा उपयोग गरिएको छ । यसमा शोधसँग सम्बन्धित केही सिद्धान्तहरूको निम्नानुसार सङ्क्षिप्त चर्चा गरिएको छ :

### २.२.१.१ औपचारिक सिद्धान्त

शैक्षिक व्यवस्थापनमा उपयोग गरिने एक महत्त्वपूर्ण सिद्धान्त औपचारिक सिद्धान्त हो । यो औपचारिक नमुनाको कठोर पदानुक्रमित धारणाहरूको लागि आवश्यक औषधि हो (Bush, 1995, p. 70) । यस सिद्धान्तले त्यस्तो शैक्षिक व्यवहारको समावेश गर्दछ जसले संस्थाहरूको औपचारिक तथा संरचनागत तत्त्वको रूपमा जोड दिन्छ । संस्थागत लक्ष्य हासिल गराउन संस्थाहरू तथा प्रबन्धकहरू श्रृङ्खलाबद्ध रूपमा नियमित हुनुले औपचारिक सिद्धान्तको परिचय गराउँछ ।

सामूहिकता, अपरिहार्य रूपले निर्णयको शीघ्रता, नीतिको स्थिरता, व्यक्तिको स्पष्ट जिम्मेवारी र समूहभित्र अनुशासनको संयोजनमा बाहिरीहरूको लागि क्रूरता बाधा गर्दछ (Weber, 1947, p. 39) । प्रबन्धकहरूले औपचारिक स्थितिको आधारमा उनीहरूको अधिकार प्राप्त गर्दथे । व्यवस्थाको रूपमा संस्थाहरूको सक्रियता, तार्किक प्रक्रियाद्वारा निर्णय निर्माण र औपचारिक संरचना र श्रृङ्खलाबद्ध कार्यशैलीलाई नै यस सिद्धान्तका विशेषताको रूपमा उल्लेख गर्न सकिन्छ (Ashouri, 2014) । यसले व्यवस्थापन कसरी गर्न सकिन्छ भन्ने स्पष्ट शैली व्याख्या गरेको छ । प्राचीनकालमा गुरुले समेत आफ्नो निर्णयलाई गुरुकुलको नै निर्णयको रूपमा विकास गरी सामूहिक दायित्वको भावना जागृत गरेको देखिन्छ ।

उपर्युक्त सिद्धान्तले व्यवस्थापनका लागि आवश्यक गुणहरूको व्याख्या गर्दछ । जुन गुणहरूलाई गुरुले आत्मीकरण गर्दै आफ्नो जिम्मेवारीको रूपमा ग्रहण गर्थे किनकि गुरु नै गुरुकुलको संयोजनकर्ता र व्यवस्थापक हुन् । प्राचीनकालमा गुरुले असल व्यवस्थापकको जिम्मेवारी इमान्दारीतापूर्वक निर्वाह गरेकाले गुरुकुलको व्यवस्थापन वर्तमान शिक्षा पद्धतिमा समेत अनुकरणीय रहेको पाइन्छ । गुरुको सेवाभाव, दक्षता, सक्रियता, कार्यप्रति निरन्तरता र उत्तरदायित्वको भावनाले गर्दा औपचारिक संस्थाको

रूपमा गुरुको जिम्मेवारी वर्तमान परिस्थितिमा झन् महत्त्वपूर्ण र निर्णायक बन्दै गएको देखिन्छ ।

### २.२.१.२ विषयगत सिद्धान्त

विषयगत सिद्धान्तले सम्पूर्ण संस्था वा यसको एकाइ भन्दा व्यक्तिगत पक्षलाई बढी जोड दिन्छ । यो दृष्टिकोणले सुझाव दिन्छ कि संस्थाको बारेमा प्रत्येक व्यक्तिगत अनभूति र मानसिक छनोट हुन्छ (Ashouri, 2014)। यसबाट के कुरा स्पष्ट हुन्छ भने गुरुकुल पद्धतिमा गुरुको स्थान उच्च मानिएको छ ।

व्यवस्थापन कार्यमा गुरुको अनुभव र क्षमताले प्रत्यक्ष प्रभाव पारेको पाइन्छ । गुरुले आफ्नो निजी निर्णय अनुसार गुरुकुलको व्यवस्थापन गर्ने गरेको विभिन्न दृष्टान्त पाइन्छ । अरू गुरुकुल भन्दा राम्रो व्यवस्थापन गर्न सकेमा आफ्नो गुरुकुलको नाम र इज्जत समाज र राष्ट्रमा फैलने कुरामा गुरु सधैँ सजग भएका देखिन्छन् जुन विषयगत सिद्धान्तसँग सम्बन्धित छ ।

### २.२.१.३ सांस्कृतिक सिद्धान्त

संस्कृति प्राच्य समाजको सम्पदा थियो । यसको संरक्षण र प्रवर्धन गर्नुलाई नै गुरुकुल शिक्षाको उद्देश्य मानिन्छ । संस्थामा भविष्यवाणी गर्न नसकिने वस्तु तथा सेवाको अध्ययनमा यस सिद्धान्तले जोड दिएको पाइन्छ । स्कुल र कलेज व्यवस्थापनमा एक तत्त्वको रूपमा संस्कृतिमा बढ्दो चासो औपचारिक नमुनाको सीमाहरूसँग असन्तुष्टिको एक अन्य उदाहरणको रूपमा बुझ्न सकिन्छ (Bush, 1995, p. 130) । यसले के कुरा स्पष्ट हुन्छ भने गुरुकुल शिक्षाको उद्देश्य तत्कालीन संस्कृति र मूल्य मान्यताको रक्षा गर्नु थियो । संस्थागत लक्ष्य प्राप्त गर्न सांस्कृतिक सिद्धान्तको महत्त्वपूर्ण स्थान रहेको छ (Ashouri, 2014) । त्यसैले सांस्कृतिक सिद्धान्तसँग समन्वित गर्दै यो अनुसन्धान गरिएको छ ।

निष्कर्षमा, औपचारिक, विषयगत र सांस्कृतिक सिद्धान्तलाई उपयोग गरी यो शोधकार्य सम्पन्न गरिएको छ । संस्थागत उद्देश्य प्राप्ति गर्नका निम्ति सम्बन्धित संस्थाको प्रबन्धकको भूमिकालाई औपचारिक सिद्धान्तले जोड गरेको छ । त्यस्तै सांस्कृतिक सिद्धान्त परम्परागत मूल्य मान्यता, कला र संस्कृतिको संरक्षणसँग केन्द्रित देखिन्छ । यस तथ्यलाई प्राच्य शैक्षिक संस्थाको रूपमा रहेको गुरुकुलमा गुरुले एउटा असल व्यवस्थापकको जिम्मेवारी पूरा गरेको कुराले पुष्टि गर्दछ ।

### २.२.१.४ सम्पूर्ण गुणस्तरीय व्यवस्थापन

सम्पूर्ण गुणस्तरीय व्यवस्थापन आफैँमा एउटा दर्शन तथा सेवाग्राहीको चाहना अनुसार निरन्तर रूपमा उत्पादन तथा सेवा प्रदान गर्ने प्रणाली हो । यो आन्दोलन सन् १९८० देखि सन् १९९० को आधा दशकसम्म धेरै संस्थामा प्रभावकारी रहेको थियो (Petersen, 1999) । कुनै पनि संस्थाको प्रभावकारिता वृद्धि गर्न त्यस संस्थाको व्यवस्थापन पक्ष सबल हुन आवश्यक हुन्छ ।

व्यवस्थापन दर्शन र विधि दुबै हो । यसले शैक्षिक प्रक्रियाको उद्देश्य र मापनयोग्य नतिजाहरूलाई बढावा दिइ उत्तरदायित्वको जरुरी समर्थन गर्दछ र गुणस्तर सुधारको लागि संयन्त्र प्रदान गर्दछ (Sallis, 2002, p. 3-4) । शिक्षा क्षेत्रमा समेत आवश्यकीय सुधार, विकास र अनुसन्धान कार्य गर्न यसको आवश्यकता देखिन्छ ।

सम्पूर्ण गुणस्तरीय व्यवस्थापन पूर्ण रूपमा उपलब्धि प्राप्त गर्न प्रबन्ध मिलाउने कला हो । यसको उद्देश्य गुणस्तरीय उत्पादन वा ग्राहकहरूलाई सेवा, जो बारीमा, उत्पादकत्व र कम लागतमा वृद्धि प्रदान गर्नको लागि हो (Besterfield et al., 2012, p. 2-8) । यस प्रणालीलाई व्यापार गर्नका लागि एक दृष्टिकोणको रूपमा सम्पूर्ण गुणस्तरीय अवधारणा सन् १९८० उत्तरार्ध र सन् १९९० को सुरुमा संयुक्त राज्यमा व्यापक स्वीकृति प्राप्त गर्न थाल्यो (Goetsch & Davis, 2014, p. 6) । यो एउटा व्यक्तिगत अवधारणा होइन । यस सिद्धान्त व्यवसाय बिस्तार गर्ने परम्परागत उपाय हो । प्रारम्भमा यो सिद्धान्त व्यवसाय प्रवर्धन गर्न प्रयोगमा ल्याइएको थियो ।

सम्पूर्ण गुणस्तरीय व्यवस्थापनको मुख्य परिभाषाले ग्राहक सन्तुष्टिमार्फत दीर्घकालीन सफलताको लागि व्यवस्थापन दृष्टिकोणको वर्णन गर्दछ (Manichander, 2015, p. 1)। यो सिद्धान्त शैक्षिक विकासको निमित्त महत्त्वपूर्ण सिद्धान्त हो । त्यसको लागि प्राच्य शैक्षिक केन्द्र गुरुकुल, विद्यालयसँग सम्बद्ध पक्षको समान सहभागिताको भूमिका अझ महत्त्वपूर्ण मानिन्छ । त्यसका निमित्त संस्थालाई गति दिन र त्यसको उचित व्यवस्थापनका लागि निश्चित सिद्धान्तहरू अवलम्बन गर्नु आवश्यक हुन्छ ।

यस शोधमा सम्पूर्ण गुणस्तरीय व्यवस्थापन सिद्धान्तको समीक्षा गरिएको छ । व्यवस्थापनको क्षेत्रमा देखा परेका नयाँ प्रविधि, साधन र प्रणालीको रूपमा सम्पूर्ण गुणस्तरीय व्यवस्थापनलाई महत्त्वपूर्ण मानिन्छ । यसले व्यवस्थापनको हरेक पक्षलाई सहज, प्रभावकारी र सक्रिय बनाइ गुणात्मक व्यवस्थापन गर्ने प्रक्रियालाई सहयोग गर्दछ ।

## २.२.२ शिक्षामा सम्पूर्ण गुणस्तरीय व्यवस्थापन

गुणस्तरीय व्यवस्थापन त्यस्तो कठिन कार्य हो, जसमा गुणस्तर संस्कार विकास गर्न यस सिद्धान्तले उल्लेखनीय योगदान गरेको छ । डेमिङको गुणस्तरीय व्यवस्थापन सम्बन्धी सिद्धान्तले शैक्षिक गुणस्तरका आधार देखाएको छ । त्यसैले यस अनुसन्धानमा त्यस सिद्धान्तको विश्लेषण गरिएको छ (Petersen, 1999) । जसको उद्देश्य पनि संस्थाको उच्च व्यवस्थापन गर्नु हो ।

शिक्षाविद्हरू आफ्नो पाठ्यक्रम वितरण संयन्त्रको सेवाको गुणस्तर सुधार गर्नको लागि काम गरेर प्रतिस्पर्धाको चुनौतीलाई पूरा गर्न सक्छन् । सिकाइमा सबलता देखिएमा मात्र शिक्षामा गुणस्तर प्राप्त भएको हुन्छ । त्यसका निमित्त परीक्षार्थीहरूबाट गुणस्तरका स्रोतहरूको खोजी गर्नुपर्दछ । यस अन्तर्गत उत्कृष्ट शिक्षक, उच्च नैतिक मूल्यहरू, परीक्षाको परिणाम, उत्कृष्ट मातापिता, व्यवसाय र स्थानीय समुदायको सहयोग, नवीन प्रविधिको प्रयोग, आवश्यकीय साधन स्रोतहरू, सबल उद्देश्यमूलक नेतृत्व, विद्यार्थीहरूको लागि चासो र हेरचाह साथै सन्तुलित र चुनौतीपूर्ण पाठ्यक्रम

पर्दछन् (Sallis, 2002, p. 4) । यसले शिक्षाको विकास प्रक्रियामा महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ ।

कुनै पनि संस्थाको व्यवस्थापन त्यसमा विद्यमान संयन्त्रहरूको गुणस्तरमा निर्भर रहन्छ । गुणस्तरलाई उत्कृष्टताको रूपमा, लगानीको लागि मूल्यको रूपमा र उद्देश्यको निम्ति स्वस्थता विभिन्न तीन परिप्रेक्ष्यबाट परिभाषित गर्न सकिन्छ (Karki, 2012) । यसमा सिकारुको अनुभव र गुणस्तर समेत आवश्यक हुन्छ । यसले गुरुकुल तथा आधुनिक विद्यालय एवं अन्य शैक्षिक संस्थाहरूको व्यवस्थापन परिवर्तनमा सुधार गर्न सहयोग गर्दछ । शिक्षामा सम्पूर्ण गुणस्तरीय व्यवस्थापनको लक्ष्य नै गुणस्तर संस्कार विकास गर्नु हो । गुणस्तरको मापन गतिशील राज्य, उत्पादनहरू, सेवाहरू, जनशक्ति, प्रक्रिया र वातावरणसँग मिल्छ र अपेक्षाहरूलाई पूरा गराउँदछ । उच्च मूल्यको उत्पादनमा मद्दत गर्दछ (Goetsch & Davis, 2014, p. 7) । यसको लागि नेतृत्वको भूमिका आवश्यक हुन्छ ।

नेतृत्वले गर्नुपर्ने महत्त्वपूर्ण कार्यहरूले नै सम्पूर्ण गुणस्तरीय व्यवस्थापनका आधार निर्माण गर्दछ । संस्थाको दूरदृष्टि, गुणस्तर सुधारका लागि स्पष्ट समझदारी, गुणस्तर खबरको सञ्चार गर्ने क्षमता, उपभोक्ता आवश्यकता सम्बन्धी बैठक, कर्मचारीको नेतृत्व विकास, नेतृत्वमा नवीकरण, प्रभावकारी समूह निर्माण र निरीक्षण तथा मूल्याङ्कनका लागि आवश्यक संयन्त्र विकास जस्ता कार्यहरू नेतृत्वले गर्नु आवश्यक हुन्छ ।

त्यसैले विद्यालय स्वयम् शैक्षिक संस्था भएकोले त्यहाँबाट प्रदान गरिने सबै प्रकारका सेवा सुविधाहरू गुणस्तरीय बनाउन आवश्यक हुन्छ । विद्यालय शिक्षक व्यवस्थापन क्षेत्रमा समेत यस सिद्धान्तले उल्लेखनीय सहयोग गरेको देखिन्छ । यस्तो प्रकारको व्यवस्थापन गर्न शिक्षकको दायित्व रहेको हुन्छ । विद्यार्थीहरूको सिकाइमा सुधार गर्न र उनीहरूलाई अधिकतम अवसरहरू उपलब्ध गरी सहयोग प्रदान गर्न शिक्षकको महत्त्वपूर्ण भूमिका रहेको पाउन सकिन्छ । विशेष गरी व्यावसायिक शिक्षा

आपूर्ति र मागको बजार अर्थतन्त्रबाट प्रभावित हुन्छ (Manichander, 2015, p. 8) । त्यसका निम्ति शिक्षकको योग्यता र व्यवस्थापन सम्बन्धी सीप वृद्धि गर्नु आवश्यक छ। व्यवस्थापनले शिक्षक तथा कर्मचारीको कार्यक्षमता वृद्धि गर्न योगदान पुऱ्याउँछ। यसले उनीहरूलाई समस्या समाधान गर्नमा सक्रिय बनाउँछ । साथै वैज्ञानिक विधिको आधारभूत प्रयोग गर्ने क्षमता विस्तार गर्दछ। यसले गुणस्तरको तथ्याङ्कीय सिद्धान्त र प्रक्रिया नियन्त्रणमा सक्षमता ल्याउँछ।

विद्यार्थीले पनि उनीहरूको मातापिता तथा तिनका अभिभावकसँग सहकार्य र समन्वय गरी व्यवस्थापनमा गुणस्तर प्रदान गर्न उत्प्रेरित गराउँदछन् । शिक्षक तालिमले समस्या समाधान गर्ने सीप, क्षमता र व्यवस्थापनको गुणस्तर वृद्धि गर्न सघाउँछ । यसले शिक्षामा समूह कार्यको महत्त्वलाई जोड दिन्छ । सिकाइ गुणस्तर कायम गर्न जवाफदेहिता, उत्तरदायित्व, निरीक्षण मूल्याङ्कनमा सुधार, सूचना व्यवस्थापन र समूह निर्माणमा जोड दिनु आवश्यक छ। प्रस्तुत शोधमा प्राच्य शिक्षा व्यवस्थापनका पक्षहरूलाई यस सिद्धान्तसँग समन्वित गराइ सैद्धान्तिक विवेचना गर्दै निष्कर्षहरू प्रस्तुत गरिएको छ । यसले वर्तमान शिक्षा व्यवस्थापनका निमित्त कस्तो विधि, पद्धति, रणनीति र सिद्धान्तहरू अवलम्बन गर्ने भन्ने कुरालाई आत्मसात् गर्दै स्पष्ट दिशानिर्देश गरेको छ।

अन्त्यमा, शिक्षामा सम्पूर्ण गुणस्तरीय व्यवस्थापन सिद्धान्तको उद्देश्य संस्थाको हरेक पक्षमा शतप्रतिशत सुधारात्मक प्रयास गर्न मार्ग निर्देश गर्नु हो । यो सिद्धान्त आफैं निश्चित गन्तव्य नभइ शोधको गुणस्तर सुधार गर्ने यात्रा हो । यो सिद्धान्त सेवाग्राहीप्रति समर्पित छ । प्राच्य शैक्षिक व्यवस्थापन गर्ने काम आफैंमा चुनौतीपूर्ण कार्य थियो। व्यवस्थापनको क्षेत्रको कुनै एउटा पक्षमा मात्र दूर्बलता रहेमा लक्ष्य हासिल गर्न सकिँदैन। त्यसका लागि सम्बन्धित सबै पक्षको व्यवस्थापन दुरुस्त हुन जरुरी हुन्छ । समग्रमा कुनै पनि संस्थाको व्यवस्थापन सम्बन्धित कार्यमा संलग्न सबै संयन्त्र तथा कर्मचारीहरूको सामूहिक प्रयासमा निर्भर रहन्छ भन्ने सैद्धान्तिक निचोड निकालिएको छ।

## २.३ प्रायोगिक साहित्यको समीक्षा

यस अध्याय अन्तर्गत शोध उद्देश्यहरूमा आधारित भै सम्बन्धित ग्रन्थ, अनुसन्धानमूलक लेख, रचना, पत्रपत्रिका लगायत सन्दर्भ सामग्रीहरूको समीक्षा गरिएको छ । शैक्षिक व्यवस्थापनको क्षेत्रमा प्रस्तुत शोधसँग सम्बन्धित अध्ययनको अभाव देखिन्छ। यसै अभावलाई पूर्ति गर्न प्रस्तुत शोध शीर्षकमा आधारित भै शोधकार्य गरिएको हो । तसर्थ विगतमा भएका अनुसन्धानको गहन विश्लेषणबाट यस शोधलाई तार्किक निष्कर्षमा पुऱ्याउन सम्बन्धित साहित्यको पुनरवलोकन गरिएको थियो ।

प्राच्य शैक्षिक व्यवस्थापन महत्त्वपूर्ण र रूचिकर विषय हो । यस अध्ययनको क्रममा प्राचीनकालको लिखित अभिलेखहरू यथेष्ट नभए पनि हालसम्म उपलब्ध भए गरेका प्रायोगिक साहित्यको समीक्षा निम्नानुसार रहेका छन् । प्राचीनकालको शिक्षा व्यवस्था बारेमा हरिराम जोशी (२०२८) ले आफ्नो पुस्तक 'नेपाली संस्कृति' मा यसरी स्पष्ट पारेका छन् :

> प्राचीन शिक्षा पूर्ण रूपले निःशुल्क हुन्थ्यो । चौधौँ शदी ई. मा लेखेको गोपाल वंशावलीअनुसार नेपालमा किराँतहरू भन्दा पहिले आभीरहरूको शासन चलेको थियो । उत्तर प्राचीनकालमा पनि आभीरहरूको अस्तित्व यहाँ रहेको कुरा तत्समयका शिखाभिलेखहरूबाट जानिन्छ ...यसरी पूर्व प्राचीनकालीन नेपालमा विभिन्न वर्णका मानिसहरूको अस्तित्व कायम रहेको देखिइ श्रुति, स्मृति ग्रन्थहरूका अनुसार द्विज (ब्राम्हण, क्षेत्री, वैश्य) हरूले विभिन्न आश्रमहरूको नियम परिपालन गर्नु भन्ने भएकोले पूर्व प्राचीनकालमा वर्णाश्रम धर्म यहाँ प्रचलित रहेको कुरा जानिन्छ। (जोशी, २०२८, पृ. ११-१२)

यसबाट के कुरो स्पष्ट हुन्छ भने प्राचीनकालीन नेपालमा वर्णाश्रम धर्मबाट निर्देशित भै शिक्षाको विकास सुरु भएको अनुमान गर्न सकिन्छ । त्यसबेला कामको आधारमा जात र जातको आधारमा विभिन्न आश्रमहरूको नियम परिपालन गर्दै धर्मको प्रचार भएको पाइन्छ । धर्मको विकासले शिक्षामा पनि सकारात्मक प्रभाव पारेको

देखिन्छ । साथै तत्कालीन शिक्षा निःशुल्क रहेको कुरा उल्लेख भएकाले यसलाई पूर्वकार्यको लागि उपयोगी मानिन्छ ।

Sharma (1990) द्वारा लिखित अनुसन्धानमूलक लेख 'नेपालको राणाशासनमा शिक्षाको प्रभाव' महत्त्वपूर्ण पूर्वकार्य देखिन्छ । यसमा लिच्छविकालदेखि शाहकालसम्मको नेपालको शैक्षिक अवस्थालाई विश्लेषण गरिएको छ । लिच्छविकालको पुनर्जागरण समयमा नेपाली कला, अभिनय, शिक्षा र संस्कृतिको विकास उच्चस्तरमा भएको उल्लेख छ । गुरुकुल व्यवस्था आजको संस्थागत विद्यालय जसरी नै प्रवर्द्धित थियो । त्यहाँ प्रायः जसो ब्राम्हण र शासकका सन्तानहरू गुरुकुलमा शिष्यको रूपमा सहभागी हुन्थे । साथै गोर्खाका राजा पृथ्वीनारायण शाहले नेपालको एकीकरण अभियानमा समय बिताउनु परेकोले शिक्षा व्यवस्थापनमा खासै ध्यान पुऱ्याउन सकेको देखिदैन (Sharma, 1990, p. 3) । प्रस्तुत लेखले तत्कालीन समयमा शिक्षाको प्रभाव र व्यवस्थापनका केही पक्षहरूलाई औल्याएकाले यसलाई पूर्वकार्यका रूपमा लिइएको छ ।

शोधकर्ता घनश्याम शर्मा पौडेल (२०५७) ले 'नेपालको केन्द्रीय प्रशासनिक व्यवस्थामा संस्कृत वाङ्मयको स्थान' शीर्षकमा विद्यावारिधि शोधप्रबन्ध तयार पारेका छन । नेसंवि, अनुसन्धान केन्द्र समक्ष राजनीति-शास्त्र विषयमा प्रस्तुत अप्रकाशित उक्त शोधप्रबन्ध ४०० पृष्ठको रहेको छ । त्यसमा बालकको उपनयन आदि संस्कार गरेपछि आफ्नो आश्रममा राखेर प्राचीन गुरुकुलको परम्परा बमोजिम भोजन र आवासको व्यवस्था गरेर शिक्षाको सुप्रबन्ध गराउने ब्राम्हणलाई नै गुरु मानिएको छ ।

गुरु शब्द दुई संयुक्त धातुबाट बनेको कुरालाई स्पष्ट पारिएको छ । गु को अर्थ अन्धकार र रु को अर्थ हटाउने कार्य गर्ने अर्थात् अन्धकारबाट प्रकाशतर्फ ल्याउने भएकोले गुरु शब्द सार्थक भएको कुरा उल्लेख छ । संस्कृत वाङ्मयमा गुरुको स्थान उच्च रहेको छ । गुरुलाई ब्रह्मा, विष्णु र महेश्वरको रूपमा चर्चा गरिएको छ । साथै सो शोधप्रबन्धमा विभिन्न प्रकारका दण्डको व्याख्या गरिएको छ । नेपालको प्रशासनिक र सामाजिक व्यवस्थामा यस प्रकारका दण्डको अस्तित्व रहेको देखिन्छ । साथै गुरुले शिष्यलाई दण्डको रूपमा गुरुकुलबाट निष्काशन गर्न सक्ने कुरा वैदिक इतिहासमा

समेत उल्लेख भएको पाउन सकिन्छ (शर्मा पौडेल, २०५७) । यसमा प्राच्य शिक्षक प्रशासनको समग्र पक्षको अध्ययन नभए पनि तत्कालीन शिक्षक प्रशासनसम्बन्धी केही तथ्यहरू उजागर गर्न उक्त शोध निकै महत्त्वपूर्ण रहेको छ । उक्त शोधमा गुरुको महिमा विश्लेषण भएको हुँदा शोधकार्यका लागि उपयोगी देखिन्छ ।

साथै त्रिवि, शिक्षा विकास तथा अनुसन्धान केन्द्र अन्तर्गत फर्मेटिभ अनुसन्धान परियोजना (2007) ले 'नेपालमा गुम्बा, विहार र गुरुकुल शिक्षाको विषयमा अध्ययन प्रतिवेदन' तयार पारेको थियो, जसले नेपाल वेद विद्याश्रम मावि, वनकाली, काठमाडौंसँग सम्बन्धित एउटा धार्मिक गुरुकुल विद्यालयको समस्या अध्ययन गरेको थियो ।

उक्त प्रतिवेदनमा गुरुकुलमा शिक्षा व्यवस्था, हिन्दु दर्शन, औपचारिक पाठ्य विषयहरू, शिक्षा व्यवस्थापन, स्रोतहरू, आवश्यकता र सरकारी सहयोगको बारेमा चर्चा भएको पाइन्छ । साथै प्राचीन धार्मिक संस्थाहरू स्थानीय तथा वैदेशिक सहयोगबाट सञ्चालित रहेका कुरा उल्लेख छ भने गुरुकुल विद्यालयहरूको सञ्चालन र व्यवस्थापन गर्नको निमित्त व्यवस्थापन समिति गठन भएको देखिन्छ ।

सो प्रतिवेदन अनुसार गुरुकुल परम्परागत सिकाइको थलो हो । प्राचीनकालदेखि नै गुरुकुलीय अभ्यास भएको थियो । परम्परागत गुरुकुलको पाठ्यक्रम निर्माण गुरु स्वयम्बाट हुन्थ्यो, जुन हिन्दु दर्शन र वेदमा आधारित थियो । गुरुकुलमा अठार विद्याहरूको पठनपाठन गरिन्थ्यो । त्यस समयमा स्वतन्त्र रूपमा शिक्षा प्रदान गरिन्थ्यो । त्यस्तो शिक्षालाई पिँढी शिक्षा पनि भनिन्थ्यो । यसको अर्थ घरमा निम्नस्तरका सदस्यहरूले प्राप्त गर्ने शिक्षा हुन्थ्यो । त्यस समयमा प्रमाणपत्र प्रदान गरिदैन्थ्यो ।

वर्तमान गुरुकुल र अरू धार्मिक संस्थाहरूले आफ्नो शिक्षण कार्यक्रममा औपचारिक शिक्षालाई समेत समावेश गरेका छन् । आजकल देशका विभिन्न भागहरूमा गुरुकुल रहेका छन् । त्यसैले तिनीहरूलाई वास्तविक गुरुकुल भन्न सकिदैन (TU, 2007) । प्रस्तुत प्रतिवेदनमा गुरुकुल व्यवस्थापन सम्बन्धी केही तथ्यहरू उल्लेख

भएकाले शोधकार्यका लागि उपयोगी रहेको छ । त्यस्तै प्राच्यकालमा प्रचलित आश्रम व्यवस्था अन्तर्गत निर्धारित शिक्षा प्राप्त गर्ने समयावधि सम्बन्धमा गोपीनाथ शर्मा (२०६८) ले यसरी स्पष्ट पारेका छन् :

> समाजलाई पूर्ण व्यवस्थित गराउन वर्णाश्रम व्यवस्था गरिए झैं मनुष्य जीवनलाई पूर्ण संयम गराउन आश्रम व्यवस्था गरिएको थियो । धर्म, अर्थ र मोक्ष प्राप्तिका लागि ज्ञान र बुद्धिको आवश्यकता पर्ने हुँदा मानिसको आयु सय वर्ष मानी त्यसको चतुथाँश वर्षसम्म शिक्षा उपार्जनको निमित्त ब्रह्मचार्यश्रम निर्धारित भएको थियो । (शर्मा, २०६८, पृ. १४)

यसबाट के कुरा प्रष्ट हुन्छ भने मनुष्य जीवनलाई पूर्ण बनाउन प्रचलनमा ल्याइएको गुरुकुल पद्धति नै आश्रम व्यवस्था हो । यसले नेपालको शिक्षा व्यवस्थाको ऐतिहासिक तथ्यलाई औंल्याएकोले प्रस्तुत शोधप्रबन्धमा यसलाई उपयोगी पूर्वकार्यको रूपमा मानिएको छ ।

आफ्नो अनुसन्धानमूलक लेख 'गुरुकुल विद्याश्रमका लागि पाठ्यक्रम तथा पाठ्यपुस्तकको अवस्था' शीर्षकमा गुरुकुल शिक्षाको बारे पुरुषोत्तम घिमिरे (२०७०) ले यसरी लेखेका छन्, "गुरुकुल शिक्षा पद्धति मानव सभ्यता कै सबैभन्दा जेठो शिक्षा प्रणाली हो । विगतमा यो राजकुल, पितृकुल, ऋषिकुल र गुरुकुलका आधारमा सञ्चालित थियो भन्ने मान्यता छ" (घिमिरे, २०७०, पृ. ४१) । यसले गुरुकुल शिक्षा मानव सभ्यतासँगै सुरुवात भएको देखिन्छ । यसको महत्त्व आधुनिककालमा पनि बढ्दै गएको पाइन्छ । गुरुकुल शिक्षा त्यस्तो विषय हो, जसले ज्ञान र सीपलाई सैद्धान्तिक रूपले मात्र वर्णन नगरी साधारण जीवन जिउन आवश्यक सीपहरूको व्यावहारिक र तथ्यपरक रूपमा पनि विवेचना गर्दछ । गुरुकुल शिक्षाका केही महत्त्वपूर्ण पक्षहरू उल्लेख गरिएकोले उक्त लेखलाई पूर्वकार्यको रूपमा लिइएको छ ।

साथै गुरुले नै गुरुकुलको आध्यात्मिक निर्देशकको भूमिका निर्वाह गर्दथे । तत्कालीन शासकहरूले गुरुकुलको आर्थिक प्रबन्धन गर्ने उद्देश्यका साथ भूमिदान गर्दथे विद्यार्थीहरूका लागि आवास, भोजन र शिक्षाको प्रबन्ध निःशुल्क हुन्थ्यो । त्यसको

नेतृत्व गुरुहरू आफैँ गर्दथे । गुठी र मन्दिरमा स्थापित कोषमार्फत गुरुकुलको आर्थिक व्यवस्थापन गरिन्थ्यो ।

महेश्वर पौडेल (२०७१) ले गुआव्यप, नेपालको अनुसन्धानमूलक मुखपत्र 'गुरुकुल-सन्देश' अंक ५ मा 'गुरुकुल/आश्रम विद्यालय व्यवस्थापन' शीर्षकको कार्यपत्रमा व्यक्तिलाई नैतिक, सदाचारी र देशप्रेमी नागरिक बनाउन गुरुकुलको भूमिका रहेको चर्चा गरेका छन् । गुरुकुल नै त्यस्तो शिक्षा पद्धति हो, जहाँ असल नागरिकहरूको उत्पादन गरिन्छ र असल राष्ट्र निर्माणमा उपयोग गर्न सकिन्छ भन्ने कुरालाई व्याख्या गरिएको छ ।

उक्त लेखमा वैदिक ज्ञान भएको मूल र विषयगत गुरुहरू, अध्ययन गर्न प्रतिबद्ध ब्रह्मचारी चेलाहरू, विद्यालय भवन, छात्रावास, भोजन गृह र खानाको व्यवस्था, पुस्तकालय, खेलकुद मैदान, यज्ञशाला, नित्यपूजा, होम गर्न मन्दिर, गौशाला तथा गौपालन, फलफूल एवं जडीबुटीको उद्यान, तरकारीको लागि करेसाबारी, फर्निचर र स्वच्छ, शान्त र तपोमय वातावरण जस्ता पक्षहरू गुरुकुलीय व्यवस्थापन गर्न आवश्यक रहेको स्पष्ट उल्लेख गरेका छन् । साथै गुरुकुल व्यवस्थापनमा रहेका समस्याहरू र समाधानका उपायहरूलाई समेत वर्णन गरेका छन् (पौडेल, २०७१, पृ. १३६-१३८) । प्रस्तुत लेखले प्राच्य शैक्षिक व्यवस्थापनका आंशिक तथ्यहरू उजागर गरेकाले पूर्वकार्यका लागि उपयोगी रहेको देखिन्छ ।

गुरु प्रसाद सुवेदी (२०७१) द्वारा 'गुरुकुल आश्रम विद्यालय अनुमति स्वीकृति विषय र प्रक्रिया' नामक कार्यपत्र नेपाल सरकार शिक्षा विभाग, गुआव्यप, नेपालद्वारा चतराधाम, सुनसरीमा आयोजित गोष्ठीमा प्रस्तुत गरिएको थियो । उक्त कार्यपत्रमा गुरुकुलको परिचय, परम्परा र प्राचीनकालका गुरुकुलहरूको वर्तमान अवस्थालाई चित्रण गरेका छन् । उनले सो कार्यपत्रमा प्राचीनकालमा सञ्चालित वाल्मीकि, वशिष्ठ, अघोर, भारद्वाज, दुर्वासा र अङ्गिरा आदि प्रसिद्ध गुरुकुलहरूको व्याख्या उल्लेख गरेका छन् । यसबाट प्राचीन गुरुकुल कसरी व्यवस्थापन गरिन्थे र तत्कालीन गुरुकुल

व्यवस्थापनमा कसको भूमिका रहन्थ्यो भन्ने तथ्यलाई साङ्केतिक रूपमा स्पष्ट गरिएको पाइन्छ (सुवेदी, २०७१, पृ. १०८-१०९) ।

साथै नेपाल सरकार, शिक्षा विभाग, वैकल्पिक शिक्षा शाखा एवं गुआव्यप, भक्तपुरद्वारा चतराधाममा आयोजित त्रिदिवसीय "गुरुकुलहरूलाई शिक्षाको राष्ट्रिय मूल प्रवाहीकरणका सम्बन्धमा भावी कार्यनीति" विषयक गोष्ठीमा टङ्क प्रसाद भुषाल (२०७१) द्वारा 'गुरुकुल/आश्रममा शिक्षक व्यवस्थापन' नामक कार्यपत्र प्रस्तुत गरिएको थियो । उक्त कार्यपत्रमा गुरुकुल शिक्षा र त्यसको सञ्चालन एवं शिक्षक व्यवस्थापन सम्बन्धी विद्यमान समस्याहरू र त्यसका समाधानका विकल्पहरू प्रस्तुत गरिएको छ । वैदिक धर्म संस्कृतिको रक्षा गर्ने स्थान वा केन्द्र भनेकै मठ मन्दिर, धार्मिक तीर्थस्थल वा आश्रम रहेको उल्लेख गर्दै त्यसको सञ्चालन विधि र शिक्षक व्यवस्थापनलाई महत्त्वपूर्ण पक्षको रूपमा व्याख्या गरिएको छ ।

सो कार्यपत्रमा उनले गुरुकुल विद्यालयमा शिक्षकको योग्यता, नियुक्ति र वृत्तिको समेत व्याख्या गरेका छन् । जुन आधुनिककालमा चलेका औपचारिक गुरुकुललाई आधार मानेर विवेचना गरिएको पाइन्छ । यसले प्राचीनकालमा शिक्षक व्यवस्थापनको अवस्थालाई सङ्केत गरेको आभाष मिल्दछ (भुषाल, २०७१, पृ. ११६-११८) । यसमा प्राच्य शिक्षा प्रदायक संस्था गुरुकुलको व्यवस्थापन विश्लेषण गरिएको हुँदा शोधकार्यका लागि उपयोगी देखिन्छ ।

नेसंवि, अनुसन्धान केन्द्रसमक्ष धर्मशास्त्र विषयमा विद्यावारिधि उपाधिका लागि प्रस्तुत 'स्मृतिपरम्परामा नारीको स्थान' शीर्षकमा शोधकर्ता वासुदेव खनाल (२०७२) ले प्राच्य शिक्षाका केही विषयहरूलाई लिपिबद्ध गरेका छन् । यसमा प्राचीनकालदेखि नै वेदाङ्गहरूमध्ये प्रथम अङ्गको रूपमा रहेको शिक्षा एक स्वतन्त्र शास्त्रका रूपमा रहेको उल्लेख छ । यस शोधप्रबन्धमा पाणिनिकालीन शिक्षा विधि जसअन्तर्गत शिक्षामा सस्वर कियालाई जोड दिइएको छ । साथै शुद्ध वेद पाठको परिणाम पनि सकारात्मक रूपले चर्चा गरिएको छ । वेदपाठ गर्दा वेदपाठीले स्वर एवं उच्चारणका दृष्टिले एकाग्र भएर पाठ गर्नुपर्दछ भन्ने कुरा पाणिनिको अष्टाध्यायीमा समेत व्याख्या गरिएको प्रसङ्ग उल्लेख

छ । यस शोधमा निम्न स्वरमा उच्चारण गरिएकोलाई अनुदात्त, उच्चस्वरमा उच्चारण गरिएकोलाई उदात्त साथै अनुदात्त र उदात्तबिचको ध्वनिलाई स्वरित भनिन्छ भनेर प्राचीनकालको पढ्ने कलालाई वर्णन गरेका छन् (खनाल, २०७२) । उक्त शोधले प्राचीन शैक्षणिक व्यवस्थापनका केही पक्षहरू उजागर गरेकोले प्रस्तुत शोधको लागि पूर्वकार्यको रूपमा लिइएको छ ।

प्राचीनकालको पढ्ने कलालाई समेत औंल्याउनुले यस शोधको उद्देश्यसँग मिल्दोजुल्दो तथ्यहरू देखिन्छन् । उपर्युक्त प्रायोगिक साहित्यको समीक्षाबाट प्राच्य शिक्षामा औपचारिक तथा अनौपचारिक शैक्षिक व्यवस्थापन सम्बन्धी समग्र अध्ययन नभएकोले आंशिक रूपमा सहयोगी र तथ्यपरक देखिन्छ । साथै यसले शोध समस्याको पहिचान गरी शीर्षकको सान्दर्भिकतालाई स्पष्ट गर्न योगदान गरेको छ ।

## २.४ सम्बन्धित अनुसन्धानको समीक्षा

अनुसन्धान अन्तराल पत्ता लगाउनका लागि हालसम्म भए गरेका शोध शीर्षकसँग सम्बन्धित समस्याको पूर्वकार्यको समीक्षा निम्नानुसार रहेको छ :

नेसंवि, अनुसन्धान केन्द्र समक्ष व्याकरण विषयमा विद्यावारिधि उपाधिका लागि शोधकर्ता मोहनीलाल नेपाल (२०६९) ले 'नेपालमा संस्कृत-शिक्षणको परम्परा र विकासक्रम' शीर्षकमा प्रस्तुत शोधप्रबन्ध अध्याय एकदेखि अध्याय छ सम्म विस्तारित छ । त्यसमा प्राचीनकालदेखि गुरु-शिष्य परम्पराबाट प्रवाहित हुँदै आएको संस्कृत वाड्मयको अध्ययन अध्यापन नेपालमा निरन्तर चल्दै आएको तथ्यलाई पुष्टि गर्दछ ।

साथै परम्परागत शिक्षाका आधारहरूमध्ये वैदिक धर्मबाट अनुप्राणित संस्कृत शिक्षा परम्परामा माध्यम भाषाको रूपमा संस्कृत भाषा भएको कुरा उल्लेख गरिएको छ । त्यसबेला निःशुल्क रूपमा पठनपाठन हुने कुरालाई समेत औंल्याएको पाइन्छ । यसमा प्राचीनकाल, मध्यकाल र आधुनिककालमा संस्कृत शिक्षणको परम्परा बारेमा व्याख्या गरिएको छ (नेपाल, २०६९) । उक्त शोधमा प्राचीनकालदेखि प्रचलित गुरु-शिष्य परम्परा, निःशुल्क शिक्षा र संस्कृत शिक्षाको विश्लेषण भएको पाइन्छ । साथै गुरुकुलका

शिष्य र उनीहरूमा विकसित मूल्य मान्यता र आदर्शको खोजी गर्न प्रस्तुत शोध उपयोगी रहेको छ । यसमा तत्कालीन व्यवस्थापनका केही पक्षहरूको अध्ययन गरिएको हुँदा प्रस्तुत शोधको पूर्वकार्यका लागि उपयोगी मानिन्छ ।

नेसंवि, अनुसन्धान केन्द्र समक्ष शिक्षाशास्त्र विषयमा विद्यावारिधि उपाधिका लागि शोधकर्ता हरिप्रसाद पोखरेल (२०७४) ले 'विद्यालयीय नैतिक शिक्षामा चाणक्य नीतिको प्रभाव' शीर्षकमा अप्रकाशित शोधप्रबन्ध प्रस्तुत गरेका छन् । सो शोधप्रबन्धको अध्याय दुईमा नैतिक शिक्षाको सैद्धान्तिक आधार भन्ने उपशीर्षकमा वैदिक शिक्षाको उल्लेख गरिएको छ । बालकको असल चरित्र निर्माण गर्ने, सार्थक जीवन जिउन सक्षम बनाउने, ज्ञान प्राप्त गर्न निरन्तर सक्रिय बनाउने, जन्म, मृत्युको चक्रबाट मुक्ति, शारीरिक विकास र नैतिक एवं अनुशासित नागरिक बनाउने वैदिक शिक्षाको उद्देश्य रहेको कुरा उल्लेख गरिएको छ । साथै वैदिक शिक्षा अन्तर्गत गुरुकुल शिक्षा बढी प्रचलनमा रहेको तथ्य औंल्याइएको छ ।

उक्त शोधप्रबन्धमा वैदिकमन्त्रहरूको उच्चारण, व्याकरण तथा साहित्य, शब्द विद्या, अभ्यास, परा अर्थात् आध्यात्मिक विद्या (वेद, वेदाङ्ग, पुराण, उपनिषद्, दर्शन) र अपरा विद्या (लौकिक, इतिहास, भूगोल, तर्कशास्त्र, भौतिकशास्त्र र नैतिकशास्त्र) आदि पाठ्यक्रम रहेको कुरालाई विवेचना गरिएको छ । वैदिककालमा प्रवचन, श्रवण, मनन र निदिध्यासन जस्ता शिक्षण विधिहरूको प्रयोग गरिन्थ्यो भन्ने कुरा उल्लेख गरिएको छ (पोखरेल, २०७४) । उक्त शोधमा प्राच्य शैक्षिक व्यवस्थापनका केही पक्षहरू औंल्याइएको छ । जसले गर्दा वैदिक शिक्षाको उद्देश्यहरू र शैक्षणिक व्यवस्थापन अन्तर्गत पाठ्यक्रम तथा पाठ्यपुस्तकको बारेमा अध्ययन गर्न सहयोग पुग्ने भएकाले पूर्वकार्यको लागि उपयोगी मानिन्छ ।

नेसंवि, अनुसन्धान केन्द्र समक्ष शिक्षाशास्त्र विषयमा विद्यावारिधि उपाधिका लागि शोधकर्ता गणेश धमला (२०७५) ले 'राशिपयो, २०२८ पूर्वको संस्कृत तथा पाश्चात्य शिक्षा' शीर्षकमा शोधप्रबन्ध तयार गरेका छन् । यसमा लिच्छविकालपूर्वको शिक्षाको अर्थ, परिभाषा, उद्देश्यलाई स्पष्ट पारिएको छ । यस शोधको उद्देश्यमा

राशिपयो, २०२८ पूर्वको संस्कृत तथा पाश्चात्य शिक्षाको विश्लेषण गर्नु, राशिपयो, २०२८ पूर्वको संस्कृत तथा पाश्चात्य शिक्षाको साँस्कृतिक कारक तत्त्वको खोजी गर्नु, राशिपयो, २०२८ पूर्वको संस्कृत तथा पाश्चात्य शिक्षाले व्यक्तिको व्यक्तित्व विकास र तत्कालीन समाजमा पारेको प्रभावको विश्लेषण गर्नु र राशिपयो, २०२८ पूर्वको संस्कृत तथा पाश्चात्य शिक्षाको सान्दर्भिकता विवेचना गर्नुलाई समेटिएको छ । साथै गुरुकुलीय जीवन, विशेषता र विभिन्न विद्या तथा प्राचीन शिक्षालयहरूको बारेमा केही तथ्यहरू उल्लेख गरिएको छ (धमला, २०७५) । उक्त शोधप्रबन्धमा २०२८ पूर्वको संस्कृत तथा पाश्चात्य शिक्षाको उल्लेख भएकोले पूर्वकार्यको रूपमा उपयोग गरिएको छ ।

नेसंवि, अनुसन्धान केन्द्र समक्ष शिक्षाशास्त्र विषयमा विद्यावारिधि उपाधिका लागि शोधकर्ता खगराज बराल (२०७७) द्वारा 'नेपालका वर्तमान गुरुकुल र आधुनिक विद्यालय शिक्षा पद्धतिमा शिक्षक व्यवस्थापन' शीर्षकमा शोधप्रबन्ध तयार गरिएको छ । उक्त शोधप्रबन्धमा वर्तमान गुरुकुल र आधुनिक विद्यालय शिक्षा पद्धतिमा शिक्षक व्यवस्थापनको विश्लेषण गर्नु, दुबै शिक्षा पद्धतिमा शिक्षक व्यवस्थापनका समानता र भिन्नता केलाउनु र शिक्षक व्यवस्थापनलाई प्रभावकारी बनाउने उपायहरूको खोजी गर्नुलाई विशिष्ट उद्देश्यहरूको रूपमा निर्धारण गरिएका छन् ।

यस अध्ययनमा गुरुकुल शिक्षा पद्धति वैदिक हिन्दु सनातन दर्शनबाट प्रभावित भएको र पौराणिक, आर्षकालीन गुरुकुलको परम्परागत ढाँचामा सञ्चालन हुने प्रयासमा रहेको तथ्यलाई प्राप्तिको रूपमा उल्लेख गरिएको छ । वर्तमान गुरुकुलमा सैद्धान्तिक र दार्शनिक हिसाबले परम्परालाई अपनाउन प्रयास गरिए पनि प्राचीन गुरुकुलीय वातावरण नभएको कुरा व्याख्या गरिएको छ (बराल, २०७७, पृ. ३) । यस अध्ययनले गुरुकुल शिक्षा पद्धतिको शिक्षक व्यवस्थापन सम्बन्धी चर्चा गरेकोले पूर्वकार्यको रूपमा लिइएको छ । साथै यसमा प्राच्य गुरुकुलको आर्थिक, भौतिक, शैक्षणिक तथा अन्य व्यवस्थापनको बारेमा उल्लेख गरिएको छैन ।

नेसंवि, अनुसन्धान केन्द्र समक्ष शिक्षा विषयमा विद्यावारिधि उपाधिका लागि शोधकर्ता गणेशप्रसाद भट्टराई (२०७८) ले 'आधुनिक गुरुकुल तथा विद्यालय पद्धतिमा

पाठ्यक्रम विकास' शीर्षकमा अप्रकाशित शोधप्रबन्ध प्रस्तुत गरेका छन् । उक्त शोधप्रबन्धको समीक्षाबाट नेपालमा परम्परागत गुरुकुलमा धार्मिक, व्यावहारिक तथा व्यवसायिक प्रकृतिको एकीकृत शिक्षा दिइए पनि पाठ्यक्रमको विकास सङ्गठित नभएको देखिन्छ । नेपालमा पूर्वीय दर्शन, गुरुहरूको अनुभव, विद्यार्थीको दक्षता र आवश्यकतालाई आधार मानी प्राचीन र आधुनिक शिक्षाका समाजसापेक्ष पक्षको संयोजन गरी पाठ्यक्रम विकास गर्नु चुनौतीपूर्ण भएको उल्लेख गरेका छन् । साथै गुरुले अपेक्षा गरेको ज्ञान तथा सीप विद्यार्थीमा हासिल नभएसम्म गुरुले अभ्यास गराइ रहने भएकाले गुरुकुल पद्धतिको पाठ्यक्रम सफलतापूर्वक कार्यान्वयन भएको कुरा औल्याएका छन् (भट्टराई, २०७८, पृ. २८-१२९) । यसमा आधुनिक गुरुकुलका पाठ्यक्रम विकास प्रक्रियालाई स्पष्ट गरिएकोले यस शोधप्रबन्धलाई सम्बन्धित अनुसन्धानको पूर्वकार्यको रूपमा लिइएको छ ।

प्राचीनकालदेखि आधुनिककालसम्म आइपुग्दा सिकाइ स्थानान्तरण गर्ने प्रक्रियाको विकास, अभ्यास, शिक्षा लिनेदिने स्वरूप र व्यवस्थापन शैलीमा आमूल परिवर्तन आएको छ । प्रभावकारी शैक्षिक व्यवस्थापनको अभावमा आदर्श र स्तरयुक्त नागरिक निर्माण गर्न सकिदैन । त्यसका लागि प्राच्य शिक्षा व्यवस्थापन पद्धति र त्यसका सकारात्मक पक्षहरूको अनुसरण गर्न आवश्यक हुन्छ । साथै विभिन्न प्राच्य कालखण्डमा भए गरेका शैक्षिक व्यवस्थापनका पक्षहरूको अध्ययन हुन जरुरी देखिन्छ तर औपचारिक र अनौपचारिक रूपमा सञ्चालित यस्ता परम्परागत शिक्षण संस्थामा अभ्यासमा रहेका पूर्वीय दर्शन र धर्मसम्बन्धी आत्मानुशासन, योग, ध्यान लगायतका विषयको समसामयिक महत्त्व र औचित्यबारे अपेक्षित खोज, अनुसन्धान र प्रवर्धन हुन सकेको छैन (उराशिआ, २०७५, पृ. १५-१६) ।

नेपालको प्राचीन शिक्षा गुरुकुल/गुठी आश्रम पद्धतिमा आश्रित थियो । (पोखरेल, २०७०, पृ. १८) । वास्तवमा नम्रता, सदाचार, सेवाभावना तथा शिष्टाचार प्राच्य गुरुकुलका विद्यार्थीका लागि अपरिहार्य गुण मानिन्थे (Dahal, 2009, p. 132) । उक्त गुणहरू वर्तमान समाजमा पनि व्यक्तित्व विकासका लागि उत्तिकै महत्वपूर्ण

रहेका छन् । हाम्रो समाजमा विद्यमान सृजित असामाजिक व्यवहार तथा गतिविधिहरूले शिक्षाबाट अपेक्षित नैतिक, कर्तव्यनिष्ठ, जवाफदेही र उत्तरदायी नागरिक उत्पादन हुन नसकेको अनुभूति भएको छ । व्यक्तिमा नैतिकता, आदरभाव, सम्मान र मान मर्यादा गर्ने परम्पराको अभाव छ (घिमिरे, २०७८) । व्यक्तित्व निर्माण, अनुशासन, नैतिकता, कर्तव्य परायणता, सच्चरित्रता, लगनशीलता, व्यावहारिकता र उद्यमशीलता जस्ता मानवीय गुणहरूको विकास गराउन गुरुकुलीय पद्धति सफल रहेको पाइन्छ ।

त्यसको कारण तत्कालीन शैक्षिक व्यवस्थापनको प्रभाव हुन सक्छ । सम्बन्धित अनुसन्धानको समीक्षामा उल्लिखित विभिन्न शोधकर्ताहरूले 'नेपालमा संस्कृत-शिक्षणको परम्परा र विकासक्रम', 'विद्यालयीय नैतिक शिक्षामा चाणक्य नीतिको प्रभाव', 'राशिपयो, २०२८ पूर्वको संस्कृत तथा पाश्चात्य शिक्षा', 'नेपालका वर्तमान गुरुकुल र आधुनिक विद्यालय शिक्षा पद्धतिमा शिक्षक व्यवस्थापन', र 'आधुनिक गुरुकुल तथा विद्यालय पद्धतिमा पाठ्यक्रम विकास' आदि शोध शीर्षकमा अध्ययन गरेका छन् । उपर्युक्त शोधहरूले आंशिक रूपमा मात्र प्राच्य शैक्षिक व्यवस्थापनको चर्चा गरेका छन् तर प्राच्य शिक्षामा शैक्षिक व्यवस्थापन कसरी गरिन्थ्यो ? भन्ने निश्चित आधार आजसम्म फेला परेको छैन । त्यसकारण सम्बन्धित शोधसँग मेल खाने शोधकार्य नभेटिएकोले शोध समस्याको औचित्य पुष्टि हुन्छ ।

पूर्ववर्ती अध्ययनहरूबाट अनुसन्धान समस्यासँग सम्बन्धित आंशिक पक्षहरूको मात्र अध्ययन भएको र प्राच्य शैक्षिक व्यवस्थापन सम्बन्धमा हालसम्म अध्ययन भएको नपाइएकोले प्राच्य शैक्षिक व्यवस्थापनका औपचारिक तथा अनौपचारिक संरचना/सङ्गठन, प्राच्य शिक्षामा व्यवस्थापनका पक्षहरू र प्राच्य शिक्षाले नेपालको वर्तमान शिक्षा व्यवस्थामा पारेको प्रभावलाई शोध अन्तरालको रूपमा शोधसमस्या किटान गरी प्रस्तुत शोध शीर्षकमा शोधप्रबन्ध तयार गरिएको छ ।

# अध्याय तीन

# शोधविधि

## ३.१ विषय प्रवेश

शोधविधिले शोधकार्य गर्दा अपनाइने क्रमबद्ध तरिका वा कार्यपद्धतिलाई जनाउँछ । प्रत्येक विधिको आ-आफ्नै उपयोगिता र सीमाहरू हुन्छन् । अनुसन्धानको क्रममा विषयक्षेत्र अनुकूल समस्या मिल्दो विधिको छनोट गरेर निर्धारित शोधकार्य सम्पन्न गरिन्छ । यहाँ मुख्यतः अध्ययनको ढाँचा, विधि, नमुना छनोट, तथ्याङ्क सङ्कलन स्रोतहरू, तथ्याङ्कको व्याख्या र विश्लेषणको खाका प्रस्तुत गरिएको छ ।

## ३.२ अध्ययनको ढाँचा

प्रस्तुत शोध शीर्षक प्राच्य शैक्षिक व्यवस्थापनसँग सम्बन्धित भएकोले गुणात्मक अनुसन्धान ढाँचालाई मूल ढाँचाको रूपमा उपयोग गरिएको थियो किनकि गुणात्मक अनुसन्धानले उत्तरदाता तथा समूहको व्यवहार, अनुभव र मनोवृत्तिलाई खोजी गर्दछ (Dawson, 2009, p. 14-15) । प्राच्य शैक्षिक व्यवस्थापनका औपचारिक तथा अनौपचारिक संरचना/सङ्गठन, व्यवस्थापनका पक्षहरूको बारेमा सम्बन्धित प्राचार्य/शिक्षक तथा विशेषज्ञ उत्तरदाताहरूको ज्ञान, अनुभव र गहिरो बुझाइ प्राप्त गर्न र यस बाहेक, प्राच्य शिक्षाले नेपालको वर्तमान शिक्षा व्यवस्थामा कसरी प्रभाव पारेको छ भनी खोज गर्न यो विधिको प्रयोग गरिएको थियो ।

त्यसक्रममा प्राच्य शिक्षाको प्रतिबिम्बको रूपमा वर्तमानमा सञ्चालित गुरुकुल विद्यालयहरूको स्थलगत अध्ययन भ्रमण गरी प्रतिनिधिमूलक ढङ्गले नमुना छनोटमा परेका सहभागी उत्तरदातासँग अन्तर्वार्ता लिइयो । शोधको उद्देश्य प्राप्तिमा प्राचीन व्यवस्थापनको सैद्धान्तिक अवधारणा, शिक्षण संस्थाको प्रकृति र विशेषता, सामाजिक-सांस्कृतिक परिवेश, प्राचार्य/शिक्षक तथा विशेषज्ञको राय र अनुसन्धाता स्वयम्को

अनुभव आदि पक्षहरूले प्रभाव पारेको छ । यस शोधमा सङ्कलित तथ्य र प्रयोग गरिएको सूचनाका आधारमा प्राच्य शैक्षिक व्यवस्थापनसँग सम्बन्धित शोध समस्या समाधानार्थ समीक्षा, विश्लेषण र खोजी गरिएको छ ।

### ३.३ शोधविधि

शोधको प्रकृतिका आधारमा गुणात्मक विधिलाई यस शोधकार्यमा शोधविधिको रूपमा उपयोग गरिएको थियो । साथै शोधको निष्कर्ष प्राप्त गर्न विश्लेषणात्मक विधिको समेत प्रयोग गरिएको थियो । शोधकार्यलाई सम्पन्न गर्न सम्बन्धित उत्तरदाताहरूसँग अन्तरनिहित ज्ञान, अनुभव र धारणा सङ्कलनका लागि प्रत्यक्ष कुराकानी, अनौपचारिक छलफल र अन्तर्वार्ता जस्ता विधिहरूको अनुसरण गरिएको थियो । यस शोधलाई उद्देश्यमूलक बनाउनका लागि निम्न स्रोत तथा विधिहरूलाई उपयोग गरिएको थियो ।

### ३.३.१ तथ्याङ्कको  स्रोत

शोधकार्यलाई पनि उद्देश्यमूलक र तार्किक निष्कर्षमा पुऱ्याउन तथ्याङ्क सङ्कलनका स्रोतहरूको प्रयोग आवश्यक छ । त्यसैले शोधका निर्धारित उद्देश्यहरू प्राप्तिका लागि शोध प्रश्नका आधारमा प्राथमिक र सहायक दुबै स्रोत सामग्रीका प्रयोग गरिएको थियो । असंरचित अन्तर्वार्ता प्रश्नावलीलाई प्राथमिक स्रोतको रूपमा उपयोग गर्दै सूचना, जानकारी तथा तथ्याङ्क सङ्कलन कार्य गरियो । प्राथमिक स्रोतबाट प्राप्त हुन नसकेका बाँकी विवरण तथा सूचनाको प्राप्ति गर्न उपलब्धताका आधारमा सहायक स्रोतहरूको प्रयोग गरिएको थियो ।

#### ३.३.१.१ प्राथमिक स्रोत

अन्तर्वार्ता, टेलिफोन वार्ता, स्थलगत अवलोकन, प्रत्यक्ष भेटवार्ता र छलफल आदि प्राथमिक स्रोतहरूको रूपमा उपयोग गरिएको थियो । यसका साथै नमुना छनोटमा परेका गुरुकुल विद्यालयहरूको शैक्षिक, भौतिक, आर्थिक, संरचनात्मक, प्रशासनिक, शैक्षणिक, सुपरीवेक्षण तथा मूल्याङ्कनसम्बन्धी व्यवस्थापनका पक्षहरूको

अध्ययन गरिएको थियो । साथै प्राच्य शिक्षाले नेपालको वर्तमान शिक्षा व्यवस्थामा पारेका प्रभावहरूको खोजी गरिएको थियो । छनोटमा परेका जिल्ला र विद्यालयको नाम परिशिष्ट-घ मा उल्लेख गरिएको छ ।

जति व्यवस्थित रूपमा तथ्याङ्क सङ्कलन गर्न सकियो त्यति शोधमा वैधता, प्रामाणिकता, विश्वसनीयता, वस्तुनिष्ठता पाउन सकिन्छ । त्यसैले गुरुकुल विद्यालयमा अध्यापनरत प्राचार्य/शिक्षकहरू र शोध सम्बन्धित क्षेत्रका विशेषज्ञको लागि तयार गरिएको असंरचित अन्तर्वार्ता प्रश्नावलीलाई अध्ययन साधनको रूपमा उपयोग गर्दै तथ्याङ्क सङ्कलन गरियो ।

### ३.३.१.२ सहायक स्रोत

प्रस्तुत शोधमा सहायक स्रोतहरू अन्तर्गत गुरुकुल विद्यालयको अभिलेख, विभिन्न पुस्तकालयमा रहेका पुस्तकहरू, पत्रपत्रिका, शोधसँग सम्बन्धित पूर्व शोधपत्रहरू, इन्टरनेट, वेबमा प्रकाशित सामग्री, विभिन्न जर्नलहरूमा छापिएका लेख, अनुसन्धानात्मक प्रतिवेदन, शिक्षाविद् एवं शिक्षाशास्त्रीबाट प्रकाशित तथा अप्रकाशित सम्बन्धित विषयका पुस्तक, लेख, रचना तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको आधिकारिक प्रतिवेदनहरूको प्रयोग गरिएको थियो ।

साथै शोधसँग सम्बन्धित सिद्धान्त, पूर्वीय दर्शनमा आधारित शिक्षा विकासका नमुनाहरू, अनुसन्धानहरूका प्रतिवेदनहरू, अवलोकनको सिलसिलामा खिचिएका तस्वीरहरू, प्राचीन अभिलेख र अन्य उपलब्ध सबै विषयवस्तुहरूलाई टिपोट पुस्तिकामा सङ्कलन गरी आवश्यकताको आधारमा उपयोग गरिएको थियो । स्थलगत अवलोकनको क्रममा खिचिएका सम्बन्धित चित्रसूचीलाई परिशिष्ट-ङ मा उल्लेख गरिएको छ ।

## ३.३.२ नमुना छनोट

यस शोधकार्यलाई व्यवस्थित र तार्किक निष्कर्षमा पुऱ्याउन, उत्तरदाताहरूको छनोट गर्न साथै आवश्यक तथ्याङ्क प्राप्त गर्न सम्भावनारहित नमुना छनोट विधि

अन्तर्गत उद्देश्यमूलक नमुना छनोट विधि अपनाई आवश्यक आधारभूत तथ्याङ्क एवं सूचना लिइएको थियो । शोध उद्देश्यसँग सम्बन्धित गुरुकुल विद्यालय देशका सबै ठाउँमा उपलब्ध छैनन् । साथै सम्बन्धित क्षेत्रमा लामो अनुभव र ज्ञान भएका विशेषज्ञको उपलब्धता नहुनाका कारण यस अध्ययनको उद्देश्यसँग मेल खाने गुरुकुल र विशेषज्ञको छनोट गर्न नमुना छनोट विधि प्रयोगमा ल्याइएको थियो । साथै शोधद्वारा निर्धारित समस्याको सत्यतासँग निकटता कायम राख्न उक्त विधिको उपयोग गरिएको थियो ।

यस शोधकार्यमा नेपाल राज्यलाई अनुसन्धान क्षेत्र मानिएको थियो । सङ्घीयता कार्यान्वयनमा आएपछि नेपाललाई सात प्रदेशमा विभाजन गरिएको छ । सबै प्रदेशको प्रतिनिधित्व रहने गरी विद्यालयको प्रकार, सञ्चालित कक्षा र विद्यार्थी सङ्ख्याका आधारमा नमुना छनोटमा परेका गुरुकुलमा कार्यरत तेह्रजना प्राचार्य/शिक्षकहरूलाई तथा सम्बन्धित क्षेत्रमा ख्यातिप्राप्त आठजना विशेषज्ञहरूलाई यस अध्ययनको उत्तरदाता मानिएको थियो । प्राच्य गुरुकुलीय संरचनासम्बन्धी लिखित अभिलेख प्राप्त गर्न कठिन भएकोले प्राच्य गुरुकुलको प्रतिबिम्बका रूपमा वर्तमानमा सञ्चालित गुरुकुल विद्यालयको स्थलगत अवलोकन गरी त्यहाँ अध्यापनरत प्राचार्य/शिक्षक तथा सम्बन्धित क्षेत्रका विज्ञहरूसँग छलफल गरी आवश्यक सूचना लिइएको थियो ।

यस अध्ययनका उत्तरदाता छनोट गर्दा नेपाल सरकार, शिक्षा मन्त्रालय, शिक्षा विभाग, गुआव्यप, सानोठिमी, भक्तपुर, नेपालबाट वि.सं. २०७१ मा प्रकाशित 'गुरुकुल सन्देश' मा उल्लेख भए बमोजिम राष्ट्रिय गुरुकुल शिक्षा परिषद्, नेपालको सम्पर्कमा आएका गुरुकुल/आश्रम (औपचारिक र अनौपचारिक) विद्यालय विवरणलाई आधार मानिएको थियो । नेपालमा सञ्चालित प्रदेशगत गुरुकुल विद्यालय विवरण तलको तालिका नं. ३. १ मा देखाइएको छ ।

तालिका नं. ३.१ : नेपालमा सञ्चालित प्रदेशगत गुरुकुल विद्यालय विवरण

| प्रदेश | विद्यालयको किसिम | | | | कैफियत |
|---|---|---|---|---|---|
| | गुरुकुल | कक्षा खुलेको | कक्षा नखुलेको | जम्मा | |
| कोशी | ९ | १९ | ६ | ३४ | |
| मधेश | ० | १ | ० | १ | |
| बाग्मती | १२ | ११ | ० | २३ | |
| गण्डकी | ९ | १६ | ० | २५ | एक एक वटा उत्तरमध्यमा, शास्त्री र आचार्य सहित |
| लुम्बिनी | १ | ८ | ० | ९ | एक वटा शास्त्री सहित |
| कर्णाली | ० | १ | ० | १ | |
| सुदूर पश्चिम | ० | ५ | ० | ५ | |
| जम्मा | ३१ | ६१ | ६ | ९८ | |

स्रोत : गुआव्यप, सानोठिमी, भक्तपुर, नेपालबाट प्रकाशित गुरुकुल सन्देश, २०७१ ।

उक्त तालिकाले प्रदेशगत हिसाबले नेपाल राज्यभित्र प्राचीन गुरुकुलको प्रतिबिम्बका रूपमा सञ्चालित गुरुकुल विद्यालयको सङ्ख्यात्मक स्थितिलाई स्पष्ट गरेको छ । जसमा कक्षा नखुलेका छवटा गुरुकुल विद्यालय जो अनौपचारिक तवरबाट

सञ्चालन भएको देखिन्छ भने एकवटा उत्तरमध्यमा, एकवटा शास्त्री र आचार्य सहितको कार्यक्रम सञ्चालनमा रहेको गुरुकुल पाइयो ।

साथै गुरुकुल, कक्षा १-३, १-५, ४-८, १-१०, ४-१०, ६-१०, ६-१२ र आचार्य तहसम्म सञ्चालित कक्षा खुलेका र नखुलेका गुरुकुलमा अध्यापनरत प्राचार्य/शिक्षकलाई नमुना छनोट गरिएको थियो । शोधका लागि कम्तीमा प्रदेशगत रूपमा सञ्चालित एक एक वटा विद्यालय पर्ने गरी एघारवटा औपचारिक र दुईवटा अनौपचारिक गुरुकुललाई नमुना छनोट गरिएको थियो । नमुना छनोटमा परेका र अध्ययन गरिएका प्रदेश, जिल्ला र गुरुकुल/आश्रमसम्बन्धी विवरण तलको तालिका नं. ३.२ मा देखाइएको छ ।

तालिका नं. ३.२ : नमुना छनोटमा परेका र अध्ययन गरिएका प्रदेश, जिल्ला र गुरुकुल/आश्रमसम्बन्धी विवरण

| प्रदेश | गुरुकुल/आश्रमको नाम | प्रकार | कक्षा | वि.स |
|---|---|---|---|---|
| कोशी | वेदवेदाङ्ग संस्कृत पाठशाला, झापा | अनौपचारिक (दर्ता नभएको) | १-५ | १२५ |
| ,, | सप्तमाई गुरुकुल संस्कृत विद्याश्रम मावि, इलाम | औपचारिक | १-१० | ८५ |
| मधेश | चमेलीमाई गुरुकुल प्रावि, सर्लाही | ,, | १-५ | २८ |
| बागमती | नेपाल वेद विद्याश्रम मावि, काठमाडौँ | ,, | ४-१० | २२५ |

| | | | | |
|---|---|---|---|---|
| ,, | मुक्तेश्वर आसंमावि, चितवन | अनौपचारिक (दर्ता नभएको) | गुरुकुल | ५० |
| ,, | भद्रकाली गुरुकुल संस्कृत वेद विद्याश्रम, धादिङ | औपचारिक | १-५ | २५ |
| गण्डकी | परमानन्द संस्कृत गुरुकुलम् (आउमावि), तनहुँ | ,, | ६-१२ | ९८ |
| ,, | महेश संस्कृत गुरुकुल विद्यापीठम्, तनहुँ | ,, | आचार्य | ७० |
| ,, | पशुपति साङ्गवेद आसंमावि, नवलपरासी पूर्व, | ,, | ६-१० | ७५ |
| ,, | पोखरा चिसाखोला वेद विद्याश्रम, कास्की | ,, | ६-१० | ८१ |
| लुम्बिनी | बालतपस्वी वेद विद्यालय स्वर्गद्वारी, प्युठान | ,, | ४-८ | ८५ |
| कर्णाली | शिव गुरुकुल वेद विद्याश्रम, जाजरकोट | ,, | १-३ | २५ |
| सुदूरपश्चिम | विराट् सनातन धर्म संस्कृति वेद विद्याश्रम, कैलाली | ,, | १-१० | ४२० |

स्रोत : गुआव्यप, सानोठिमी, भक्तपुर, नेपालबाट प्रकाशित गुरुकुल सन्देश, २०७१ ।

माथि उल्लिखित तेह्रवटा गुरुकुल विद्यालयको स्थलगत अध्ययन भ्रमणका लागि छनोट गरियो तर अवलोकनको सिलसिलामा मधेश प्रदेशमा छनोटमा परेका गुरुकुल विद्यालय नै भेटिएन । लुम्बिनी प्रदेशमा भने अवलोकन गर्ने क्रममा विद्यालय बन्द रहेको पाइयो । साथै छनोटमा परेका विशेषज्ञ व्यक्तित्व सम्पर्कमा आउनु भएन । त्यसको सट्टामा सुविधाजनक नमुना छनोट गरेर सम्बन्धित विशेषज्ञसँग अन्तर्क्रिया गरी शोधसँग सम्बन्धित र आवश्यक सूचना प्राप्त गरियो ।

यस अध्ययनमा प्राचीन गुरुकुलको प्रतिबिम्बको रूपमा वर्तमानमा सञ्चालित गुरुकुलका प्राचार्य/शिक्षक तथा सम्बन्धित क्षेत्रमा ख्यातिप्राप्त विद्वान् विशेषज्ञलाई मात्र उत्तरदाताको रूपमा राखिएको थियो । अध्ययनमा सहभागी उत्तरदाता सम्बन्धी विवरण लाई तलको तालिका नं. ३.३ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ३.३ : अध्ययनमा सहभागी उत्तरदाता सम्बन्धी विवरण

| प्रदेश तथा जिल्ला | उत्तरदाता | | उत्तरदाताको सङ्ख्या | सूचनाको स्रोत | कैै. |
|---|---|---|---|---|---|
| | प्राचार्य | विशेषज्ञ | | | |
| कोशी प्रदेश | | | | असंरचित अन्तर्वार्ता प्रश्नावली | |
| १ झापा | १ | ० | १ | | |
| २ इलाम | १ | ० | १ | | |
| बाग्मती प्रदेश | | | | | |
| १ काठमाडौँ | १ | २ | ३ | ,, | |
| २ ललितपुर | ० | १ | १ | | |
| ३ काभ्रेपलान्चोक | १ | १ | २ | | |
| ४ नुवाकोट | ० | १ | १ | | |
| ५ धादिङ | १ | १ | २ | | |
| ६ चितवन | १ | ० | १ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| गण्डकी प्रदेश<br>१ तनहुँ<br>२ नवलपरासी पूर्व<br>३ कास्की<br>४ स्याङ्जा | <br>२<br>१<br>१<br>० | <br>०<br>०<br>०<br>१ | <br>२<br>१<br>१<br>१ | <br>,, | |
| कर्णाली प्रदेश<br>१ जाजरकोट | <br>१ | <br>१ | <br>२ | <br>,, | |
| सुदूर पश्चिम<br>१ कैलाली | <br>१ | <br>० | <br>१ | <br>,, | |

स्रोत : स्थलगत अवलोकन, २०७४

उक्त तालिकाले अध्ययनमा संलग्न उत्तरदाताहरूको सङ्ख्या र सूचना स्रोतलाई सङ्केत गरेको छ । तथ्याङ्क सङ्कलनका निमित्त उत्तरदाताका रूपमा गुरुकुलसँग सम्बन्धित आठजना विशेषज्ञ, वर्तमानमा सञ्चालित गुरुकुल विद्यालयमा अध्यापनरत तेह्रजना प्राचार्य/शिक्षक छनोट गरिएको थियो । विशेष गरेर गुरुकुलसँग सम्बन्धित विषयवस्तुमा राम्रो ज्ञान र लामो अनुभव भएका विशेषज्ञ र प्राचार्य/शिक्षक व्यक्तित्वसँग प्रत्यक्ष भेटघाट गरी सूचना लिइएको थियो । अन्तर्वार्ताबाट प्राप्त तथ्याङ्क, अनुभव, तथ्य, नवीन विचार र सूचनाका आधारमा व्याख्या र विश्लेषण गरी यो शोधमा उपयोग गरिएको थियो । छनोटमा परेका विशेषज्ञ र प्राचार्य/शिक्षकहरूको नामावली क्रमशः परिशिष्ट-ख र परिशिष्ट-ग मा उल्लेख गरिएको छ ।

### ३.३.३ प्राथमिक तथ्याङ्क सङ्कलनका उपकरण

यो अध्ययन गुणात्मक विधिमा आधारित भएकोले प्राच्य शिक्षासँग सम्बन्धित विज्ञ तथा प्राचार्यहरूसँग स्थलगत अन्तर्वार्ता लिइ तथ्याङ्क तथा सूचनाहरू प्राप्त गरिएको थियो । प्राथमिक तथ्याङ्क तथा सूचना सङ्कलन गर्न प्राचार्य/शिक्षक तथा विशेषज्ञहरूलाई प्रमुख उत्तरदाताका रूपमा लिइएको थियो । त्यसका लागि असंरचित

अन्तर्वार्ता प्रश्नावली प्रयोगमा ल्याइएको थियो । निर्माण गरिएको असंरचित अन्तर्वार्ता प्रश्नावलीद्वारा अध्याय एकको दफा १.६ (घ) मा उल्लिखित शैक्षिक व्यवस्थापनका आठ पक्षहरूका साथै प्राच्य शिक्षाले नेपालको वर्तमान शिक्षा व्यवस्थामा पारेका प्रभावहरूको विस्तृत जानकारी लिइएको थियो । प्रयोग गरिएको प्राचार्य/शिक्षक असंरचित अन्तर्वार्ता प्रश्नावली परिशिष्ट-क मा दिइएको छ ।

## ३.४ अध्ययन उपकरण विकास र अन्तिम स्वरूप

यस अध्ययनको उद्देश्यअनुसार शैक्षिक व्यवस्थापनका आठ पक्षहरू र प्राच्य शिक्षाले नेपालको वर्तमान शिक्षामा पारेको प्रभाव थाहा पाउन सर्वप्रथम असंरचित अन्तर्वार्ता प्रश्नावलीको खेस्रा तयार पार्ने काम गरियो । त्यसपछि तयार पारिएको असंरचित खेस्रालाई पूर्णता दिन शोधनिर्देशक तथा दुईजना विषय विशेषज्ञहरूलाई सुधार तथा सुझावको लागि पेश गरियो । उहाँहरूबाट प्राप्त सुधार तथा सुझावहरूलाई समावेश गरी असंरचित प्रश्नावलीलाई अन्तिम रूप वा ढाँचा दिइयो । साथै नमुना छनोटमा परेका उत्तरदाताहरूको सङ्ख्यालाई आधार मानेर प्रश्नावली आवश्यक संख्यामा छपाइ गरियो ।

## ३.५ स्थलगत अध्ययन प्रक्रिया

शोध समस्यासँग सम्बन्धित विभिन्न क्षेत्र वा ठाउँमा गएर सम्बन्धित उत्तरदाताहरूबाट असंरचित प्रश्नावलीको उपयोग गरी आवश्यक शोध सामग्री सङ्कलन गरिने पद्धति नै स्थलगत अध्ययन प्रक्रिया हो । सर्वप्रथम यस शोध सामग्री सङ्कलन गर्ने सिलसिलामा नमुना छनोटमा परेका गुरुकुल विद्यालयका सम्बन्धित प्राचार्य/शिक्षक तथा विशेषज्ञसँग स्थलगत भ्रमण गरी सम्पर्क गरियो । माथि उल्लिखित नमुना छनोटमा परेका विद्यालयका प्राचार्य/शिक्षक तथा विशेषज्ञहरूसँग आफ्नो परिचय र अध्ययनको उद्देश्य बताइ गुरुकुल विद्यालयबाट आवश्यक पर्ने सहयोग र शोधकार्य शुभारम्भ गर्न अनुमति लिइयो ।

सम्बन्धित उत्तरदाताहरूबाट शोधको लागि मौखिक स्वीकृति प्राप्त भएपछि अन्तर्वार्ता प्रश्नावली भर्ने स्थान, मिति र समय सुनिश्चित गरियो । त्यसपछि शोधलाई पूर्णता प्रदान गर्नका लागि आवश्यक पर्ने तथ्याङ्क सामग्री सङ्कलन गर्न तोकिएको मितिमा सम्बन्धित उत्तरदाताहरूसँग स्थलगत भेट गरियो । स्थलगत अवलोकनको सिलसिलामा प्राच्य शिक्षा अन्तर्गत गुरुकुल र यसको व्यवस्थापनसँग सम्बन्धित उत्तरदाताहरूबाट असंरचित अन्तर्वार्ता प्रश्नावली, अन्तर्क्रिया र व्यक्तिगत छलफलको माध्यमबाट आवश्यक सूचना तथा जानकारी लिइ टिपोट कार्य गरियो । यो कार्यको प्रारम्भ धादिङ जिल्लामा अवस्थित भद्रकाली गुरुकुल संस्कृत वेद विद्याश्रमका प्राचार्यसँग असंरचित प्रश्नावलीको सहयोग लिइ अन्तर्वार्ता गरियो । साथै सोही जिल्ला निवासी प्रतिष्ठित ख्यातिप्राप्त पण्डितसँग विशेषज्ञको रूपमा अन्तर्वार्ता लिने काम सम्पन्न गरियो । यहि क्रममा नमुना छनोटमा परेका सबै विद्यालयका प्राचार्य/शिक्षक तथा विशेषज्ञहरूसँग अन्तर्वार्ता लिइ सूचना तथा तथ्याङ्क सङ्कलन गर्ने कार्य गरिएको थियो ।

## ३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण

अनुसन्धानका सिलसिलामा प्राथमिक र सहायक स्रोतहरूबाट तथ्याङ्कहरू सङ्कलन कार्य सम्पन्न भए पश्चात् तथ्याङ्कहरूको प्रशोधन तथा अध्ययन गर्नका लागि विश्लेषणात्मक विधिको प्रयोग गरिएको थियो । साथै शोधकार्यको तथ्याङ्क तथा सूचनाहरू सङ्कलनका लागि विभिन्न सन्दर्भ सामग्रीको अध्ययन गरियो । अनुसन्धानका समस्याहरूलाई सही निष्कर्षमा पुऱ्याउनका लागि तथ्याङ्क प्रशोधन, विश्लेषण र विवेचना गर्ने रणनीति निर्माण गर्नुपर्ने हुन्छ । तथ्याङ्कलाई प्रशोधन नगरुन्जेलसम्म तिनीहरूलाई बुझ्न, तुलना गर्न र अनुसन्धान समस्याहरूलाई सही निष्कर्षमा पुऱ्याउन सकिदैन । यस विधिले प्रशोधित तथ्याङ्कको आधारमा अनुसन्धानका समस्याहरूलाई तार्किक एवं प्रामाणिक निष्कर्षसम्म पुऱ्याउन सहयोग गरेको छ । सङ्कलित सामग्रीको विशिष्ट अध्ययन गरी नयाँ तथ्य प्राप्त गर्नु नै विश्लेषणको उद्देश्य रहेको थियो ।


निर्धारित तथ्याङ्क सङ्कलन कार्य सम्पन्न भएपछि तथ्याङ्कको व्याख्या र विश्लेषण कार्यको शुभारम्भ गरियो । शाब्दिक रूपमा शोधको उद्देश्यसँग सम्बन्धित उपलब्ध असाङ्ख्यिक तथ्याङ्कहरूलाई तार्किक विधिद्वारा तालिकीकरण, सङ्गठन र साङ्केतिकरण गर्दै विश्लेषण गरी अन्तिम रूप प्रदान गरियो । प्रस्तुत शोधप्रबन्धका निमित्त उपलब्ध तथ्याङ्क र सूचनाको विश्लेषणका क्रममा शोध निर्देशक र शोध विशेषज्ञहरूको सल्लाह र परामर्शलाई आत्मसात् गरियो । साथै शोध अध्ययनको क्रममा अन्तर्वार्ताबाट प्राप्त प्रतिक्रिया, लिखित दस्ताबेज अध्ययन, अनुसन्धाताले आफ्नो ज्ञान र अनुभवद्वारा शोधप्रश्नमा आधारित रही तथ्याङ्क तथा सूचनाको प्रमाणीकरण गरेर विश्लेषणात्मक र विवेचनात्मक ढङ्गबाट निष्कर्ष खोजिएको थियो । शोध उद्देश्य नं. एक, दुई र तीनलाई क्रमशः अध्याय चार, पाँच र छ मा अध्यायगत रूपमा विवेचनात्मक प्रस्तुतीकरण गरी त्यसको आधारमा शोधको निष्कर्ष निकालिएको थियो ।

## ३.७ शोधको अवधारणात्मक ढाँचा

अवधारणात्मक ढाँचा भन्नाले शोध संरचना, योजना, व्यवस्था भन्ने बुझिन्छ । शोधकार्यलाई सङ्गठित ढाँचामा व्यवस्थित विश्लेषण गर्न शोधको अवधारणात्मक ढाँचा आवश्यक हुन्छ जसले अनुसन्धानका क्षेत्रका शोधकर्ताहरूलाई मार्गदर्शन दिन्छ । यस ढाँचाले शोध प्रश्न र विधिहरू आदि सामग्रीहरूलाई व्यवस्थित गर्दै अनुसन्धानका क्रियाकलापलाई संरचित गरी तथ्यगत निष्कर्ष प्रस्तुत गरेको छ ।

प्रस्तुत शोधकार्यमा सम्बन्धित साहित्यको पुनरवलोकन तथा दस्तावेजको अध्ययन गरिएको थियो । पूर्वकार्य समीक्षाबाट अनुसन्धानका लागि केही सैद्धान्तिक आधारहरू तयार भएका छन् । प्राच्य शिक्षामा शैक्षिक व्यवस्थापनका सम्बन्धी सिद्धान्तहरूको समीक्षा उल्लेख गरिएका छन् । शोधका लागि उल्लिखित सिद्धान्तको सहयोगबाट सैद्धान्तिक दृष्टिकोण निर्माण गर्न सम्भव भएको छ । यस शोधको अवधारणात्मक ढाँचा निर्माण गर्न शोधकर्ताको स्वः अनुभवलाई समेत सन्दर्भको रूपमा प्रयोग गरिएको थियो । यो शोधमा उपयोग गरिएको अवधारणात्मक ढाँचाको आरेख तालिका नं. ३.४ देखाइएको छ ।

तालिका नं. ३.४ : शोधको अवधारणात्मक ढाँचा




अन्त्यमा, यस अध्यायमा अध्ययनको ढाँचा, विधि, नमुना छनोट, तथ्याङ्क सङ्कलन स्रोतहरू, तथ्याङ्कको व्याख्या र विश्लेषणको खाका प्रस्तुत गरिएको छ । प्रस्तुत शोधमा गुणात्मक अनुसन्धान ढाँचालाई मूल ढाँचाको रूपमा उपयोग गरिएको थियो । शोधका निर्धारित उद्देश्यहरू प्राप्तिका लागि शोध प्रश्नका आधारमा प्राथमिक र सहायक दुबै स्रोत सामग्रीका प्रयोग गरिएको थियो । असंरचित अन्तर्वार्ता प्रश्नावलीलाई प्राथमिक स्रोतको रूपमा उपयोग गर्दै सूचना, जानकारी तथा तथ्याङ्क सङ्कलन कार्य गरियो । यस शोधमा सङ्कलित तथ्य र प्रयोग गरिएको सूचनाका आधारमा प्राच्य शैक्षिक व्यवस्थापनसँग सम्बन्धित शोध समस्या समाधानार्थ समीक्षा र विश्लेषण गर्दै निष्कर्ष निकालिएको छ ।

# अध्याय चार

# प्राच्य शैक्षिक व्यवस्थापनका औपचारिक तथा अनौपचारिक संरचना/सङ्गठन

## ४.१ विषय प्रवेश

प्राचीनकालदेखि नै शिक्षा कुनै न कुनै स्वरूपमा प्रचलित रहेको पाइन्छ । शिक्षाको आरम्भ अनौपचारिक र औपचारिक दुबै रूपमा भएका प्राच्य शिक्षाका आयामहरूभित्र नेपालमा खोज अनुसन्धान नभैरहेको परिप्रेक्ष्यमा अध्ययनले समिचिन विश्लेषणको प्रयास गरेको छ । प्राच्य शिक्षाको अवधारणा, उद्विकास र नेपालमा प्राच्य शिक्षाको उद्गमलाई प्रस्तुत अनुसन्धानमा समावेस गरिएको छ । यसमा प्राच्य शिक्षाका लक्ष्य तथा उद्देश्यहरू, स्वरूप, प्रकार र कार्यहरू के-के रहेका छन् ? जस्ता विभिन्न प्रश्नहरूको विश्लेषण गरिएको छ । साथै यस अध्यायमा प्राच्य शैक्षिक व्यवस्थापनका औपचारिक तथा अनौपचारिक संरचना/सङ्गठनको सङ्क्षिप्त समीक्षा समेटिएको छ ।

## ४.२ प्राच्य शिक्षाको अवधारणा

शिक्षाको शाब्दिक अर्थ ग्रहण गर्नु हो (स्वामी प्रपन्नाचार्य, २०७२, पृ. २७) । शिक्षा के हो ?, यसले के सिकाउँछ ?, शिक्षा कोबाट कहिले र कसरी प्राप्त गर्न सकिन्छ र यो कहाँ प्राप्त गर्न सकिन्छ ? आदि जिज्ञासाहरूको सन्दर्भमा विवेकानन्दको धारणालाई पौडेल (२०६६) ले यसरी उल्लेख गरेका छन्, शिक्षाले व्यक्तिलाई आफ्नो जीवनमा आत्मनिर्भर भएर आफ्नो खुट्टामा उभिन सिकाउँछ । यसले व्यक्तिको मनको एकाग्रता प्राप्त गर्न सहयोग गर्दछ किनकि मानिसको मनमा ज्ञान अन्तर्निहित छ । ज्ञान त्यस्तो विषयवस्तु हो जसलाई प्राप्त गर्न संसार हिड्नु पर्दैन । संसारको असीम पुस्तकालय हाम्रो मनमा नै निहित छ । मानिसको स्वभाव यस्तो हुन्छ कि ऊ अरूको आज्ञा पालन गर्न चाहँदैन तर अरू सबै मानिसलाई शासन गर्न भने प्रयत्नशील रहन्छ

। यसको लागि शिक्षाले व्यक्तिलाई सक्षम बनाउँछ तर त्यस्तो शिक्षा गुरु वा गुरुको साक्षात् सम्पर्कबिना सम्भव छैन (पौडेल, २०६६, पृ. १२६-१२७) । यसबाट के कुरा स्पष्ट हुन्छ भने गुरुकुल शिक्षा समाजको लागि सुखको कामना त्याग्न सक्ने र सत्कर्म र सत्मार्गमा हिँड्न सक्ने जनशक्ति उत्पादन गर्न केन्द्रित थियो ।

सनातनदेखि प्रचलित शिक्षा प्राच्य शिक्षा हो । नेपालको सन्दर्भमा प्राच्य शिक्षाले पौरत्स्य शिक्षा अन्तर्गतको गुरुकुल शिक्षालाई बोध गराउँछ । गुरुकुललाई अनुशासन, एकता र जिम्मेवारीको प्रतीकको रूपमा लिन सकिन्छ । प्राच्यकालमा गुरुले शिष्यहरूलाई आफ्नो गुरुकुलमा राखेर अध्यापन गर्ने गर्दथे । गुरुकुल/आश्रम र गुम्बा तत्कालीन शैक्षिक केन्द्रहरू हुन् । उक्त केन्द्रको उचित व्यवस्थापनले मात्र उच्चस्तरीय जनशक्ति निर्माण गर्न सहयोग पुगेको थियो । प्राच्य शिक्षामा अपनाइएको उचित व्यवस्थापनले संस्कृत भाषाका विद्वान् ऋषि, महर्षिहरूको उदय भएको प्राचीन अभिलेखबाट स्पष्ट हुन्छ ।

प्राचीनकालीन नेपाली जनजीवनको अध्ययनबाट के स्पष्ट हुन्छ भने प्राचीन नेपालमा शिक्षा व्यवस्था पारिवारिक रूपमा प्रारम्भ भएको थियो (झा, २०४४, पृ. ११) त्यसबेला घरका मातापिता, अग्रज, ठुला व्यक्ति र पण्डितहरूले आफ्ना पारिवारिक सदस्य तथा सन्तानहरूको साधारण लेखाइ-पढाइ तथा घरेलु व्यवहारमा प्रचलित गणित सम्बन्धी ज्ञान आदानप्रदान गरिन्थ्यो । सम्पूर्ण शिक्षा दीक्षा एक पिँढीबाट अर्को पिँढीमा हस्तान्तरण हुँदै जान्थ्यो (शर्मा, २०६८, पृ. १४ र पन्त, २०७०, पृ. ५३) । विशेष गरेर नेपालमा प्राचीनकालदेखि नै समाजमा प्रचलित रीतिरिवाज, चालचलन, विश्वास, जीवनको आदर्श, धर्मप्रति जनसाधारणको धारणा र सामाजिक मान्यतामा आधारित पारिवारिक शिक्षा दीक्षाको परम्परा थियो (शर्मा, २०६८, पृ. १४) । त्यसबेला "लिपिको चलन नभएको त्यस युगमा ज्ञान संरक्षणको उपाय यही गुरु-शिष्य परम्परा मात्र थियो । शिष्यहरू गुरुकुल व्यवस्था अन्तर्गत गुरुकै आश्रममा बसी ज्ञान आर्जन गर्दथे" (रेग्मी, २०६९, पृ. ३४) । जब लिपिको आविष्कार भयो र त्यसपछि लिखित

रूपमा विचारहरू र भनाइहरूको अभिलेख राख्ने चलन चल्यो, फलस्वरूप पुस्तादेखि हस्तान्तरण हुँदै आएका श्रुतिहरूलाई लिपिबद्ध गर्न थालियो ।

त्यस्तै शिक्षाको परिभाषा नै फरक देखिन्छ, पूर्व र पश्चिममा । पश्चिमले शिक्षालाई विषय केन्द्रित मान्दछ भने पूर्वले जीवन केन्द्रित (चिन्तामणि योगी, २०७०, पृ. ३२) । प्राच्य शिक्षा नै गुरुकुल थियो । शिक्षाको प्राचीन दर्शन विशेष गरी आध्यात्मिक वा आदर्शवादी प्रकृतिको छ (Kumari & Singh, 2022, p. 271) । गुरुकुल प्राच्य शिक्षा पद्धतिको आदर्श स्वरूप हो (पन्त, २०७०, पृ. ४९) । यो नै प्राच्य संस्कृति, परम्परा र शिक्षाको इतिहासमा देखिएको प्राचीन मान्यता पनि हो (घिमिरे, २०७७) । त्यसैले सर्वप्राचीनकालमा शिक्षाका स्वरूप आजको भन्दा फरक रहेको थियो । शिक्षाको विकासक्रम हेर्दा नेपाली शिक्षा व्यवस्था परम्परागत भारतीय व्यवस्थाबाट उन्मुख थियो (EP-Nuffic, 2015, p. 5) । तत्कालीन शिक्षा मानव सभ्यताको सुरुवाती जीवनसँग सम्बन्धित छ ।

जीवनको यही क्रममा त्यतिखेरका बौद्धिक आर्यहरू (ऋषिमुनिहरू) ले बनाएका पूजा र स्तुतिका विधि-विधानहरू र कर्महरू पछिल्लो पुस्तालाई सुनाउने र पछिल्लो पुस्ताले तिनलाई कण्ठस्थ गरी फेरि आफ्ना सन्ततिलाई हस्तान्तरण गर्ने गर्न थाले (रेग्मी, २०६९, पृ. ३४) । नेपाली समाजमा प्राचीनकालदेखि नै विकसित हुँदै आएको त्यसप्रकारको साधारण शिक्षालाई प्राच्य शिक्षा भनिन्छ । यसमा आफ्नो मातापिता वा नजिक छिमेकमा रहेका पण्डितहरूले साना भाइ बहिनीहरूलाई फुर्सदको समयमा ज्ञानार्जन गर्न लगाइ सामान्य लेखाइ-पढाइ र गणित सम्बन्धी ज्ञान दिने शिक्षा पर्दथ्यो (उपाध्याय, २०६२, पृ. ३६) ।

गुरुको आश्रम वा घर वा झुपडी वा मठ मन्दिरमा गुरुको साथमा बसेर गुरुको निर्देशन बमोजिम पूर्णरूपले ब्रह्मचर्य पालन गरी सिक्ने सिकाउने पद्धति नै गुरुकुल शिक्षा हो, जसको माध्यम भाषा संस्कृत हुन्थ्यो । सो सन्दर्भमा श्रीवैष्णव कृष्णदासजी महाराज (२०६०) ले औंल्याएका छन्, प्राच्य विद्या संस्कृत विद्या हो । "संस्कृत भाषा पौरस्त्य वाङ्मयको जननी भाषा हो । यो वैज्ञानिक भाषा पनि हो । यस भाषा सम्बद्ध

वाङ्मयमा मानवीय, नैतिक एवं आध्यात्मिक विषय क्षेत्रसँग सम्बद्ध तथ्य वा प्रसङ्गको प्राधान्य पाइन्छ" (पाविके., २०६८, पृ. १०४) । यसले प्राचीनकालमा संस्कृत भाषा प्रयोगको भाषा थियो भन्ने कुरा स्पष्ट हुन्छ ।

गुरु-शिष्य परम्परा सर्वोत्तम प्रणाली र सबैभन्दा पुरानो पद्धति हो (कश्कर, सन् २०१३) । वेद, वेदाङ्ग, ज्योतिष, दर्शन, व्याकरण, साहित्य, उपनिषद् तथा पुराणहरूको रचना यस व्यवस्थाकै देनको रूपमा लिन सकिन्छ (झा, २०४४, पृ. १२) । लिच्छविकालका केही शिलालेखहरूमा संस्कृतमा गुप्त लिपि पाइन्छ (Shrestha & Singh, 1972, p. 16) । लिच्छविकालमा साथै मध्यकालीन नेपालमा संस्कृत शिक्षा र बौद्ध शिक्षाको प्रभाव रहेको कुरा इतिहास अध्ययनबाट प्रस्ट हुन्छ (नेपाल, २०६९) । त्यस समयमा प्रायः छात्र आफ्नो उपनयन संस्कार सकिए पश्चात् आफ्नो घरभन्दा टाढा गुरुको आश्रममा गएर त्यहाँ बसी विभिन्न विषयहरूको शिक्षा ग्रहण गर्दथे । ब्रह्मचारीले गुरुकुलमा गएर कसरी शिक्षा ग्रहण गर्थे भन्ने बारेमा ऐतिहासिक पुस्तक रामायण, महाभारत तथा अन्य ग्रन्थहरूमा चर्चा भएका छन् ।

साथै पुरातन ग्रन्थहरूमा धार्मिक, गैर धार्मिक विषयवस्तु, सामग्री तथा लोकोक्ति बिचमा अन्तरसम्बन्ध रहेको पाइन्छ । महाभारतको रचनालाई ईसापूर्व ४०० र ईसापूर्वको बिचमा राख्न सकिन्छ (Singh, 2006, p. 83-86) । Hiltebeitel (2001: 18) ले महाभारत रचनाको छोटो अवधि ईसापूर्व दोस्रो शताब्दीको मध्यदेखि शून्य वर्षसम्म रहेको सुझाव दिएका छन् ।

वेद नित्य र अपौरुषेय ज्ञान राशि हो (भुसाल, २०७१, पृ. १०४) । यसले स्पष्ट हुन्छ कि "परब्रह्मद्वारा उपदेश गरिएको र त्यसलाई ऋषि-महर्षिहरूले कठिन तपोबलद्वारा आत्मसात् गरी शिष्य प्रशिष्य हुँदै गुरु-मुख उच्चारण-अनुच्चारण-पूर्वक (गुरुले उच्चारण गरे अनुसार गर्ने काम) श्रुति (कर्ण) परम्पराले अध्यापनक्रमबाट संरक्षित वेद प्राचीनकालमा एउटै रहेको कुरा सर्वसम्मत मान्यता हो" (पाविके., २०६८, पृ. १३) । साथै संस्कृतको मूल वेदलाई मानिन्छ (सुवेदी, २०६८, पृ. ८८) । हिन्दुधर्म तथा संस्कारको आधारभूत स्तम्भ नै वेद हो (श्रेष्ठ, २०३८, पृ. ५०) । प्राचीन नेपालमा

उत्पति भएको ज्ञान भण्डार नै आजका सन्ततिहरूको ज्ञानको स्रोत बनेको वैदिक इतिहासको अध्ययनबाट थाहा पाउन सकिन्छ ।

विशेष रूपमा संस्कृत-शब्द वेदको अर्थ ज्ञान हो ((Singh, 2006, p. 84, उपाध्याय, २०६४ पृ. १ र भुसाल, २०६८, पृ. ४६) । वेदलाई संस्कृत भाषा, हिन्दुधर्म, संस्कृति, आर्य परम्पराको स्रोत तथा ज्ञानको आधार भूमि भएकोले देववाणीका नामले पूर्वीय जगत्मा चिनिन्छ (पोखरेल, २०६९, पृ. १७६) । साथै वेदको प्रादुर्भाव हाम्रै नेपालका ऋषिमुनि र महर्षिहरूको चिन्तनबाट भएको देखिन्छ । त्यसैले पन्त (२०७०, पृ. ४९) ले उल्लेख गरे अनुसार गुरुकुल प्राच्य शिक्षा पद्धतिको आदर्श स्वरूप हो ।

गुरुकुल शब्दले पवित्र विद्याको परम्परा अँगालेको सरस्वतीको मन्दिर ज्ञानपूतात्मा महर्षिहरूको तपस्थली भन्ने बुझिन्छ (मिश्र, २०६१, पृ. ५१) । यसको विकासकमलाई हेर्दा शिष्यले गुरुबाट शिक्षा लिनेदिने प्राचीनकालीन शिक्षा व्यवस्थाको रूपमा मानिन्छ । त्यस समयदेखि नै विद्यार्थीहरू परिवारको अभिन्न अङ्गको रूपमा गुरुबाट ज्ञान प्राप्त गर्दथे, जुन पद्धति प्राचीनकालमा व्यापक रूपले प्रचलनमा थियो । विद्यार्थीहरूलाई आफ्नै संरक्षण र निरीक्षणमा राखेर शिक्षा र तालिम दिइने प्राचीन परम्पराको थलो वा केन्द्रलाई गुरुकुल शब्दले बुझाउँछ (पन्त, २०७०, पृ. ४९) । गुरुकुल सामान्यतया जङ्गलमा स्थापित हुन्थ्यो । साथै यो साधारण जीवनबाट टाढा थियो । विद्यार्थीहरूले धेरै वर्ष आफ्नो गुरुको सेवा गर्नुपर्थ्यो । गुरुकुलमा गएर गुरुबाट शिक्षा प्राप्त गर्न कठोर नियमको पालना गर्नुपर्थ्यो (सुवेदी, २०७१, पृ. १०९) । साथै गुरूप्रति सम्मान र भक्तिभावको इमान्दारितालाई प्रदर्शित गर्नुपर्थ्यो ।

वास्तवमा विद्यार्थीहरूको लागि साधारण जीवन, कर्तव्य बोध र सिकाइका लागि सोधपुछ नै गुरुकुलको वास्तविक चिन्तन हो । विद्यार्थीलाई नैतिक मूल्य, मान्यता र आध्यात्मिक ज्ञान सिकाउने विद्यालय नै गुरुकुल हो । गुरुकुल नै त्यो ठाउँ हो, जहाँ बालबालिकाहरू हरियाली र मैत्रीपूर्ण वातावरणमा रहेर ज्ञान सिक्न सक्छन् र साधारण जीवन कसरी जिउने भन्ने कला बुझ्न सक्छन् किनकि सदाचार र सत्यनिष्ठता

गुरुकुलीय शिक्षाका विशेषता हुन् (घिमिरे, २०७०, पृ. ६१) । यी चीजहरू आदर्श नागरिकका लागि आवश्यक छन् ।

त्यस्तै सादा जीवन उच्च विचारको संयुक्त रूप गुरुकुल हो (Ferrer, 2018)। गुरु सेवासँगै शास्त्रीय मान्यता अनुसार कठोर नियमको पालना गरी ग्रहण गरिने विद्या गुरुकुल शिक्षा हो । "गुरुकुल शिक्षाको मुख्य भाषा संस्कृत हो किनकि वेद, रुद्री, भागवत जे सुकै विषय पनि संस्कृत भाषामा लेखिएका छन् । यी पुस्तकको अध्ययन अध्यापन गर्न संस्कृत भाषा जान्नु अनिवार्य हुन्छ" (पोखरेल, २०७१, पृ. १३९) । "प्राचीन नेपालमा शिक्षा लिनेदिने परम्पराको विकास वेदमा आधारित रहेको देखिन्छ । संस्कृत वाङ्मयको विशाल भण्डारमा प्राचीन ज्ञान, विज्ञान, कला, साहित्य, दर्शन, संस्कृत र समग्र वैदिक इतिहास सुरक्षित छ" (भुसाल, २०७१, पृ. १०४) । यसबाट प्राच्य शिक्षाको मुख्य स्रोत वेद र माध्यम भाषा संस्कृत थियो भन्ने स्पष्ट हुन्छ ।

## ४.२.१ प्राच्य शिक्षाको उद्विकास

शाब्दिक अर्थमा उद्विकास भन्नाले कुनै वस्तु बाहिर फैलिने वा विकास हुने प्रक्रियालाई बुझाउँछ । उद्विकासको कोशीय अर्थ ल्याटिनको फैलिनुसँग सम्बन्धित छ । यो त्यस्तो अवस्थालाई मानिन्छ जुन कुनै वस्तुको उत्पत्ति भएर समय अन्तरालमा विकास हुन्छ र पछि फैलिँदै जाँदा त्यसमा परिष्कृत हुन्छ र नयाँ अवस्थाको सिर्जना हुन सक्छ, त्यो नै उद्विकास हो । यहाँ शिक्षा उत्पत्ति भएदेखि हालसम्मको शिक्षाको विस्तारलाई शिक्षाको उद्विकास भन्न खोजिएको हो । वास्तवमा शिक्षा प्रारम्भिककालदेखि हालसम्म कसरी विकास हुँदै यहाँसम्म आइपुग्यो भनेर भन्नु नै शिक्षाको उद्विकास हो ।

"प्राचीन मानव समाज तथा संस्कृति सरल र असभ्य थियो । पुरानो समयमा, मध्ययुगमा र त्यो भन्दापनि पहिले नेपाल, भारत र चीन क्षेत्रका प्राचीन देशहरूमा गुरुकुल शिक्षा प्रणाली देखा पर्छ" (आचार्यश्री पथिक, २०७१, पृ. ६६) । यसबाट गुरुकुल पद्धति अन्य पद्धति भन्दा प्राचीन र अग्रस्थानमा रहेको पाइन्छ ।

संस्कृत भाषाको उच्च स्थान रहेको पूर्वीय संस्कृति प्राचीनकालदेखि नै उन्नत, परिष्कृत र शिष्ट रह्यो (पोखरेल, २०६९, पृ. १७७) । यसबाट पूर्वीय क्षितिजको ज्ञानराशिका रूपमा नेपाली सभ्यता र संस्कृति रहेको मानिन्छ । "संस्कृत भाषा विश्वको सर्वप्राचीन भाषाका रूपमा स्थापित एवं गतिशील रहँदै आएको छ । संसारको सर्वप्राचीन ग्रन्थ ऋग्वेद संस्कृत भाषामा लेखिएको छ भने पहिलो भाषिक व्याकरण माहेश्वर व्याकरण पनि संस्कृतमै लेखिएको छ" (पाविके, २०६८, पृ. ३०) । यसले प्राचीन भाषा संस्कृत थियो भन्ने स्पष्ट गर्दछ ।

त्यसपछि विभिन्न धर्मग्रन्थहरू लेखिन थाले । पुस्तकहरू प्राचीन वेदबाट नै साभार गरेर निर्माण गरिएका हुन् । "विश्वको सबैभन्दा प्राचीन, ठुलो र लिखित दस्तावेज वेदलाई हिन्दुहरूका सर्वमान्य धर्म-ग्रन्थको रूपमा मानिन्छ । वेद हिन्दु आर्यहरूको साम्प्रदायिक ग्रन्थ होइन अपितु समस्त भूमण्डलमा बस्ने समस्त मानवको सबैभन्दा पहिलो साहित्य हो" (स्वामी प्रपन्नाचार्य, २०७२, पृ. १) । वैदिक शिक्षाको आधार वेद हो (शर्मा, २०६८, पृ. १५) । वेदको जन्म पछि मात्र प्राचीन नेपालमा वैदिककालीन शिक्षाको सुरुवात भएको देखिन्छ । वैदिक शिक्षामा गुरुले आश्रममा बसी गुरुको अनुशासनमा शिक्षा ग्रहण गर्नुपर्दथ्यो (झा, २०४४, पृ. १३) । त्यसैले गुरुकुलको प्राथमिक चासो नै वेद अध्ययन हो (Sharma, 1971)।

प्राच्यकालमा प्रचलित वैदिक शिक्षा बारेमा हरिविनोद अधिकारी (२०६८) ले यसरी उल्लेख गरेका छन्, "वैदिककाल, पौराणिककाल र ऐतिहासिककालमा शिक्षालाई आवश्यक वेदाध्ययन, शस्त्र-शास्त्र अध्ययन, राजनीति, कूटनीति, व्यापार नीति, कृषि कार्य, आयुर्वेद अध्ययन, भूमि अध्ययन, ज्योतिष विद्या अध्ययन, वातावरण अध्ययन, वनस्पति अध्ययन, मौसम अध्ययन, रणकौशल नीति, धर्मनीति सिकाउने विद्याको रूपमा लिइएको पाइन्छ" (अधिकारी, २०६८, पृ. ११४) । प्राचीनकालदेखि गुरु-शिष्य परम्पराबाट प्रवाहित हुँदै आएको संस्कृत वाङ्मयको अध्ययन-अध्यापन नेपालमा पनि वैदिककालदेखि निरन्तर रूपमा चल्दै आएको तथ्य नेपालको शैक्षिक इतिहासले इङ्गित

गर्दै आएको छ (नेपाल, २०६९, पृ. १) । त्यसैले वैदिक शिक्षाको इतिहास नेपालको शैक्षिक इतिहासमा पुरानो भन्न सकिन्छ ।

"गुरुकुल शिक्षाको सुरुवात परापूर्वकालदेखि नै चलि आएको हो, जहाँ ऋषि, महर्षिहरूले आफ्ना कुटी वा आश्रममा शिष्यहरूलाई वेद, वेदादिशास्त्रहरूको ज्ञान दिन्थे, व्यावहारोपयोगी शिक्षा प्रदान पनि गर्दथे । जसबाट शिष्यहरूले आफ्नो जीवन सुखमय तरिकाले व्यतित गर्थे" (पोखरेल, २०७१, पृ. १३९) । साथै सनातन वैदिक सभ्यतामा प्राचीन विश्वमा लिपिको आविष्कार हुनुभन्दा पहिलेदेखि नै श्रुति-स्मृति पद्धतिद्वारा वेद पढ्ने-पढाउने प्रचलन प्राचीन गुरुकुलहरूमा हुन्थ्यो (उपाध्याय, २०७४, पृ. ९०) । त्यस्तै प्रकारले प्राचीन र पूर्वमध्यकालीन युगमा झै उत्तरमध्यकालमा पनि नेपाल र भारतबिच सांस्कृतिक आदानप्रदान भइरह्यो (Khatri, 1980, p. 260)। यसले तत्कालीन शैक्षिक अवस्थाको उजागर गर्दछ ।

प्राचीन ग्रन्थहरूका आधारमा गुरुकुल शिक्षा गुरुद्वारा प्रवर्द्धित रहेको पुष्टि हुन्छ । उनै गुरुबाट वैदिक शिक्षाको विकास भयो (शर्मा, २०६८, पृ. १४) । फलस्वरूप वैदिक सनातन जीवन पद्धतिमा सच्चा नैतिक, संस्कारयुक्त र चरित्रवान् भइ जीवन जिउनका लागि हाम्रा ऋषि महर्षिहरूद्वारा विभिन्न प्रकारका साधना, उपासना, त्याग, तपस्या, अन्वेषण गरेको पाइन्छ (पाविके, २०६८, पृ. १०५) । त्यसबेला आफ्नो निजी स्वार्थलाई परित्याग गर्दै मानवको उच्च कर्तव्यको रूपमा गुरु तथा ऋषिहरूले आश्रम स्थापना गरी शिष्यलाई ज्ञान प्रदान गर्दथे । त्यसैले त्यसबेलाका गुरुहरू वन्दनीय थिए । भगवद्गीताको अध्याय ८ श्लोक ११ मा लेखिएको छ,

> यदक्षरं वेदविदो वदन्ति विशन्ति यद्यतयो वीतरागाः ।
> यदिच्छन्तो ब्रह्मचर्य चरन्ति तत्ते पदं संग्रहेण प्रवक्ष्ये ॥

अर्थात् वैदिक पद्धतिमा ज्ञान प्राप्त गर्न विद्यार्थीले सानैंदेखि गुरुको आश्रममा रहेर पूर्ण ब्रह्मचर्य ब्रतपालन गर्दै ॐकारको उपासनासहित परम निराकार ब्रह्मा प्राप्तिको शिक्षा ग्रहण गर्नुपर्दथ्यो (स्वामी प्रभुपाद, सन् १९९७, पृ. ३५४) ।

पूर्वीय संस्कृतिको मुख्य भाषा संस्कृत थियो (Khatri, 1980, p. 94) । संस्कृत भाषा विश्वकै अति प्राचीन भाषा हो (पाविके, २०६८, पृ. १) । त्यसैले गुरुकुल पूर्वीय संस्कारमा आधारित वैदिक पद्धति हो । जंगबहादुरको बेलायत यात्रापछि वि.सं. १९१० सालमा नेपालमा अङ्ग्रेजी शिक्षाको आयात भयो । यस भन्दा पहिले नेपालमा हिन्दुधर्म प्रभावित संस्कृत शिक्षाको बोलवाला थियो (कोइराला, २०६४, पृ. ९) । संस्कृत भनेकै खारिएको, तिखारिएको, उजिल्याइएको हो (कोइराला, २०७४, पृ. ५४) । संस्कृत शिक्षालाई वैदिक शिक्षा पनि भनिन्थ्यो, जुन शिक्षा परिवार र मन्दिरमा दिइन्थ्यो (Joshi, 2003, p. 2) । गुरुकुलमा ब्रह्मचर्याश्रमका वटुकहरूले वैदिक शिक्षा ग्रहण गर्थे । त्यस्तै गुरुकुल शिक्षा एउटा परम्परागत व्यवस्था हो । प्राचीन समयमा शिक्षा प्राप्त गर्नका लागि गुरुकुल मात्र एउटा ठाउँ थियो (TU, 2007, p. 27) । यसबाट स्पष्ट हुन्छ कि प्राचीन शिक्षा गुरुकुल, मन्दिर तथा गुम्बामा सञ्चालन गरी व्यवस्थित गरिन्थ्यो ।

गुरुकुल शिक्षा पूर्वीय दर्शन र धर्मबाट अभिप्रेरित भएको देखिन्छ किनकि नेपालको शिक्षाको इतिहास नै धर्ममूलक शिक्षा थियो । नेपालमा शिक्षाको प्रारम्भ गुरुकुल अर्थात् धार्मिक केन्द्रहरूबाट भएको हो (चिन्तामणि योगी, २०७१, पृ. १६-१७) । गुरु वा ऋषिको निकट रहेर शिष्यले आफ्नो चरित्र विकासमा महत्त्वपूर्ण सेवा प्राप्त गर्न सक्छन् । असल गुरुको सामीप्य प्राप्त हुँदा समाज तथा राष्ट्रले अपेक्षा गरेको कर्मठ नागरिक उत्पादन गर्न टेवा पुग्दछ ।

प्राचीनकालदेखि नै परिवारलाई शिक्षाको पहिलो विद्यालयको रूपमा लिइन्थ्यो । प्रथम शिक्षिकाको रूपमा आमाले आफ्ना केटाकेटीलाई ममता, वात्सल्य, स्नेह र शिष्टाचारको पाठ पढाउँथिन् । आमा र सासूहरूबाट छोरी तथा बुहारीलाई घर परिवार र सामाजिक व्यवहारका नीति नियम तथा कर्तव्यहरूको विषयमा सिकाइन्थ्यो (शर्मा, २०६८, पृ. १४) । वर्णाश्रम व्यवस्थाको सुरुवातसँगै ब्राम्हणहरूको स्थान उच्च थियो । गुरु समाजमा पुरोहितको भूमिका समेत निर्वाह गर्दथे । यसबाट प्राचीनकालदेखि नै परिवारको संरक्षक वा गुरुको रूपमा आफ्ना अनुभव, ज्ञान र सीप अन्य सदस्यहरूलाई स्थानान्तरण गर्ने प्रक्रिया सुरु भएको पाइन्छ ।

साथै प्राचीन नेपालको शिक्षा पद्धतिले तत्कालीन संस्कृति, जीवन पद्धति र मूल्य मान्यतालाई जिवन्त तुल्याएको छ । पूर्वीय पद्धतिको शिक्षा भन्नाले देवभाषा संस्कृत परम्परानुसारको शिक्षा भन्ने बुझिन्छ (सुवेदी, २०६८, पृ. ८८) । यसबाट शिक्षा पद्धति एक व्यवस्था हो जसले मानिसको पूर्ण विकास गर्न सहयोग पुऱ्याउँछ भन्ने कुरा स्पष्ट हुन्छ । यस पौराणिक परम्पराको गुरुकुल शिक्षा प्रणालीको इतिहास अनादिकालदेखि रहँदै आएको प्राचीन ग्रन्थ वेद र पुराणहरूमा वर्णन गरिएको छ ।

छान्दोग्यपनिषद्मा उल्लेख भए अनुसार जीवनमा विद्या (ज्ञान) तथा अविद्या (अज्ञान) गरी दुई खण्ड हुन्छ । जो व्यक्ति विद्याको साथ लिइ अगाडि बढ्छ, ऊ सच्चा एवं निष्ठावान् व्यक्तित्व बन्छ र उसले लिएको लक्ष्य सहजै प्राप्त गर्न सक्छ । विद्याले व्यक्तिको कर्म, आचरण र व्यवहारलाई परिष्कृत वा परिमार्जन समेत गराइदिन्छ । ज्ञानी व्यक्ति नै देवतुल्य मानिन्छ । प्राचीन ग्रन्थमा लेखिएको छ, जो व्यक्ति विभिन्न विद्याको अध्ययन गर्दछ, उससँग देवता प्रसन्न हुन्छन् र आफ्नो समस्त कामना पूर्ण गर्दछ । सत्य एवं प्रिय बोल्नु, वेद एवं अन्यशास्त्रहरूको अध्ययन-अध्यापन गर्नु/गराउनु, ईश्वरीय गुण गायन गर्नु र सद्-उपदेश दिनु जस्ता कार्यहरू सदाचार हुन् (उपाध्याय, २०६४, पृ. ५) । यसले गुरुकुल शिक्षाको असल चालचलनहरूलाई प्रतिबिम्बन गरेको छ ।

बृहदारण्यक उपनिषद्का अनुसार ज्ञानको ज्योति उपलब्ध नभएको स्थान नरक समान मानिन्छ । उक्त उपनिषद्मा मनुष्यलोक, पितृलोक र देवलोकको वर्णन गरिएको छ । मनुष्यलोक पुत्र प्राप्तिद्वारा, पितृलोक यज्ञ कर्मद्वारा र देवलोक विद्या प्राप्तिद्वारा विजय हासिल गर्न सकिन्छ । यसको मान्यता अनुसार देवलोक ३ लोकमध्ये श्रेष्ठ लोक हो जसको कारण विद्या प्रशंसनीय छ ।

रामायण शिष्टता, मर्यादा र नैतिकताद्वारा समाजलाई सुसंस्कृत र सभ्य बनाउने उद्देश्यले रचिएको पाइन्छ (सुवेदी, २०७३, पृ. १६५) । त्यस्तै शतपथ ब्राम्हणमा उल्लेख भएअनुसार स्वाध्याय तथा प्रवचनबाट मानिसको मनमा एकाग्रको भावना विकास भएको हुन्छ । जसको परिणाम चिन्तनशक्ति बढ्छ र उसले धनप्राप्त गर्न सक्छ

र सुखद निन्द्रा आउँछ साथै आफ्नो समस्याको लागि आफैँ चिकित्सक बन्न सक्छ । उसका सबै इन्द्रियहरू स्वाभाविक रूपमा क्रियाशील बन्छन् । जसको सहयोगबाट आफ्नो सम्पूर्ण शक्ति नैतिक र शैक्षिक उत्थानमा लगाउँछन् । समाजले समेत उसको आदर एवं सुरक्षा प्रदान गर्दछ ।

प्राचीन गुरुकुल प्रणालीमा लिपिको आविष्कार सिन्धुघाँटीको सभ्यताको आसपास भएको मानिन्छ, जुन प्राचीन सम्पतिको रूपमा रहेका सिक्का, शिलालेख र ताम्रपत्रहरूका अध्ययनको आधारमा उल्लेख गर्न सकिन्छ । वैदिक समय विज्ञान अन्तर्गत युगको गणनाअनुसार पछिल्लो अर्थात् २८ औ त्रेतायुगबाट गुरुकुलीय शिक्षा पद्धतिको विकास भएको र त्यस्ता गुरुकुलहरूमा राजा-महाराजाका छोराहरू र ब्राम्हणहरूले शिक्षा लिएको देखिन्छ (उपाध्याय, २०७४, पृ. ९०) । ऋषिकुल र गुरुकुल विश्वविद्यालयमा छात्रछात्रालाई पढाइन्थ्यो । छात्राहरूलाई ऋषिपत्नी गुरुआमाहरूले आवश्यक शिक्षा दिन्थे ।

विश्वविद्यालयमा पुग्ने छात्र छात्राहरूले चौध विद्या र चौसट्ठी कला रुचि अनुसार पढ्थे (सुवेदी, २०६८, पृ. ८८) । यसबाट गुरुकुलमा सबैलाई पढ्न खुला थियो भन्ने देखिन्छ । छात्राहरू स्वः अध्ययन र गुरु तथा गुरुआमाको परामर्शबाट नै विदुषी बन्न सफल भएको देखिन्छ । वैदिककालमा स्त्रीहरू पनि वेदाध्ययनबाट वर्जित थिएनन् (शर्मा, २०६८, पृ. १६) । त्यसैले त्यसकालमा महिला पुरुषमा खासै विभेद थिएन । महिलाहरूले पनि गुरु आश्रममा गएर शिक्षा लिन्थे । यसका प्रमाणको रूपमा गार्गी, मैत्रेयी, आपाला, ममता, विश्ववारा, सूर्या आदि यिनै खालका विदुषी थिए (पोखरेल, २०७१) । यसबाट गुरुकुल शिक्षामा महिलाको स्थान सुरक्षित भएको पाइन्छ ।

शिक्षा द्वापरयुगमा आउँदासम्म पनि वैदिक शिक्षा (वैदिक वाङ्मय अन्तर्गत षट्दर्शन, कर्मकाण्ड, ज्योतिष, वास्तु, व्याकरण, साहित्य) देखि बाहेक शस्त्रविद्या र कला साधना पनि अध्यापन गराइन्थ्यो । ब्राम्हणहरू वेद, वेदाङ्ग, दर्शन, नीतिशास्त्र, पुराण, ज्योतिष, आयुर्वेद, उपनिषद्, मीमांसा, व्याकरण र न्याय आदि विषयहरू अध्ययन गर्दथे (शर्मा, २०६८, पृ. १४) । शस्त्रविद्या र कला साधनाको विकसित रूप नै आजको

सीपमूलक शिक्षा र गुरुकुलका आचार्य, गुरु र ऋषिमुनिको कार्य साधना र कृतिको परिवर्तित रूपलाई नै आजको अनुसन्धानात्मक शिक्षा मान्न सकिन्छ । प्राचीन गुरुकुल हिन्दुधर्मको वर्णाश्रम व्यवस्था अन्तर्गत ब्रह्मचर्याश्रमको एक भाग थियो, जसको उद्देश्य ज्ञान, कर्मकाण्ड र कला साधना थियो । त्यसैले भूषाल (२०७१) ले उल्लेख गरेका छन्, संस्कृत अध्ययन गर्न गुरुकुल चाहिन्छ (भूषाल, २०७१, पृ. ११६) ।

भारतवर्षको प्राचीन इतिहासमा समेत गुरुकुलको महत्त्व ज्यादै ओजपूर्ण र ऐतिहासिक थियो । यो प्रणाली धेरैपछिसम्म अर्थात् अङ्ग्रेजी शिक्षा प्रणालीको जग बसुन्जेलसम्म चलन चल्तिमा रहिरह्यो (शर्मा, २०६८, पृ. १५) । रामले महर्षि विश्वामित्र एवं वशिष्ठद्वारा सञ्चालित गुरुकुलमा, पाण्डवले ऋषि द्रोणाचार्यद्वारा सञ्चालित गुरुकुलमा र कृष्णले सान्दीपनि गुरुका गुरुकुलमा अध्ययन गरेका कुरा संस्कृत साहित्यको इतिहासबाट स्पष्ट हुन्छ । त्यसबेला प्रसिद्ध आचार्यद्वारा सञ्चालित गुरुकुलमा अध्ययन गरेका शिष्यहरूले ठूलो महत्त्व र सम्मान पाउँथे । गुरुकुलमा विद्या प्राप्त गरेका पाण्डव, राम र कृष्ण जस्ता अध्येताहरूले कति सम्मान पाएका थिए भन्ने कुराको लेखाजोखा गर्न सकिदैन ।

प्राचीनकालीन गुरुकुल शिक्षा सर्वथा निःशुल्क थियो । प्रारम्भिक अवधिमा शिक्षकको सामान्य आयको वास्तविक विचार प्राप्त गर्नको लागि कुनै डाटा छैन (Altekar, 1944, p. 56) । एक गुरुकुलको व्यवस्थापन खर्च गाउँलेको दान र सरकारी अनुदानबाट चल्थ्यो । त्यसबेला धार्मिक संघसंस्थाहरू, गुठी, व्यक्तिको दान र सरकारको अनुदान आदिबाट शिक्षाका लागि खर्चको प्रबन्ध हुन्थ्यो ।

गुरुकुल शिक्षाको व्यवस्था गाउँबाट टाढा जङ्गलमा गरिन्थ्यो र त्यहाँ छात्र र छात्रालाई शिक्षा प्रदान गरिने व्यवस्था भए पनि छात्र र छात्राहरू अध्ययन गर्ने गुरुकुल विद्यालयको दुरी लगभग १२ कोस हुने गरेको देखिन्छ । गाउँ वा नगरदेखि केही टाढा जङ्गलका बिचमा वा नदीखोलाका तट जस्ता कोलाहल तथा विकृतिशून्य शान्त स्थल गुरुकुलका लागि उपयुक्त स्थल हुन्छ (घिमिरे, २०७०, पृ. ५८) । यसले गुरुकुलको भौतिक वातावरणलाई स्पष्ट गर्दछ ।

पौराणिककालभन्दा धेरैपछि मात्र विश्वविद्यालय तहसम्म गुरुकुलीय शिक्षा विकास भएको देखिन्छ । भनिन्छ, विश्वका सबैभन्दा पुरानो विश्व-विद्यालयहरू नालन्दा र तक्षशीला थिए (उपाध्याय, २०६४, पृ. ५०) । यसै क्रममा प्राचीन भारतवर्षमा नालन्दा र तक्षशीला आदि प्रसिद्ध गुरुकुल संस्थाको रूपमा स्थापना भएको पाइन्छ । आधुनिककालमा सर्वप्रथम हरिद्वारमा सन् १९०२ मा गुरुकुल काँगडी विश्वविद्यालयको स्थापना स्वामी श्रद्धानन्द सरस्वतीले गरेको थिए भने नेपालमा प्राच्य शिक्षाको उद्गमलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

## ४.२.२ नेपालमा प्राच्य शिक्षाको उद्गम

महेशराज पन्त र दिनेशराज पन्तले पूर्णिमा २७ पूर्णाङ्कमा प्राच्य शिक्षा अन्तर्गत गुरुकुल शिक्षा बारेमा यसरी उल्लेख गरेका छन्, "लिच्छविकाल भन्दा अघिका लेख हामीले पाउन सकेका छैनौं । त्यसबेला यहाँ पठनपाठन हुन्थ्यो वा हुँदैनथ्यो भन्ने विषयमा अहिले हामी केही भन्न सक्दैनौं । लिच्छविहरूले ढुङ्गामा राम्रा गद्य पद्य कुँदाएर राखेका हुनाले उनीहरूसँग पुस्तक पनि हुँदाहुन् भन्ने कुरा स्पष्ट छ" (पन्त र पन्त, २०२९, पृ. १५३) । यसबाट नेपालको प्राचीन शिक्षाको तथ्यगत स्पष्टता प्राप्त गर्न कठिन रहेको देखिन्छ । साथै Shrestha & Singh (1972 : 78) ले औंल्याए अनुसार नेपालमा छापाखानाको प्रचलन नभइसकेको हुनाले अधिकांश पुस्तकहरू पाण्डुलिपिको रूपमा थिए ।

गुरुकुल शिक्षाको ऐतिहासिक स्वरूपको बारेमा 'गुरुकुल-सन्देश' मा निराजन पन्त (२०७०) ले स्पष्ट पारेका छन्, भौगोलिक हिसाबले नेपाल, भारत विभाजन हुनु पूर्वको अवस्थालाई भारतवर्ष भनिन्थ्यो । यस अन्तर्गत पूर्वमा बंगालको खाडीदेखि पश्चिमको अरब सागरसम्म र उत्तरमा हिमालय श्रृङ्खलादेखि दक्षिणमा कन्याकुमारीसम्मको विशाल भूभाग पर्दथ्यो । खासगरी भारतवर्षको गुरुकुल शिक्षाको ऐतिहासिक पृष्ठभूमिमा गुरुकुल पद्धतिमा शैव र वैष्णव दुईवटा परम्पराहरू विकसित भएका थिए । शैव परम्परामा शिवबाट पार्वतीले प्राप्त गरेको विद्या जसअन्तर्गत

व्याकरण, तन्त्रविद्या र सङ्गित आदि विद्या प्रमुख छन् भने वैष्णव परम्परामा नारायणबाट ब्रह्मा वशिष्ठ, शक्ति, पराशर, ब्यास, शुकदेव, गौडपाद र शंकराचार्य आदिका क्रमले विकसित भएको पाइन्छ । विशेष गरी नेपालको हिमश्रृङ्खलालाई प्राचीन ऋषिमुनिहरूको साधना स्थलको रूपमा लिएका थिए । त्यसबेला गुरुकुलमा वेद, व्याकरण, न्याय, दर्शन, साहित्य र ज्योतिषशास्त्र आदि विषयहरूको पठनपाठन गराइन्थ्यो (पन्त, २०७०, पृ. ५२) ।

नेपालमा प्राचीनकालदेखि नै सभ्य समाजको निर्माण गर्ने उद्देश्यले शिक्षाको थालनी गर्दै आएको हो । "परा र अपरा विद्या गुरुकुलमा रहेर गुरुबाट शिष्यले विधिवत् प्राप्त गर्ने यसै स्थलमा समयक्रममा औपचारिक र अनौपचारिक गुरुकुलहरू स्थापना भएको ऐतिहासिक आधार पाइन्छ" (पन्त, २०७०, पृ. ५४) । गुरुकुल वैदिक शिक्षामा आधारित शिक्षा प्रणाली हो । विशेष गरेर वैदिक शिक्षामा ब्राम्हणहरूलाई वैदिक संहिता सिकाएपछि मात्र शास्त्र र शस्त्र सिकाइन्थ्यो । त्यो शिक्षा व्यवसायपरक हुन्थ्यो (शर्मा, २०६८, पृ. १८) । यसले व्यावसायिक शिक्षाको विकासलाई औल्याएको देखिन्छ । तर यस व्यवस्थामा सबभन्दा त्रुटी के थियो भने सबै वर्गका बालबालिकाहरूले यस्ता आश्रममा पढन् पाउँदैनथे । आश्रम व्यवस्थाको शिक्षा खास वर्गको लागि भएको हुनाले शिक्षाको अवसर सीमित थियो (झा, २०४४, पृ. १२) । वर्तमानमा सञ्चालित गुरुकुल विद्यालयहरूमा भने वर्ण भेद भएको पाइएन ।

"लिच्छविकालमा ज्योतिष, चिकित्सा विज्ञान र धार्मिक शास्त्रहरूको पनि उच्च विकास भएको थियो । चाडपर्वमा गायन र नाच हुन्थ्यो" (Shrestha & Singh, 1972, p. 16) । यस अवधिमा संस्कृति, कला र शिक्षाको उच्चतम विकास भएको देखिन्छ । मल्लकालमा पनि संस्कृतलाई गुरुकुल शिक्षाको माध्यम भाषा बनाइएको थियो । संस्कृत र नेवारी भाषामा सुन्दर पुस्तकहरू लेखिएका थिए (Shrestha & Singh, 1972, p. 27) । बौद्ध धर्म-दर्शनको सुरुवात भएपछि गुम्बा, विहार र बौद्ध केन्द्रहरूमा बौद्ध शिक्षा प्रचलित रह्यो । त्यसबेला बौद्ध गुरुकुलको पनि स्थापना भएको देखिन्छ । छैटौं शदी ई.पू. मै नेपालमा बौद्ध धर्मको यथेष्ट मात्रामा प्रचार भएको थियो (जोशी, २०२८, पृ.

८) । त्यसबेला लेखिएका साहित्य, कला र विज्ञान जस्ता विषयका ग्रन्थहरू अद्यावधिक उपलब्ध छन् । नेपालमा बौद्ध शिक्षाको प्रभाव संस्कृत शिक्षामा पऱ्यो र संस्कृत शिक्षाको प्रभाव बौद्ध शिक्षामा पऱ्यो । नेपालमा हिन्दु र बौद्ध धर्मालम्बीहरूमा यस्तो समन्वय छ कि धर्मलाई लिएर आजसम्म कुनै समस्या नै देखिएको छैन (झा, २०४४, पृ. १३ ।

पृथ्वीनारायण शाहको शासनकालभन्दा अघि नेपालमा गुरुकुल शिक्षा पद्धति प्रचलनमा भए पनि खासै उन्नति हुन सकेन । शिक्षा व्यवस्था पुरानो नै कायम रह्यो । राणाशासन सुरु भएपछि देवशमशेरको शासनमा शिक्षामा केही सुधार भएको पाइन्छ । यो आश्रम शिक्षा व्यवस्था नेपालमा आज पनि संशोधित रूपले संस्कृत शिक्षाको रूपमा आंशिक रूपमा विद्यमान छ (झा, २०४४, पृ. १३) । यसले राष्ट्रको गुमेको अध्यात्म, संस्कृति, मूल्य मान्यता र परम्परागत गरिमालाई पुनः प्राप्त गर्न अवसर प्रदान गरेको छ ।

नेपालको प्राचीन गुरुकुल कुन हो भन्ने विषयमा विद्वानहरूमा मतान्तर रहेको पाइन्छ । राणाकालको पूर्वार्द्धमै पूर्वी इलामको करफोकमा स्वामी सोमेश्वरानन्दबाट गुरुकुल खोलिएको थियो तर स्वामीजीको शेषपछि उक्त गुरुकुल बन्द भएको थियो । त्यसपछि षडानन्द अधिकारीले व्यक्तिगत तवरले भोजपुरको दिङ्लामा आधुनिक संस्कृत विद्यालय वि.सं. १९३२ मा स्थापना गरेका थिए । संस्कृत शिक्षालाई अझ व्यवस्थित गर्न रणोद्दीप सिंहले रानीपोखरी संस्कृत पाठशालाको स्थापना वि.सं. १९३४ मा गरेको देखिन्छ (नेसंवि अनुसन्धान केन्द्र, २०७३, पृ. २) । यो सरकारी स्तरमा खोलिएको पहिलो संस्कृत पाठशाला थियो ।

## ४.२.३ प्राच्य शिक्षाको लक्ष्य तथा उद्देश्य

कुनै पनि शिक्षाको आ-आफ्नै लक्ष्य तथा उद्देश्यहरू रहेका हुन्छन् । वैदिककालद्वारा सुझाव गरिएको उद्देश्य चरित्र निर्माण, व्यक्तित्व विकास, सामाजिक भूमिका र स्थितिको ज्ञान र व्यावसायिक दक्षता हो (Kumari & Singh, 2022, p. 271

& Dubey & Nimje, 2015, p. 815) । गुरुकुल शिक्षा परम्पराको उद्देश्य शास्त्रमा शिष्यलाई पारङ्गत बनाउनु हो (गौतम, २०६६, पृ. ३०) । प्राच्य शिक्षा हिन्दु आदर्श, चरित्र निर्माण, उत्तरदायित्वको भावना, व्यक्तित्व विकास र संस्कृतिको संरक्षणमा आधारित थियो (Dahal, 2053, p. 62)। साथै प्राचीन भारतीय शिक्षा व्यवस्थाको लक्ष्य तथा आदर्शलाई A.S. Altekar (1944) ले यसरी औल्याएका छन् :

> प्राचीन शिक्षाका मुख्य लक्ष्यलाई छ किसिममा चर्चा गरिएको छ । पहिलो लक्ष्य बालकलाई साधु सन्त बनाएर धर्मपरायणता र सत्कर्मप्रति आकर्षित गर्ने थियो । दोस्रोमा व्यक्ति चरित्र निर्माण गर्ने थियो । तेस्रोमा व्यक्तिको व्यक्तित्व विकास, चौथोमा नागरिक र सामाजिक कर्तव्यको जानकारी, पाँचौमा सामाजिक सक्षमता र खुशी प्रवर्धन र छैठौमा संस्कृतिको संरक्षण र प्रचार गर्ने थियो । (Altekar, 1944, p. 9-17)

त्यस्तै प्राचीन पश्चिमी शिक्षाको लक्ष्य सम्बन्धमा रत्नकमल वैद्य (२०३७) को धारणा यस्तो रहेको पाइन्छ :

> तत्कालीन यूनानी शिक्षा-पद्धति अत्यन्त सामान्य एवं अविकसित थियो । तसर्थ सर्वप्रथम सोक्रेट्सले प्राथमिक शिक्षामा मौलिक व्यावहारिक लक्ष्य माथि प्रकाश पारेका थिए । त्यसपछि प्लेटो तथा अरस्तुको शिक्षा-योजनाले सैद्धान्तिक रूपमा प्रभाव पारे । उनीहरूको कथनानुसार शिक्षा-योजना नगर-राज्यका संविधान अनुरूप हुनुपर्छ, जसले गर्दा आदर्श नागरिकहरूको प्रादुर्भाव गर्न सकोस् । यूनानीहरूको नागरिकता सम्बन्धी दृष्टिकोण बिल्कुलै सङ्कीर्ण र सीमित थियो । कुनै व्यक्तिलाई नागरिक र कुनैलाई अनागरिक मान्ने चलन प्रचलित थियो । फेरि नागरिकहरूलाई सैनिक शिक्षा अनिवार्य गरेको पाइन्छ । (वैद्य, २०३७, पृ. १०७)

साथै प्राचीनकालमा वास्तविक जीवनका समस्याहरूको समाधान पत्ता लगाउन नै तत्कालीन शिक्षा केन्द्रित थियो । Duwey & Nimje (2015) ले प्राचीन शिक्षाको आधारको रूपमा पूर्ण शिक्षण सिकाइ वातावरण, व्यक्तित्व विकास, अनुशासन, सामाजिक मूल्य र नागरिक दायित्व, मानवताको रक्षा र निःशुल्क शिक्षा आदिलाई

वर्णन गरेका छन् (Dubey & Nimje, 2015, p. 815-816) । त्यस्तै प्राचीन शिक्षाका उद्देश्यहरूमा चरित्र निर्माण, व्यक्तित्व विकास, उत्तरदायित्वको भावना र प्राचीन संस्कृतिको संरक्षण गर्नु थियो (चालिसे, २०५३) ।

लौकिक विद्याको उद्देश्य भौतिक संसारका लागि उपयोगी विषयहरूको अन्वेषण गर्नु र भोग गर्नु हो भने पारमार्थिक-विद्याको उद्देश्य परमत्त्वको साक्षात्कार गर्नु हो (उपाध्याय, २०६४, पृ. ५०) । लिच्छविकालीन समयमा आइपुग्दा नेपाली शिक्षाको मुख्य लक्ष्य शिक्षाले धर्म कर्म सिकाउनु पर्छ भन्ने थियो (पोखरेल, २०७०, पृ. १९) । साथै "गुरुकुलहरूको स्थापना र सञ्चालनको लक्ष्य प्राच्य विद्याको संरक्षण र परिवर्धन हो एवं यसैका माध्यमबाट राष्ट्र-राष्ट्रियताको विकास र स्वाभिमानको रक्षा पनि हो । यसको लक्ष्य धार्मिक र साँस्कृतिक गरिमा बोध पनि हो" (श्रीवैष्णव कृष्णदासजी महाराज, २०७१, पृ. १३३) । त्यसैले सभ्यता, संस्कृति र मूल्य, मान्यताको मुहान गुरुकुल हो । यसले शिष्यहरूलाई दान दिने संस्कृतिको संरक्षण र प्रवर्धनका लागि सदैव सजग गराउँछ । साथै अरुको उन्नति देखेर रमाउने र अरुको कल्याणको मात्र कुरा गर्ने संस्कार सिकाउँछ (घिमिरे, २०७१, पृ. १२५) ।

'वर्तमान परिप्रेक्ष्यमा संस्कृत भाषाको उपादेयता' भन्ने शीर्षकमा चिन्तामणि योगी (२०७१) को धारणा यस्तो रहेको पाइन्छ, पूर्वीय शिक्षाको उद्देश्य धर्म, अर्थ, काम र मोक्ष चारै पुरुषार्थको प्राप्ति थियो । शिक्षा जीवन र जीविकाको लागि मानिन्थ्यो तर आधुनिक शिक्षामा अर्थ र कामलाई मात्र जोड दिएको छ र मोक्षलाई प्राथमिकता दिएको छैन । यसकारण आज पूर्वीय दर्शनको रूपमा गुरुकुल शिक्षाको आवश्यकता खड्किएको छ । शिक्षाले व्यक्तिको सर्वाङ्गीण पक्षको विकास र संस्कृतिको रक्षा गर्न सक्ने सक्षमता वृद्धि गर्न सक्नुपर्छ तर औपचारिक शिक्षा त्यसको लागि सहयोगी बन्न सकेको छैन । गुरुकुल शिक्षाले राखेका उद्देश्यहरू नै मानव कल्याणको लागि सान्दर्भिक देखिन्छ (चिन्तामणि योगी, २०७१, पृ. १७) । यसबाट पूर्वीय दर्शनमा आधारित प्राच्य शिक्षाले व्यक्ति र समाजलाई आध्यात्मिकतातर्फ आर्कषित गरेको पाइन्छ ।

नेपालमा अङ्ग्रेजी शिक्षाको प्रारम्भ भएपछि आश्रम शिक्षाको पतन हुन थालेको थियो र आज त केही संस्कृत विद्यालयहरूमा बाहेक अन्यत्र सर्वत्र आधुनिक अङ्ग्रेजी शिक्षा नै व्याप्त भै सकेको छ (झा, २०४४, पृ. १३) । यसबाट विद्यार्थीहरूमा गुरुकुल तथा संस्कृत शिक्षाप्रतिको मोह घट्दै गएकोले विद्यार्थीहरूमा मानवीय गुणहरूको विकास गराउन कठिन देखिन्छ ।

तत्कालीन शिक्षाको उद्देश्य व्यक्तिले जीवनमा ज्ञान प्राप्त गरी क्रान्तिकारी व्यक्तित्व निमार्ण गर्नु रहेको भेटिन्छ । गुरुकुलका शिष्यलाई स्नातक पछि दीक्षान्त अनुष्ठान गरी गुरुकुलीय शिक्षा सम्पन्न गराइन्थ्यो । दीक्षान्त पछि मूल गुरुको परीक्षा सुरु हुन्थ्यो किनकि शिष्यले गुरुकुलमा प्राप्त गरेको शिक्षालाई जीवन पद्धतिमा कसरी उपयोग गऱ्यो, त्यसको आधारमा गुरुको पहिचान गरिन्थ्यो । यसले प्राचीन शिक्षाको स्तर कायम गर्न गुरुको क्षमता र दक्षता निर्धारण गर्दथ्यो । साथै गुरुलाई आफ्नो जिम्मेवारीतर्फ सजग बन्न समेत हौसला प्राप्त हुन्थ्यो । शिष्यले प्राप्त गरेको सफलताले गुरुमा सन्तुष्टि प्राप्त हुन्थ्यो ।

आफ्नो पुस्तक 'प्राचीन भारतीय शिक्षा' मा Altekar (1944 : 18) ले देव, गुरु, र पितृ गरी तीन किसिमका ऋणहरू हुन्छन् भनेका छन् । व्यक्तिलाई गुरुकुल शिक्षाले उल्लिखित ऋणहरूबाट छुटकारा दिन्छ । यसले मानव जीवनका चार लक्ष्यहरू (धर्म, अर्थ, काम र मोक्ष) को प्राप्ति गर्न अभिप्रेरित गर्दछ । व्यक्तिमा सहिष्णुता र धैर्यको अभ्यास गर्न सिकाउँछ । त्याग र व्यवहारको माध्यमबाट उच्च जीवन मूल्यको खोजी, परस्पर सम्मान, सन्तुष्टि प्राप्त गर्न आवश्यक टेवा दिन्छ । गुरुले शिष्यलाई पुत्रवत् व्यवहार गर्छन् भने शिष्यले गुरुलाई ब्रह्मा, विष्णु, महेश्वर र साक्षात् परब्रह्माका रूपमा स्वीकार गरेको हुन्छ (पन्त, २०७०, पृ. ५०) ।

साथै पहिले आफूलाई चिन र आफ्नो कर्तव्यको पहिचान गर भन्ने कुरा तत्कालीन शिक्षाको उद्घोष थियो (गौतम, २०६६, पृ. १९६) । त्यस्तै गुरुकुलमा मौन व्रत गर्ने गुरुले ल्याप्चे लगाउने गृहस्थलाई पोखरी र चौतारी बनाउन परिचालन गरेको क्षमता अहिलेका शिक्षित अगुवाले गर्न सकेका छैनन (चालिसे, २०७६, पृ. ५) । प्राचीन

हिन्दु साहित्य र संस्कृति संरक्षण एवं संवर्धन गर्नु आवश्यक कर्तव्य थियो (Khatri, 1980, p. 95) । तत्कालीन शैक्षिक व्यवस्था समाजमा मानवता, सहिष्णुता, एकता, शान्ति र सामाजिक न्यायमा बढी केन्द्रित थियो (भण्डारी, २०४६) । यसका साथै शिक्षाको वास्तविक उद्देश्य व्यक्तिको जीवनलाई परिपूर्ण बनाउनु नै हो (आचार्य, २०६९, पृ. ३५) । नेपालमा प्रजातन्त्र स्थापनापछि गठित विभिन्न शिक्षा समिति र आयोगका प्रतिवेदनले देहाय अनुसार शिक्षाका उद्देश्यहरू निर्धारण गरेका छन् ।

बालबालिकाको मानसिक, भावनात्मक, शारीरिक, नैतिक, आध्यात्मिक क्षेत्रहरूमा पूर्णतया निपुर्णता ल्याउनु प्राथमिक शिक्षाको उद्देश्य हो (कलेज अफ एजुकेशन, सन् १९५६, पृ. ११६) । शिक्षाले व्यक्तिमा सहयोग र धार्मिक सहिष्णुताको भावना विकसित गर्नुपर्छ (सराशिस, २०१८) । शिक्षाले प्रत्येक व्यक्ति, नैतिक चरित्र, परिश्रम गर्ने बानी, स्वावलम्बी हुने बानी, सिर्जनात्मक प्रवृत्ति, वैज्ञानिक ढङ्गले विचार गर्ने प्रवृत्ति, अरूको असल भावना र विचारको कदर गर्ने बानीको विकास गर्ने कुरा उल्लेख छ (शिक्षा मन्त्रालय, २०२८) ।

साथै जीवनोपयोगी मूल्य, मान्यता र आस्थाहरूको संवर्द्धन गरी इमान्दारिता, स्वावलम्बन र श्रमशीलता जस्ता गुणहरू र नागरिक वैज्ञानिक तथा वातावरणीय चेतनाको विकास गर्नुलाई प्राथमिक तहको उद्देश्य राखिएको छ (राशिआ, २०४९) । त्यस्तै नैतिक चरित्र र सद्‌गुणको विकास गर्नुलाई राष्ट्रिय शिक्षाको उद्देश्य निर्धारण गरेको छ (उराशिआ, २०५५) ।

व्यक्तिमा असल चरित्र, नैतिकता, स्वः अनुशासन, निष्पक्षता, सकारात्मक सोच, सहिष्णुता, समानुभूति, सदाचारिता, आत्मसंयम, धैर्यता, लगनशीलता, उत्तरदायित्वबोध, सेवाभाव, विश्वबन्धुत्वको भावना, स्वस्थ जीवन रहनसहनप्रति प्रतिबद्धता जस्ता मानवीय गुणहरूको विकास गर्नुलाई नेपालको शिक्षाको राष्ट्रिय उद्देश्यमा समावेश गरिएको छ (उराशिआ, २०७५) । साथै गुणस्तरीय आधारभूत र माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुणसहितको प्रतिस्पर्धी सीपयुक्त एवं

उत्पादनशील जनशक्ति तयार गर्नुलाई वर्तमान शिक्षाको उद्देश्यमा राखिएको छ (नेस, २०७६) । उपर्युक्त लक्ष्य तथा उद्देश्यहरूले गुरुकुलीय उद्देश्यलाई नै आत्मसात् गरी निरन्तरता दिएको देखिन्छ ।

प्राचीन नेपालमा पनि मानवीय गुण, मूल्य मान्यतालाई विकसित गर्न शिक्षा प्रदान गरिन्थ्यो (Duwadi, 2018, p. 179) । यसबाट गुरुकल र आधुनिक शिक्षा पद्धतिका उद्देश्यहरूमा समानता रहेको देखिन्छ । त्यसबेला गुरुकुलको उद्देश्यलाई सहजै प्राप्त गर्न सक्ने गरी गुरुद्वारा शिक्षाको उचित व्यवस्थापन हुन्थ्यो । विद्यार्थीलाई उसको वर्णको आधारमा उसलाई व्यवहारमा काम लाग्ने विषयको शिक्षा दिने चलन थियो (Khatri, 1980, p. 94) । यसबाट ती शिष्य जो गुरुकुलमा अध्ययन गरेका हुन्छन्, उनीहरूमा व्यावहारिक ज्ञान र प्रतिस्पर्धा गर्ने क्षमता रहेको देखिन्छ । उनीहरू सजिलै कुनै पनि कार्य वा परिस्थितिमा समायोजन हुन सक्छन् । नैतिकता एक व्यक्तिको अर्का व्यक्ति वा व्यक्तिहरू वा समाजबिचको सम्बन्धलाई प्रभावकारी बनाउने एउटा सोच हो, जो एउटा निश्चित सिमाभित्र केन्द्रित भइ एउटा सामान्य व्यवहारको रूपमा परिणत हुन्छ र चरित्रको रूप लिन्छ (दीक्षित, २०६९, पृ. ७) । चरित्र निर्माण नै गुरुकुलीय शिक्षाको मुख्य उद्देश्य हो ।

नैतिक शिक्षा र चारित्रिक सुधारका कुराहरूलाई प्राथमिकता दिएर अनुशासित र आदर्शमय जीवन बनाउन पूर्वीय शिक्षाको प्रथम कोसिस रहेको छ (गौतम, २०६६, पृ. २३३) । माथिका विचार र तथ्यहरूले गुरुकुल शिक्षामा हुने व्यवस्थापकीय कार्य र अनुशासित जीवनको निर्माणको लक्ष्यलाई पुष्टि गर्दछ । आजको शिक्षा व्यवस्थापन विद्यालय, समुदाय र स्थानीय सरकारबिच उत्तरदायित्व साझा गरिएको छ (MOE, 2009-15, p. 22) तापनि विद्यार्थीहरूमा अनुशासन, नैतिकता र गुरूप्रतिको आदार सत्कारमा ह्रास हुँदै गइरहेको पाइन्छ । आज भोलि सञ्चार माध्यमहरूमा गुरु र शिष्यबिचको सम्बन्धमा यस्ता लज्जास्पद समाचारहरू पढ्न र सुन्न पाइन्छ, जसले हाम्रो टाउको निहुराउने काम मात्र गर्दछ (दास, २०७४) । जुन कुरा गुरुकुलीय मूल्य र मान्यता विपरित छ ।

## ४.२.४ प्राच्य शिक्षाको स्वरूप

शिक्षा कस्तो कस्तो हुन्छ भन्नुलाई शिक्षाको स्वरूप भनिन्छ । यसले शिक्षालाई ग्रहण गर्ने प्रक्रियालाई बुझाउँछ । शिक्षा लिनदिन आफ्नै किसिमका स्वरूपहरू हुन्छन् । प्राचीन समयमा शिक्षण सामान्यतया मौखिक थियो (Ferrer, 2018) । समग्र रूपमा तत्कालीन शिक्षाको स्वरूप बारे अध्ययन भएको र कहाँ के विशेषता थियो भन्ने निश्चित आधार आजसम्म पनि पाइँदैन (पोखरेल, २०७०, पृ. १९) । गुरुकुलभित्रै खेतबारी, अन्न कुट्ने, पिध्ने औजार, पानीको स्रोत, जङ्गल, स्रोत साधन र बोटविरुवा आवश्यकीय सबै पूर्वाधार हुन्थे । महर्षि दुर्बासासँग साठ्ठी हजार शिष्य भएको घुम्ती गुरुकुल थियो । एउटै ऋषि वा गुरुद्वारा उनीहरूले शिक्षा प्राप्त गरेको प्रसङ्ग भागवतमा आउँछ ।

गुरुकुलमा ती शिष्यहरूले शास्त्र र श्रुतिलाई रटेर र पटक पटक दोहोऱ्याएर याद गर्दै पढ्न सक्नुपर्थ्यो । गुरुकुलको नियम, गुरुको निर्देशन वा प्रत्यक्ष निगरानीमा रहेर शिष्य कम उमेरदेखि नै सिकाइप्रति उत्साहित रहनुपर्थ्यो भन्ने विचारमा अन्तर्वार्ताको क्रममा दशजना प्राचार्य र सातजना विशेषज्ञको धारणामा समानता पाइयो । उनीहरूले बताए अनुसार बिहान सबेरै उठ्ने, स्नान गर्ने, वेदाध्ययन गर्ने, ब्रह्मचर्य पालन गर्ने, भिक्षाटनमा जाने, गुरुको सेवा गर्ने, अग्निको उपासना गर्ने, गाईको सेवा गर्ने, प्राकृतिक सम्पदाको संरक्षण संवर्द्धन गर्ने र सन्ध्योपासन गर्ने आदि शिष्यका आचारसंहिता आदिकालमा रहन्थे र आधुनिक गुरुकुलमा पनि यी नियमहरू कायम रहेको पाइयो ।

गुरुकुलमा शिष्यहरूले विभिन्न सामाजिक आदतहरू सिक्नु पर्दछ जस्तै अरु मानिसलाई सहयोग गर्नु, भलादमी व्यवहार गर्नु, आफूभन्दा ठुला र गुरुको आदेश मान्नु आदि । यस्ता क्रियाकलापले विद्यार्थीमा नैतिकताको भावना वृद्धि गराइ समाजको असल नागरिक बन्न सहयोग गर्दछ (Rather, 2015) । त्यसबेलाको आचारसंहिता लिखित नभए पनि त्यसको प्रभावकारी पालना भएको देखिन्छ । सामान्य रूपमा शिक्षा लिनेदिने आधारमा यसको प्रकृतिलाई निम्नानुसार उल्लेख गरिएको छ ।

### ४.२.४.१ साधारण र विशिष्ट शिक्षा

परम्परादेखि मातापिताबाट आफ्ना सन्तानहरूमा मानव जीवन तयार गर्न हस्तान्तरण हुँदै आएको शिक्षालाई साधारण शिक्षा भनिन्छ । परम्परागत शिक्षा-प्रणाली अन्तर्गत राख्न सकिने नेपालको साधारण शिक्षा प्रणाली प्राचीनकालदेखि नै नेपाली समाजमा विकसित हुँदै आएको छ (उपाध्याय, २०६२, पृ. ३६) । मातापिताले आफ्नो सन्तानलाई जानेका कुराहरू सिकाउँथे । शिक्षा चाहिँ समाजको चालचलन, पेशा र आवश्यकतामाथि आधारित थियो (झा, २०४४, पृ. ११) । प्राचीन समयदेखि नै आध्यात्मिक जीवन सम्बन्धी शिक्षादीक्षाको व्यवस्था थियो, जसको उपयोगले शिष्यलाई आफ्नो कर्तव्य र उत्तरदायित्वप्रति सजग गर्दै सामाजिक सहकार्य र सौहार्दपूर्ण कार्यमा जोड गर्थ्यो ।

अन्तर्वार्ताको क्रममा नौजना प्राचार्य र चारजना विशेषज्ञहरूले यसरी उल्लेख गरेका छन् : आजकल औपचारिक शिक्षाको विकास भएपछि विद्यालयमा दिइने अनिवार्य रूपले प्रदान गरिने शिक्षालाई पनि साधारण शिक्षा भनिन्छ । यस शिक्षाको उद्देश्य बालबालिकामा आधारभूत ज्ञान र सीप प्रदान गर्नु हो । विशेष व्यवसायमा केन्द्रित नभइ दैनिक व्यवहार सञ्चालन गर्न आवश्यक ज्ञान प्रदान गर्ने, फुर्सदको समयमा ज्ञान आर्जन गर्ने, मनोरञ्जन र आनन्दका लागि शिक्षा लिनेदिने प्रक्रिया नै साधारण शिक्षा हो । शिक्षाको मतलव अगाडि बढ्न सहयोग गर्नु हो तर समाजले यो कुराको निर्णय गर्नुपर्छ कि कुन दिशामा ती केटाकेटीलाई डोऱ्याउने हो (कलेज अफ एजुकेशन, सन् १९५६, पृ. ९९) तसर्थ राष्ट्रभाषाको माध्यमद्वारा सामान्य शिक्षा दिनु उपयुक्त छ । साथै त्यसमा असल नागरिक बनाउने तत्त्वहरूको समावेश हुनुपर्दछ र अवधि छोटो राख्नुपर्दछ ।

कुनै व्यवसाय वा विशिष्ट ज्ञान प्राप्त गर्न प्रदान गरिने शिक्षा विशिष्ट शिक्षा हो । अर्को भाषामा व्यक्तिको जीविकोपार्जनका सीप र राष्ट्रको विशेष क्षेत्रमा योगदान गर्न सक्ने खालको शिक्षालाई विशिष्ट शिक्षा भनिन्छ । यसले विशेष सीप, कार्य र खास लक्ष्य बोकेको हुन्छ । यो विज्ञान र प्रविधिको विकाससँगै व्यक्ति वा शिष्यलाई

समायोजन हुन सिकाउने शिक्षा हो । प्राच्य विशिष्ट शिक्षामा शिष्यहरूलाई कर्मकाण्ड, सङ्गीत, नृत्यकला, अर्थशास्त्र र ज्योतिष आदि विषयमा विशिष्ट रूपमा ज्ञान प्रदान गरेर सम्बन्धित विषयमा पारङ्गत बनाइन्थ्यो ।

## ४.२.४.२ प्रत्यक्ष र अप्रत्यक्ष शिक्षा

सामान्यतया गुरु र शिष्य आमने सामने भएर प्रत्यक्ष रूपमा निर्धारित विषयमा ज्ञान हस्तान्तरण तथा आदानप्रदान गरी लिनेदिने शिक्षालाई प्रत्यक्ष शिक्षा भनिन्छ । घर, परिवार, समुदाय र विद्यालय आदिबाट प्रत्यक्ष शिक्षा प्राप्त हुन सक्छ । गुरु र शिष्यहरूबिच प्रत्यक्ष सम्पर्कबिना दिने शिक्षा नै अप्रत्यक्ष शिक्षा हो । यो योजनाबिना स्वतन्त्र ढङ्गबाट विभिन्न अनुभव र भोगाइ आदिबाट प्राप्त गर्न सकिने शिक्षा पद्धति हो । अन्तर्वार्ताको सिलसिलामा विशेषज्ञ तोयानाथ पौड्यालले उल्लेख गरे अनुसार आजकल चल्ने अनलाइन शिक्षा यसको उदाहरण हो । प्राचीन समयमा यस किसिमबाट शिक्षा प्रदान गर्ने प्रचलन भएको देखिदैन तर एकलव्यले गुरु स्थापना गरेर धनुर्विद्या प्राप्त गरेको कुरा महाभारतमा उल्लेख छ । यसलाई अप्रत्यक्ष शिक्षा भन्न सकिन्छ ।

## ४.२.४.३ व्यक्तिगत र सामूहिक शिक्षा

हरेक व्यक्तिको रुचि, आवश्यकता, चाहना र क्षमता अनुसार छुट्टाछुट्टै रूपमा प्रदान गरिने शिक्षालाई व्यक्तिगत शिक्षा भनिन्छ । यो व्यक्तिको व्यक्तित्व विकास गर्ने उद्देश्यले दिइने शिक्षा हो । समूहका विद्यार्थीलाई एकै पटक शिक्षा प्रदान गर्नुलाई सामूहिक शिक्षा भनिन्छ । यसमा सामूहिक रुचि, आवश्यकता र चाहनालाई ध्यान दिइन्थ्यो । जहाँ विभिन्न रुचि र क्षमता भएका विद्यार्थीले एकैसाथ समान शिक्षा पाइरहेका हुन्थे । जसले गर्दा गुरु वा शिक्षकबाट दिएको पाठ वा पुस्तक तुरुन्तै सुनाउन सक्थे, उनीहरूलाई अर्को पाठ वा उच्च तहको पुस्तक पढ्न दिइन्थ्यो । त्यसकारण गुरुकुलमा गुरुले शिष्यको इच्छा र क्षमता अनुसार शिक्षा प्रदान गर्दथे ।

अन्तर्वार्ताको सिलसिलामा दुईजना प्राचार्य र तीनजना विशेषज्ञको धारणामा समानता पाइयो । उनीहरूले औल्याए अनुसार समूहसँगको अन्तर्क्रियाबाट सिक्न सक्ने

शिक्षालाई सामूहिक शिक्षा वा सिकाइ भन्न सकिन्छ । कक्षाकोठा वा कुनै स्थान, आश्रम वा केन्द्रमा सहभागीहरू गुरुसँग बसेर यस्तो खालको शिक्षा हासिल गर्न सक्दथे । शिष्यलाई गुरुकुल आश्रममा गुरुसँगै राखी गाईवस्तु चराउने, खाना पकाउने, वृक्षारोपण, सरसफाई र खानेपानीको प्रबन्ध जस्ता सामुदायिक हितका अन्य कार्य गर्न अग्रसर गराइन्थ्यो । सामूहिक शिक्षा लिने र समुहमा नै काम गर्ने परम्परा यस पद्धतिमा थियो ।

### ४.२.५ प्राच्य शिक्षाका प्रकारहरू

भारतीय शिक्षा व्यवस्थामा गुरुकुललाई औपचारिक र अनौपचारिक गरी दुई किसिममा विभाजन गर्न सकिन्छ (भुषाल, २०७१, पृ. ११८) । खासमा प्राचीन भारतमा उद्देश्यको आधारमा औपचारिक शिक्षा दुई प्रकारको थियो । एउटा ब्राम्हण विद्यालय र अर्को बौद्ध विद्यालय (Mulhern, 2008, p. 2) । परम्परागत शिक्षा पद्धतिमा धार्मिक पृष्ठभूमि भएका गुरुकुल/आश्रम, विहार/गुम्बा र मदरसा गरी तीन किसिमका शिक्षा पद्धति प्रचलनमा छन् (बराल, २०७७, पृ. १) । समय र शिष्यको माग अनुसार पछि क्रमशः पढाइने विषय, पाठ्यक्रम र पद्धतिमा फरक आउन थाल्यो (Khatri, 1980, p. 94) । त्यसपछि राज्यबाट नै गुरुकुलको सट्टा विद्यालय, महाविद्यालय र विश्वविद्यालय स्थापना गर्न सुरुवात गरियो । धर्म अनुसारको संस्कार, संस्कृति र परम्परालाई जिवन्त राख्ने उद्देश्यले आज गुरुकुल, गुम्बा र मदरसाको सङ्ख्या दिनानुदिन बढ्दै गएको पाइन्छ (घिमिरे, २०७८) ।

प्राचीन नेपालमा प्रचलित शिक्षा व्यवस्थालाई इतिहासकारहरूले वैदिक धर्मबाट अनुप्राणित संस्कृत शिक्षा परम्परा र बुद्धधर्मबाट अनुप्राणित बौद्ध शिक्षा परम्परा गरी दुई भागमा विभाजन गरेका छन् (आप्राशिप, २०६२, पृ. १४८ र यादव र अन्य, २०६८, पृ. १४) । प्राच्य शैक्षिक विषयको खोजका क्रममा प्राचीन भारतीय शिक्षा व्यवस्थामा वैदिक र बौद्ध शिक्षा प्रचलनमा थिए (भुषाल, २०७१, पृ. ११८) । बौद्धकालीन गुरुकुलमा आठमार्गको प्रयोग गरी चार आर्यसत्यको खोजी र अध्ययन अध्यापन गराइन्थ्यो । नेपालमा बौद्ध धर्मको इतिहास निकै पुरानो छ । प्राच्य शिक्षा अन्तर्गत बौद्ध शिक्षाको

परम्परा पनि उत्तिकै प्रचलनमा थियो । यस शिक्षा अन्तर्गत ६ वर्ष देखि २० वर्षसम्म सम्पन्न गरिने क्रियाकलापले विद्यार्थी भिक्षु जीवन ग्रहण गर्ने कि गृहस्थाश्रममा प्रवेश गर्ने भन्ने कुराको टुङ्गो लाग्छ । साथै विद्या दुई प्रकारका हुन्थे- लौकिक र पारमार्थिक (उपाध्याय, २०६४, पृ. ५०) ।

हाम्रा सनातन शास्त्रमा शिक्षा वा विद्यालाई परा र अपरा विद्या गरी वर्गीकरण गरिएको पाइन्छ । परा विद्या त्यो अध्यात्म विद्या हो जसद्वारा ब्रह्माको बोध हुन्छ वा त्यस विद्याले आत्म-साक्षात्कार गराउँछ । मन र आत्माको स्वास्थ्य वा शान्तिको लागि पढिने विद्या हो तर अपरा विद्या त्यो हो जसले बाह्य प्रकृतिको अध्ययन गर्दछ र भौतिक जगतको चर्चा गर्दछ, जसले शारीरिक र व्यावहारिक आवश्यकता पूर्ति गर्ने विद्या हो (आचार्य, २०७०, पृ. १०) । ऋग्वेदमा पनि यिनै दुई प्रकारका विद्याहरूको वर्णन गरिएको छन् । गुरुकुलमा सनातनदेखि परा विद्याको बढी चर्चा हुन्छ जसले गर्दा शिष्यहरू अनुशासित भेटिन्छन् ।

लिच्छविकालीन दस्ताबेजहरू अध्ययन गर्दा त्यस समयदेखि नै प्रामाणिक इतिहास सुरु भएको देखिन्छ । लिच्छविकालमा ऋषि आश्रमहरूमा गुरुकुल शिक्षा प्रदान हुन्थ्यो । त्यस समयमा सरकारी र संस्थागत गरी दुई स्तरमा गुरुकुल शिक्षाको व्यवस्थापन हुन्थ्यो । सरकारी अन्तर्गत शिक्षण र सिकाइ कार्य प्रदान गर्नका लागि पण्डित तथा ब्राम्हणलाई कर निःशुल्क भूमि अनुदान व्यवस्था थियो, जसलाई अग्रहार भनिन्थ्यो र संस्थागत अन्तर्गत ब्राम्हण, तैत्तिरीय, अर्चा, वादिना र मल्लयुद्ध गोष्ठी आदि विभिन्न गोष्ठीमार्फत साधारण र विशिष्ट शिक्षा प्रदान गरिन्थ्यो । तत्कालीन गोष्ठीको उद्देश्य बहुशिल्पीय र साधारण थियो (Joshi, 2003, p. 3) तर समय, आवश्यकता र शासन व्यवस्थाको प्रारूपमा आएको परिवर्तनले गर्दा मल्लकाल, शाहकाल र राणाकालमा शिक्षाको व्यवस्थापन एकनास रहेको पाइदैन ।

खास गरेर संस्कृत शिक्षा परम्परागत विधि र पश्चिमी विधि गरी दई तरिकाबाट हासिल गर्न सकिन्छ (Panta, 1979, p. 4-5) । त्यस्तै संस्कृत शिक्षा अन्तर्गत राजकुल, देवकुल, पितृकुल, ऋषिकुल र गुरुकुल पद्धति प्रचलनमा रहेका थिए । जसमध्ये

गुरुकुल शिक्षा पद्धति आधुनिक विद्यालय प्रणालीको सुरुवात नहुँदासम्म प्रचलनमा रहेको थियो (यादव र अरू, २०६८, पृ. १४ र घिमिरे, २०७१, पृ. १२१) । कौटिल्यको अर्थशास्त्रलाई आधार मानेर भारतीय योगीले विद्याका प्रकारलाई यसरी उल्लेख गरेका छन्, "विद्यालाई चार प्रकारमा बाँडिएको छ । जसअन्तर्गत आन्वीक्षिकी (अध्यात्म एवं हेतु विद्या), त्रयी (ऋक्, यजु, साम विषयक विद्या), वार्त्ता (कृषि, पशुपालन एवं वाणिज्य विषयक विद्या) र दण्डनीति पर्दछन्" (भारतीय योगी, २०४५, पृ. २४) । गुरुकुल शिक्षा अन्तर्गत चौध विद्या र चौसट्ठी कलालाई निम्नानुसार उल्लेख गरिएको छ :

> चौध विद्या अन्तर्गत ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद, शिक्षा, ज्योतिष, मीमांशा, न्यायशास्त्र, पुराण, धर्मशास्त्र, कल्प, व्याकरण, निरुक्त र छंदस थिए । साथै चौसट्ठी कला भित्र इतिहास, आगम, काव्य, अलङ्कार, द्युत, नाटक, गायकत्व, कवित्व, कामशास्त्र, देवभाषा लिपि ज्ञान, लिपिकर्म, वाचन, गणक, व्यवहार, स्वरशास्त्र, शाकुन, सामुन्द्रिक, रत्नशास्त्र, गज अश्वरथ कौशल, मल्लशास्त्र, सूपकर्म, भूरुहदोहन, गन्धशास्त्र, रस खनिज, विलकर्म, अग्निसाधन, जलसाधन, वाचसाधन, वयसाधन, वशीकरण, आकर्षण, मोहन, विद्वेषण, उच्चाटन, मारण, कालवञ्चन, परकायप्रवेश, पादुका सिद्धि, वाक्सिद्धि, ऐन्द्रजालिक, गुटिका सिद्धि, अञ्जन, परदृष्टि वञ्चन, स्वरवञ्जन, मणिमन्त्र औषधी सिद्धि, चौर कर्म, चित्रक्रिया, चर्म क्रिया, लोह क्रिया, अश्मक्रिया, मृत क्रिया, दारु क्रिया, वेणु क्रिया, अम्वर क्रिया, अदृश्यकरण, दन्तिकरण, मृगयाविधि, आसवकर्म, शुकसारिका, प्रलापन, लावकुक्कुट मेषदि युद्ध कर्म, कृषि, पशुधन र वाणिज्य कला पर्दथे । (सुवेदी, २०६८, पृ. ८८)

यसबाट के कुरा स्पष्ट हुन्छ भने गुरुकुल परम्परामा गुरुले शिष्यको इच्छा र चाहना बमोजिमको विषयहरू छनोट गरी अध्ययन अध्यापन गर्ने अवसर रहेको देखिन्छ । प्राचीनकालदेखि नेपालमा मूर्तिकला, वाद्यवादन, सङ्गीत र औषधीसम्बन्धी व्यावसायिक शिक्षा प्रचलनमा रहेको पाइन्छ । राणाशासन स्थापनासँगै भाषा, स्रेस्ता र संस्कृत पाठशाला जस्ता संस्थाको विकास भएपछि पश्चिमी शिक्षा सञ्चालन आएको देखिन्छ (उपाध्याय, २०६२, पृ. ३६) । आधुनिक शिक्षाको विकासमा गुरुकुल शिक्षाको प्रभाव स्पष्ट देखिन्छ । शिष्यको सक्षमता, शिक्षा प्रदान गरिने तरिका र शिक्षण गर्दा उपयोग

गरिने स्रोत साधनको आधारमा प्राचीनकालदेखि नै दुई प्रकारको शिक्षालाई (औपचारिक र अनौपचारिक) उपयोगमा ल्याइएको अध्ययनबाट जानकारी पाउन सकिन्छ । जसलाई निम्नानुसार उल्लेख गरिएको छ :

### ४.२.५.१ औपचारिक शिक्षा

औपचारिक शिक्षा पदानुक्रमिक रूपमा संरचित, कालानुक्रमिक रूपमा वर्गीकृत शिक्षा प्रणालीको रूपमा चिनिन्छ (Sinha, 2066, p. 102) । अरबी लेखक अल्बेरुनीले समेत एघारौँ शताब्दीमा भारतमा गुरुकुलको अस्तित्व रहेको सङ्केत दिएका छन् । प्राचीन गुरुकुलमा गुरुले आफ्नो शिष्यहरूलाई आफूसँगै राखेर सिकाइ कार्यमा सहभागी गराउँथे । शिष्यहरू गुरुकुलमा निश्चित अवधिका लागि पढ्न जान्थे र गुरुकुलका मूल्य मान्यतालाई स्वीकार गर्थे । गुरुकुलमा रहेर सिक्नुपर्ने विषयवस्तुहरूमा शिष्य पारङ्गत भएको भन्ने गुरुलाई विश्वास लागेमा गृहस्थाश्रममा पठाउने वा ब्रह्मचर्याश्रम अन्तर्गत ब्रह्मचारी बन्ने भन्ने कुरा रोज्न लगाइन्थ्यो । गृहस्थाश्रम छनोट गर्ने शिष्यलाई दीक्षान्त समारोह आयोजना गरी स्नातकोपाधि प्रदान गरेर गुरुले निपुण भएका छात्रलाई गुरुकुलबाट गृहस्थाश्रममा पठाउने परम्परा थियो । दीक्षित भएपछि समाजले विद्वान्को रूपमा कदर गर्दथ्यो ।

फिलिप एच. कुम्वस्का अनुसार औपचारिक शिक्षा तहगत रूपमा संरचना गरिएको र कालक्रम अनुसार श्रेणीबद्ध गरिएको शैक्षिक पद्धति हो । नेपालको सन्दर्भमा हेर्ने हो भने औपचारिक शिक्षाको परम्परा त्यति लामो छैन (घिमिरे, २०७७) । आधुनिक औपचारिक शिक्षा भने जङ्गबहादुर राणाको शासनकालबाट प्रारम्भ भएको थियो । वि.सं. १९३४ सालतिर व्यवस्थित रूपमा पाठशाला खडा गरी सर्वसाधारण शिक्षार्थीहरूलाई व्याकरण, काव्य, ज्योतिष आदि इच्छा अनुसार संस्कृत शिक्षा दिने प्रबन्ध भयो (कलेज अफ एजुकेशन, सन् १९५६, पृ. २२) । तत्कालीन समयमा नेपालमा शिक्षाको एउटा मात्र आधारबिन्दु दरबार हाइस्कुल थियो (घिमिरे, २०७७) । यसैमा पाश्चात्य पाठ्यपुस्तक पढाइन्थ्यो । यसबाट पाश्चात्य शिक्षा औपचारिक तवरले सुरु भएको प्रमाणित हुन्छ ।

औपचारिक शिक्षा र यसमा प्रचलित पद्धतिहरूको बारेमा केशवराज खनालको धारणा यस्तो रहेको पाइन्छ, यो शिक्षाको योजना पहिलादेखि नै निश्चित हुन्छ । यसमा बालकहरूलाई निश्चित समयमा निश्चित रूपले निश्चित ज्ञान दिइन्छ । यस्तो शिक्षा विशेष गरी विद्यालय, महाविद्यालय वा औपचारिक शिक्षण संस्थाहरूद्वारा प्रदान गरिन्छ (खनाल, २०७१) । प्राथमिक विद्यालयबाट सुरु भएर विश्वविद्यालय तहसम्म यो शिक्षा पुग्दछ, जसले पूरा समय लाग्ने व्यावसायिक तथा प्राविधिक तालिमसमेत दिइने विषयको पनि पठनपाठन गराइन्छ ।

औपचारिक शिक्षाको निश्चित ढाँचा र आवश्यक शर्तहरू हुन्छन् । यसलाई विभिन्न तहमा जस्तै : प्राथमिक तह, निम्न माध्यमिक तह, माध्यमिक तह वा बी.ए र एम.ए आदिमा विभक्त गर्न सकिन्छ (विष्ट, २०३९) । अन्तर्वार्ताको क्रममा छजना प्राचार्य र तीनजना विशेषज्ञको धारणामा समानता पाइयो । उनीहरूले औंल्याए अनुसार गुरुकुलमा पनि गुरुलाई कुनै विषयमा पारङ्गत भएको लागेमा विद्वत्सभा आयोजना गरी स्नातकोपाधि प्रदान गर्ने प्रावधानले गुरुकुलको औपचारिकतालाई पुष्टि गरेको छ ।

## ४.२.५.२ अनौपचारिक शिक्षा

अनौपचारिक शिक्षाको इतिहास मूलतः पूर्वीय दर्शन, धार्मिक परम्परा र पृष्ठभूमिमा आधारित थियो (उराशिआ, २०७५, पृ. १५) । यसले स्थापित औपचारिक प्रणाली बाहिरको कुनै पनि सङ्गठित शैक्षिक गतिविधिलाई जनाउँछ (Sinha, 2066, p. 102)। अन्तर्वार्ताको क्रममा छजना विशेषज्ञहरूले बताए अनुसार प्राच्य शिक्षाले व्यक्ति परिवार, समुदाय, छिमेकी, नातेदार र समाजबाट अव्यवस्थित रूपमा प्राप्त गर्ने शिक्षालाई समेत जनाउँछ । मानव सृष्टि अत्यन्तै कहालीलाग्दो जङ्गली युगबाट सुरुवात भएको हो । त्यसपछि मानिस कृषि युगमा प्रवेश गऱ्यो । समयको माग अनुसार मानिस एक परिवारमा सङ्गठित भयो । त्यसपछि मात्र अनौपचारिक रूपमा नै परिवारका सदस्यहरू मिलेर पारिवारिक तवरले शिक्षा लिने दिने पद्धति कायम भएको देखिन्छ ।

शिक्षा र सामाजिक परिवर्तनको बिच सम्बन्ध सधैँ जटिल छ र यो निर्धारण गर्न गाह्रो छ कि सामाजिक परिवर्तन शैक्षिक प्रणालीको कारणले भएको थियो वा शैक्षिक प्रणाली सामाजिक परिवर्तनको परिणाम थियो (Wardle, 1974, p. 50) । यसका साथै "सामाजिक र व्यावहारिक दृष्टिले पनि शिक्षालाई सर्वोच्च स्थानमा राखिएको थियो । ऋग्वेदको समयदेखि नै संसारको सबैभन्दा ठुलो प्राप्तिमा शिक्षालाई नै लिइएको छ" (गौतम, २०६६, पृ. २०५) । प्राचीनकालमा शिक्षा विस्तारका निमित्त ऋषिमुनिहरूले गुरुकुल शिक्षा प्रणालीको आविष्कार गरेका थिए (पौडेल रंघाली, २०७०, पृ. २२) । त्यस समयमा गुरुकुलमा दिइने शिक्षा पद्धति पूर्ण रूपमा व्यावहारिक थियो ।

विशेष गरेर वैकल्पिक विद्यालय शिक्षा बालबालिकाहरू जो औपचारिक विद्यालयहरूमा भर्ना हुन असमर्थ छन्, उनीहरूको लागि एक प्रभावी शैक्षिक प्रावधान हुन सक्छ (Kafle, 2066, p. 113) । त्यसबेला आफ्नो समुदायमा प्रचलित सामाजिक तथा धार्मिक विषयवस्तुहरू परिवारबाट हस्तान्तरण गरिन्थ्यो । घर परिवारले लिने पेशा र धर्मको कारणले पनि शिक्षा पद्धतिमा प्रभाव परेको पाइन्छ । पछि बालबालिकाहरूलाई पूर्व विद्यालय साक्षरता, व्यापार शिक्षा र धार्मिक शिक्षा प्रारम्भिक शिक्षाको रूपमा अनौपचारिक सिकाइ केन्द्रमार्फत प्रदान गरिन्थ्यो । राणाशासनमा हिमाली क्षेत्रमा पिँढी शिक्षा र तराई क्षेत्रमा शानीचरी गरी दुई प्रकारको सिकाइ केन्द्र सञ्चालित थिए ।

"सामान्यतया पिँढी शिक्षा गुरुको घर, आँगन, वरण्डा र गाइगोठमा विभिन्न उमेरका बालबालिकालाई गुरुले सङ्गठित गर्नुहुन्थ्यो । पिँढी शिक्षा मुख्य रूपले ती बालबालिकाहरूलाई साक्षरता बनाउनको लागि आयोजित गरिएको थियो जसको स्कुलहरूमा पहूँच थिएन किनकि स्कुलहरू ती दिनहरूमा थोरै र धेरै ठाढा थिए" (Joshi, 2003, p. 28) । सर्वसाधारण पाठशालाहरूको प्रथा यहाँ अगि भएन (कलेज अफ एजुकेशन, सन् १९५६, पृ. २२) । पछि शिष्यहरू निश्चित अवधिका लागि पढ्न जान्थे व्यक्तिमा धेरै विद्या र कलाहरूको विशेषज्ञता पाइन्थ्यो (स्वामी चैतन्यकृष्ण, २०७०, पृ. ६४-६५) ।

यस आधारमा हेर्दा सिकारुको सिकाइ आवश्यकताको व्यावहारिक रूपमा पूर्ति गर्ने ध्येय नै अनौपचारिक शिक्षाको हुने भएकाले यसलाई प्राच्य शिक्षाको प्रकृतिको रूपमा लिन सकिन्छ । नेपालमा अनौपचारिक शिक्षाको ऐतिहासिक पृष्ठभूमि केलाउँदा गुरुकुल शिक्षा, वि.सं. २००४ सालको आधार शिक्षा, तीन महिने प्रौढ शिक्षा हुँदै योजनाबद्ध रूपमा वि.सं. २०१३ सालको प्रथम पञ्चवर्षिय योजनाबाट सुरुवात भएको हो (सुवेदी, २०६६, पृ. ५३) । नेपालले सन् १९८० को दशकमा सेती शिक्षा परियोजना लागु गऱ्यो । त्यसले नेपालवादी अनौपचारिक शिक्षा सामग्रीको प्रारूप बनायो (कोइराला, २०६६, पृ. १७) ।

अनौपचारिक शिक्षाको इतिहास बारेमा शिवराम प्याकुरेलले आफ्नो शोधमा यसरी स्पष्ट पारेका छन्, नेपालमा परापूर्वकालदेखि नै शिक्षा ग्रहण गर्न स्थलगत र वंशगत रूपमा अनौपचारिक शैलीबाट शिक्षा प्राप्त गर्ने प्रचलन थियो । वि.सं. १९१० को दरबार स्कुल तथा वि.सं. २००० को आधार शिक्षा थालनी पश्चात् शिक्षा औपचारिक प्रारूपमा सञ्चालन भयो । वि.सं. २०११ को नेराशियोआको शिफारिस कार्यान्वयन गर्ने क्रममा वि.सं. २०१३ सालमा कलेज अफ एजुकेशन र त्यसको मातहतमा प्रौढ शिक्षा शाखाबाट ३, ६ र ९ महिने प्रौढ शिक्षाका कार्यक्रमहरू सञ्चालन गरेका देखिन्छन् । त्यस पश्चात् विभिन्न योजना र आयोगहरूले पनि अनौपचारिक शिक्षा विकासमा जोड दिएको पाइन्छ (प्याकुरेल, २०६८) । यसले अनौपचारिक शिक्षाको स्वरूपलाई स्पष्ट गर्दछ ।

वैदिककालदेखि नै अनौपचारिक शिक्षामार्फत व्यक्तिहरूले सिकाइ आर्जन गर्दै मानवीय समस्याहरू समाधान गर्न सकेको देखिन्छ । वर्तमान शिक्षामा यसलाई निरन्तरता प्रदान गर्दै त्यसको व्यवस्थापनमा जोड दिनुपर्दछ । फिलिप एच. कुम्वस्का अनुसार स्थापित औपचारिक पद्धति भन्दा बाहिर सङ्गठित हुने कुनै पनि शैक्षिक क्रियाकलापलाई अनौपचारिक शिक्षा भनिन्छ । जसले खास प्रकारका सिकारु वर्गका सिकाइ आवश्यकता पुर्ति गर्ने ध्येय राख्दछ । स्कुल एउटा खाली ठाउँ भर्न लाभदायक थियो (Wardle, 1974) । जसले सिकाइ कार्यलाई उत्प्रेरित गर्दछ ।

अनौपचारिक शिक्षा सिकारुहरूको सुषुप्त प्रतिभाको कदर गरी उनीहरूकै इच्छा र आवश्यकता अनुरूप आपसमा सिक्ने र सिकाउने प्रक्रिया हो । जहाँ वार्तालाई प्रारम्भिक सञ्चारको रूपमा लिइन्छ जसको माध्यमबाट आवश्यक कुनै पनि सहयोग आदानप्रदान गर्न सहज हुन्थ्यो तर त्यो वार्तालापको सामग्री ऐतिहासिक परिस्थिति र पीडितले वास्तविकतालाई बुझ्ने स्तर अनुसार फरक फरक हुन सक्छ (Freire, 1970, p. 47) । जुन सिकाइ वातावरणमा शिक्षक र विद्यार्थी वा गुरु र चेला भन्ने सम्बन्ध रहदैन र जहाँ आफूले जानेका अरुलाई र अरुले जानेका आफूले सिक्ने प्रक्रिया हुन्छ, त्यही नै अनौपचारिक शिक्षा पद्धति हो भन्ने धारणा पाउलो फ्रेरेको छ (विष्ट, २०३९) । यस्तो शिक्षा पद्धतिमा निर्धारित शैक्षिक संस्था, निश्चित नियम, अवधि र उमेरका हद समेत तोकिएको हुँदैन ।

अनौपचारिक शिक्षा औपचारिक शिक्षा भन्दा छुट्टै रूपमा व्यवस्थित र सङ्गठित गरिएको हुन्छ । यसलाई स्वरोजगारी शिक्षा पनि भन्न सकिन्छ । “अनौपचारिक शिक्षाले बृहत विकासका लक्ष्यहरूदेखि साक्षरता जस्ता शैक्षिक उद्देश्यहरू पूर्ति गर्न सघाउँछ साथै औपचारिक शिक्षा लिनबाट वञ्चित वा औपचारिक शिक्षामा असफल ठहरिएका समूह, सिकाइ आवश्यकता पूर्ति गर्न र स्थानीय विकासको लागि चाहिने जनशक्ति उत्पादनमा अनौपचारिक शिक्षाको महत्त्वपूर्ण स्थान देखिन्छ” (विष्ट, २०३९, पृ. २०४-२०५) । यसबाट अनौपचारिक शिक्षाले जनसङ्ख्याको ठुलो हिस्सालाई शैक्षिक चेतना मार्फत आफ्ना आवश्यकता पूरा गराउन सक्षम बनाउँछ भन्ने पुष्टि हुन्छ । अन्तर्वार्ताको क्रममा एकजना विशेषज्ञले औंल्याए अनुसार मानव जीवनको लागि अनौपचारिक शिक्षा आवश्यक मानिन्छ । वर्तमान शिक्षामा समेत अनौपचारिक शिक्षाले औपचारिक शिक्षा भन्दा अधिक क्षेत्र समेटेको छ ।

### ४.२.६ प्राच्य शिक्षाका कार्यहरू

शिक्षाको कार्य समय, परिवेश र अवस्थाको आधारमा फरक फरक रहेको पाइन्छ । शिक्षाको कार्यलाई रुढिगत, उन्नतशील, निष्क्रिय र क्रान्तिकारी गरी चार प्रकारमा विभक्त गरिएका छन् (विष्ट, २०३९, पृ. ११९) । “यो व्यावसायिक शिक्षा

परम्परागत रूपमा वंशाणुगत हुँदै गयो । प्रत्येक ताम्राकारहरूले आफ्ना सन्तान दर-सन्तानलाई तामाको भाँडा तथा अन्य काम गर्ने व्यावसायिक तालिम प्रदान गर्दै गए" (उपाध्याय, २०६२, पृ. ३७) । यसले व्यक्तिको आफ्नो संस्कृतिको जर्गेना गर्न काम शिक्षाले गर्दछ भन्ने स्पष्ट गर्दछ । सदाचार र नैतिक नियमहरू नै धर्म हुन् (उपाध्याय, २०६४, पृ. ४) । यसबाट के कुरा सिद्ध हुन्छ भने वेद एवं अन्य शास्त्रहरूको अध्ययन शिक्षाको सांस्कृतिक कार्यसँग सम्बन्धित छ ।

देवदेवीको पूजा, जन्म, मरण, व्रतबन्ध र विवाह तथा घरको शिलान्यास वास्तु आदि विभिन्न व्यक्तिगत तथा सामाजिक संस्कारहरू संस्कृत भाषामा गराइन्थ्यो (शर्मा, २०६८, पृ. १८) । "प्राचीन समाजमा पनि मानिसहरू भौतिक सुख, शान्ति र समृद्धिका खोजीमा हिड्थे किनकि यो मानवीय प्रक्रिया नै हो । नेपालमा प्राचीनकालदेखि नै व्यावसायिक शिक्षाको प्रचलन चल्दै आएको छ ।

लिच्छविकालमा बनेको अनेकौं कलाकृत्ति तथा मूर्तिकलाबाट पनि यो कुरा पुष्टि हुन्छ" (उपाध्याय, २०६२, पृ. ३७) । अन्तर्वार्ताको क्रममा तीनजना प्राचार्य र छजना विशेषज्ञहरूले प्राच्य शिक्षाको प्रमुख कार्य व्यक्तिमा जीवनोपयोगी सीप र ज्ञान स्थानान्तरण गर्नु हो भन्ने कुरा बताएका छन् । यसबाट प्राचीनकालमा व्यावसायिक शिक्षा दिइन्थ्यो, जुन शिक्षा आर्थिक कार्यसँग सम्बन्धित रहेको प्रष्ट हुन्छ ।

संस्कृति र धार्मिक संयोजन भएकाले व्यक्तिको चारित्रिक र नैतिक अन्तरसम्बन्ध शिक्षाले सबल पार्छ भन्ने दृष्टिकोण शिक्षा दार्शनिकहरूको छ (पोखरेल, २०६९, पृ. २) । यसले नागरिक कार्यलाई सङ्केत गर्दछ । "भौतिक र वैज्ञानिकताको आधारमा भन्दा विश्व प्रख्यात बनाउने तागत शिक्षा अध्ययन र विश्लेषणले राम्ररी दिन्छ । ज्ञान बराबरको तागतिलो शक्ति संसारमा कुनै छैन" (पोखरेल, २०६९, पृ. ९) । यसबाट गुरुकुलीय ज्ञानको महिमा पाउन सकिन्छ । सान्दीपनि गुरुको गुरुकुलबाट दीक्षित भएका श्रीकृष्ण भगवान् पूर्वीय दर्शनमा अनुकरणीय व्यक्तित्व बन्न सफल भएको दृष्टान्त पाइन्छ । यसले शिक्षाले व्यक्तित्व निर्माणमा सहयोग पुग्छ भन्न सकिन्छ ।

## ४.२.७ प्राच्य  र आधुनिक गुरुकुलबिचका समानता र असमानता

प्राच्य र आधुनिक गुरुकुल दुबै विभिन्न सामाजिक र सांस्कृतिक परम्पराहरूको हिस्सा हुन् र यस्तो अवस्थामा यी दुबै गुरुकुलहरूका बिचमा केही समानताहरू पनि छन् तथापि प्राच्य र आधुनिक गुरुकुलहरूमा अन्तरहरू पनि छन् । प्राच्य र  आधुनिक गुरुकुलमा पाठ्यक्रम, प्रशिक्षकको भूमिका, सामाजिक, सांस्कृतिक र तान्त्रिक असमानताहरू रहेको पाइन्छ । साथै शिक्षार्थीहरूको मनोविज्ञान, व्यवस्थापनका पक्षहरूमा भिन्नता छन् ।

प्राच्य गुरुकुलहरूमा शिष्य-गुरु सम्बन्ध, छात्रलाई धार्मिक शिक्षा, संस्कृति, शस्त्र विद्या, गणित, व्याकरण, योग र आत्मानुशासन आदि सिकाइन्थ्यो । छात्रहरूलाई गुरुकुलमा बस्ने र अध्ययन गर्ने अवस्थामा पूर्वजहरूको अनुशासन र परम्परागत मान्यताहरूले छात्रहरूको चरित्र निर्माण, सामाजिक जिम्मेवारी र सचेतना विकसित गर्थ्यो । यी दुबै प्रकृतिका शैक्षिक पद्धतिहरू शिक्षाको मूल आधारमा रहेका छन् । यो अर्थात् गुरुकुलमा शिष्यहरूलाई एक मुख्य शिक्षा केन्द्रमा निरन्तर रहने अनुभव गराइन्छ । शिष्यहरूलाई सत्सङ्ग र शिष्टाचारको महत्त्व सिकाइन्छ । शिष्यहरूले आचार्यहरूलाई मान्ने, उनीहरूका संस्कारहरूलाई अनुसरण गर्ने र प्राथमिकता दिने परम्परागत सिद्धान्त देखिन्छ । छात्र-छात्राहरूको अध्ययनको समयावधि अत्यधिक थियो र अहिले पनि छँदैछ । त्यसैले दुबै प्रकारका गुरुकुलमा छात्र-छात्राहरूले एक-अर्कासँग सक्रिय सामीप्यता र भावनात्मक समर्थन विकास गरेका हुन्छन् ।

## ४.३ प्राच्य शिक्षामा औपचारिक र अनौपचारिक संरचना/सङ्गठन

कुनै पनि शिक्षा पद्धति चाहे त्यो औपचारिक वा अनौपचारिक नै किन नहोस् त्यसलाई प्रभावकारी रूपले व्यवस्थित गर्न त्यससँग सम्बन्धित निश्चित ढाँचा हुनु आवश्यक हुन्छ । संस्थाको प्रकृतिको आधारमा निर्माण हुने सो ढाँचा लिखित वा अलिखित दुबै हुन सक्छ । प्राच्य शिक्षाको औपचारिक तथा अनौपचारिक गरी दुई

किसिमका संरचना प्राचीनकालदेखि नै भएको पाइन्छ । जसलाई निम्नानुसार व्याख्या गरिएको छ :

प्राच्य शिक्षा भन्नासाथ गुरुकुल शिक्षालाई बोध हुन्छ । गुरु र कुल दुई पदबाट गुरुकुल शब्द बनेको हो । जसको अर्थ गुरुको परम्परा अर्थात् गुरुको कुल भन्ने हुन्छ । यसबाट गुरुकुलको अर्थ स्पष्ट हुन्छ कि गुरुले ज्ञानरूपी उज्यालो प्रदान गर्ने व्यक्तिलाई जनाउँछ भने कुल शब्दले वंश वा परिवारलाई जनाउँछ । सामान्यतया गुरुकुलम् शब्दको अर्थ गुरुको परम्परा, घर वा आश्रम भन्ने हुन्छ । गुरुकुल गुरुको आश्रय अर्थात् गुरु रहने ठाउँ हो (श्रीवैष्णव कृष्णदासजी महाराज, २०७१, पृ. १३०) । शिष्यहरूलाई गुरुले आफ्नै निगरानी र संरक्षणमा तालिम र शिक्षा दिने प्राचीन पद्धतिलाई गुरुकुलले सङ्केत गर्दछ ।

"त्यो व्यवस्था हो गुरुकुल शिक्षा प्रणाली, जुन पुरानो समयमा, मध्ययुगमा र त्यो भन्दा पनि पहिले नेपाल, भारत र चीन क्षेत्रका प्राचीन देशहरूमा गुरुकुल शिक्षा प्रणाली देखा पर्छ । यो यस्तो शिक्षा प्रणाली हो जसको ढाँचा अनौठो तरीकाले बनेको छ" (आचार्यश्री पथिक, २०७१, पृ. ६६) । यो केवल शिक्षाको केन्द्र थियो (Altekar, 1944, p. 106) । यसबाट गुरुकुल पद्धति अन्य पद्धति भन्दा प्राचीन र अग्रस्थानमा रहेको पाइन्छ ।

प्राच्य शैक्षिक व्यवस्थापनका औपचारिक तथा अनौपचारिक संरचना/सङ्गठन को सम्बन्धमा अनुसन्धान भएको नभेटिएकोले यथेष्ट लिखित दस्तावेज पाउन कठिन छ । वर्तमान गुरुकुलहरू पनि प्राच्य गुरुकुलका आधारभूमिमा खडा भएकाले तिनीहरूको व्यवस्थापनमा प्राच्य शैलीका झलक पाउन सकिन्छ । प्राच्य शैक्षिक व्यवस्थापनका औपचारिक संरचना/सङ्गठनको बारेमा गुरुकुल-सन्देशमा प्रकाशित 'संस्कृत साहित्यमा प्रतिबिम्बित गुरुकुल परम्परा र तिनको स्वरूप' शीर्षकको लेखमा नुरापति पोखरेल (२०७४) ले यसरी उल्लेख गरेका छन् "गुरुको आश्रम वा गुरुको साथमा बसी शिक्षा ग्रहण गरिने स्थानलाई गुरुकुल, विशेषज्ञहरूलाई विशेष शिक्षा दिइने स्थानलाई परिषद, ठुला ठुला सभा सम्मेलन गरी प्रवचनको माध्यमबाट शिक्षा प्रदान गरिने स्थानलाई

तपस्थली भनिन्छ" (पोखरेल, २०७४, पृ. २२) । यसले तत्कालीन गुरुकुलको औपचारिक संरचनालाई स्पष्ट गरेको छ ।

प्राचीनकालमा गुरुको घरलाई प्रथम शैक्षिक संस्थाको रूपमा लिइन्थ्यो । यही प्रथाअनुसार नेपालका विद्वान्हरू पनि आफ्ना आफ्ना घरैमा बसेर पढाउँथे (कलेज अफ एजुकेशन, सन् १९५६, पृ. २२) । गुरुकुलको संरचनामा महत्त्वपूर्ण अङ्ग तथा तत्त्व भनेका शास्ता, शिष्य र शास्त्र हुन् । यसैलाई गुरु, चेला र ग्रन्थ (विद्या वा विद्याको विषय) का रूपमा बुझ्न सकिन्छ (घिमिरे, २०७०, पृ. ५६) । प्राचीनकालमा सबैका लागि शिक्षालाई अनिवार्य लिनैपर्ने सामाजिक आवश्यकताको रूपमा राखिएको थियो (गौतम, २०६६, पृ. २०६) । त्यसबेला वैदिकसँग सम्बद्ध गुरुकुल शिक्षामा गुरु तथा गुरुआमा नै सर्वेसर्वा हुन्थे ।

सामान्यतया ८ वर्ष उमेर पूरा भएको बालक व्रतबन्ध वा उपनयन कार्य गर्न योग्य मानिन्थ्यो । उपनयन कार्य सम्पन्न भएका बालकहरूलाई गुरुको साथमा बसी उनीहरूको इच्छा, रुचि, चाहना र क्षमता बमोजिम नै शास्त्र कण्ठस्थ गर्न लगाइन्थ्यो । पच्चीस वर्षको नहुन्जेल गुरुकै घरमा बसेर पढ्नुपर्थ्यो । प्राचीन गुरुकुल र बौद्ध पद्धतिमा गुरु-चेलाको प्रत्यक्ष सम्बन्ध रहन्थ्यो (घिमिरे, २०७०, पृ. ४५) । जोशी (२०२८, पृ. ८) ले पूर्व प्राचीनकालमा यहाँ वर्णाश्रम व्यवस्था अवस्थित रहेको कुराको अनुमान गरेका छन् । वर्णाश्रम नियमानुसार ५ देखि ८ वर्षसम्ममा उपनयन भएर गुरुकुलमा ब्रह्मचर्याश्रममा रहेर प्रायः २०/२५ वर्ष विद्याध्ययन गरेर स्नातक भई गृहस्थाश्रममा प्रवेश गर्ने नियम थियो (कलेज अफ एजुकेशन, सन् १९५६, पृ. २१-२२) । यसले प्राच्य शिक्षा संरचनालाई स्पष्ट गरेको छ ।

जीवनलाई मुख्य गरेर ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ र संन्यास गरी चार आश्रममा विभक्त गरिएको पाइन्छ । ती प्रत्येक आश्रमको समयावधिलाई निश्चित गरी २५/२५ वर्ष तोकिएको थियो (स्वामी चैतन्यकृष्ण, २०७०, पृ. ६४) । साथै उपलब्ध अभिलेख अध्ययन र अन्तर्वार्ताको सिलसिलामा नौजना प्राचार्य र सातजना विशेषज्ञको

धारणामा समानता पाइयो । उनीहरूले औंल्याए अनुसार प्राच्य शिक्षाको संरचना अन्तर्गत गुरु, शिष्य र शास्त्रलाई लिन सकिन्छ ।

### ४.३.१ गुरु

नेपाली शब्द सागरमा उल्लेख गरिएको छ, 'विचार वा शिक्षा वा शिल्प वा बुद्धि र कर्मसम्बन्धी योग्यता दिलाउने व्यक्ति, शिक्षक, अध्यापक, उस्ताद, आचार्य, उपाध्याय, बुद्धि, बल, विद्या र उमेर आदिमा पूज्य र आदरणीय व्यक्ति, मान्यजन, गर्भाधान, सीमन्तोनयनदेखिका सोह्र संस्कारमध्ये जुनकुनै संस्कार गरी दिने मान्छे, बाबु र बाबुसरहका पूजनीय मान्छे, गुरु र गुरुसरह श्रद्धेय मानिस, आमा र आमासरहका आदरणीय मान्छे, अर्ति उपदेश दिने मान्छे, धर्म वा परम्परा सुरु गराउने मान्छे, शान्ति-धैर्य-वंशरक्षा-विनयशील स्वभाव-साधा रूपरङ्गको व्यवहार-सफा र स्पष्ट चालचलन-बुद्धिमता, नीति उत्तम-आश्रम धर्मको पालन-ईश्वरप्रति श्रद्धा-ध्यान-मन्त्रतन्त्रमा सीपालु-गुरुदण्ड र पुरस्कार दिने सामर्थ्य-शुद्ध ब्राम्हण-तपस्वी जन र सद्गृहस्थ आदि भएका जुनसुकै व्यक्ति नै गुरु हो ।' (शर्मा, २०५७) गुरुलाई सुवेदी (२०७१, पृ. १०८) ले यसरी परिभाषित गरेका छन्,

संस्कृतै : प्राकृतै : वाक्यै : य : स्वशिष्यानुरूपत : ॥
देशभाषा द्युपायैश्चबोधयेत् स गुरु : स्मृत : ॥

अर्थात् जसले शिष्यको योग्यता र अधिकार अनुसार संस्कृत वा प्राकृत भाषामा देश, काल र परिस्थिति बमोजिम आवश्यक शिक्षा दिने व्यवस्था मिलाउँछ त्यही गुरु हो ।

प्राचीनकालका शिक्षक आचार्य, उपाध्याय र गुरुद्वारा परिचित छन् (Chouhan, 2016, p. 2) । गुरुको भावमा प्रयोग गरिने आचार्य शब्द प्राचीन हो (पौडेल, २०७१, पृ. ३८) । गुरु शब्दको अर्थ ज्ञानदाता हो (घिमिरे, २०७०, पृ. ५६) । पूर्वीय दृष्टिकोणमा गुरु सच्चा ज्ञानको आविष्कारक र त्यसको संरक्षक हो भने अज्ञानको संहारक पनि हो । समग्रमा गुरु पौरस्त्य दर्शनले यस जगत्को सृष्टिकर्ता, पालनकर्ता, संहारकर्ता,

सर्वशक्तिमान् परमात्मालाई आदि गुरु मानेको छ । प्राचीन गुरुकुलमा गुरु आध्यात्मिक निर्देशक/पिता थिए (Altekar, 1944, p. 49; Dubey & Nimje, 2015, p. 815 & Sharma, 1990, p. 3) । अर्का सन्त कविरको विचार यस्तो छ, तीर्थ जाँदा एक फल प्राप्त हुन्छ भने सन्त समागमबाट चार गुणा फल प्राप्त हुन्छ र अझ सद्गुरुको सान्निध्यबाट त झन् अनन्त फल प्राप्त हुन्छ ।

त्यस्तै संस्कृत वाङ्मयको मनुस्मृति ग्रन्थलाई आधार बनाउँदै उमेशप्रसाद घिमिरे (२०७०) ले 'गुरुकुलीय शिक्षाका संरचनात्मक तत्त्व' शीर्षकको अनुसन्धानमूलक लेखमा यसरी उल्लेख गरेका छन्, जसले उपनयन संस्कारपूर्वक शिष्यलाई वेद तथा वेदाङ्ग सबै पढाउँछ र त्यसको तात्पर्य पनि खोलिदिन्छ, त्यो व्यक्ति नै आचार्य हो, गुरु हो (घिमिरे, २०७०, पृ. ५६) । आचार्य वा कुलपति त्यसलाई भनिन्छ, जसले दश हजार छात्रहरूलाई आवास, भोजन र पठनपाठनको व्यवस्था गराउँछ (पन्त, २०७०, पृ. ५१) । वाल्मीकि, वशिष्ठ, अघोर र भारद्वाज आदि प्राचीनकालका कुलपति थिए । साथै प्रसिद्ध ऋषि याज्ञवल्क्यले पनि आचार्यको परिभाषा यसरी दिएका छन्, शिष्यलाई उपनयनपूर्वक वेदादि ज्ञान प्रदान गर्ने आचार्य नै गुरु हो । संस्कृतमा आचार्यको यस्तो परिभाषा पनि उल्लेख छ ।

'आचिनोति च शास्त्रार्थान् स्वयमाचरते तु यः ।
शिष्यान् ग्राहयते यस्मात् तस्मादाचार्य उच्यते ॥ '

अर्थात् जो शास्त्रार्थको पूर्ण ज्ञाता भइकन स्वयम् आचरणमा उतार्दछ र शिष्यलाई पनि शास्त्रार्थ ग्रहण तथा तदनुरूप आचरण पालना गराउँछ, त्यही व्यक्ति नै आचार्य वा गुरु हो (घिमिरे, २०७०, पृ. ५६) । यज्ञोपवित संस्कार गराएर कल्प र उपनिषद्सहित वेद अध्यापन गराउने गुरुलाई आचार्य भनिन्छ (गौतम, २०६६, पृ. २१४) । खास गरेर गुरुकुल परम्परालाई पूर्वले नियमित र प्राकृतिक रूपमा ग्रहण गर्दै गुरुको महत्त्वलाई आत्मसात् गरेको छ । कुनै व्यक्तिलाई जन्म दिने आमा, कर्म दिने बाबु र संसारको मर्म विषयक ज्ञान दिने गुरु हुन् (वज्राचार्य, २०२०, पृ. २६) । त्यसकारण आमा-बुबालाई त सुसंस्कार सिकाउने पहिलो गुरुकै रूपमा सम्मान गरिएको

छ (चिन्तामणि योगी, २०७३, पृ. १९) । व्यक्तिलाई सुसंस्कृत बनाएर विद्या प्राप्तिमा योग्य पात्र बनाउने व्यक्ति नै गुरु हुन् (गौतम, २०६६, पृ. २१३) । झूठा गुरुलाई तत्काल त्याग्नु पर्छ (दास, सन् २०१२, पृ. १०२) । यसबाट गुरुमा सत्यवादिताको विशेषता पाइन्छ भन्ने कुरा पुष्टि हुन्छ ।

साथै भारतीय सङ्गीत क्षेत्रमा गुरुलाई उच्च स्थान दिएको पाइन्छ । गुरुकुलमा गुरुको सेवा गरेर शिष्यहरू वेद र सङ्गीत आदिको अध्ययन र परम्परागत ढङ्गबाट ज्ञान प्राप्त गर्दथे (कश्कर, सन् २०१३) । त्यस्तै शिष्यलाई शिक्षण गर्नु अघि नै गुरुकुलीय कर्तव्य र अध्यापन विषयको जानकारी गुरुले गराउनु हुन्थ्यो (Mulhern, 2008) । प्राचीनकालमा वेदव्यास, भारद्वाज, भृगु, याज्ञवल्क्य, अङ्गिरा र वशिष्ठ आदिका आश्रममा हजारौंहजार विद्यार्थी रहन्थे (गौतम, २०६६, पृ. २१७) । यसबाट गुरुको सही नेतृत्वमा तत्कालीन गुरुकुलको व्यवस्थापन निर्भर रहने कुरा स्पष्ट हुन्छ ।

गुरुको विशेषता बारेमा यस्तो लेखिएको छ, "ब्रह्मर्षि वशिष्ठबाट नै तत्कालीन सबै राजकुमारहरूको शिक्षा दीक्षा सम्पन्न भएको पाइन्छ । वशिष्ठ त्यसबेलाका प्रकाण्ड विद्वान् मानिनु हुन्थ्यो । वहाँ धेरै कुरा जान्ने ब्रह्मर्षिको रूपमा स्थापित हुनुभएको थियो । वहाँ आफ्नै आश्रममा बसेर तपस्या गर्नुहुन्थ्यो । शिक्षाको प्रचार प्रसारमा लाग्नुहुन्थ्यो" (अधिकारी, २०६३, पृ. ३) । ओशो (२०६७, पृ. ८) ले भनेका छन्, शिक्षक जो हो ऊ गुरु हो, ऊ उदाहरणीय हुन्छ, ऊ सम्मान गर्न योग्य हुन्छ  तर अहिले गुरुको ठाउँ शिक्षकले लिएको पाइन्छ । प्राचीनकालमा गुरुको लागि शिक्षण पेशा नभएर सुख आनन्द थियो भने आज शिक्षकले अतीतबाट प्राप्त सूचनालाई व्यावसायिक ढङ्गले अघि बढाएको पाइन्छ भने गुरुले ज्ञान प्रदान गरेको देखिन्छ । त्यस्तै मनुस्मृतिलाई आधार लिएर गौतम (२०६६, पृ. २१२) ले यस्तो धारणा व्यक्त गरेका छन् 'दश उपाध्याय बराबर एक आचार्य हुन्छन् । सय आचार्य बराबर एक पिता हुन्छन् भने हजार पिता बराबर माता हुन्छिन् ।'

उपाध्याय त्यो व्यक्ति हो, जो वेदका भाग वा वेदाङ्ग आफ्नो जीविकाको लागि पढ्छ । गुरुकुलमा जो ब्राम्हण शिष्य यज्ञ विद्या तथा उपनिषद् पढ्छ, उसलाई आचार्य

भनिन्थ्यो । साथै जो शास्त्रद्वारा अरूको उपकार गर्दछ उसलाई गुरु भनिन्थ्यो । माता नै प्रथम गुरु हुन् किनकि आमाको काख नै प्रथम पाठशाला हो । जहाँबाट खाने, पिउने, चिन्ने, बोल्ने, हाँस्ने, खेल्ने र स्नेह गर्ने जस्ता कुराको शिक्षा शिशुले लिन्छ (गौतम, २०६६, पृ. २११) । आजसम्मका मानवले खोज, अनुसन्धान गर्दा वेदभन्दा जेठो र पुरानो रचना पाएका छैनन् (पाविके, २०६८, पृ. १२२) । त्यसैले गुरुजीबाट वेद शास्त्रहरूको ज्ञान लिनु पर्छ, जसबाट सत्य भक्तिको शास्त्रानुकुल साधना गरेर मानव जीवन धन्य हुन्छ (दास, सन् २०१४, पृ. १९३) । यसबाट के कुरा स्पष्ट हुन्छ भने वेद नै प्राच्य शिक्षाको पहिलो सामग्री थियो ।

अन्तर्वार्ताको सिलसिलामा प्राचार्य ज्ञानचन्द्र उपाध्यायको धारणा यस्तो रहेको पाइयो : वास्तवमा गुरु पूर्वको अटल सम्पतिको रूपमा रहेको देखिन्छ भने पश्चिमलाई गुरुको नाम र महत्त्व मात्र होइन ठेगाना पनि जानकारी छैन । अहिले गुरुको स्थान शिक्षकले लिएको छ । गुरुको महिमा पश्चिमले कहिल्यै बुझ्ने चेष्टा गरेन । त्यसैले पश्चिममा अहिले यी पूर्वीय दर्शनमा आधारित विषयहरूको अध्ययन गर्न अन्य विषयको तुलनामा धेरै महँगो पनि छ (स्वामी चैतन्यकृष्ण, २०७४, पृ. ६२) । पश्चिमी दर्शनमा शिक्षक विद्यार्थी मात्र रहेको देखिन्छ । त्यसैले उनीहरू शिक्षक र विद्यार्थीको बारेमा मात्र राम्ररी बुझाउन सक्छन् ।

वर्तमान परिवेशलाई सिंहावलोकन गर्दा गुरु-शिष्य परम्परामा पश्चिमी शिक्षाको प्रभाव विश्वभर परेको देखिन्छ । त्यसकारण विद्यार्थीलाई शिक्षा दिन शिक्षकले खोज्नु पर्ने अवस्था देखिन्छ । यस्तो परिस्थितिबाट उन्मुक्ति प्राप्त गरी विद्या प्राप्ति गर्न पाउने मौलिक हकको लागि 'गुरुकुल शिक्षा' विषयक लेखमा घिमिरे (२०७८) ले यसरी सुझाएका छन्,

> 'गुरु सुश्रुशया विद्या पुस्कलेन धनेन च ।
> अथवा विद्यया विद्या चतुर्थ नोपलभ्यते ॥'

अर्थात् विद्या प्राप्तिका लागि तीनवटा मात्र उपाय छन् । गुरु सेवा, प्रचुर धनद्वारा र परस्पर विद्या प्रदान गरेर विद्या प्राप्त हुन्छ । विद्या प्राप्तिको चौथो उपाय

छैन तसर्थ गुरु सेवाबाट शिक्षा प्राप्त गर्ने गुरुकुलीय परम्परालाई आत्मसात् गर्दा गुरु-शिष्यको सम्बन्ध जिवन्त हुने देखिन्छ ।

ज्ञानको उज्यालोको लागि अज्ञानको अन्धकारबाट विद्यार्थीहरूलाई नेतृत्व गर्नु नै शिक्षकको कार्य थियो (Altekar, 1944, p. 49) । पश्चिमी दर्शन अनुसार शिक्षक भन्नाले ज्ञान तथा सीप विद्यार्थीमा हस्तान्तरण गर्न सहयोग गर्ने व्यक्ति हो । अन्तर्वार्ताको सिलसिलामा नौजना प्राचार्यको धारणामा एकरूपता पाइयो । उनीहरूका अनुसार शिक्षा ज्ञानको लागि हो भने ज्ञानको आकाङ्क्षी विद्यार्थी हुन् । शिक्षकले त्यो आकाङ्क्षा पूरा गराउँछन तर आधुनिक शिक्षक व्यावसायिक मनोवृत्तिबाट प्रेरित छन् । अध्ययनको क्रममा छजना विशेषज्ञले औल्याए अनुसार वर्तमानमा शिक्षण कार्यलाई सेवामुखी नभएर पेशामुखी बनाइएको छ तसर्थ प्राच्य गुरुको अनुकरण आजको औपचारिक तथा अनौपचारिक शैक्षिक व्यवस्थापनमा अपरिहार्य देखिन्छ ।

### ४.३.२ शिष्य

योग्य, क्षमतावान् र दक्ष आचार्यको समीपमा रहेर जीवन र जगत्का सम्पूर्ण पक्षको अध्ययन गर्ने उद्देश्य बोकेका जिज्ञासु व्यक्ति नै शिष्य हुन् । प्रकृति प्रत्ययको अर्थ मिल्दा शिष्यबाट मर्यादाभित्र गुरु गृहमा बसेर भिक्षा ग्रहण गर्दै अग्निपरिचरणपूर्वक नियम र न्याय अनुसार वेद, वेदाङ्ग पढ्ने भन्ने अर्थ निस्कन्छ (पन्त, २०७०, पृ. ५१) त्यसैले ज्ञान प्राप्त गर्न चाहना भएका व्यक्ति शिष्य हुन् । उनीहरूको उद्देश्य पनि जीवन र जगत्को बारेमा ज्ञान हासिल गर्नु थियो ।

गुरुबाट शिष्यले तालिम प्राप्त गर्ने प्राचीन शिक्षा विधि नै गुरुकुल हो (Thapaliya, 2016) । गुरुको नजिक नजाने शिष्यलाई शिक्षा प्रदान गर्न सम्भव नै थिएन । परापूर्वकालमा विभिन्न ऋषिहरूको आ-आफ्नै गुरुकुल थिए । जस्तै सान्दीपनि गुरुकुलमा कृष्ण, बलराम र सुदामाले शिक्षा हासिल गरेका कुरा प्राचीन ग्रन्थबाट जानकारी पाउन सकिन्छ । साथै गुरुकुलमा नियम तथा अनुशासन पूर्णतः पालना

गर्नुपर्ने हुनाले ती विद्यार्थीलाई व्रतचारी वा ब्रह्मचारी पनि भनिन्थ्यो (घिमिरे, २०७०, पृ. ५७) ।

'प्राचीन भारतमा शिक्षा' नामक पुस्तकमा Altekar (1944) ले उल्लेख गरेका छन्, गुरुकुलमा शिष्यले धार्मिक र साक्षरता शिक्षा प्राप्त प्राप्त गर्दथे । बिहान ४.३० बजे उठने, नित्यकर्म गर्ने, नुहाउने र प्रार्थना गर्ने आदि जस्ता दैनिकी थियो । विद्यार्थीहरू आफ्नो शिक्षकलाई गहिरो श्रद्धा गरी राजा, मातापिता र भगवान्को रूपमा उनको सम्मान गर्दथे (Altekar, 1944, p. 58) । गीतामा श्रीकृष्ण भगवान्ले बताएका छन्, गुरूप्रति श्रद्धाभाव, अध्ययनमा तत्परता र इन्द्रिय निग्रह जस्ता गुणले सम्पन्न मेधावी तथा अनुशासित छात्रहरूले नै गुरुको मन जितेर ज्ञान हासिल गर्न सक्छन् ।

प्राचीन समयमा गुरु र शिष्यबिचको सम्बन्ध पारस्परिक थियो (Chouhan, 2016, p. 1) । जहाँ गुरु-शिष्यको तालमेल मिल्छ, त्यहाँ नै विद्याको रस निस्कन्छ र विद्या फलदायी हुन्छ । त्यसैले हामीलाई सन्त तथा सत्सङ्गको अति आवश्यकता पर्दछ, जहाँ असल विचार बताइन्छ । नीतिशास्त्रमा बताइएको पाइन्छ, कागको जस्तो बठ्याइँ, बकुल्लाको जस्तो धैर्यता, कुकुरको जस्तो निन्द्रा भएको, अल्पहारी र गृहत्यागी व्यक्ति नै विद्यार्थी हुन् । विद्यार्थीले गुरुको गुण ग्रहण गर्नुपर्दछ भने दोष लुकाउन पनि सक्नुपर्छ ।

आजको औपचारिक वा अनौपचारिक शिक्षा सन्दर्भमा शिष्यलाई शिष्य, छात्र, अन्तेवासी र विद्यार्थी विभिन्न नामको प्रयोग गरेर चिनाइएको छ । अन्तर्वार्ताको क्रममा पाँचजना प्राचार्य र सातजना विशेषज्ञको धारणामा समानता पाइयो । उनीहरूले औल्याए अनुसार जीवनसँग सम्बन्धित नयाँ विषयवस्तु वा विद्या आर्जन गर्ने व्यक्ति विद्यार्थी हो । अहिले शिक्षा दिन विद्यार्थीलाई गुरुले खोज्नुपर्ने अवस्था आएको छ । विद्यार्थीहरू केवल परीक्षामुखी भएका छन् । हाम्रा विद्यार्थीलाई पनि फोटोकपी नै बनायौ । पाठ्पुस्तक बाहेक नपढ्ने । नखोज्ने । नबुझ्ने । नगर्ने (कोइराला, २०६२, पृ. २६) । यसले आधुनिक विद्यार्थीको विशेषता बोध गराउँछ ।

निचोडमा, प्राचीन शिष्य वास्तवमा गुरुभक्त, मिहनेती, अनुशासित र कर्तव्यनिष्ठ थिए । भोकाएको बेलामा समेत खाना खान गुरुको आदेश पर्खन्थे । वास्तवमा शिष्य गुरुसेवक थिए । गुरुका कार्यहरूमा नियमित रूपले सधैं गुरु-सेवा पुऱ्याउँथे । गुरुको आदेशको परिपालना गर्दथे । तोकिएको जिम्मेवारी पूरा नभएसम्म कार्यमा लागि रहन्थे । आजका विद्यार्थीमा त्यो विशेषताहरू प्राप्त गर्न कठिन मात्र होइन पाउनै सकिँदैन । विद्यार्थीदेखि शिक्षक डराउनु पर्ने स्थिति छ । सिकाइका लागि खोजी गर्ने बानीको विकास गर्न सकिएको छैन । गुरुकुलीय मूल्य मान्यता बमोजिम आजका विद्यार्थीहरूको चिन्तन, आचरण र व्यवहारमा रूपान्तरण आवश्यक देखिन्छ ।

### ४.३.३ शास्त्र

संस्कृत वाङ्मयमा शास्त्रलाई विद्या नामले पनि पुकारिएको पाइन्छ (घिमिरे, २०७०, पृ. ५८) । "प्राचीन हिन्दु-साहित्यमा धार्मिक-ग्रन्थहरूलाई शास्त्र भनिएको छ । शास्त्रको अर्थ अनुशासनमा राख्न विधि-निषेध रूप नियमहरू निर्धारित गर्नु हो" (उपाध्याय, २०६४, पृ. ४) । तिनै नैतिक नियम एवं मूल्य मान्यता वा मापदण्डहरूको कुल योगलाई नैतिकता भनिन्छ (भुसाल, २०६८, पृ. २६०) । वैदिककालमा शास्त्रलाई एउटा राष्ट्रिय पर्व र आध्यात्मिक तथा नैतिक भावनाको विकास गर्ने उत्सवको रूपमा लिइन्थ्यो । त्यसबेलाका दार्शनिक तथा ऋषिहरू एकै ठाउँमा जम्मा भएर धेरै श्रोताहरूकोबिचमा वैदिक मन्त्र, भजन र शास्त्रको बारेमा प्रवचन गर्दथे (Mookerji, 1951) । त्यस्तै गीतामा भगवान् श्रीकृष्णले उचित र अनुचित कर्मको निर्णय गर्ने आधिकारिक स्रोत नै शास्त्र भएको कुरालाई औंल्याएका छन् ।

उच्चारण भेद र वेदमन्त्र पढ्न सिकाउने विधिलाई शिक्षा भनिन्छ (गौतम, २०६६, पृ. ३०) । शास्त्रबाट प्राप्त हुने ज्ञानमा दुई स्वरूप पाइन्छ । एउटा परा विद्या आध्यात्मिक हो भने अर्को अपरा विद्या लौकिक विद्या हो । सबैभन्दा वास्तविक र महत्त्वपूर्ण चीजहरू, नयाँ सोच, साहित्यमा विचारहरू, आफ्नै र विदेशमा यात्रा गरेर प्रकृतिको दुनियाँको वास्तविकताहरूको माध्यमबाट प्राप्त हुन्छ (Mulhern, 2008, p. 362) । शास्त्रलाई विभिन्न अर्थ र भाषामा बुझ्न सकिन्छ । संस्कृत वाङ्मयमा भनिएको

छ, शास्त्रलाई विद्या नामले पनि उल्लेख गरिएको पाइन्छ । त्यस्तै बृहस्पति र उनका अनुयायीले वार्ता (कृषि, पशुपालन, वाणिज्य आदि) र दण्डनीतिलाई मूल विद्या मान्दछन् भने शुक्राचार्य र उनका अनुयायीले दण्डनीति (राजनीतिशास्त्र) लाई मुख्य विद्या मान्दछन् ।

पौरस्त्य मान्यता अनुसार वेद संसारको सृष्टिको मूल प्रथम वाणी हो (सुवेदी, २०७१, पृ. १५) । विष्णु पुराणमा शिक्षा, कल्प, व्याकरण, निरुक्त, ज्योतिष, छन्द, ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद, मीमांसा, न्याय, धर्मशास्त्र र पुराण गरी चौध विद्यालाई प्रमुख बताइएको छ भने ती चौध विद्यामा आयुर्वेद, धनुर्वेद, गन्धर्ववेद र अर्थशास्त्र थपेर अठार विद्याको प्रकार शब्दकल्पद्रुममा बताइएको छ (घिमिरे, २०७०, पृ. ५८) । साथै नेपालमा अगिदेखि कुन विद्या कति मात्रामा थियो भन्ने विषयमा अनुसन्धान गर्दा पहाडतर्फ वेदमा संहिता, गृहस्थी कर्मकाण्ड, कथा पुराण, ज्योतिष, काव्य, केही व्याकरण, धर्मग्रन्थ र तराई भागमा दर्शन, व्याकरण, ज्योतिष, धर्मशास्त्रको विद्या प्रचलित थियो (कलेज अफ एजुकेशन, सन् १९५६, पृ. २१) । यसबाट गुरुकुलमा विभिन्न विषयहरू पढाइ हुने गरेको प्रमाणित हुन्छ ।

आधुनिक शिक्षामा साधारण, व्यावसायिक तथा प्राविधिक र संस्कृत धार अन्तर्गत विभिन्न विषयहरू अध्ययन अध्यापन गरिएको छ । आजको अस्थिर शिक्षा नीतिको प्रभाव र निर्णयमा ढिलाइसुस्तीले पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यान्वयनमा अन्योलता बढेको छ । अन्तर्वार्ताको क्रममा आठजना प्राचार्य र सातजना विशेषज्ञको धारणामा समानता पाइयो । उनीहरूका भनाइ अनुसार वर्तमानमा विद्यार्थीहरूको रुचि, क्षमता र आवश्यकता अनुसारको विषयहरू समयमै निर्माण र परिमार्जन हुन सकिरहेको छैन । यसले शैक्षणिक व्यवस्थापन प्रभावकारी बनाउन जरुरी देखिन्छ । प्राच्य सिद्धान्त अनुसार उत्तरदाताहरूको भनाइले चौध विद्या र चौसट्ठी कलासँग सम्बन्धित  विषयवस्तुहरू नै शास्त्र भएको कुरा पुष्टि हुन्छ ।

## ४.३.४ प्राचीनकालीन शिक्षालयहरू

प्राचीन भारतमा अनौपचारिक गुरुकुलहरू विशुद्ध शिक्षाका लागि संस्कृत पढेका विद्वान् गुरुहरूले घरघरमा चलाएका थिए (पन्त, २०७०, पृ. ५३) । देवकुल, ऋषिकुल र राजकुल जस्ता आर्य संस्कृतिमूलक शिक्षालयहरू विविध पक्षबाट सञ्चालित थिए (पोखरेल, २०७०, पृ. १९) । त्यहाँ टाढाटाढाका मानिसहरू पढ्न आउने गर्थे । तक्षशीला, नालन्दा, वल्लभी र विक्रमशीला प्रसिद्ध शैक्षिक संस्थान थिए (Chouhan, 2016, p. 2) । तिनै पुराना विश्वविद्यालयहरूकै आधारमा भारतमा अहिले केही प्रसिद्ध प्राचीन मिथिला र काशी विश्वविद्यालय पनि रहेका छन् । प्राचीनकालीन शिक्षालय सम्बन्धी विवरणलाई तालिका नं. ४.१ मा उल्लेख गरिएको छ ।

तालिका नं. ४.१ : प्राचीनकालीन शिक्षालय सम्बन्धी विवरण

| विश्वविद्यालयको नाम | मिथिला | तक्षशीला | नालन्दा | काशी | विक्रमशीला | बल्लभी |
|---|---|---|---|---|---|---|
| स्थापना | | इ.पू.९०० | छैटौं शताब्दी | | आठौ शब्तादी | तेस्रो शताब्दी |
| स्थान र देश | जनकपुर, नेपाल | तक्षशीला नगर, भारत | विहार, भारत | बनारस, भारत | विहार, भारत | गुजरात, भारत |
| गुरु/शिष्य | | | १५१० शिक्षक र ८,५०० विद्यार्थी र १०,००० भिक्षु सङ्ख्या | | ३,००० विद्यार्थी सङ्ख्या | ६,००० भिक्षु सङ्ख्या |
| शिक्षाको प्रकृति | संस्कृत शिक्षा | संस्कृत शिक्षा | बौद्ध शिक्षा | संस्कृत शिक्षा | बौद्ध शिक्षा | बौद्ध शिक्षा |
| विवरणको स्रोत | (वराल, २०५०) | (Mulhern, 2008, Apte, 1924 र वराल, २०५०) | (Mulhern, 2008, वराल, २०५० र घिमिरे, २०७०) | (वराल, २०५०) | Mulhern, 2008, वराल, २०५० र घिमिरे, २०७०) | Mulhern, 2008, वराल, २०५० र घिमिरे, २०७०) |

उक्त तालिकाबाट तत्कालीन समयमा गुरुकुलहरू संस्थापित थिए भन्ने जानकारी हासिल हुन्छ । साथै तत्कालीन नेपालको जनकपुरमा मिथिला विश्वविद्यालयमा गुरुकुल शिक्षा अन्तर्गत संस्कृत भाषाको अध्ययन अध्यापन भएको पुष्टि हुन्छ । तत्कालीन शिक्षा निःशुल्क हुन्थ्यो । त्यसबेला विश्वविद्यालयमा गुरुले निःस्वार्थ रूपले शिष्यलाई आफूले जानेको ज्ञान प्रदान गर्दथे । प्राचीन शिक्षाको व्यवस्थापनको अध्ययन गर्दा शिष्यहरूलाई गुरुको प्रत्यक्ष निगरानीमा राखेर शिक्षा प्राप्त गर्ने वातावरण निर्माण गरिन्थ्यो ।

नेपालमा पनि आदिकालदेखि नै गुरुकुलहरू रहेको अध्ययनले देखाएको छ । नेपालमा आधारभूत गुरुकुलहरू थिए । उच्च गुरुकुलका लागि देशाटन गर्ने चलन थियो । त्यसबेलादेखि नै नेपालीहरू आधारभूत गुरुकुल शिक्षा नेपालमा नै आर्जन गरेर उच्च शिक्षा लागि काशी विश्वविद्यालयसम्म जाने परम्परा रहेको पाइन्छ । साथै अध्ययन पश्चात् त्यहाँबाट नेपाल आएर शास्त्रीय ज्ञानलाई व्यापक बनाउने गर्दथे । यसले पनि प्राचीनकालमा गुरुकुल/संस्कृत शिक्षाको विकासमा महत्त्वपूर्ण योगदान दिन सकेको देखिन्छ । नालन्दा, वल्लभी र विक्रमशीलामा रहेका विश्वविद्यालयहरू परम्परित गुरुकुलका विकसित रूप थिए । यो प्राचीन बौद्ध परम्परामा आधारित बौद्ध गुरुकुल शिक्षा अध्ययनका लागि आकर्षणका केन्द्र बनेका थिए ।

निचोडमा, विभिन्न विश्वविद्यालय चाहे त्यो भारत वा नेपालमा खुलेको नै किन नहोस्, तिनीहरूले प्राचीन नेपालको शिक्षा विकासमा अतुलनीय योगदान पुऱ्याएको पाउन सकिन्छ । प्राचीनकालदेखि नै गुरुकुल र बौद्ध शिक्षा प्रचलनमा रहेको पाइन्छ । अहिले पनि नेपाल लगायत भारतमा औपचारिक रूपमा सञ्चालित विभिन्न गुरुकुल वा विश्वविद्यालयमा प्राचीन परम्परा अनुकूल नै अध्ययन अध्यापन भइरहेको देखिन्छ । यसले प्राचीन शिक्षालयहरूको प्रभाव आधुनिक गुरुकुल तथा विद्यालय शिक्षा संरचनामा रहेको पुष्टि हुन्छ ।

## ४.३.५ आधुनिक गुरुकुल तथा संस्कृत विद्यालय शिक्षाको संरचना

नेपालमा औपचारिक शिक्षाको रूपमा सर्वप्रथम दरबार स्कुलको स्थापना भएपछि कक्षा १-३ प्राथमिक, कक्षा ४-५ उच्च प्राथमिक र ६-८ मिडिल तहमा विभाजन गरेर कक्षा सञ्चालन सुरु गरिएको थियो । वि.सं. १९९६ सालको इस्तिहारले अङ्ग्रेजी स्कुलका कक्षा १-३ प्राथमिक खण्ड, कक्षा ४-७ मध्यम खण्ड र ८-१० उच्च खण्ड तोकेको थियो । संस्कृत पाठशाला रानीपोखरीमा प्रथमा र विद्यार्थीको आवश्यकता बमोजिम उच्च शिक्षा तहसम्मको शैक्षिक व्यवस्था हुन्थ्यो ।

साथै भाषा पाठशाला स्थापना भएपछि कक्षा १-३ प्रारम्भिक, कक्षा ४-६ प्राथमिक तहगत व्यवस्था गरियो । स्रेता पाठशालामा भने कारिन्दा तयार गर्न जति विषय जाँच दिइ पास भयो त्यति नै पास गनिन्थ्यो । वि.सं. १९८९ सालमा जुद्धशमशेरले निजामती प्रथमा र मध्यमा निर्धारण गरी शिक्षाको तहगत व्यवस्था गर्न लगाएका थिए । सन् १९९३ सालदेखि कक्षा १-३ प्राथमिक, कक्षा ४-७ माध्यमिक शिक्षा मानियो र उच्च शिक्षामा सुरुमा कलकत्ता विश्वविद्यालय त्यसपछि पटना विश्वविद्यालयको पाठ्यक्रम त्रिभुवन विश्वविद्यालयको स्थापना नहुञ्जेल लागु गरियो (शर्मा, २०६०, पृ. ८) ।

खास गरेर नेपालको शिक्षा व्यवस्थालाई प्राथमिक, माध्यमिक र उच्च गरी तीन तहमा समावेश गरेको छ (Skar & Cederroth, 1997) । “नेपाल राष्ट्रमा पुराकालको शिक्षाको पूर्वरूप के कस्तो थियो भन्ने विषयमा यथार्थ निर्धारण गर्न आनुक्रमिक इतिहास दुर्लभ र प्रकीर्ण वृत्तान्तहरू पनि पूरा प्रकाशित नहुनाले साधनको कमी छ” (कलेज अफ एजुकेशन, सन् १९५६, पृ. १९ । त्यसकारण औपचारिक गुरुकुलहरू स्थापना भए पश्चात् विकसित तत्कालीन नेपालको विद्यालय शिक्षा संरचनालाई तालिका नं. ४.२ मा उल्लेख गरिएको छ ।

तालिका नं. ४.२ : नेपालको विद्यालय शिक्षा संरचना

| कक्षा | तह | उमेर |
|---|---|---|
| १-५ | प्राथमिक शिक्षा | ६-१० |
| ६-८ | निम्न माध्यमिक शिक्षा | ११-१३ |
| ९-१० | माध्यमिक शिक्षा | १४-१५ |
| ११-१२ | उच्च माध्यमिक शिक्षा | १६-१७ |
| १३-१६ | उच्च शिक्षा (विश्वविद्यालय) साधारण, प्राविधिक, व्यावसायिक, संस्कृत | १८-२१ |
| १७+ | ,, | २२+ |

[Source: Adapted from Ministry of Education, Nepal (Ministry of Education, Keshar Mahal, Kathmandu, 2nd. ed., 1996, p.3.) (in Skar & Cederroth,1997, p.79)]

साथै प्राचीन गुरुकुल शिक्षाको निरन्तरता दिइरहेका संस्कृत र वेदविद्याश्रम विद्यालय शिक्षा संरचनालाई क्रमशः तलको तालिका नं. ४.३, ४.४ र ४.५ मा उल्लेख गरिएको छ ।

तालिका नं. ४.३ : संस्कृत र वेदविद्याश्रम विद्यालय शिक्षाको संरचना

| क.सं. | तह | कक्षा |
|---|---|---|
| ०१ | पूर्व प्राथमिक | - |
| ०२ | आधारभूत | १-५ |
| | | ६-८ |
| ०३ | माध्यमिक | ९-१२ |

स्रोत : नेपाल सरकार, शिक्षा मन्त्रालय, पाविकेद्वारा वि.सं. २०६८ मा प्रकाशित गुरुकुल शिक्षाको पाठ्यक्रम आधारभूत तह कक्षा १-८ र माध्यमिक शिक्षा पाठ्यक्रम कक्षा ९-१० बाट लिइएको ।

उक्त तालिकाले गुरुकुल शिक्षाका संरचनालाई ३ तहमा विभक्त गरेको छ । यसबाट के स्पष्ट हुन्छ भने चार वर्ष उमेर पूरा नभएका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक शिक्षा दिन सकिने छ भने चार वर्ष उमेर पूरा भइसकेका बालबालिकालाई एक वर्षको पूर्व प्राथमिक शिक्षा प्रदान गरिनेछ । विद्यालय शिक्षा कक्षा १-१२ को हुनेछ ।

संस्कृत विद्याको शिक्षण कार्यलाई उच्चतम हदसम्म सुव्यवस्थित गर्दै संस्कृत शिक्षाबाट नेपाली समाजका विविध क्षेत्रमा प्राप्त उपलब्धिहरूलाई संरक्षण र संवर्द्धन गर्दै जाने उद्देश्य लिएर मसंवि (हाल नेसंवि) स्थापना भएको हो । उक्त विश्वविद्यालयमा अन्तर्गत संस्कृत शिक्षासम्बन्धी विश्वविद्यालय शिक्षाको संरचनालाई तालिका नं ४.४ मा उल्लेख गरिएको छ ।

तालिका नं. ४.४ : संस्कृत विश्वविद्यालय शिक्षाको संरचना

| क.सं. | पढाइ हुने तह | प्रदान गरिने उपाधि |
|---|---|---|
| ०१ | उत्तर मध्यमा | प्रमाणपत्र |
| ०२ | शास्त्री | स्नातक |
| ०३ | आचार्य | स्नातकोत्तर |
| ०४ | विद्यावारिधि | पिएच.डी. |
| ०५ | मानार्थ महाविद्यावारिधि | डी.लिट |

स्रोत : गोपीनाथ शर्मा (वि.सं. २०६०) द्वारा लिखित नेपालमा शिक्षाको इतिहास भाग-२ बाट लिइएको ।

उक्त तालिकाले संस्कृत विश्वविद्यालय अन्तर्गत संस्कृत उच्च शिक्षालाई उत्तरमध्यमा, शास्त्री, आचार्य, विद्यावारिधि र मानार्थ विद्यावारिधि गरी पाँच तहको संरचनामा विभक्त गरेको छ । सो विश्वविद्यालयको सङ्गठनात्मक स्वरूप अन्तर्गत विश्वविद्यालय सभा, कुलपति, सह-कुलपति, उप-कुलपति, प्राज्ञिक परिषद, कार्यकारी परिषद, शिक्षाध्यक्ष, कुल सचिव, अनुसन्धान केन्द्र, आङ्गिक र सम्बन्धन प्राप्त विद्यापीठहरू तथा विभिन्न समिति एवं विभागहरू अन्तर्गत छनोट समिति, विषय समिति, परीक्षा समिति, समानस्तर निर्धारण समिति, केन्द्रीय पुस्तकालय सञ्चालक समिति र शिक्षण विभागहरू रहेका छन् । साथै वर्तमान आधुनिक शिक्षा अन्तर्गत संस्कृत शिक्षातर्फको तहगत संरचना र उमेरलाई तालिका नं. ४.५ मा देखाइएको छ ।

तालिका नं. ४.५ : विद्यालय शिक्षाको तहगत संरचना र उमेर

| विद्यालयको तह | कक्षा | उमेर समूह | सिकाइ क्षमतास्तर |
|---|---|---|---|
| प्रारम्भिक बालविकास तथा शिक्षा | प्रारम्भिक बालविकास तथा शिक्षा | ४ वर्ष | |
| आधारभूत | १-३ | ५-७ वर्ष | तह १ |
| | ४-५ | ८-९ वर्ष | तह २ |
| | ६-८ | १०-१२ वर्ष | तह ३ |
| माध्यमिक | ९-१० | १३-१४ वर्ष | तह ४ |
| | ११-१२ | १५-१६ वर्ष | तह ५ |

स्रोत : नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, पाविकेद्वारा वि.सं. २०७६ मा प्रकाशित माध्यमिक शिक्षा पाठ्यक्रमबाट लिइएको ।

उक्त तालिकाले संस्कृत शिक्षाको तहगत संरचना र बालबालिकाको उमेरलाई स्पष्ट गरेको छ । यसले विद्यार्थीको सिकाइ क्षमता स्तर बमोजिम तह ५ सम्म विभक्त गरिएको छ । साथै वर्तमान शैक्षिक व्यवस्थामा प्रशासकीय एवं व्यवस्थापकीय

संरचनामा सुधार गर्न सरकारी तथा गैरसरकारी स्तरमा आयोग, परिषद, योजना र समितिहरू विभिन्न समयमा गठन भएको देखिन्छ ।

प्राचीनकालमा औपचारिक शिक्षण संस्था थिएनन् । विभिन्न केन्द्र वा जनजातिका चर्चित विद्वान्हरूको परिषद् वा परिषद्ले आधुनिक प्रकारका सार्वजनिक शैक्षिक संस्थाहरू व्यवस्थित गर्न आवश्यक महसुस गरेनन्, शिक्षकहरूको सहयोगमा काम गरे (Altekar, 1944, p. 71) । गुरुकुल छात्रछात्राहरूलाई पवित्र ज्ञानभूमि र तपोभूमिको रूपमा सिद्ध थियो (घिमिरे, २०७०, पृ. ६१) । त्यस्तै नालन्दा विश्वविद्यालय सुरुमा धार्मिक केन्द्रको रूपमा नामाङ्कित थियो । पछि अरु विश्वविद्यालय जस्तै उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाका रूपमा विकसित भएको थियो (Apte, 1924)।

त्यसबेला "धार्मिक स्थल र तीर्थस्थलहरू शिक्षाका मुख्य केन्द्रको रूपमा रहेका थिए । बौद्ध विहार तथा गुम्बाहरूमा भिक्षुहरूले र गृहस्थीमा दैवज्ञहरूले अध्यापन गर्दथे" (उपाध्याय, २०६२, पृ. ३५) । वि.सं. १९१० मा असोज २७ गते थापाथली दरबार स्थित दाखचोकको अगाडिको भुइँतलामा अङ्ग्रेजी प्रारम्भिक स्कुल स्थापना गरेको देखिन्छ । त्यस विद्यालयमा तत्कालीन राणा शासक र उनीहरू सन्ततिहरूले मात्र पढ्न सक्थे ।

यसले नेपालको आधुनिक शिक्षाको सुरुवातीको प्रतिनिधित्व गर्दछ (Sharma, 1990) । राणाशासन अन्तर्गत आधुनिक शिक्षाको सम्पूर्ण विचार विदेशी विचारको रूपमा बाहिरी दुनियाँबाट आयात भएको पाइन्छ (Karki, 2019, p. 80) । पछि राणाकालमा परम्परागत वा साधारण शिक्षालाई औपचारिक रूपमा सञ्चालन गर्न भाषा पाठशाला, स्रेता पाठशाला, संस्कृत पाठशाला जस्ता शैक्षिक संस्थाको स्थापना गरिएको थियो (उपाध्याय, २०६२, पृ. ३६) । त्यहि केन्द्र वा संस्थालाई आजकाल विद्यालय भनिन्छ ।

राणाशासनभन्दा अगाडि अनौपचारिक विद्यालय बढी थिए भने त्यसपछि जनचेतनाको वृद्धिका कारणले औपचारिक विद्यालय धेरै खुलेका थिए । वर्तमानमा भने कानुनी रूपमा नै मान्यता प्राप्त गरी औपचारिक र अनौपचारिक विद्यालयहरू स्थापित भै सञ्चालनमा रहेका छन् । वि.सं. २००९/१० सम्म आइपुग्दा नेपालमा पाठशाला, शिक्षक र विद्यार्थीहरूको सङ्ख्या तालिका नं. ४.६ मा देखाइएको अनुसार हुन पुग्यो ।

तालिका नं. ४.६ : नेपालमा पाठशाला, शिक्षक र विद्यार्थीहरूको सङ्ख्या

| पाठशालाका भेद | जम्मा सङ्ख्या | शि.स | | | वि.स | | |
|---|---|---|---|---|---|---|---|
| | | पुरुष | स्त्री | जम्मा | पुरुष | स्त्री | जम्मा |
| संस्कृत | २४३ | ३१८ | २ | ३२० | ६३२६ | ५४० | ६८६६ |
| अङ्ग्रेजी | १०२८ | २८९९ | ५५ | २९५४ | ५६४०८ | १९५४ | ५८३६२ |
| आधार | ४९ | २४४ | ६ | २५० | ६३१५ | ७४८ | ७०६३ |
| माथिल्ला संस्थाहरू (महाविद्यालय, माथिल्ला र अन्य) | २१ | १४० | ३ | १४३ | १२५३ | ६३ | १३१६ |
| जम्मा | १३४१ | ३६०१ | ६६ | ३६६७ | ७०३०२ | ३३०५ | ७३६०७ |


स्रोत : प्रकाशन विभाग, कलेज अफ एजुकेशन, काठमाडौँ, नेपालद्वारा सन् १९५६ मा प्रकाशित नेपालमा शिक्षा बाट लिइएको, पृ. ४९ ।

तालिका नं. ४.६ ले तत्कालीन अवस्थामा २४३ वटा संस्कृत विद्यालय रहेको देखाउँछ । साथै संस्कृत र अङ्ग्रेजी विद्यालयमा पढ्ने कूल विद्यार्थी ६५२२८ मध्ये

लगभग ११ प्रतिशत विद्यार्थीले मात्र संस्कृत अध्ययन गरेकाले संस्कृत शिक्षाप्रति विद्यार्थीको आकर्षण कम रहेको पुष्टि गर्दछ ।

तत्कालीन प्रशासनको इतिहास केलाउँदा भारतमा रहेको विक्रमशीला विश्वविद्यालयको विभिन्न कामहरू गर्न बोर्डको व्यवस्था थियो । त्यहाँ पूर्ण शैक्षिक स्वायत्तता थियो । शिक्षकहरूको विभिन्न शैक्षिक कार्य सञ्चालन गर्न विभागहरू थिए (Apte, 1924) । सन् १९५१ भन्दा पहिले नेपालमा शिक्षाको लागि प्रशासनिक सुविधाहरूको आवश्यकता थोरै थियो (Wood, 1965, p. 20) । फलस्वरूप शिक्षा सेवालाई व्यवस्थित गर्न त्यसपछि नेपालमा प्रभावकारी प्रशासन/सङ्गठन को विकास भएको पाइन्छ । विशेष गरेर वि.सं. २००८ मा विकसित नेपालको प्रशासनिक र शैक्षिक सङ्गठनात्मक रूपरेखासम्बन्धी विवरण तालिका नं. ४.७ मा देखाइएको छ ।

तालिका नं. ४.७ : नेपालको प्रशासन र शिक्षा सङ्गठन





Source : Joshi, 2003, p. 177

माथिको तालिकाबाट यो स्पष्ट हुन्छ कि संस्कृत शिक्षा विभागमा महानिर्देशक अन्तर्गत उप निरीक्षकको व्यवस्था थिएन । त्यसबेला सार्वजनिक शिक्षा र संस्कृत

शिक्षाका अलग अलग महानिर्देशकको व्यवस्था गरेर उत्तरदायित्व विभाजन गरिएको थियो । संस्कृत शिक्षा विभाग अन्तर्गतको पाठशाला बन्दोबस्त नागरिक फाँट सृजना गरिएको थियो । उक्त फाँटलाई भाषा पाठशाला, श्रेस्ता पाठशाला, संस्कृत विद्यालय, तीनधारा पाकशाला र बौद्ध अन्तर्गत विहार र मठको व्यवस्थापनको दायित्व दिएको पाइन्छ ।

यसले राणाकालदेखि नै विद्यालय शिक्षाको सुधार, निरीक्षण, नियन्त्रण गर्न निरीक्षक, प्रधानाध्यापक र बडाहाकिमलाई जिम्मेवार बनाइएको स्पष्ट हुन्छ । प्रजातन्त्रको स्थापनासँगै वि.सं. २००९ मा शिक्षा मन्त्रालयले तत्कालीन विद्यालय शिक्षाको विस्तार र सुधारका लागि सङ्गठन रूपरेखा निर्माण गरेको छ । जसलाई तल तालिका नं. ४.८ मा देखाइएको छ :

तालिका नं. ४.८ : शिक्षा मन्त्रालयको सङ्गठनात्मक विवरण




Source : Joshi, 2003, p. 179

माथिको तालिकाले यो स्पष्ट हुन्छ कि संस्कृत शिक्षालाई महत्त्व दिइ शिक्षा विभाग अन्तर्गत संस्कृत शिक्षा निर्देशनालय र एक जना निर्देशकको व्यवस्था गरिएको

देखिन्छ । यसले संस्कृत विद्यालय, कलेज र नेपाली भाषा अनुवाद समितिको व्यवस्थापन र सुधारको उत्तरदायित्व पाएको थियो । त्यसपछि नेराशियोआ २०११ ले शिक्षा विकासका सुझाव दियो । यसले प्रजातन्त्र स्थापना पछि संस्कृत शिक्षाको महत्त्व र प्रभाव बढ्दै गएको स्पष्ट हुन्छ । वर्तमान शिक्षा संरचनामा पनि विद्यालयको प्रशासकीय प्रमुखको रूपमा प्रधानाध्यापकलाई मानिन्छ । प्रधानाध्यापकको कुशल नेतृत्वमा नै शैक्षिक प्रशासन र सङ्गठनका संरचनाहरू तयार हुन्छन् ।

त्यसबेला बाइसी राज्यमा प्रशासनको विभिन्न पदहरू सृजना गरिएको पाइन्छ (शर्मा, २०६८, पृ. २७) । यसबाट शैक्षिक व्यवस्थापन र प्रशासन सञ्चालनमा समेत सहयोग पुगेको देखिन्छ । प्राचीन र मध्यकालमा प्रचलित अनेक प्रशासनिक पदहरू आधुनिककालमा पनि यथावत रहेको पाइन्छ (उपाध्याय, २०६२, पृ. १९१) । तत्कालीन शिक्षा व्यवस्थाको नेतृत्व गुरुले गर्ने भएता पनि त्यसबेला शिक्षासँग सम्बन्धित प्रशासनिक जिम्मेवारीका विभिन्न पदहरू सृजना गरिएको थियो, जसलाई तलको तालिका नं. ४.९ मा देखाइएको छ ।

तालिका नं. ४.९ : बाइसी राज्यमा प्रशासनको विभिन्न पदहरू

| क.सं. | पद |
|---|---|
| ०१ | देवान (राजाको सल्लाहकार वा ज्योतिष) |
| ०२ | धर्माधिकार (प्रायश्चित दिने व्यक्ति) |
| ०३ | राजगुरु (राजालाई अक्षरारम्भ गर्ने व्यक्ति) |
| ०४ | काजी (मन्त्री) |

स्रोत : शैजविके, सानोठिमी भक्तपुरद्वारा प्रकाशित शिक्षक सेवाको खुल्ला प्रतियोगितात्मक परीक्षा स्रोत सामग्री वि.सं. २०६८ ।

उक्त तालिकाले शिक्षासँग सम्बन्धित देवान, धर्माधिकार, राजगुरु र काजी जस्ता तत्कालीन प्रशासनिक पदहरूको सिर्जना गरेको भन्ने जानकारी प्रदान गरेको छ

। यसबाट प्राच्य शिक्षामा औपचारिक संरचना रहेको देखिन्छ । प्राच्य शैक्षिक व्यवस्थापन गर्न उल्लिखित पदहरूको महत्त्वपूर्ण भूमिका थियो भन्ने स्पष्ट हुन्छ ।

निष्कर्षमा, यस अध्यायले गुरुकुल शिक्षाको औपचारिक संरचना/सङ्गठनको विश्लेषण गर्दै प्राच्य शिक्षाको स्वरूपलाई औल्याएको छ । गुरु वा गुरुको घर, शिष्य, शास्त्र, परिषद, सम्मेलन र प्राचीन शिक्षालय नै औपचारिक गुरुकुल शिक्षाका संरचनागत तत्त्व हुन् । तत्कालीन गुरुकुलको औपचारिक संरचना/सङ्गठन व्यवस्थापन गुरुको विवेकमा निर्भर रहेको पाइन्छ । गुरु निःस्वार्थ भावनाले स्वः परिचालित, उनी कहिल्यै कोहीबाट निर्देशित र नियन्त्रित नरहेकाले गुरु स्वयम् स्वायत्त निकाय/संरचना/सङ्गठनको भूमिकामा रहेको पुष्टि हुन्छ । पछिल्लो समय राज्य व्यवस्था सङ्गठित हुँदै आएपछि गुरुकुल संरचनालाई व्यवस्थित बनाउँदै राज्य संरचनाकै अङ्ग बनाएर विद्यालय, महाविद्यालय तहसम्म यसलाई कायम गर्दै आजसम्म जीवित बनाइरहेको तथ्य पुष्टि हुन्छ ।

# अध्याय पाँच

## प्राच्य शिक्षामा शैक्षिक व्यवस्थापन

### ५.१ विषय प्रवेश

कुनै पनि शैक्षिक संस्थाको लक्ष्य प्राप्तिको लागि व्यवस्थापनको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । व्यवस्थापन नेतृत्व र प्रशासनसँग खप्टिएको अवधारणा हो । यो शब्दावली विभिन्न देशहरू (बेलायत, युरोप र अफ्रिका) मा प्रख्यात र प्रयोगमा रहेको पाइन्छ । खासमा शैक्षिक व्यवस्थापन शैक्षिक सङ्गठनहरूको सञ्चालनसँग सम्बन्धित अध्ययन र अभ्यासको एक क्षेत्र हो (Bush, 2008, p. 1) । अमेरिका, क्यानाडा र अष्ट्रेलियामा व्यवस्थापनको सट्टा प्रशासन शब्दको प्रयोग गर्न मन पराउँछन् (Ibrahim, 2017)।

विद्यालय वा कलेजको शैक्षिक उद्देश्य प्राप्ति गर्न तथा त्यसलाई प्रभावकारी रूपले चलाउन नेतृत्व तथा व्यवस्थापन समान हिसाबले विशिष्ट हुनुपर्छ किनकि अभिभावक र परिवार आशा गर्दछ कि विद्यालयले सामाजिकीकरण प्रक्रिया लागु गर्न सक्दछ (Yuliani & Hartanto, 2016) । त्यसको लागि नेतृत्वमा स्पष्ट दूरदर्शिता आवश्यक हुन्छ, जसले परिवर्तनको दिशा र प्रकृति स्थापित गर्दछ तसर्थ व्यवस्थापनले विद्यालयको शिक्षा प्रक्रिया र सङ्गठनमा साझेदारीको रूपमा विद्यार्थी र अभिभावकसँग समन्वय गर्दछ ।

व्यवस्थापन भनेको वातावरणको डिजाइन र मर्मत गर्ने प्रक्रिया हो जसमा व्यक्तिहरू, समूहहरूमा सँगै काम गरेर, कुशलतापूर्वक चयन गरिएका उद्देश्यहरू पूरा गर्छन् (Koontz & Donnell, 1993, p. 4) । यो शिक्षा क्षेत्रमा गरिएको लगानीलाई व्यवस्थित र सहि तरिकाले कार्यान्वयन गर्न महत्त्वपूर्ण हुन्छ । मानवीय र भौतिक स्रोतको उपयोग गरी संस्थाको गतिविधिको योजना, आयोजना, निर्देशन र नियन्त्रण गर्ने

प्रक्रिया शैक्षिक व्यवस्थापन हो (Manichander, 2015, p. 1) । शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न समग्र रूपमा सिकारुमैत्री वातावरणीय अनुकूलता मिलाउने काम शैक्षिक व्यवस्थापनको कार्य हो (Olum, 2004) ।

यो प्रक्रिया शिक्षाको विकासका लागि आवश्यक मानिन्छ । शैक्षिक व्यवस्थापनभित्र पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षक तथा कर्मचारी व्यवस्था, शिक्षक र विद्यार्थी प्रशासन, आर्थिक प्रशासन, नेतृत्व, विद्यालय समुदाय सम्बन्ध, शैक्षणिक योजना, भौतिक व्यवस्था, परीक्षा प्रणाली, अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण सम्बन्धी कार्यहरू पर्दछन् (पौडेल, २०७१) । यसमा शिक्षण सिकाइ कार्य सञ्चालनका लागि कर्मचारी र सामग्रीहरूको व्यवस्था, शिक्षण एवं सिकाइमा आधारित लक्ष्यहरू तथा नीतिहरूको विकास र सुहाउँदो कार्यक्रमको विकासमा उत्प्रेरित गर्ने जस्ता पक्षहरू पर्दछन् ।

## ५.२ प्राच्य शिक्षाको शैक्षिक व्यवस्थापनका पक्षहरू

शिक्षा पद्धतिद्वारा निर्धारित शैक्षिक उद्देश्यहरू सफलतापूर्वक पूरा गर्न शैक्षिक व्यवस्थापन अन्तर्गत उल्लिखित आठ पक्षहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । जसलाई अध्याय तीनको दफा ३.३ मा उल्लिखित शोधविधिको उपयोग गरी प्राथमिक र सहायक स्रोतहरूबाट प्राप्त तथ्याङ्क र सूचनाको आधारमा निम्नानुसार व्याख्या एवं विश्लेषण गरिएको छ :

### ५.२.१ शैक्षिक प्रशासन र सङ्गठन

व्यवस्थापनको एक प्रायोगिक क्षेत्र शैक्षिक व्यवस्थापन हो । यो लक्ष्य प्राप्तिको लागि पूर्वनिर्धारित स्रोतको प्राप्ति र बाँडफाँट गर्ने एउटा प्रक्रिया हो ((Ibrahim, 2017) । यसले शिक्षा क्षेत्रका सिद्धान्त र अभ्यासलाई प्रयोगमा ल्याउँछ । प्रशासन भनेको संस्थाको निर्धारित लक्ष्य प्राप्तिको मुख्य उद्देश्यका निम्ति कुनै पनि सङ्गठनहरूलाई उपलब्ध मानवीय र भौतिक स्रोतहरूमा व्यवस्थित ढङ्गले व्यवस्था र समन्वय गर्ने

प्रक्रिया हो (Amadi-Eric, 2008, p. 5) तसर्थ शैक्षिक व्यवस्थापन अन्तर्गतको एक महत्त्वपूर्ण पक्षको रूपमा शैक्षिक प्रशासन र सङ्गठन रहेको छ ।

विद्यालय सञ्चालन गरिने प्रशासन/व्यवस्थापनलाई विद्यालय प्रशासन र विद्यालयको शैक्षणिक क्रियाकलापको रेखदेख पुऱ्याउनु तथा सुझाव दिनुलाई विद्यालय प्रशासन भनिन्छ (उमाशिप, २०६७, पृ. ७६) । गुरुले आश्रम वा गुरुकुल वा विद्या केन्द्रमा शिक्षणका लागि गरिने विविध प्रकारका व्यवस्था नै शैक्षिक सङ्गठन हो । खास गरेर विद्यार्थीको उमेर र क्षमता विभिन्न हुन्छन, त्यसका आधारमा समूह वा कक्षामा विभाजन गरेर शिक्षण गर्ने व्यवस्था नै शैक्षणिक सङ्गठन हो । यसका लागि विद्यार्थीको सङ्ख्या, शिक्षकको योग्यता, अनुभव, भौतिक व्यवस्था, कक्षाको उपयुक्तता, विद्यार्थी तथा शिक्षकको रुची जस्ता पक्षहरूलाई आधार बनाइएको हुन्छ ।

त्यसबेला गुरुकुलले शास्त्र सम्बन्धी ज्ञान मात्र प्रदान नगरी शिष्यलाई व्यवहारिक ज्ञान समेत प्रदान गर्दथ्यो । यसका लागि सनातनदेखि मानिसहरू समय, शासन व्यवस्था र आवश्यकताको प्रभावको कारण आफ्ना समस्याहरू समाधान गर्न आफैँ अग्रसर देखिन्थे । त्यसक्रममा शिक्षाका औपचारिक वा अनौपचारिक प्रशासन र सङ्गठनको विकास गर्दै अघि बढेको कुरा स्पष्ट हुन्छ ।

अनौपचारिक रूपमा भए पनि शैक्षिक प्रशासन र सङ्गठनको भूमिका निर्वाह गर्न वैदिककालमा एउटा प्रशासनको सर्वोच्च निकायलाई बुझाउन राजा शब्द आएको थियो (गौतम, २०६६, पृ. ४३) तर "किराँतकालको शिक्षा दीक्षा बारे यकिन गर्न सकिएको छैन । किराँतकाल नेपाली संस्कृतिको उत्पत्तिकाल हो । त्यसकालमा निर्माण भएका अशोकका चैत्यहरू पाटन लगनखेलमा छँदैछन्" (शर्मा, २०६८, पृ. १८) । त्यसपछि शैक्षिक प्रशासनको आवश्यकता महसुस हुँदै गयो । नवौ शताब्दीको अन्तिम चौथाई अर्थात् ई. ८७९ अक्टुवरसम्म लिच्छविकाल कायम भएको मानिन्छ (Dahal, 2009, p. 125) । लिच्छवि युगमा आर्थिक, सामाजिक, साँस्कृतिक र कलाकौशल तथा शैक्षिक क्षेत्रमा नेपालले राम्रो उन्नति गरेको थियो ।

लिच्छविकालमा शिक्षाको व्यवस्था हेर्ने प्रशासनको अङ्गलाई अग्रहार भनिन्थ्यो (शर्मा, २०६०, पृ. ९) । राजा मानदेवको समयमा स्वयम्भूको एक अभिलेखमा उनलाई शिक्षाको सदुपयोग गर्ने, बुद्धिमान्, पढाइका खानी र कलामा सिपालु विद्वान् राजा भनिएको छ । यसबाट मानदेव आफैं विद्वान् भएकोले शास्त्रहरूको अध्ययन गरी शासन र प्रशासन सञ्चालन गर्ने गर्दथे भन्ने स्पष्ट हुन्छ ।

उनको छोरी विजयावती पनि पढे-लेखेकी थिइन् भन्ने कुरा उनको सूर्यघाट अभिलेखमा उनलाई सम्बोधन गर्दा विभिन्न कलामा निपुण भएकी भनिएकोबाट स्पष्ट हुन्छ । शिक्षा र धर्ममा पनि नारीहरूलाई पूर्ण स्वतन्त्रता दिइएको थियो (उपाध्याय, २०६२, पृ. ६) । त्यस समयमा सरकारी र संस्थागत गरी दुई तहमा शिक्षाको व्यवस्थापन गरिन्थ्यो (Joshi, 2003) । यसले तत्कालीन शैक्षिक व्यवस्थापनमा महिलाको सक्रियतालाई औंल्याउँछ ।

"प्राच्य शैक्षिक प्रशासन र सङ्गठन  निकै सुदृढ थिए । महोत्तरीको मटिहानी पाठशाला मठकै आयस्तामा सञ्चालन हुँदै आएको थियो । त्यहाँको व्यवस्थापन र प्रशासनमा महन्तको भूमिका निकै ठुलो रहन्थ्यो" (शर्मा, २०६८, पृ. २९) । यसबाट तत्कालीन शिक्षाको प्रशासनिक प्रबन्ध गर्ने कार्य गुरु र सन्त महन्तको भएको स्पष्ट हुन्छ । त्यसबेला शैक्षिक प्रशासन राज्यद्वारा सञ्चालन नभइ धार्मिक सङ्घ-संस्थाबाट सञ्चालन हुन्थ्यो । यसबाट गुरुकुल प्रशासन औपचारिक तथा अनौपचारिक दुबै रूपले व्यवस्थित थियो भन्न सकिन्छ ।

आधुनिक शिक्षा प्रशासन बारे शर्मा (२०६०) ले यसरी औंल्याएका छन्, वि.सं. १९०३ मा राणाशासनको स्थापनापछि बेलायतबाट भारतमा र भारतबाट नेपालमा आयात गरिएको म्याकलेको शिक्षाले हाम्रो देशमा पनि प्रवेश पाएको थियो । त्यस समय नेपालमा जङ्गबहादुर राणा प्रधानमन्त्री थिए । जब उनी बेलायत भ्रमण गरेर नेपाल फर्किए । त्यसपछि औपचारिक रूपमा दरबार स्कूल स्थापना भए पछि वि.सं. १९१८ मा शिक्षा डाइरेक्टरको व्यवस्था भयो ।

वि.सं. १९३४ राजकीय संस्कृत प्रधान पाठशाला खुलेपछि शिक्षा प्रशासन हेर्न बडा गुरुज्यूलाई तोकियो । वि.सं. १९७७ मा पाठशाला बन्दोबस्त इन्स्पेक्टरी अफिस खडा गरिएको थियो । वि.सं. १९९६ मा देखावटीका लागि इस्तिहार जारी भए पनि प्रशासनिक अधिकार राणा सरकारमा सिमित थियो । तत्कालीन प्रशासन केन्द्रीकरण थियो । वि.सं. २००३ मा डेपुटी इन्स्पेक्टर अफिस पूर्व र पश्चिम फाँट स्थापना भएपछि क्षेत्रीय स्तरको प्रशासनिक संरचना निर्माण भयो (शर्मा, २०६०, पृ. १४-१५) ।

राणा सरकारको शिक्षा विकासप्रति उति रुचि नहुँदा स्कूल गोश्वारा (शिक्षा विभाग) उस्तो फष्टाउन सकेन (पाँडे, २०४२, पृ. ३५) । नेपालमा राणाकाल सुरुदेखि प्रजातन्त्रको स्थापना नहुँदासम्म विकसित प्राच्य वा संस्कृत शिक्षा शैक्षिक प्रशासन र सङ्गठन एवं मुख्य शैक्षिक घटनाक्रमलाई तलको तालिका नं. ५.१ मा उल्लेख गरिएको छ ।

तालिका नं. ५.१ : राणाशासन कालसम्मको मुख्य शैक्षिक घटनाक्रम सम्बन्धी विवरण

| मिति | शैक्षिक घटनाक्रम | कैफियत |
|---|---|---|
| वि.सं. १९१५ | शिक्षा डाइरेक्टरको कार्यालय तथा शिक्षा विभाग स्थापना, डाइरेक्टर जनरल अफ पब्लिक इन्स्ट्रक्सनमा जनरल बबरजङ्ग राणा नियुक्त । | |
| वि.सं. १९२७ | जङ्गबहादुर राणा कै समयमा ४ जना गुरु र ५७ जना संस्कृतका विद्यार्थीहरू भएको नारायणहिटी पाठशाला सुचारु अवस्थामा रहेको । | |
| वि.सं. १९३२ | जङ्गबहादुर राणाको शासनकालमा उनको साहिला छोरा जनरल जितजङ्गले आफ्नो निजी खर्चमा संस्कृतको पठनपाठन र कर्मकाण्ड गराउन संस्कृत पाठशाला सुरु । | |
| वि.सं. १९३२ | धीरशमशेर शिक्षा डाइरेक्टरमा नियुक्त र पूर्वी नेपालको भोजपुर जिल्लाको दिङ्लामा श्री षडानन्द अधिकारीबाट | |

| | | |
|---|---|---|
| | संस्कृत पाठशालाको स्थापना । | |
| वि.सं. १९३४ | रानीपोखरी संस्कृत पाठशालाको स्थापना । | |
| वि.सं. १९३८ | जनरल केदार नरसिंह शिक्षा डाइरेक्टरमा नियुक्त । | |
| वि.सं. १९४१ | धीरशमशेरले गुठीको आयस्ताबाट ५४ जना ब्राम्हणहरूलाई नित्य भोजन गराई वैदिक शिक्षा दिन तीन धारा पाठशालाको पूर्वाधार खडा गर्न उपत्यका भित्रका काठमाडौं, पाटन, भक्तपुर र उपत्यका बाहिर बारा, रौतहट, महोत्तरी आदि जिल्लाका विभिन्न ठाउँका जग्गा सङ्कल्प गरी गुठीको व्यवस्था । | |
| वि.सं. १९४३ | ब्राम्हणहरूलाई नित्य भोजनको व्यवस्था । | |
| वि.सं. १९४४ | कमान्डर जनरल चन्द्रशमशेर शिक्षा विभागको डाइरेक्टर जनरल अफ पब्लिक इन्स्ट्रक्सनमा नियुक्त । | |
| वि.सं. १९४५ | रानीपोखरीको इशानकोणमा पाकशाला भवन निर्माण । | |
| वि.सं. १९४८ | राणा प्रधानमन्त्री वीर शमशेरको पालामा दरवार स्कुलको स्थायी भवन खडा भएपछि तल्लो तल्लामा रानीपोखरी पाठशाला र माथिल्लो तल्लामा दरवार स्कुल गरी रणमुक्तेश्वरबाट स्थानान्तरण गरिएको । | |
| वि.सं. १९५५ | रानीपोखरीको पाठशालामा मध्यमासम्मको पढाइ हुन्थ्यो । त्यहाँ पढेर वनारस परीक्षा दिन जाने छात्रहरूको वेद, व्याकरण र ज्योतिषको परीक्षा लिई दिने व्यवस्था यसै सालदेखि सुरू भएको । | |
| वि. सं. १९५६ | वनारसमा संस्कृत पढ्न जान मासिक रु ५।- छात्रवृत्ति रकमको व्यवस्था । | |
| वि.सं १९५८ | राणा प्रधानमन्त्री देवशमशेरबाट काठमाडौं उपत्यकामा १९ वटा पाठशाला स्थापना गरिएको, प्रधानमन्त्री चन्द्र शमशेरले २० वटा पाठशाला खोली शिक्षक दरबन्दी र | |

| | | |
|---|---|---|
| | वार्षिक तलव निर्धारण र कमान्डर इन चिफ भीमशमशेर शिक्षा विभागको डाइरेक्टर जनरल अफ पब्लिक इन्स्ट्रक्सनमा नियुक्त । | |
| वि.सं. १९६२ | अड्डामा लेखापढी गर्ने, हिसाब किताब राख्ने, लेखनदास, श्रेस्तेदार, बहिदार आदि तयार गर्ने उद्देश्यले श्रेस्ता पाठशालाको स्थापना र त्रिचन्द्र भारती भवन पाठशाला सिलगढी डोटीमा स्थापना भएको । | |
| वि.सं. १९६३ | जय पृथ्वीबहादुर सिंहले आफू नक्सालमा बस्दा आफ्नो दरवारभित्र सत्यवादी नामको एउटा प्राथमिक पाठशाला सञ्चालन गराएको । | |
| वि.सं. १९६८ | प्रयाग विश्वविद्यालयको म्याट्रीकुलेसन परीक्षामा नेपाली भाषाको माध्यमबाट परीक्षा दिन पाइने भएको । | |
| वि.सं. १९७२ | सिराहा जिल्लामा पहिलोपटक उपत्यका बाहिरको पहिलो चन्द्र मिडिल स्कुलको नामबाट अङ्ग्रेजी स्कुलको स्थापना | |
| वि.सं. १९७५ | त्रिचन्द्र कलेजको स्थापना । | |
| वि.सं. १९७६ | चन्द्रशमशेरले पाठशाला बन्दोबस्त नागरिक फाँट अन्तर्गत इन्सपेक्टरी अफिसको तालुकवालामा नायव बडागुरुज्यू पं. हेमराज पाण्डेलाई नियुक्त गरी भाषा पाठशालाहरूको निरीक्षण गर्न तोकिएको, श्रेस्ता पाठशालामा लेखा, श्रेस्ता र हिसाब पाठ्यक्रम निर्धारित भएको र त्रिचन्द्र कलेज, दरवार स्कुल लगायत अरू अङ्ग्रेजी स्कुलहरूको क्रमशः प्रोफेसर, शिक्षक तथा अन्य कर्मचारीहरूको दरबन्दी आदिको व्यवस्था, दैनिक प्रशासन, रेखदेख, सुपरीवेक्षण, निरीक्षण र निर्देशन समेत दिन कलेज स्कुल गोश्वारा खडा भएको साथै लेफ्टिनेन्ट जनरल बहादुर शमशेर शिक्षा विभागको डाइरेक्टर जनरल अफ पब्लिक इन्स्ट्रक्सनमा नियुक्त । | |
| वि.सं. १९७७ | त्रिचन्द्र कलेजमा इन्टर मिडियट स्तरको विज्ञानको पढाइ पनि सञ्चालन भएको | |

| | | |
|---|---|---|
| वि.सं. १९७८ | श्रेस्ता पाठशालाको पाठ्यक्रममा एक विषय औंठा पनि थपिएको । लेख, श्रेस्ता, हिसाब र औंठा यी चार विषयपास गरेका कारिन्दालाई चार पासे भनिन्थ्यो । | |
| वि.सं. १९८० | प्रधानमन्त्री चन्द्रशमशेरले काठमाडौं ढोकाटोलमा कन्या पाठशाला स्थापना गरेका, त्रिचन्द्र कलेजको सम्बन्ध कलकत्ता विश्वविद्यालयबाट पटना विश्वविद्यालयमा सारिएको र त्रिभुवन चन्द्र कलेजको नाम त्रिचन्द्र कलेज राखिएको । | |
| वि.सं १९८१ | भक्तपुर र पाटनमा एक एकवटा मिडिल स्कुल खुलेको र भक्तपुरको मिडिल स्कुल वि.सं. २००३ सालमा हाइस्कुल भएको । | |
| वि.सं. १९८४ | बारा जिल्लाको भवानीपुरमा प्रधानमन्त्री चन्द्रशमशेरका विश्वासपात्र श्री अमर खाँ फौजदारले ३ जना शिक्षकको अस्थायी दरबन्दी लिएर श्री ३ चन्द्र मिडिल स्कुल आफ्नो गाउँमा स्थापना गरेका । | |
| वि.सं. १९८५ | श्रेस्ता पाठशालाको पाठ्यक्रममा चार पासको बदला नेपाली साहित्य समावेस गरी ६ पासको व्यवस्था राखिएको र नेपाल आयुर्वेदिक विद्यालय स्थापना भएको | |
| वि.सं. १९८६ | पटना विश्वविद्यालयको परीक्षा केन्द्र काठमाडौंमा राख्ने व्यवस्था, मेजर जनरल मृगेन्द्र शमशेर शिक्षा विभागको डाइरेक्टर जनरल अफ पब्लिक इन्स्ट्रक्सनमा नियुक्त । | |
| वि.सं. १९८९ | टेक्निकल स्कुलमा इन्जिनियरिङ् शाखा खुलेको, अङ्ग्रेजी र संस्कृत शिक्षापट्टी छुट्टाछुट्टै निर्देशकको व्यवस्था र अङ्ग्रेजी शिक्षापट्टी मृगेन्द्र शमशेर ज.ब.रा. र संस्कृत शिक्षापट्टी गुरुज्यू पं. हेमराज पाण्डेलाई डाइरेक्टरमा नियुक्त | |
| वि.सं. १९९० | एस.एल.सी. परीक्षा बोर्डको गठन, वीर अस्पतालका सुपरिन्टेडेन्टले सुपरीवेक्षणमा कम्पाउन्डर र ड्रेसर तयार गर्ने गरी सिभिल मेडिकल स्कुलको स्थापना र प्रधानमन्त्री | |

| | | |
|---|---|---|
| | जुद्धशमशेरले टेक्निकल स्कुल अन्तर्गत नेपाल आर्ट स्कुल स्थापना गरेका । | |
| वि.सं. १९९२ | असार १ गतेको सनदबाट पटना विश्वविद्यालयको परीक्षा केन्द्र त्रिचन्द्र कलेज तोकिए पछि कलेजका विद्यार्थीहरू परीक्षा दिन पटना जानबाट मुक्त । | |
| वि.सं. १९९३ | २२ सदस्यीय शिक्षा समिति (बोर्ड) गठन भएको । | |
| वि.सं. १९९४ | शिक्षा बोर्डको सुझाव अनुसार पास जाँच अड्डाको नयाँ सनद निस्केको, सो बमोजिम श्रेस्ता पाठशालाको नियमावली परिवर्तन भएको र विराटनगरमा आदर्श हाइस्कुल खोल्दा कृष्णप्रसाद कोइराला थुनामा परेका । | |
| वि.सं. १९९५ | श्री सत्यवादी प्राथमिक पाठशालाले ३२ वर्ष पछि स्वीकृति पाएको, जुद्ध हाइस्कुल, विराटनगरले समेत स्वीकृति पाएको, चैत्र २८ गते सोमबार दुनियाको तर्फबाट प्राइभेट स्कुल खडा गर्न खड्ग निशाना रिपोट सदर भएको र नेपाल आर्ट स्कुल जुद्धकला पाठशालामा परिणत भएको । | |
| वि.सं. १९९६ | माग ८ गते सर्वसाधारण जनताको निमित्त शिक्षा विषयको पहिलो इस्तिहार जारी गरिएको । | |
| वि.सं. १९९८ | टेक्निकल स्कुलको बिस्तारर नियन्त्रण गर्नका लागि इन्स्पेक्टर अफ स्कुल अफिसको स्थापना, मेजर जनरल शारदा शमशेर शिक्षा विभागको डाइरेक्टर जनरल अफ पब्लिक इन्स्ट्रक्सनमा नियुक्त । | |
| वि.सं. १९९९ | इन्जिनियरिङ् शाखा अन्तर्गत सव ओभरसियर तालिम सञ्चालन पहिलो इन्सपेक्टर अफ स्कुलको रूपमा सूर्यप्रसाद उपाध्याय (ढुङ्गेल) नियुक्त । | |
| वि.सं. २००१ | काठमाडौं उपत्यका बाहिर पहिलो पटक वीरगञ्जमा एस.एल.सी केन्द्र त्रिजुद्ध स्कुलमा खुलेको । | |

| | | |
|---|---|---|
| वि.सं. २००२ | मेजर जनरल मृगेन्द्र शमशेर शिक्षा विभागको डाइरेक्टर जनरल अफ पब्लिक इन्स्ट्रक्सनमा नियुक्त । | |
| वि.सं. २००३ | शैक्षिक प्रशासनको दृष्टिकोणले काठमाडौँ उपत्यका पूर्व पूर्वाञ्चल र पश्चिम पश्चिमाञ्चल क्षेत्र निर्धारण गरी जम्मा तीन इन्स्पेक्टर अफ स्कुल रहने व्यवस्था । | |
| वि.सं. २००४ | सर्वप्रथम त्रिचन्द्र कलेजमा तीन छात्राहरू भर्ना भएका, डिल्लीबजारमा पहिलो पटक कन्याहरूका लागि पद्मकन्या विद्याश्रमको स्थापना, नेपालभर १४ आधार स्कुलको लागि स्वीकृति, आधार स्कुल पढाउने शिक्षक तयार गर्ने उद्देश्यले पहिलो शिक्षक शिक्षण केन्द्र, ताहचलमा स्थापना, वनविभाग अन्तर्गत रेञ्जर तथा फरेस्टरहरूको लागि दुईवर्षे तालिम कार्यक्रम हेटौडामा सुरु गरिएको र कृषि अड्डा अन्तर्गत पशु चिकित्सक तालिम केन्द्रको स्थापना । | |
| वि.सं. २००५ | आफ्ना विद्यार्थीहरूलाई नेपालको एस.एल.सी. परीक्षामा नबसाई अन्यत्र पठाउने विद्यालयको सरकारी सहायता रोकिने परिपत्र जारी भएको र तत्कालीन शिक्षा डाइरेक्टरको अध्यक्षतामा २५ सदस्यीय विश्वविद्यालय योजना कमिसन गठन । | |

स्रोत : शैजविके, सानोठिमी भक्तपुरद्वारा प्रकाशित शिक्षक सेवाको खुल्ला प्रतियोगितात्मक परीक्षा स्रोत सामग्री, वि.सं.२०६८ ।

माथिको तालिकाबाट के स्पष्ट हुन्छ भने शिक्षा पद्धतिलाई व्यवस्थित ढङ्गले सञ्चालन गर्न त्यससँग सम्बन्धित प्रशासन र सङ्गठनको संरचनात्मक स्वरूप निर्माण भएको पाइन्छ । यसबाट राणाकालपछि मात्र नेपालको शिक्षा प्रशासन किटानी थियो भन्ने देखिन्छ ।

प्रजातन्त्र स्थापनापूर्व गुरुकुल तथा संस्कृत शिक्षा विकासका लागि विभिन्न कालखण्डमा केही न केही प्रयासहरू भएको देखिन्छ । सर्वप्राचीनकालदेखि नै शिक्षाको व्यवस्थापन गर्ने सन्दर्भमा तत्कालीन शासक तथा राजाहरूले चाहेर वा नचाहेर पनि

शैक्षिक क्रियाकलाप सञ्चालन हुने क्रमले निरन्तरता पाएको देखिन्छ । तत्कालीन नेतृत्वको प्रकृति र सक्रियताका आधारमा शैक्षिक व्यवस्थापन पारदर्शी र प्रभावकारी बनाउन व्यवस्थापन एकाइहरू गठन भएका थिए ।

प्राचीन ऋषि तथा गुरुहरूमा कुनै पनि किसिमको स्वार्थ नरहेको र उनीहरू सेवाभावबाट निर्देशित रहेकाले प्राच्य गुरुकुलको व्यवस्थापन उदाहरणीय देखिन्छ । प्राचीनकालदेखि भएको औपचारिक शिक्षाको प्रादुर्भावलाई नेपालको शैक्षिक इतिहासमा अतुलनीय कार्यको थालनी मान्न सकिन्छ । तत्कालीन परिवेश र समाजको आवश्यकतानुसार भएको शैक्षिक विकासलाई हेर्दा गुरुकुल शिक्षाले नै निरन्तरता पाएको देखिन्छ । समग्रमा भन्दा प्रजातन्त्र स्थापनापूर्वको नेपालमा गुरुकुल शिक्षालाई नै जोड दिएको पाइन्छ, जुन संस्कृत भाषामा आधारित थियो ।

गुरुकुल प्रशासनमा गुरुले स्वः स्फूर्त प्रशासनिक कार्यभारको उत्तरदायित्व निर्वाह गर्दथे । कोही कसैबाट दिइएको जिम्मेवारी भन्दा आफूले अनुभूति गरिएको जिम्मेवारी बढी गहकिलो भएको कुरा गुरुको व्यवहार वर्णनबाट स्पष्ट हुन्छ । अन्तर्वार्ताको क्रममा पाँचजना प्राचार्य र चारजना विशेषज्ञको धारणामा समानता पाइयो । उनीहरूले औल्याए अनुसार तत्कालीन शैक्षिक प्रशासन र सङ्गठन जटिल तर प्रभावकारी थियो । प्राचीनकालमा आजको जस्तो स्वरूपमा शिक्षा विस्तारित थिएन तापनि तत्कालीन नेपालको शिक्षा, शासक र उनीहरूको शैक्षिक अवस्था बारेमा Dahal (2009) ले यसरी स्पष्ट पारेकी छिन् :

> लिच्छविकालीन स्रोतहरूको अध्ययन गर्दा त्यसबेला उच्च वर्गमा शिक्षाको राम्रो व्यवस्था भएको बुझिन्छ । तत्कालीन शासकहरू शास्त्रहरूको अध्ययन गरेर त्यसै अनुरूप शासन सञ्चालन गर्ने गर्दथे । शास्त्रहरूको आदर्श लिच्छविकालीन राजाहरूले मानेका थिए भन्ने तथ्य राजाहरूका नामका साथ प्रयोग गरिएका विद्वान् धर्म जान्ने, शास्त्र अध्ययन गरेका भन्ने जस्ता विशेषणबाट पनि स्पष्ट हुन्छ । यस्तैखाले एउटा प्रसङ्ग राजा मानदेवको केलटोल अभिलेखमा पाउन सकिन्छ । अर्थात् शिक्षाको सदुपयोग गर्ने, बुद्धिमान, पढाइका खानी, कलामा सिपालु विद्वान् राजा भनिएको छ । उनकै समयको निरपेक्षले

राखेको अभिलेखमा त उनलाई सम्बोधन गर्दा अतीव विदुषो अर्थात् ठूला विद्वान् समेत भनिएको छ । यसबाट मानदेव आफैं विद्वान् भएको र शासन सञ्चालन गर्दा प्राचीनशास्त्रहरूमा गरिएको विधान अनुसार नै गर्ने गर्दथे भन्ने स्पष्ट हुन्छ । (Dahal, 2009, p. 125-126)

यसबाट के कुरा स्पष्ट हुन्छ भने तत्कालीन शासकको सहयोगमा गुरुले प्रशासन र सङ्गठन व्यवस्थित गर्दा गुरुकुल शिक्षा व्यवस्थापन उत्कृष्ट रहेको पाइयो । जुन पद्धतिलाई आजको शिक्षामा पनि पथप्रर्दशक मानिन्छ । तत्कालीन शासकहरू शिक्षित भएकाले नै उनीहरूको व्यवहारमा परिपक्वता र वस्तुनिष्ठता झल्किएको पाइन्छ । यसले प्राचीन शिक्षा व्यवस्थापनको प्रभावकारितालाई सङ्केत गर्दछ ।

वि.सं. २००७ सालको शैक्षिक तथ्याङ्क अनुसार नेपालको साक्षरता करिब २ प्रतिशत मात्र थियो भने प्रारम्भिक (प्राथमिक) स्कुल/पाठशालाहरू ३२१, माध्यमिक स्कुलहरू ११ र उच्च शिक्षा अन्तर्गत एउटा कलेज सञ्चालित थियो (राशिआ, २०४९) । त्यसबेला एउटा संस्कृत विद्यालयमा औपचारिक रूपमा भए पनि संस्कृतमा उच्च शिक्षा प्रदान गरिएको देखिन्छ (शाउशिआ, २०४०) । संवत् २०२४ सालमा संस्कृत शिक्षामा सुधार ल्याउन श्रीकृष्ण मिश्रको अध्यक्षतामा ६ सदस्यीय संस्कृत शिक्षा सल्लाहकार परिषद् गठन भएको थियो (शर्मा, २०६०, पृ. १७१) । यसबाट वि.सं. २००७ को राजनीतिक परिवर्तनपछि संस्कृत शिक्षाको प्रशासन र सङ्गठनात्मक अवस्थामा सुधार आएको पाइन्छ ।

विशेष गरेर एकातिर गुरुकुल शिक्षाको महिमा र यस शिक्षा पद्धतिमा प्रचलित व्यवस्थापकीय मूल्य मान्यताहरूको प्रशंसा दिनप्रति बढ्दै गएको पाइन्छ भने अर्कातिर पाश्चात्य शिक्षाको प्रभावले व्यक्ति र समाजमा सकारात्मक योगदान मात्र पुगेको छ भनेर मान्न सकिदैन । औपचारिक शिक्षाको नाममा विद्यार्थीहरूलाई निर्देशित तवरले पठनपाठन गराउने प्रचलन हाम्रा विद्यालयहरूमा अझै कायम रहेका छन् । विद्यालय प्रशासनले विद्यार्थीहरूको रुचि, क्षमता र आवश्यकताको कदर गर्दै सिकारुमैत्री व्यवस्थापन गर्न सकेको पाइदैन जसले गर्दा विद्यार्थीहरूमा अनुशासन, लगनशीलता,

उत्तरदायित्व र सदाचारिता जस्ता गुणहरूको विकास गराउने केन्द्रको रूपमा विद्यालय स्थापित हुन सकेको छैन । यो वा त्यो नामका शिक्षाका संरचना/सङ्गठनको लामो सूची तयार गरिए पनि विभिन्न खालका समस्याको नाममा अझै बालबालिकामैत्री सिकाइ वातावरण छैन तर प्राच्य शिक्षा व्यवस्थापनमा एक कुशल प्रशासकको रूपमा गुरुको एकल भूमिका पर्याप्त रहेको प्राचीन विभिन्न ग्रन्थ एवं अभिलेखहरूको अध्ययनबाट जानकारी पाइन्छ । यही कुरा स्थलगत अध्ययनको क्रममा विशेषज्ञहरूले अन्तर्वार्तामा बताएका छन् ।

अन्तर्वार्ताको क्रममा प्राचीन गुरुकुलीन शिक्षा कुन प्रकारको थियो भन्ने प्रश्नमा आठजना विशेषज्ञहरूमध्ये दुईजना विशेषज्ञहरूबाट गुरुकुल शिक्षा औपचारिक अनौपचारिक दुबै र दुईजनाले अनौपचारिक तथा चारजना विशेषज्ञहरूबाट औपचारिक थियो भन्ने उत्तर पाइयो । त्यस्तै चारजना प्राचार्य तथा शिक्षकहरूबाट क्रमशः औपचारिक र अनौपचारिक भन्ने दुबै थियो भन्ने भनाइ रह्यो । विशेषज्ञ, प्राचार्य तथा शिक्षकहरूको उत्तरमा एकरूपता रहेको पाइएन । यसबाट तत्कालीन शिक्षाको संरचना/सङ्गठन बारेमा विशेषज्ञ, प्राचार्य तथा शिक्षकहरूको आ-आफ्नै धारणा रहेको पाइयो ।

गुरुकुल शिक्षाको आरम्भका बारेमा भएको अन्तर्वार्ताको क्रममा दुईजना विशेषज्ञहरूले गुरुकुल शिक्षाको सुरुवात वेद ग्रन्थसँगै भएको बताएका छन । साथै पाँचजना विशेषज्ञहरू, चारजना प्राचार्य तथा शिक्षकहरूबाट मानव सभ्यता आरम्भसँगै यस प्रकारको शिक्षाको सुरुवात भएको भन्ने धारणा रह्यो भने चारजना प्राचार्यहरूले कुनै प्रतिक्रिया दिएनन् । उपर्युक्त रायबाट गुरुकुल शिक्षाको सुरुवात सम्बन्धमा एकरूपता प्राप्त गर्न सकिएन । शास्त्र र विद्वान्हरूको रायका आधारमा वैदिककालबाट गुरुकुल शिक्षाको सुरुवात भएको पुष्टि हुन्छ ।

प्राचीन गुरुकुलको प्रशासनिक व्यवस्था बारेमा विशेषज्ञ ऋषिराम पोखरेलले यसरी उल्लेख गरेका छन् :

गुरुकुलमा एउटै कुलपतिले दसौँ हजार छात्रहरूलाई भोजन र आवासको व्यवस्थासहित उचित व्यवस्थापन गरी शिक्षा प्रदान गर्दथे । त्यसका प्रशासनिक प्रमुख कुलपति नै रहन्थे । त्यसबेला प्रशासनिक प्रमुखको काम, कर्तव्य र अधिकार तथा जिम्मेवारी तोकिएको हुन्थ्यो, जुन लिखित रूपमा हुँदैन्थ्यो । गुरु भन्नाले त्यसबेला छात्रहरूलाई सिकाउने आचार्य, उपाध्याय र उपाध्याया/उपाध्यायानी (स्त्री) बुझिन्छ, जहाँ कुलपति सङ्गठन प्रमुखको भूमिका निर्वाह गर्दथे । उनको मातहतमा अन्य गुरुहरू रहने व्यवस्था हुन्थ्यो । प्राचीन गुरुकुलमा गुरुबाट स्वयम् अनुशासित र अनुकरणीय व्यवहार पाइन्थ्यो, जसको प्रतिबिम्बका रूपमा शिष्यहरू समेत आज्ञाकारी, अनुशासित र मर्यादित थिए ।

गुरुकुलीन प्रशासनका बारेमा उत्तरदाताहरूलाई प्रश्न गर्दा पाँचजना विशेषज्ञहरूको धारणा यस्तो रह्यो कि गुरुको बोलीमा नै प्रशासनिक व्यवस्था निहित थियो । ऋषि परम्पराअनुसार गुरु शिष्यको आचरण निर्धारण गरिन्थ्यो । अर्को विशेषज्ञ विष्णुगोपाल रिसालको यस्तो धारणा पाइयो :

> त्यसबेला डिग्रीको सिमाङ्कन थिएन । सबै प्रशासनिक व्यवस्था गुरुको नियन्त्रणमा थियो । गुरुकुलमा गुरु नै सर्वेसर्वा हुन्थे । शैक्षिक प्रशासनको काम, कर्तव्य र अधिकार लिखित हुँदैन्थ्यो । गुरुकुलमा सङ्गठन प्रमुखको मातहतमा गुरु सहित अन्य सदस्यहरू रहन्थे । पहिले गुरुकुल व्यवस्थापन झन्झटिलो थिएन अहिले भने कानुनी प्रक्रियाले गर्दा बढी झन्झटिलो रहेको पाइन्छ ।

यसबाट तत्कालीन प्रशासनिक व्यवस्थाको बारेमा विशेषज्ञहरूको धारणा मिश्रित रहेको पाइयो । सो बारेमा पाँचजना प्राचार्य तथा शिक्षकहरूले यसरी आफ्नो राय स्पष्ट पारेका छन्, वंश परम्परा नै गुरु-शिष्य परम्पराको आधारमा चल्थ्यो जसलाई विद्यावंश पनि भनिन्थ्यो । गुरुकुल शिक्षामा गुरुको आज्ञापालन गर्नुपर्ने भएकोले प्रशासनिक व्यवस्था पनि गुरुको निर्देशन अनुसार तय हुन्थ्यो भन्ने तथ्य मनुस्मृति दोश्रो अध्यायमा

पाइन्छ, । गुरुकुलमा रहँदासम्म ब्रह्मचर्य व्रतपालन गर्नु अनिवार्य थियो । मुख्य आचार्य गुरुकुलीय आदर्शबाट निर्देशित हुन्थे । प्राचीन गुरुकुलमा सरकारी हस्तक्षेप हुँदैनथ्यो ।

साथै चारजना प्राचार्य तथा शिक्षकहरूको धारणा फरक रहेको पाइयो । उनीहरूका अनुसार गुरु नै प्रशासनिक प्रमुखको रूपमा मानिन्थे । गुरु तथा प्राचार्यले गुरुकुल परम्परा अनुसार प्रशासनिक जिम्मेवारी ग्रहण गर्दथे । त्यसबेलामा गुरु-शिष्यको आचरण मौखिक रूपमा निर्धारण गरिन्थ्यो । आचार्य प्रमुखको मातहतमा गुरुकुलका अन्य गुरु तथा ऋषिमुनिहरू रहने वैदिक परम्परा थियो । प्राचीन गुरुकुल शिक्षा आफ्नो मौलिक स्वरूपमा सञ्चालित हुन्थ्यो भने आजको गुरुकुल प्रशासन राज्यको नियन्त्रणमा सञ्चालित छ । प्राचीनकालमा शैक्षिक प्रशासनको काम, कर्तव्य र अधिकार गुरुद्वारा मौखिक रूपमा निर्धारण हुन्थ्यो ।

प्राचार्य नारायणप्रसाद रिमालका अनुसार त्यसबेला गुरुको आश्रममा बसेर गुरुको सेवा गरेर विद्या प्राप्त गर्न सकिने व्यवस्था थियो । धन खर्च गरेर पाउने विद्या प्राच्य होइन । धुलौटे, हस्तलिखित र पाटीको प्रयोगबाट गुरुकुलमा शिक्षा दिइन्थ्यो । त्यसबेला प्रशासनिक सहयोग राज्यको तर्फबाट प्राप्त थिएन । गुरुले नै प्रशासकीय प्रमुखको भूमिका निर्वाह गर्दथे । प्रमुख गुरुको मातहतमा सबै रहन्थे, गुरुको वचन नै शतप्रतिशत ठिक हो र यसले हाम्रो हित गर्छ भन्ने विश्वास शिष्यलाई हुन्थ्यो । सो सम्बन्धमा दशजना प्राचार्य तथा शिक्षकहरूको धारणा एउटै किसिमको पाइयो । जसअनुसार त्यसबेला गुरुकुलको प्रशासनिक व्यवस्था गुरुको स्वः विवेकमा निर्भर हुन्थ्यो । प्राचीन गुरुकुल गुरुद्वारा नियन्त्रित थियो ।

निचोडमा, प्राच्य शैक्षिक प्रशासन र सङ्गठनसम्बन्धी प्राप्त तथ्यलाई केलाउँदा गुरुकुलमा गुरुको नै प्रशासनिक नेतृत्व थियो । गुरुकुलको श्रीवृद्धिमा गुरुले आपनो स्वार्थ कत्ति पनि राख्दैन्थे । गुरुकुलीय आदर्श भन्दा गुरुले अलग जीवन जिउदैनथे । विद्यार्थीहरू पूर्ण अनुशासनमा रहन्थे । त्यसबेला प्रशासनिक वातावरण शिष्यमैत्री र सिकाइ अनुकुल हुन्थ्यो । यसले गुरुकुल शिक्षा अन्तर्गत सबै कला र विद्यालाई समेटिएको पुष्टि हुन्छ । गुरुकुल पद्धति स्वाधीन प्रशासनिक आयामबाट सञ्चालित

देखिन्छ । असंरचित प्रशासन तथा सङ्गठनको प्रत्यक्ष र कानुनी उल्भन हुँदैनथ्यो । प्रमुखको रूपमा गुरुको नेतृत्व, सेवामुखी रहन्थ्यो । प्रशासन गुरु नियन्त्रित हुन्थ्यो । व्यक्तिगत प्रभावको कारण सरोकारवाला पक्षसँगको विश्वासमा बढोत्तरी जस्ता पक्षको समुचित व्यवस्थापनले प्राच्य शैक्षिक प्रशासन र सङ्गठनको स्वरूप पुष्टि गर्दछ ।

## ५.२.२ आर्थिक व्यवस्थापन

गुरुकुलमा आर्थिक व्यवस्थापन एक महत्त्वपूर्ण पक्ष थियो । कुनै पनि कार्यलाई व्यवस्थित तरिकाले सञ्चालन गर्न आर्थिक स्रोतहरूको जरुरत पर्दछ । आर्थिक र सामाजिक स्थिति व्यक्तिगत रूपमा प्राप्त शिक्षामा निर्भर गर्दछ (Idris et al., 2011) । यो एक सामाजिक प्रक्रिया हो, जुन निश्चित रूपमा लक्षित लक्ष्य वा उद्देश्यका लागि निर्धारित सहयोगी, सहभागिता, हस्तक्षेप र प्रभावकारी उपलब्धिमा अन्यको संलग्नता सुनिश्चित गर्न डिजाइन गरिएको हुन्छ (Amadi-Eric, 2008) ।

ऐतिहासिक रूपमा हेर्दा नेपालमा विद्यालयको स्थापना र त्यसको आर्थिक व्यवस्थापन स्थानीय समुदायबाट गरिन्थ्यो (MOE, 1997-2002) । प्राचीन गुरुकुलमा गुरुद्वारा भिक्षादानमार्फत आफ्नो आश्रमको सम्पूर्ण कार्य सम्पन्न गरिन्थ्यो । यस्तो व्यवस्थामा राजा र जनताबाट प्रदान गरिएको श्रद्धापूर्ण दानका आधारमा आवास र भोजनको व्यवस्था हुन्थ्यो (आप्राशिप, २०६२) । साथै गुरुकुलका विद्वान्हरू निःशुल्क पढाउँथे (नेराशियोआ, २०११, पृ. २२) । गुरुकुल एक सामाजिक संस्था हो जहाँ हुने सबै खर्चहरू गुठीबाट प्राप्त आयबाट हुन्थ्यो (Sharma, 1990) ।

नेपाल बाहिर गएर अध्ययन गर्ने चलन पनि त्यसबेला थियो (Dahal, 2009, p. 132) । राष्ट्रकुट राजाहरूले आफ्नो शासनकालमा शिक्षाको विकास गर्न कन्हेरी विश्वविद्यालय भारत महाराष्ट्रको बोरीवलीमा स्थापना गरेका थिए । यो विश्वविद्यालय अति नै चर्चित थियो । शिक्षा आर्जन गर्न देश विदेशबाट विद्यार्थी यहाँ आउँथे । त्यहाँ विद्यार्थीहरूलाई खाने बस्ने व्यवस्था पनि गरिएको हुन्थ्यो (बराल, २०५०) । कलेज अफ एजुकेशन (१९५९, पृ. २) द्वारा प्रकाशित 'नेपालको शैक्षिक प्रगतिको ६ वर्ष' नामक

पुस्तकमा यसरी उल्लेख गरिएको छ, "धनी बाबुआमा आफ्ना बालबालिकालाई लेखपढ गराउन शिक्षकहरू नियुक्त गर्दथे । बढी आवादी भएका ठाउँमा संस्कृत विद्वान्हरू आफ्नै तर्फबाट संस्कृत पाठशाला खोल्दथे र छात्रहरूलाई संस्कृत सिकाउँथे । पाठशाला उदार परोपकारी दानबाट चल्दथ्यो" । यसबाट के कुरा स्पष्ट हुन्छ भने गुरुकुल शिक्षा निःशुल्क थियो ।

प्राचीनकालमा राज्यको तर्फबाट गुरुकुललाई केही सुविधा थिएन । मन्दिर कोषबाट मात्र शिष्यहरूलाई निःशुल्क खाना र वस्त्रको लागि प्रर्याप्त व्यवस्था हुँदैनथ्यो । यसको लागि सहयोग धनी किसान र व्यापारीहरूले गर्दथे (Mulhern, 2008) । साथै गुरुकुलमा भिक्षाटनको व्यवस्था गरी त्यसको माध्यमबाट शिष्यलाई आवश्यक अन्य व्यवस्थापन गुरुको नेतृत्वमा गरिन्थ्यो ।

व्यक्ति र संघसंस्थाबाट सहयोग प्राप्त गुरुकुलमा पठनपाठन हुने व्यवस्था रहेको देखिन्छ । प्रख्यात बल्लभी विश्वविद्यालय सञ्चालनको लागि स्थानीय नागरिकबाट आर्थिक सहयोग प्राप्त हुन्थ्यो । साथै विश्वविद्यालय स्रोत सम्पन्न बनाउन तत्कालीन राजा मैत्रका जो सो विश्वविद्यालयका संरक्षक थिए । उनले अनुदान प्रदान गर्दथे (Apte, 1924) । यसले पनि प्राचीन शिक्षालयको आर्थिक स्रोतका आधारहरू स्पष्ट गर्दछ ।

लिच्छविकालीन शिक्षा आर्थिक एवं सामाजिक व्यवस्थापनको बारेमा ढुण्डिराज भण्डारी (२०४६) ले यसरी स्पष्ट पारेका छन्, "ग्रामवासीहरू पनि कुटुम्बको रूपमा एक आपसमा मिलेर आरोग्यशाला, विद्यालय र देवालय निर्माण, सञ्चालन, मर्मत र रेखदेख गर्नुका साथै विभिन्न उद्देश्यले गोष्ठीहरू सञ्चालन गरिन्थ्यो । त्यसका लागि राजा र प्रजा मिलेर चलअचल सम्पतिबाट गोष्ठी आयोजना गरिन्थ्यो । जसको उद्देश्य राजा र प्रजाबिचको सम्बन्ध स्थापित गर्नुहुन्थ्यो" (भण्डारी, २०४६, पृ. १०७) । यसले तत्कालीन समाज कति सभ्य र सहयोगी भावनाले प्रेरित थियो भन्ने पुष्टि हुन्छ ।

विष्णुपुराणको चौधौं अध्यायमा व्याख्या गरिएको छ, “महावली तत्कालीन समयमा सम्पूर्ण संसारभरि प्राचीनवर्हिको नामले प्रख्यात थिए । त्यसको कारण त्यस समय उनले यज्ञानुष्ठानको अधिक रूपमा सञ्चालन गरिएको थियो” (गुप्त, सन् १९९०, पृ. ७८) । यसबाट के कुरा स्पष्ट हुन्छ भने प्राचीनकालमा गुरुले विभिन्न यज्ञानुष्ठानबाट प्राप्त दक्षिणा र अन्य सहयोगले गुरुकुलको आर्थिक व्यवस्थापन हुन्थ्यो ।

“लिच्छविकालीन शिक्षा शिक्षासेवी दाताहरूको दान दातव्यबाट चल्थ्यो । दाताहरूको सहयोगबाट नै शिक्षा केन्द्रहरू खुलेका थिए । यसका साथै राजा रजौटाहरूले जग्गा गुठी राखिदिन्थे र त्यसै गुठीको आधारमा गुरुकुलको व्यवस्थापन गरिएको पाइन्छ” (यादव र अरू, २०६८, पृ. १४) । साथै “लिच्छविकालमा राज्यले सर्वसाधारण जनताको शिक्षालाई राष्ट्रले ऐच्छिक कार्यक्रमको रूपमा लिइएको थियो । त्यसका लागि गुठी राखिन्थे । गुठीको आयस्ताबाट विद्याकेन्द्र चल्दथे । मल्लकालमा पनि त्यहि नीति रह्यो । सबैले पढ्नुपर्ने आवश्यकता महसुस गरिएको थिएन । दरबारका प्रमुख कर्मचारी भने पढ्दथे” (शर्मा, २०६०, पृ. १-२) । यसले लिच्छविकालदेखि मल्लकालसम्मको शैक्षिक व्यवस्थापन अन्तर्गत आर्थिक व्यवस्थाको बारेमा स्पष्ट गरेको छ ।

मल्लकालीन आर्थिक व्यवस्थापनको बारेमा गोपीनाथ शर्मा (२०६०) ले आफ्नो पुस्तक ‘नेपालमा शिक्षाको इतिहास भाग २’ मा यसरी उल्लेख गरेका छन्, “जयस्थिति मल्लले पनि मन्दिर तथा बौद्ध मठमा सञ्चालित शिक्षा केन्द्रको रेखदेख तथा हेरविचार गर्न गुठीको प्रबन्ध मिलाएको देखिन्छ । उनले आफ्ना प्रजालाई विभिन्न समूहमा विभाजन गरी व्यवसायमुखी शिक्षामा केन्द्रित गराएको पाइन्छ” (शर्मा, २०६०, पृ. ९) । यसबाट तत्कालीन शिक्षाका लागि गुठीको व्यवस्था थियो भन्ने प्रष्ट हुन्छ र त्यतिबेलादेखि व्यावसायिक शिक्षाको श्रीगणेश भएको देखिन्छ ।

“पौराणिक साहित्यका अनुसार जनकपुरको मिथिला क्षेत्र राजा जनकको पालादेखि नै प्रसिद्ध विद्याकेन्द्रको स्थापित थियो । त्यसबेला राजा जनकको दरबारमा महर्षि याज्ञवल्क्य, गार्गी र मैत्रेयी जस्ता विदुषीहरूको उपस्थिति थियो । महर्षि

याज्ञवल्क्य आफ्नो आश्रममा हजारौँ विद्यार्थीहरूलाई वेद, वेदाङ्ग र दर्शनको अध्यापन गराउँथे र उनीहरूलाई खाना र आवासको प्रबन्ध मिलाउँथे" (Dahal, 2009, p. 124)। यसले गुरुकुलको आर्थिक व्यवस्थामा गुरुको नेतृत्वदायी भूमिका रहेको स्पष्ट हुन्छ ।

विद्यार्थीका लागि छात्रावास, निःशुल्क, भोजन, पठनपाठन, बगैंचाको व्यवस्थापन, सरस्वती मन्दिरको सरसफाई र लिपपोत गर्ने टहलुवाको पारिश्रमिक, वसन्त पञ्चमीका दिन सरस्वती पूजा, साधुसन्तहरूलाई भोजन तथा हस्तलिखित ग्रन्थ सार्ने लिपिकाहरूको पारिश्रमिक आदि सबैको खर्च गुठी जग्गाको आयस्ताबाट चल्दथ्यो (शर्मा, २०६८, पृ. २५) । यसबाट गुरुकुलको मुख्य आयस्रोत गुठी जग्गा थियो जसले गर्दा गुरुकुल शिक्षा निःशुल्क प्रदान गरिन्थ्यो भन्न सकिन्छ ।

"कास्कीमा पनि परम्परागत संस्कृतकै पठनपाठन गरी व्यवस्थित भएको बुझिन्छ । कास्कीका राजा सिद्धिनारायण शाहद्वारा पोखराथोकमा गुठीको आयस्ताबाट विद्यालय सञ्चालन भएको थियो" (शर्मा, २०६८, पृ. २४-२५) । यसबाट त्यसबेला गुरुकुलको मुख्य आयस्रोत गुठी रहेको स्पष्ट हुन्छ । गुरुकुलीय आर्थिक व्यवस्थापनबारे आचार्यश्री पथिक (२०७०) ले आफ्नो धारणा यसरी दिएका छन् :

> आठ वर्षको उमेरमा विद्यार्थी गुरुकुलमा जान्छ । त्यसअघि पाँचवर्षको उमेरमा घरमा शिक्षा आरम्भ गराइन्छ । पाँचवर्षदेखि आठ वर्षसम्म तीनवर्ष घरमै पढाइन्छ । आठ वर्षको उमेर भइसकेपछि उसलाई ब्रतबन्ध गरेर पढ्नका निमित्त गुरुकुलमा पठाइन्छ । गुरुकुलमा पठाउने बेलामा अर्थात् ब्रतबन्धको समयमा जति पनि व्यक्तिहरू आएका हुन्छन् उनीहरूले त्यो विद्यार्थीलाई पैसा दिन्छन्, रासन पानी दिन्छन् । त्यो सबै पैसा र रासन पानीका साथमा अभिभावकहरूले विद्यार्थीलाई नजिकको गुरुकुलमा अथवा नाम चलेको टाढाको गुरुकुलमा लिएर जान्छन् र त्यहाँ भर्ना गरिदिन्छन् । गुरुकुलका शिक्षकले, त्यहाँका प्रधानअध्यापकले तलब लिदैनन् । उनीहरू विद्यार्थीहरूले चढाएको कुरा चन्दादाताहरूले दिएको दानमा सन्तुष्ट हुन्छन् । त्यसले जीवन निर्वाह नहुने स्थिति छ भने अतिरिक्त समयमा आफूसँग भएका दक्षताका क्षेत्रमा काम गर्दछन् । (आचार्यश्री पथिक, २०७०, पृ. १२८)

यसमा शिष्यले ब्रतबन्धबाट प्राप्त पैसा, रासनपानीलाई गुरुकुलको आर्थिक स्रोतको रूपमा चर्चा गरिएको देखिन्छ । गुरुकुलको निर्भरता र आर्थिक व्यवस्थापन गुरुमा नै निर्भर रहन्थ्यो भन्ने देखिन्छ ।

नेपालमा चलेका पुराना गुरुकुलहरूको आर्थिक व्यवस्थापन दिङ्ला, भोजपुरमा स्थापित गुरुकुल षडानन्द संस्कृत प्रधान पाठशालाको उदारहणले प्रष्ट बनाउँछ । यस बारेमा 'गुरुकुल-सन्देश' मा यसरी उल्लेख गरिएको छ :

उक्त पाठशाला वि.सं. १९३२ सालमा षडानन्द गुरु महाराजद्वारा संस्थापित गरिएको थियो । गुरुकुलमा शिलापत्र र धर्मपत्रिकाहरू पनि राखिएका हुन्थे । शिलापत्रमा दाताहरूको नाम राखिएको हुन्थ्यो भने धर्मपत्रिकामा तत्कालीन गुरुकुलमा कस कस्ले के-के काम गर्ने, तिनीहरूलाई कति-कति खान्की दिने, कति आयस्ता आउने, त्यसको श्रोत के हुने, ती आयस्तालाई कसरी भागबण्डा गर्ने, गुरुहरूलाई गुरु दक्षिणा कति र कहिले दिने, कहिले-कहिले पुराण लगाउने, पुराणमा सहभागी हुने व्यास-उपव्यास-गणेश आदिलाई कुन स्रोतबाट कति-कति दक्षिणा दिने भन्ने कुरा समेत उल्लेख गरिएको हुन्थ्यो । जसले गर्दा गुरुकुलको व्यवस्थापन गर्न सरलता आएको देखिन्छ (हरि मञ्जुश्री, २०७४, पृ. ६५) । यसले नेपालका पुराना गुरुकुलका आर्थिक व्यवस्थापनको बारेमा स्पष्ट गरेको छ ।

वि.सं. १९४१ सालमा तत्कालीन श्री ३ वीरशमशेरले गुठीको स्थापना गरी ५४ जना ब्राम्हणलाई भोजनवृत्ति सहितको तीनधारा पाकशाला (संस्कृत छात्रावास) को स्थापना गरे (घिमिरे, २०७७) । गुरुकुलीय आर्थिक स्रोत र व्यवस्थापनको बारेमा प्रश्न गर्दा उत्तरदाता सबै विशेषज्ञ, प्राचार्य तथा शिक्षकहरूको रायमा समानता पाइयो । उनीहरूले बताए अनुसार प्राच्यकालीन शिक्षामा भिक्षाटन, जनसहयोग, राजाबाट प्राप्त सहयोग, गुरु दक्षिणा, सिदादान, चन्दा, समिधा, कृषि, गौपालन र मुठीदानबाट आर्थिक व्यवस्थापन गरिन्थ्यो भन्ने भनाइ रह्यो । यसबाट प्राचीन गुरुकुलको आर्थिक स्रोत पहिचान र यसको प्रबन्ध प्रभावकारी थियो भन्ने कुरा पुष्टि हुन्छ ।

तत्कालीन गुरु तथा पुरोहितको पारिश्रमिक तथा सुविधासम्बन्धी व्यवस्थाको सबालमा सबै विशेषज्ञ तथा प्राचार्य शिक्षकहरूको राय एकै प्रकारको प्राप्त भयो । उनीहरूका अनुसार उपाध्याय वर्गका गुरुहरूले पढाए वापत वृत्ति लिने गर्दथे तर पुरोहितलाई पारिश्रमिकका रूपमा नगद तोकिदैन्थ्यो । गुरुकुलीय परम्परा अनुसार कहिलेकाँही गुरुहरूले तोकेर वा नतोकेर पनि पढाइ पूरा गरेपछि गुरुदक्षिणा लिने चलन थियो । रघुवंशका कौत्स्यनाम गरेका चेलालाई गुरु वरतन्तुले चौध करोड सुनका मुद्रा दिन भनेका दृष्टान्त उल्लेख भएको पाइन्छ । यसले गुरुदक्षिणा लिने/नलिने गुरुको इच्छामा निर्भर रहन्थ्यो भन्ने कुरा स्पष्ट हुन्छ ।

श्रीकृष्ण भगवान्ले गुरु सान्दिपनीका मरेका ६ वटा छोरालाई भेट्ने इच्छा पूरा गरी गुरुदक्षिणा दिएको दृष्टान्त समेत इतिहासमा फेला पार्न पाइन्छ । कहिलेकाँही कलाकौशलको प्रदर्शनलाई गुरुदक्षिणाको रूपमा समेत लिइन्थ्यो । "गुरुदक्षिणाको महत्त्व ठुलो थियो । गुरुदक्षिणा नदिई शिष्य जाँदैनथ्यो  गुरुले विद्यार्थीको गच्छेअनुसार उसबाट केही ग्रहण गर्दथे" (Dahal, 2009, p. 132) । पुरोहितले यजमानको हित गर्न यज्ञलाई दक्षिणा चढाउने व्यवस्था गरिन्थ्यो ।

उक्त दक्षिणा पुरोहितलाई श्रद्धापूर्वक पारिश्रमिकको रूपमा प्रदान गरिन्थ्यो । दक्षिणा मासिक रूपमा यति नै हुन्छ भन्ने किटानी व्यवस्था थिएन । सभ्यताको विकाससँगै गुरुकुलको आर्थिक व्यवस्था समाज र संस्थाबाट निर्धारण गरिएको थियो । गुरु तथा आचार्य आफैंले विद्यापीठको आर्थिक व्यवस्था मिलाउँथे । उनीहरू सेवाको भावनाले गुरुकुलमा सक्रिय रहन्थे । यसले गुरुहरू पारिश्रमिक पाउने आसमा केन्द्रित रही क्रियाशील थिएनन् भन्ने कुरा स्पष्ट देखिन्छ ।

गुरुकुलीय शिक्षा निःशुल्क थियो भन्ने सम्बन्धमा सबै विशेषज्ञ, प्राचार्य तथा शिक्षकहरूको धारणामा समानता देखियो । उनीहरूले उल्लेख गरे अनुसार गुरुकुल शिक्षा निःशुल्क थियो भन्ने भनाइ रह्यो ।  गुरुकुलको आम्दानी खर्चको अभिलेख राख्ने सम्बन्धमा सबै विशेषज्ञ, प्राचार्य र शिक्षकहरूको धारणा एउटै पाइयो । उनीहरूका अनुसार त्यसबेला गुरुकुलमा आम्दानी खर्चको लिखित अभिलेख राख्ने चलन थिएन तर

प्राचार्य गुरूप्रसाद सुवेदीले फरक राय व्यक्त गरेको पाइयो । उनका अनुसार सबै अभिलेख गुरुकुल प्रमुखको जिम्मेवारीमा रहन्थ्यो । त्यसबेला अभिलेख राख्ने चलन नै थिएन किनकि शिष्यले खराब व्यवहार भएको अवस्थामा मात्र अभिलेख आवश्यक हुन्छ । त्यसैले त्यस्तो व्यवहार गुरुकुलमा पाइदैन थियो भन्ने रह्यो ।

प्राच्य शिक्षामा आर्थिक व्यवस्थापन मूलतः भिक्षा वृत्तिबाट हुन्थ्यो । समुदायबाट दान दातव्य, भिक्षा वृत्ति तथा गुरुको नीजि प्रभावलाई गुरुकुलको प्रमुख आर्थिक स्रोतहरूको रूपमा लिइन्छ । गुरु तथा पुरोहितलाई पारिश्रमिकको रूपमा नगद तोकिदैन्थ्यो तर उपाध्याय वर्गका गुरुहरूले पढाए बापत वृत्ति लिने गर्दथे । गुरुहरूलाई तोकेर वा नतोकेर पनि बेलाबखत पढाइ पूरा गरेपछि गुरु दक्षिणा दिने चलन थियो । गुरुकुल शिक्षा निःशुल्क हुन्थ्यो तापनि गुरुकुलमा गुरुको दैनिकी भिक्षावृत्ति र दानबाट चल्थ्यो । त्यतिखेरको शिक्षा व्यवस्थापनमा भएका आम्दानी खर्चको अभिलेख राख्ने जिम्मेवारी गुरुकुल प्रमुखको रहन्थ्यो ।

निचोडमा, वैदिककालदेखि नै गुरुकुलीय आर्थिक व्यवस्थापनको नेतृत्व गुरुले लिएको देखिन्छ । गुरु जहिले पनि सेवाको भावनाबाट प्रेरित भएकाले त्यस्तो नेतृत्व सफल रहेको देखिन्छ तर आधुनिक केही गुरुकुल शिक्षामा भने आर्थिक दायित्व पूर्ण रूपले राज्यले लिएको देखिँदैन । राज्यले जिम्मेवारी लिएका गुरुकुल एवं विद्यालयहरूको पनि आर्थिक व्यवस्थापन प्रभावकारी रहेको छैन । भिक्षादान र गुठीलाई नै गुरुकुलको प्रमुख आर्थिक स्रोत मानिन्थ्यो । अर्थात् स्थानीय स्तरमा उपलब्ध भएका र भविष्यमा उपलब्ध हुन सक्ने सम्भावित आर्थिक स्रोतहरूको पहिचान गरी गुरु स्वयम्ले आर्थिक व्यवस्थापन गर्नु गुरुकुलको सुन्दर पक्ष थियो । शिष्यलाई बिना पारिश्रमिक गुरुले सम्बन्धित पक्षसँगको समन्वयमा निःशुल्क शिक्षा व्यवस्थापन गरेको भेटियो ।

### ५.२.३ शिक्षक प्रशासन

शिक्षक प्रशासन गुरुकुलमा अध्यापन गराउने गुरुको बन्दोवस्त मिलाउने कार्य हो । यो प्रशासनको आधारभूत र परिभाषित उद्देश्यहरू पूरा गर्नका लागि आवश्यक छ (Amadi-Eric, 2008, p. 5) । यसले आश्रम वा गुरुकुल वा विद्याकेन्द्रमा  आवश्यक पर्ने शिक्षकको व्यवस्था, सेवा, सुविधा, आचारसंहिता निर्माण र पालना गर्ने व्यवस्था मिलाउँछ । गुरुकुलीय व्यवस्थामा गुरु भगवान्को अवस्थामा रहन्थे । गुरुको आदेशबिना शिष्य कुनै कर्मका लागि अगाडि बढ्न सक्दैन्थ्यो ।

गुरुकुलको शिक्षक व्यवस्थापन पनि ऋषि, महर्षि तथा आचार्यहरूबाट नै हुने गर्थ्यो (बराल, २०७७, पृ. ४६) । गुरुकुल छात्रछात्राहरूलाई तपोभूमिको रूपमा सिद्ध थियो (घिमिरे, २०७०) । यसबाट गुरुकुलले शिष्यलाई सिकाइका लागि उचित वातावरण प्रदान गरेको पाइयो । विक्रमशीला विश्वविद्यालय सञ्चालन भएपछि बंगालका तत्कालीन राजा धर्मपालले १०८ शिक्षक र अन्य विशेषज्ञ गरेर ११४ जना शिक्षकहरूको नियुक्ति दिएका थिए (Apte, 1924) । यसबाट शिक्षक प्रशासन प्राचीन शिक्षादेखि नै थियो भन्ने कुरा स्पष्ट हुन्छ । अल्तेकरका अनुसार बौद्ध विश्वविद्यालय, मन्दिर र मठ अन्तर्गत सञ्चालन हुने अग्रहार तथा वाली पाठशालामा विद्यार्थी निःशुल्क शिक्षाको व्यवस्था हुन्थ्यो । गेलुङ र संगापा गुरुबाट गुम्बामा पठनपाठनको व्यवस्था गरिन्थ्यो । पहेंलो वस्त्र धारण गर्ने र विवाह नगरी गृहस्थ त्यागी गुफा बसेर धर्मग्रन्थ पढेका गुरुलाई गेलुङ र आफ्नो तपस्याबाट संगापा प्राप्त गरेका, निजबाट सन्तान नहुने र कलेजी रंगको वस्त्र लगाउने गुरुलाई संगापा भनिन्थ्यो (शर्मा, २०६८, पृ. १७ ) ।

नेपालमा शिक्षा विधानको व्यवस्था पछि शिक्षक बन्न चाहिने योग्यता निर्धारण गरिएको पाइन्छ । उक्त विधानमा उल्लेख भए अनुसार शिक्षक बन्न सर्वप्रथम नेपाली नागरिक हुनुपर्ने, यदि नभए दोस्रोमा प्रवासी नेपालीलाई प्राथमिकता प्रदान गर्नुपर्ने प्रावधान रहेको देखिन्छ । यदि दुबै खालका उम्मेदवार नभएमा अन्य व्यक्तिलाई शिक्षक भर्ना गर्न सकिने नियम पाइन्छ । साथै निजको योग्यता र अनुभवका प्रमाणहरू जाँच्नु आवश्यक मानिन्थ्यो । सच्चरित्र र धूम्रपान नगर्ने व्यक्तिलाई मात्र शिक्षकमा छनोट

गर्नुपर्ने हुन्थ्यो (नेस, २०१०) । यसबाट के कुरो स्पष्ट हुन्छ भने गुरुका लागि निश्चित योग्यता आवश्यक हुन्छ ।

गुरुकुल शिक्षामा शिक्षक बन्न सम्बद्ध विषयमा दक्ष हुनुपर्थ्यो । उनीहरूले काम अनुसार नाम पाउँथे । महिलाहरू शिक्षक बन्न सक्थे । शिष्यलाई शास्त्री पास गराएपछि आचार्य उपाधी दिइन्थ्यो । प्राचीन गुरुकुलमा पनि असल चरित्र, अनुभवी ऋषि महर्षिले नै गुरुको स्थान प्राप्त गरेका देखिन्छन् । वास्तवमा गुरु चार प्रकारका हुन्थे : शास्त्र विधिले दीक्षा दिनुहुने दीक्षा गुरु, प्रथम आध्यात्मिक शिक्षा दिनुहुने पथप्रर्दशक गुरु, आध्यात्मिक स्थितिमा अघि बढ्न ज्ञान दिनुहुने गुरु र साक्षात् परमात्मा र सबैबाट अदृश्य हुनुहुने चैतन्य-गुरु ।

महर्षि पाणिनिले इसापूर्व ५०० मा गुरुकुलको चर्चा गर्दै चार प्रकारका गुरुहरूको उल्लेख गरेका छन्, आचार्य, प्रवक्ता, श्रोत्रिय र अध्यापक (अष्टाध्यायी/अ. ४।१।४४, २।१।६५) । पाणिनिका अनुसार बच्चालाई आफ्नै साथमा राखेर आफू जस्तै विद्यामा पारङ्गत गराउने व्यक्ति आचार्य, वैदिक साहित्यको व्याख्या सहित अध्यापन गराउने व्यक्ति प्रवक्ता, वेदका शाखा प्रशाखाहरू कण्ठ गर्ने र विद्यार्थीलाई पनि कण्ठ गराउने व्यक्ति श्रोत्रिय र शिक्षाशास्त्र अध्ययन गर्ने वा गराउने शिक्षक अध्यापकको रूपमा चिनिन्छ । त्यसबेला प्रशासकीय प्रमुख तोकिदैन्थ्यो । गुरु वा आचार्यले नै प्रशासकीय प्रमुखको दायित्व पूरा गर्दथे । विद्वान् तथा श्रेष्ठ व्यक्तिलाई गुरु मानेर शिक्षा लिने दिने व्यवस्था थियो ।

गुरुकुलमा विद्यार्थीलाई अनुशासनको पालना गर्न र गराउन शिक्षक तथा प्रधानाध्यापकलाई अधिकार निर्धारण भएको कुरा उल्लेख गरिएको छ । भगवद्गीताको अध्याय ८ श्लोक ९ मा वर्णन गरिएको छ कि भगवान भूत, वर्तमान र भविष्यका ज्ञाता हुनुहुन्छ, उहाँ कवि हुनुहुन्छ । त्यसैले उहाँलाई सबै कुरा थाहा हुन्छ । उहाँ प्राचीनतम् पुरुष हुनुहुन्छ किनभने उहाँ नै हरेक वस्तुका मूल उद्गम हुनुहुन्छ । प्रत्येक पदार्थ उहाँबाटै उत्पन्न हुन्छन् । ब्रह्माण्डका उहाँ परमनियन्ता पनि हुनुहुन्छ र उहाँ नै मानवताका पालनकर्ता तथा शिक्षक हुनुहुन्छ ।

बाबुराम आचार्य (२०१८) ले आफ्नो ‘प्राचीनकालको नेपाल’ नामक पुस्तकमा प्राचीनकाल, किराँतकाल र लिच्छविकालको सभ्यता, संस्कृति तथा इतिहासका जानकारीहरू दिएका छन । वैदिक सभ्यता तथा संस्कृतिका अनुयायीहरूका रूपमा रहँदै आएका सनातनी हिन्दुहरू आफूलाई यसै पवित्र आर्य जातिका सन्तति हौं भनी गर्व गर्ने गर्दछन् । खस आर्य जातिभित्र पर्ने ब्राम्हण वा बाहुनवर्गमा उपाध्याय र जैसी दुई उपवर्गहरू थियो । बिना वृत्ति शिक्षाको दान दिने पेशा अपनाएका बाहुनलाई आचार्य र पारिश्रमिक वा वृत्ति ग्रहण गरी शिक्षा दिने बाहुनलाई उपाध्याय भनिन्थ्यो । उपाध्यायबाट नै ओझा थरको विकास भएको पाइन्छ । ज्योतिष विद्याको अध्ययन र अध्यापन गर्ने ब्राम्हणहरूलाई ज्योतिषी, जोशी वा जोइसी भन्ने गरिन्थ्यो । जोइसी शब्द अपभ्रंश भई जैसी हुन आएको पाइन्छ ।

खस जातिमा रहेका क्षेत्रिय वर्गले खेतीपाती तथा सैनिक सेवामार्फत आफ्नो जीवन वृत्ति गर्दै आएको देखिन्छ । थापा, कार्की, विष्ट, खड्का, बस्नेत, रायमाझी तथा ठकुरीहरू क्षेत्रिय जातिमा पर्दछन् । उनीहरू तागाधारी हुनाले सनातन हिन्दुधर्मको अत्यन्त पक्षपाती रहँदै आएको पाइन्छ । यिनीहरूको आफ्नो मातृभाषाको रूपमा नेपाली भाषालाई स्वीकार गर्दै आएको पाइन्छ (आचार्य, २०१८, पृ. १८-२३) । यस भनाइले प्रष्ट पार्छ कि प्रारम्भमा नेपालमा जात व्यवस्थाका आधारमा पनि गुरुकुलमा ज्योतिष र कर्मकाण्डको परम्परागत शिक्षा व्यवस्था थियो ।

नेपालमा शिक्षकको स्थान सम्मानको दृष्टिले निकै महत्त्वपूर्ण रहेको देखिन्छ । भारतीय शिक्षा नियमानुसार प्राचीनकालमा कृषि, गृह निर्माण र काष्ठ कर्म आदि कार्यहरू सम्बन्धित जातिकै गुरुबाट गरिने कुराले गुरुको औचित्यलाई स्पष्ट गरेको छ । आफूले कुनै कार्य सिकेको गुरुलाई शिष्यले ठुलो श्रद्धाको साथ आदर गर्ने र आफूलाई शिक्षकको आजन्मसम्मको ऋणी भनी सम्झने कार्यले पनि उसवखतको शिक्षकको स्थान अनुकरणीय छ भन्ने पुष्टि हुन्छ ।

विभिन्न विषयका पुस्तकहरू प्राचीन नेपालमा प्रचुर मात्रामा नहुनु, गुरुको मौखिक शिक्षाबाट हरेक कुराको ज्ञान लिनुपर्ने र बौद्धिक कार्यतर्फ थोरै सङ्ख्यामा मात्र

मानिसहरू लाग्नु साथै ईश्वरीय शक्तिको रूपमा सरस्वतीको प्रतिनिधि मानेर शिक्षकलाई प्रत्येक वर्ष गुरु पूर्णिमाका दिन शिष्यहरूबाट गुरुको पूजा गरिने परम्पराको कारण प्राच्य शिक्षामा शिक्षकले उच्च स्थान प्राप्त गर्न सकेको देखिन्छ (वज्राचार्य, २०२०) । त्यसैले त्यसबेला गुरूप्रति शिष्यले आफ्ना आचरण र उत्तरदायित्व वहन गरेको पाइन्छ ।

गुरुकुल शिक्षामा शिक्षकको स्थान सर्वोच्च रहेको पाइन्छ । प्रत्येक ऋषि परिवारले शिक्षाको लागि शिष्य भर्ना गर्ने वैदिक विद्यालय जस्तै कामकाज गर्दथ्यो (Mookerji, 1951) । शिक्षक व्यवस्थापन गर्दा गुरु नै प्रमुख आध्यात्मिक निर्देशक हुन्थे (शिक्षा मन्त्रालय, २०३०, पृ. २) । प्राचीनकालमा राम, कृष्ण, व्यास, बुद्ध, महावीर स्वामी, जगद्गुरु, शंकराचार्य, बल्लभाचार्य, चैतन्य, महाप्रभु, रामानन्दस्वामी, कवीर साहेव, गुरु नानक, निजानन्दस्वामी, महामति प्राणनाथ, दयानन्द सरस्वती र स्वामी विवेकानन्द आदि प्रख्यात ऋषि गुरुको चर्चा पाइन्छ । प्राचीनकालमा ऋषि शिक्षक थिए र उनले शिष्यको व्यक्तिगत क्षमताको आधारमा आफूले प्राप्त गरेको ज्ञान भावी पिँढीलाई प्रदान गर्दथे ।

शिष्यहरूमा सदैव गुरूप्रति पितृतुल्य र गुरु पत्नीप्रति त मातृतुल्य व्यवहार गर्नु तथा कुनै पनि अवस्थामा गुरूप्रति द्रोह नगर्नु भन्ने आदर्श त्यसबेला विद्यमान थियो । श्रीमद्भगवतमा पनि यही कुराको पुष्टि गर्दै भनिएको छ, मानिसले महान् भक्तहरूका चरण चिन्ह्हरूकै अनुसरण गर्नुपर्दछ । आध्यात्मिक अनुभूतिका क्षेत्रमा उन्नति गर्ने मार्ग पनि यही हो (स्वामी प्रभुपाद, सन् १९९७, पृ. १५९) । यसले गुरुलाई आचार्य र उपाध्याय आदि भनेर त्यसबेलादेखि सम्बोधन गर्ने गरिन्थ्यो । गुरुकुलमा अध्यापन कार्य गरे बापत नै आचार्य सम्मानित हुन्थे ।

“शिष्यले आफूप्रति गरेको सम्मानजस्तै आचार्यहरूले पनि आफ्ना विद्यार्थीप्रति स्नेहको भावना राख्दथे । गुरुको सदैव आफ्नो शिष्य बुद्धि र ज्ञानमा निपुण भएर संसारमा प्रतिष्ठित बनोस् भन्ने कामना रहन्थ्यो । आफूले हासिल गरेको ज्ञान निःस्वार्थ भावनाले गुरुले योग्य विद्यार्थीलाई प्रदान गर्ने गर्दथे“ (Dahal, 2009, p. 132) । त्यसैले

शिक्षकहरूले ज्ञान, कौशल र दृष्टिकोणहरूमा ध्यान दिएर हेर्नुपर्छ जुन सिक्नेहरूले कक्षाकोठामा ल्याउँदछन् (Bransford et al., 1999) । यस्तो पद्धतिले गुरूप्रति विद्यार्थीहरूमा सम्मानको भावना बढाउँथ्यो । उनीहरूमा बाबु र छोराको जस्तो राम्रो सम्बन्ध स्थापित हुन्थ्यो ।

चैतन्य महाप्रभुबाट शिक्षकले शिक्षा दिनुभन्दा पहिले त्यो कुरालाई आफैँले आचरण गरेर देखाउनुपर्छ भनिएको छ । यस किसिमको व्यावहारिक शिक्षा दिने शिक्षकलाई आचार्य वा आदर्श शिक्षक भनिन्छ (स्वामी प्रभुपाद, सन् १९९७, पृ. १५८) । शिष्यले दिनरात गुरु सेवा गरेर मात्र गुरुकुलमा उसले चाहेको ज्ञान प्राप्त गर्न सक्थ्यो । गुरु र शिष्यको निरन्तरको सम्बन्धले गुरुकुलमा सिकाइ आर्जन गर्न सकिन्थ्यो । गुरुको आश्रममा लामो समयसम्म शिष्य रहनु पर्दथ्यो ।

तत्कालीन समाजमा ख्यातिप्राप्त वरिष्ठ शिक्षकहरूको निवासमा अभिभावकहरू आफ्नो छोराहरूलाई शिक्षा ग्रहण गर्न पठाउँथे । गुरुकुलमा त्यसबेलाका उत्साही तथा प्रखर बुद्धि भएका शिष्यहरूलाई तत्कालीन आचार्यहरूले पनि पढाउन रुचि राख्दथे । संसाररूपी कारागारबाट त्यही बेला मुक्ति मिल्ला जुन बेला यहाँका मानव आत्माहरूले गुरु-मुखबाट कृष्ण-नामको महामन्त्र प्राप्त गर्लान भनेर शास्त्रहरू प्रमाणित गर्दछन् (शिवाकोटी, २०५५, पृ. ४) । यसले वैदिकयुगदेखि नै शिक्षकको स्थान देवताका रूपमा आदरयुक्त, गरिमामय र प्रतिष्ठित थियो भन्ने स्पष्ट गरेको छ ।

विगतमा शिक्षक व्यवस्थापनका विषयमा नेपालमा पनि सकारात्मक पहल भएको पाइन्छ । वि.सं. १९१० सालदेखि थापाथली दरबारभित्र पढाउन देवदन्त उपाध्यायलाई वर्षको मोरु १००/- गुठीबाट पाउने गरी शिक्षक नियुक्त गरिएको थियो (शर्मा, २०६०, पृ. १२) । यस नियुक्तिबाट औपचारिक शिक्षाको सुरुवाती समयदेखि शिक्षक तथा गुरुको पारिश्रमिक किटान गरेको देखिन्छ । त्यसभन्दा अगाडि गुरुकुल पद्धतिमा गुरुको पारिश्रमिक निर्धारण भएको उल्लेख छैन । त्यसबेला बिना पारिश्रमिक गुरुले प्रदान गरेको स्वयम्सेवी गुरुकुल शिक्षा पद्धतिको व्यवस्थापन आजको सन्दर्भमा

अनुकरणीय देखिन्छ । यसले प्राचीन विद्वान गुरुहरूले निःस्वार्थ रूपले प्रशासकीय जिम्मेवारी निर्वाह गर्नुहुन्थ्यो भन्ने कुरा स्पष्ट हुन्छ ।

प्राचीनकालमा गुरुकुल प्रमुख नै प्रशासनिक प्रमुख हुन्थे, उहाँ नै कुलपति, आचार्य, गुरु र उपाध्याय हुन सक्थे । सामान्य प्रशासनको प्रमुखमा मठाधीश प्रधानाध्यापक हुनुहुन्थ्यो, जसलाई दुई काउन्सिलहरू, एउटा शैक्षिक र अर्को प्रशासनिकले सहयोग गर्थे (Altekar, 1944, p. 121) । दशहजार विद्यार्थीको आवास र भोजन सहित शिक्षाको व्यवस्था गर्ने व्यक्ति कुलपति कहलिन्थे । सदाचारको शिक्षामा जोड दिने आचार्य, संस्कारमा बढी जोड दिने गुरु, केही वृत्ति समेत लिएर पढाउने उपाध्याय हुन्थे । आचार्य, गुरु र उपाध्यायले दिने शिक्षा स्थान, प्रसङ्ग र उदाहरणमा पृथक जस्तो देखिए तापनि मूलतः ज्ञानपरक उपलब्धि समान हो भिन्नता होइन ।

गुरुकुलमा विभिन्न वर्ग वा स्तरका शिक्षकहरू रहेका हुन्छन् (Mookerji, 1947, p. 243) । धर्मशास्त्रमा मनुको नाम धेरै ठाउँमा उल्लेख छ (Kane, 1930, p. 471) । उनले शिक्षकलाई आचार्य, गुरु र उपाध्याय गरी तीनवर्गमा विभाजन गरेका छन् र उनले पनि आचार्यलाई नै सर्वोत्तम शिक्षक ठहऱ्याएका छन् । मनुले संस्कार सिकाउने र पालनपोषण गर्नेलाई गुरु मानेका छन् भने जीविकोपार्जनका लागि वेदाङ्गको अध्यापन गराउने व्यक्तिलाई उपाध्याय भनेका छन् (मनुस्मृति, २०६६) । यसबाट गुरुकुलमा सर्वोत्तम व्यक्ति आचार्य हुने र उनको कुशल नेतृत्वमा शिक्षक प्रशासन चल्ने गर्थ्यो ।

वैदिककालमा पुरुष र महिलाको अवस्था समान थियो (Suresh, 2018) । त्यस समयमा स्त्रीहरू पनि वेदाध्ययनबाट वर्जित थिएनन् । उनीहरू पनि ब्रह्मचारिणी भई वेदाध्ययन पश्चात् ब्रह्मवादिनी भएर बस्न सक्दथे । छात्रावासमा बस्ने अलग व्यवस्था हुन्थ्यो । अध्ययन समाप्त गरी गृहस्थाश्रममा प्रवेश गर्ने महिलालाई गृहस्थी र सन्यास लिनेलाई ब्रह्मवादिनी भन्दथे (शर्मा, २०६८, पृ. १६) । "महिलाहरू मध्ये केहि देवीहरूको रूपमा मानिन्छन् । महिलाहरूले भजन पनि रचना गरेका थिए । आपाला, होमाशा, शशपति, घोषला, ममता र लोपामुद्रा वैदिक विद्वान्हरू मध्ये उल्लेखनीय थिए" (Chouhan, 2016, p. 2) । त्यसैले पोखरेल (२०७१, पृ. १३९) ले वैदिककालमा

महिला पुरुषमा खासै विभेद थिएन भनी उल्लेख गरेका छन् । यसबाट गुरुकुलमा छात्र सरह छात्राहरूले पनि वेद अध्ययन गरी ब्रह्मवादिनी वा गृहस्थी छनोट गरी भावी जीवनलाई आफ्ना इच्छा अनुकूल सिकाइ वातावरण निर्माण भएको कुरा पुष्टि हुन्छ ।

गुरुकुलका आचार्यको बारेमा गोपीनाथ शर्मा (२०६८) ले यसरी औंल्याएका छन्, "श्री शाके १३७२ (वि.सं. १५०७) आषाढ शुक्ल द्वितियाका दिन सिंजा नाराकोट राजस्थानबाट दिएको श्रीवत्सराजको आदेशमा उनले आफूलाई बृहत् विद्या केन्द्रहरूको रक्षा र अभिनव विद्याको स्थापना गर्ने आचार्य भएका भन्ने उल्लेख छ" (शर्मा, २०६८, पृ. २६) । यसबाट बाइसी चौबीसी राज्यका खसराजाहरू आफ्ना राज्यका विद्वान्हरूको कदर र सम्मान गरी शिक्षाको विकासप्रति ममता गर्दथे भन्ने बुझिन्छ ।

वैदिककालपछि समाजको विकास प्रारम्भ भयो । असल नागरिकबाट असल समाज बन्दछ, असल समाजले असल राष्ट्र दिन सक्दछ (पौडेल, २०७०, पृ. ३८) । फलस्वरूप प्राचीनकालमा गुरुकुलमा शिक्षा दिन थालियो । यस अवधिमा उपनयन संस्कारपछि गुरुआश्रममा गएर शिष्यहरू वेद, नीतिशास्त्र र अर्थशास्त्र जस्ता व्यावहारिक शिक्षा लिन्थे । आफ्नो बुबा, आमा, दिदि तथा दाजुबाट नै शिक्षा लिने परम्परा तत्कालीन समुदायमा विकास भएको पाइन्छ ।

विद्यार्थीले इहलोक र परलोक दुबैको आफ्नो कल्याणको लागि आफ्नो गुरुको स्नेह सुरक्षित गर्नुपर्छ (Mookerji, 1947, p. 280) । गुरुकुलमा गुरु र शिष्यबिचका सम्बन्धका बारेमा पन्तले यसरी औंल्याएका छन्, "गुरुले पनि आफू कहाँ आएको शिष्यलाई परीक्षा लिएर वेदादि शास्त्रको ज्ञान दिन्छन् । गुरु र शिष्यको यस्तो वातावरण अत्यन्तै मैत्रीपूर्ण हुन्छ । गुरुले शिष्यलाई पुत्रवत् व्यवहार गर्छन् भने शिष्यले गुरुलाई ब्रह्मा, विष्णु, महेश्वर र साक्षात् परब्रह्माका रूपमा स्वीकार गरेको हुन्छ" (पन्त, २०७०, पृ. ५०) । यसबाट गुरुले हजारौ सङ्ख्याका बटुकहरूलाई शिक्षा र आश्रय दिन्थे भने बटुकहरू गुरुको नित्यकर्म, भोजन र आश्रम जस्ता व्यवस्थापकीय कार्यमा सरिक हुन्थे । मानव कल्याणको लागि शास्त्रमा पारङ्गत भएका गुरुहरूलाई नै शिक्षक बन्ने अवसर प्राप्त हुन्थ्यो ।

"गुरुकुलहरू गुरुको स्वः विवेकमा सञ्चालन गरिन्थ्यो । प्राचीनकालमा वाल्मीकि, अघोर, वशिष्ठ, भारद्वाज, दुर्वासा, अङ्गिरा आदिका गुरुकुल प्रसिद्ध थिए" (सुवेदी, २०७१, पृ. १०८) । महाभारतमा दुर्वासा ऋषिका आश्रममा ६० हजारभन्दा बढी विद्यार्थीहरूले निरन्तर निवास गरी शिक्षा लाभ गर्ने गर्थे भनी उल्लेख छ (स्वामी चन्द्रेश, २०६७, पृ. १८७) । आश्रममा गुरुको कडा नियम र अनुशासनको पालना गर्नुपर्दथ्यो । ऋषि तथा महर्षिहरू भिक्षादानबाट सम्पूर्ण कार्य सम्पन्न गर्दथे । गुरुको सान्निध्यबाट शिक्षा ग्रहण गरिएको भए पनि शिक्षा पूरा गरेपछि आफ्नो इच्छामा ब्रह्मचारी बन्थे । जसबाट बालबालिकाको चरित्र निर्माणमा टेवा पुग्दथ्यो ।

प्राचीन गुरुकुल परम्पराको बारेमा सबैभन्दा ठूलो ग्रन्थ महाभारतमा विभिन्न महर्षिहरू र यिनले सञ्चालनमा ल्याएका आश्रम र शिक्षक नियुक्तिको वर्णन गरिएको पाइन्छ । राजप्रसादमा रहने आचार्य, दैवज्ञ, गुभाजु, प्रधान, मास्के र भण्डारी आदि प्रायः पढे लेखेका हुन्थे । यिनीहरूमध्ये धुरन्धर विद्वान्लाई राजकुमार तथा राजकुमारी पढाउने काममा नियुक्त गरिन्थ्यो (नेस, २०६८, पृ. १४) । साथै प्रयोगात्मक विधिबाट छानिएका गुरुहरू नै शिक्षक हुन्थे तर तिनीहरूको नियुक्ति प्रशासनिक प्रक्रियाबाट नभइ आचार्य पद्धतिबाट गरिन्थ्यो ।

समुदायले आचरणको आधारमा सम्मानको साथ गुरुको रूपमा स्वीकार गरेको व्यक्ति मात्र शिक्षक हुन सक्थ्यो । आफूले पढाएको योग्य शिष्यलाई गुरुले छनोट गरी शिक्षकको रूपमा उत्तराधिकारी, आचार्य वा उपाध्याय बनाएको पाइन्छ । समग्र वेद तथा त्यसको रहस्य समेत सिकाउने व्यक्तिलाई आचार्य भनिन्छ (घिमिरे, २०७१, पृ. १२४) । त्यसबेला आचार्य तथा गुरुको विश्वासको आधारमा शिक्षक छनोट गर्ने व्यवस्था थियो भन्ने देखिन्छ ।

शिक्षक भैसकेपछि तालिम दिन पर्दैनथ्यो । त्यसैले यो स्पष्ट छ कि स्नातकको लागि अध्यापन पेशाको निमित्त योग्य हुन अरू कुनै प्रशिक्षण आवश्यक थिएन (Altekar, 1944, p. 51) । आचार्य तह नै तालिमको रूपमा रहन्थ्यो । पढाउने बेला कुनै सन्देह भएमा अनुभवी र माथिल्लो गुरुसँग सोध्ने र पढाउने परम्परा थियो ।

विद्यार्थीलाई तोकिएको विषयमा पारङ्गत बनाउनुलाई नै तालिम मानिन्थ्यो । राज्यको तर्फबाट शिक्षकको सेवा, शर्त, सुविधा र पदोन्नति तोकिएको हुँदैनथ्यो । गुठी, समाज र सम्पन्न व्यक्तिबाट सहयोग दान दातव्य प्राप्त गरेर गुरुले विद्यार्थीको दैनिक जीवन निर्वाह गर्दथे ।

स्थलगत अध्ययनको क्रममा गुरुकुलमा प्रमुखको व्यवस्था, शिक्षक बन्ने योग्यता तथा महिला शिक्षकको प्रावधान बारेमा सबै विशेषज्ञहरूको रायमा एकरूपता रहेको पाइयो । उनीहरूको अनुसार गुरुकुल शिक्षामा प्रशासकीय प्रमुखको व्यवस्था थियो । त्यसबेला प्रशासकीय प्रमुख आचार्य हुन्थे । वेद, धर्मशास्त्र, कर्मकाण्ड सबै जानेको व्यक्ति मात्र शिक्षक बन्न योग्यता पुगेको मानिन्थे । तत्कालीन अवस्थामा महिलाहरू पनि शिक्षक बन्न सक्थे, उनीहरू नै आचार्य, उपाध्याय र ब्रह्मवादिनी हुन्थे भन्ने भनाइ रह्यो ।

सो सम्बन्धमा नौजना प्राचार्य तथा शिक्षकहरूको धारणा यस्तो रहेको पाइन्छ, गुरुकुल शिक्षामा गुरुकुल प्रमुख नै प्रशासनिक प्रमुख हुन्थे । गुरुहरू कुलपति, आचार्य, गुरु वा उपाध्याय हुन सक्थे । यस शिक्षामा शिक्षक बन्न सम्बद्ध विषयमा दक्ष हुनुपर्थ्यो । उनीहरूको काम अनुसार नाम पाउँथे । गुरु सँगसँगै रहेका गुरुआमाहरूले शिक्षामा योगदान दिन्थे तर महिलाहरू मात्र शिक्षक बन्न सक्ने प्रसङ्ग कम हुन्थ्यो ।

प्राचार्य अर्जुन पाण्डेयले फरक किसिमबाट औंल्याएका छन्, उनका अनुसार शिष्यलाई शास्त्री पास गराएपछि आचार्य उपाधि पाउँथे । स्नातक प्राप्तपछि आचार्य बन्न सक्थे । गुरुकुल अनुसार आचार्यको व्यवस्था हुन्थ्यो । शिष्यलाई सिकाउन सक्ने क्षमता गुरुमा हुनुपर्थ्यो । कम महिलाहरू शिक्षक बनेको भेटिएको छ किनकि हरेक दिन वेद पढ्नुपर्ने र विशेष गरेर महिला सन्तान उत्पादन कार्यमा सरिक हुनुपर्ने र सुत्केरी आमाले ६ महिना पानी छुन नहुने प्रचलन भेटिन्छ । यसबाट के कुरो स्पष्ट हुन्छ भने त्यसबेला शिक्षक  व्यस्थापनमा  लैङ्गिक समता रहेको पाइयो ।

तत्कालीन शिक्षक तालिमको बारेमा छजना विशेषज्ञहरूको रायमा एक मत रहेको पाइयो । उनीहरूका अनुसार प्राचीन गुरुकुलमा शिक्षक तालिमको व्यवस्था थिएन । साथै दुईजना विशेषज्ञहरूको धारणा भने फरक पाइयो । उनीहरूले बताए अनुसार गुरु आफूमा सर्वज्ञानी भएकाले कुलपतिको हैसियतले सम्पूर्ण जिम्मेवारी लिन्थे । गुरु स्वयम् तालिम प्राप्त हुन्थे भन्ने रह्यो ।

साथै प्राचीन गुरुकुलमा शिक्षक तालिमको व्यवस्था थिएन भन्ने भनाइ पनि रह्यो तर दुई प्राचार्यहरूको धारणा भने फरक रहेको पाइयो । उनीहरूका अनुसार गुरुको सान्निध्यमा रहेर काम गरेको आधारमा स्वतः तालिम प्राप्त मानिन्थ्यो । गुरुको सङ्गतबाट पछि गुरुले उत्तराधिकारी बनाउन सक्थे भन्ने भनाइ रह्यो । यसले गुरु सर्वज्ञानी भएकाले तालिमको आवश्यकता नभएको पुष्टि गरेको छ ।

शिक्षक योग्यताको सम्बन्धमा छ जना विशेषज्ञहरूको कुनै धारणा प्राप्त भएन । दुईजना विशेषज्ञहरूको अनुसार गुरुकुलमा वैदिक व्याकरण, ज्योतिष, साहित्य, कला, संस्कृति र अर्थशास्त्र आदि विषयमा ज्ञान भएको व्यक्ति शिक्षक बन्न योग्यता पुगेको मानिन्थ्यो । उनीहरूका अनुसार गुरुको लक्षण शान्त, स्वभाव, छिटो बुझ्ने र ढिलो सुन्ने हुनुपर्थ्यो भन्ने रह्यो ।

शिक्षक छनोट, सेवा, सुविधा र पदोन्नति सम्बन्धमा भने पाँचजना विशेषज्ञहरूको राय एउटै रहेको पाइयो । उनीहरूले बताए अनुसार गुरुकुलीय पद्धतिमा कुलपतिले स्वः विवेकमा शिक्षक छनोट प्रक्रियालाई अन्तिम निर्णय गर्ने व्यवस्था थियो । त्यसबेला शिक्षक सेवा, शर्त, सुविधासम्बन्धी सम्पूर्ण कार्य गुरुको विश्वास र निर्णयमा हुन्थ्यो । गुरु पदोन्नतिमा ब्रह्मर्षि, देवर्षि, ऋषि र राजर्षिको व्यवस्था थियो भन्ने भनाइ रह्यो तर तीनजना विशेषज्ञहरूबाट कुनै प्रतिकिया प्राप्त भएन । यसबाट के स्पष्ट हुन्छ भने गुरुकुलको शिक्षक विकासको लागि प्रबन्धकीय भूमिका मुख्य गुरुको रहेको पाइयो ।

शिक्षक छनोट प्रक्रियाको बारेमा आठजना प्राचार्य तथा शिक्षकहरूको रायमा एक मत रहेको पाइयो । उनीहरूको अनुसार प्रयोगात्मक विधिबाट छानिएका गुरुहरू नै

शिक्षक हुन्थे । तिनीहरूको नियुक्ति प्रशासनिक प्रकियाबाट नभइ आचार्य पद्धतिबाट गरिन्थ्यो । समुदायले सम्मानको साथ गुरुको रूपमा स्वीकार गरेको व्यक्ति मात्र शिक्षक हुन सक्थ्यो । शिक्षक भैसकेपछि तालिम दिन पर्दैनथ्यो । आचार्य तह नै तालिमको रूपमा रहन्थ्यो । शिक्षकको सेवा शर्त, सुविधा र पदोन्नति अरु कसैले निर्धारण गर्दैनथे । त्यसका लागि आवश्यक सम्पूर्ण जिम्मेवारी आचार्य गुरुको हुन्थ्यो । त्यसवखतमा शिक्षक सेवा, सुविधा र पदोन्नतिको व्यवस्था थिएन ।

शिक्षक आचारसंहिताको बारेमा सबै विशेषज्ञहरूको रायमा एक मत रहेको पाइयो । उनीहरूका अनुसार त्यसबेलाका शिक्षकहरूको कार्यव्यवस्था र आचारसंहिता स्मृतिशास्त्र वेदमा उल्लेख भए अनुसार हुन्थ्यो । शिक्षक विकासको बारेमा नौजना प्राचार्य तथा शिक्षकहरूको रायमा एक मत रहेको पाइयो । उनीहरूले उल्लेख गरे अनुसार गुरुकुलमा आवश्यक नीतिहरूको व्यवस्था हुन्थ्यो भन्ने रहेको पाइयो तर प्राचार्य केशव अधिकारीको राय भने फरक ढङ्गले प्रस्तुत भएको देखियो । उनका अनुसार गुरुकुलमा शिक्षकका आचारसंहिता बनाउने र ठिकसँग पालन गरे नगरेको हेर्ने चलन थिएन तर गुरुहरू स्वः अनुशासनमा रहेर नै गुरु बन्न सक्थे भन्ने भनाइ रहेको पाइयो । प्राच्य शिक्षामा गुरुकुल प्रमुखले नै प्रशासनिक प्रमुखको जिम्मेवारी निर्वाह गर्दथे । तिनीहरू कुलपति, आचार्य, गुरु वा उपाध्याय हुन सक्थे । उनीहरूले काम अनुसार नै नाम पाउँथे ।

निचोडमा, शिष्यले चाहना गरे बमोजिम विभिन्न किसिमका शिक्षण कला र ज्ञान आर्जन गर्न व्यवस्था मिलाउने काम शिक्षक प्रशासनको हो । गुरुकुलको शिक्षक प्रशासनका बारेमा प्राप्त सूचना तथा तथ्यहरूलाई विश्लेषण गर्दा यो शैक्षिक व्यवस्थापनको एक महत्त्वपूर्ण पक्ष रहेको पाइयो । गुरुकुलीन परम्परामा मुख्य गुरु नै प्रशासनिक प्रमुख हुन्थे । गुरुहरूमध्येबाट नै कुलपति, आचार्य, गुरु र उपाध्याय हुन सक्थे । गुरुले प्रयोगात्मक, साधारण, व्यावसायिक शिक्षा दिने आधारमा उनीहरूको दर्जा र उपाधि किटान हुन्थ्यो । शिष्यहरूको सिकाइमा गुरुले कुनै पनि स्वार्थ नराखी एउटा असल प्रशासकको रूपमा कार्य गर्थे । गुरु जहिले पनि पेशा भन्दा माथि उठेर सेवाको

भावनाबाट प्रेरित भएको पाइयो । मुख्य गुरु वा प्राचार्यबाट गुरु छनोट गर्ने परम्परा, मुख्य गुरू वा शिक्षकले स्वः विवेकमा जिम्मेवारी निर्वाह, उत्तरदायित्व र जवाफदेहिताको भावना, गुरु शिष्यबिच एक अर्काप्रति सकारात्मक व्यवहार तत्कालीन गुरुकुलका अनुकरणीय पक्षहरू हुन् । यसले गुरुकुलको शिक्षक व्यवस्थापनका कारण शिष्यलाई संस्कारयुक्त र अनुशासित तुल्याउन गुरुको योगदान प्रभावकारी रहेको पुष्टि गर्दछ ।

## ५.२.४ विद्यार्थी प्रशासन

गुरुकुलमा रहेका शिष्यहरूको लागि आवश्यक पर्ने सहयोग सुविधा उपलब्ध गराउने सेवासम्बन्धी कार्य विद्यार्थी प्रशासन हो । शैक्षिक प्रशासकको पनि प्रभावी ढङ्गले आफ्नो हेरचाह अन्तर्गत राखिएको विद्यार्थीहरूलाई व्यवस्थापन गर्ने जिम्मेवारी हुन्छ (Amadi-Eric, 2008, p. 41) । यसमा विद्यार्थीलाई उपलब्ध गरिएका सेवाको बारेमा विवेचना गरिएको छ ।

गुरुकुलमा पूर्णतः अनुशासन र नैतिकताको सीमाभित्र रहेर विद्यार्थीहरूले एकै ठाउँबाट चौध विद्या आर्जन गर्दथे साथमा चौसट्ठी कला र सीप पनि आर्जन गर्दथे (गौतम, २०६६, पृ. २१७) । विद्यार्थीलाई कडा मिहनेत, अभ्यास र प्रयोगको माध्यमबाट ज्ञान प्राप्त गर्न प्रोत्साहन गरिन्थ्यो (कश्कर, सन् २०१३) । कठोर अनुशासनमा रहेर विद्यार्थीहरूले अभ्यास गरी सिकाइ आर्जन गर्दथे ।

घमण्ड गरे कहिल्यै शिक्षा हासिल गर्न सकिँदैनथ्यो (Dahal, 2009, p. 132) । नेशिवि, २०१० मा व्यवस्था गरिएको छ कि “विद्यार्थीलाई नियमित र लगनशील बनाउन अनुशासन र दण्ड सजायको व्यवस्था निर्धारण गरिएको पाइन्छ । विद्यार्थीलाई अनुशासनको पालना गर्न गराउन शिक्षक तथा प्रधानाध्यापकलाई अधिकार निर्धारण भएको कुरा उल्लेख छ” (नेस., २०१०, पृ. ४६) । विद्यार्थीलाई कुनै प्रकारको काम दिएर राख्नु, रोकेर वा थुनेर राख्नु वा बढ्ता परिश्रम गराउनु र आर्थिक दण्ड शिक्षकबाट गरिन्थ्यो । साथै शारीरिक दण्ड र निष्काशन गर्न प्रधानाध्यापक वा निजको अनुमतिमा

शिक्षक तथा गुरुले गर्ने प्रावधान रहेको देखिन्छ (उही, २०1०) । यसबाट प्राचीन शिक्षा व्यवस्थामा गुरुले आफ्ना शिष्यहरूलाई पुरस्कार र दण्ड दिने प्रचलन थियो भन्ने स्पष्ट हुन्छ ।

प्राचीनकालको गुरुकुलमा गुरु-शिष्यको कर्तव्य सन्दर्भमा 'ब्रह्म-बिन्दु' नामक पत्रिकामा रुद्रप्रसाद मिश्रले यसरी स्पष्ट पारेका छन् :

> यस्तो गुरुकुलमा समानताको व्यवहार हुन्थ्यो । राजपुत्र र रङ्कपुत्रमा कुनै विभेद हुदैन थियो । गुरुशुश्रूषा, अग्निसेवा, अतिथि सत्कार, गौसेवा आदि कृत्यहरू समान रूपमा गर्नुपर्ने हुन्थ्यो । त्यस्ता ज्ञानी महर्षिहरू स्वयम् तपस्वी हुन्थे र कुनै पनि सेवामुखी हुँदैन थिए तापनि छात्रहरूलाई आत्मिक ज्ञानका लागि व्यावहारिक र स्वावलम्वी शिक्षा सिकाउन उक्त क्रियाहरूमा संलग्न गराइन्थ्यो । (मिश्र, २०६१, पृ. ५१-५२)

यसबाट के कुरा स्पष्ट हुन्छ भने गुरुद्वारा ज्ञान दिनुको अतिरिक्त शिष्यलाई व्यावहारिक ज्ञान र सीप सिकाइद्वारा स्वावलम्बी बनाउन अतिरिक्त क्रियाकलापतर्फ प्रेरित गराइन्थ्यो ।

'नेपालमा शिक्षाको इतिहास' नामक पुस्तकमा गोपीनाथ शर्मा (२०६८) ले विद्यार्थी प्रशासनको बारेमा यसरी औंल्याएका छन्, "आफ्नो धर्म, परम्परा र संस्कृतिमा पनि उनलाई उत्तिकै आस्था भएकाले पृथ्वीनारायण शाहले वैयाकरण केशरीलाई मासिक पचास रूपैयाँ छात्रवृत्ति दिएर संस्कृत पढ्न पठाएका थिए । उनी हिन्दु धर्मालम्बी तथा बौद्धमार्गी दुबैको उत्तिकै आदर गर्दथे" (शर्मा, २०६८, पृ. ३०) । यसबाट तत्कालीन गुरुकुलमा छात्रवृत्तिले छात्रहरूलाई सिकाइप्रति उत्प्रेरित गरिएको स्पष्ट हुन्छ ।

ऋषि तथा महर्षिहरूले आफ्नो कुटी वा आश्रममा शिष्यहरूलाई राखेर वेद तथा शास्त्रहरूको आवश्यकीय ज्ञान प्रदान गर्दथे । जसको उपयोग गरेर शिष्य आफ्नो सुखमय जीवन व्यतित गर्दथे । जीवनमा आइपर्ने जुनसुकै समस्याको समाधान उनीहरू सजिलै गर्थे । आफ्नो जीवनलाई उद्देश्यमुखी र सफल बनाउँथे । गुरुकुलीय परम्परा

अनुसार शिक्षा लिने प्रमुख थलो नै गुरुकुल आश्रम थियो । गुरुकुलमा उपनयन संस्कार सम्पन्न भए पश्चात् बालकलाई प्रवेश गर्न दिइन्थ्यो । उनीहरूले वेद वेदादि लगायत चौध विद्या र चौसट्ठी कलाको शिक्षा लिन्थे । यसका साथै शिष्यहरूले व्यवहारपयोगी शिक्षा ग्रहण गर्न सक्थे । शिष्य आफ्नो अध्ययन पूरा गरेर आफ्नै चाहना बमोजिम गृहस्थाश्रम प्रवेश गरेर सफल जीवन जिउँथे (पोखरेल, २०७१, पृ. १३९) । यसले गुरु-शिष्यको दिनचर्यालाई पुष्टि गर्दछ ।

विद्यार्थी भर्नाको आधार उपनयन (ब्रतबन्ध) लाई मानिन्थ्यो । त्यसमा जाति सोधेर त्यसको आधारमा पाठ्य विषयहरू निर्धारण हुन्थे तर जाति यदाकदा स्वभावका आधारमा निर्धारण गरिन्थ्यो । जस्तैः कर्ण बाहुन र परशुराम क्षेत्री थिए । उपनिषद्को १४ रत्न, स्वभाव र संस्कारको आधारमा क्षेत्री धनुर्विद्या, वैश्य कृषि व्यापार, शुद्ध सेवा गर्ने पेशा तोकिएको थियो । ब्रह्मविद्याको अध्ययन गर्न चाहने महिलाहरू पनि गुरुकुलमा बसेर पढ्थे भन्ने कुरा बृहदारण्यकोपनिषद्मा वर्णन गरिएको गार्गी र मैत्रेयी आदिका प्रसङ्गले बुझाउँछ (पोखरेल, २०७४, पृ. २३) ।

विशेष गरेर गुरुकुलमा पढ्नको लागि केही योग्यताहरू पनि निर्धारण गरिन्थ्यो । जस्तैः गुरुकुलमा रहेर अध्ययन गर्न चाहने छात्रको कुल एवं गोत्रको जानकारी लिइ विद्या ग्रहण गर्न सक्ने योग्यता परीक्षण गरिन्थ्यो भने कुल एवं गोत्रको जानकारी हुन नसकेको अवस्थामा छात्रको जिज्ञासालाई बुझी शिक्षा दिइन्थ्यो । पुरुषोतम घिमिरे (२०७१) ले 'गुरुकुल सन्देश' मा गुरुकुल/आश्रममा पाठ्यक्रम तथा पाठ्यपुस्तकको बारेमा यस्तो धारणा राखेका छन्, गुरुकुलको पाठ्यक्रममा एकरूपता पाइदैन्थ्यो (घिमिरे, २०७१, पृ. १२५) । गुरुकुलमा शिष्यले गुरुको पूर्ण सेवा गरेर गुरुले बनाएको नियम र आचरणमा रहेर शिक्षा ग्रहण गर्ने चलन थियो । प्राचीन समयमा विद्यार्थीहरूले गुरुकुलमा बसेर पढ्नु पर्दथ्यो र गुरुले भनेका सबै काम गर्नु पर्दथ्यो (उपाध्याय, २०६४, पृ. १) । गुरुलाई चित्त नबुझ्ने कार्य गरेमा गुरुबाट ज्ञान प्राप्त गर्न असम्भव प्रायः हुन्थ्यो ।

आचार्यहरूले पनि शिष्यले आफूप्रति गरेको सम्मान जस्तै आफ्नो विद्यार्थीप्रति स्नेहको भावना राख्दथे । विद्यार्थीले शिक्षक खोज्नुपर्छ । शिष्यले गुरुसँग आफ्नो परिवारको सदस्यको रूपमा बस्नुपर्दछ र शिष्यलाई गुरुले हरेक तरिकाले आफ्नो छोराको रूपमा व्यवहार गर्नुहुन्छ (Mookerji, 1947, p. 26) । यसबाट सदैव आफ्नो शिष्य बुद्धि र ज्ञानमा निपुण भएर संसारमा प्रतिष्ठित बनोस् भन्ने कामना गुरुको रहन्थ्यो भन्ने देखिन्छ ।

यसै क्रममा चिनियाँ यात्री इत्सिङ्गले उल्लेख गरे अनुसार रात्रि नसकिँदै शिष्यले गुरु आश्रममा बढारकुँडार गर्ने, सामानहरू व्यवस्थित गरिदिने तथा गुरुको पूजाका सामग्री तयार पार्ने जस्ता कार्यहरू गर्दथे । शौच, स्नान, सन्ध्या, जप, होम, स्वाध्याय, देवार्चन र बलिवैश्वदेव जस्ता कर्महरू नित्य कर्म अन्तर्गत रहेका छन् (पाविके, २०६८, पृ. ९१) । गुरूप्रति घमण्ड गरे शिष्यले कहिल्यै शिक्षा हासिल गर्न सकिदैनथ्यो । सबै विद्यार्थीहरू गुरुकुलमा समान रूपमा रहन्थे, त्यहाँ धनी गरिबको भेदभाव त के कोही कसैमा असमानताको भावना पनि हुँदैनथ्यो । आफ्नो आश्रमका विद्यार्थीहरू बिरामी भएमा गुरुले उपचारको व्यवस्था गर्ने तथा अन्य प्रकारका सेवासुश्रूषा गर्ने गर्थे ।

विद्यार्थी भर्ना र अभिलेख बारेमा तीनजना विशेषज्ञहरूको रायमा एकरूपता रहेको पाइयो । उनीहरूले औंल्याए अनुसार गुरुकुल शिक्षामा विद्यार्थी भर्नाको आधार नै अनुशासन, अभिव्यक्ति र स्पष्ट सत्यवादितालाई मानिन्थ्यो । गुरुकुल शिक्षामा विद्यार्थी भर्नाको आधार शिष्यको योग्यता र क्षमता थियो । त्यसबेला कुलपतिको निर्देशनमा आचार्य र गुरुले विद्यार्थी अभिलेख राख्दथे तर पाँचजना विशेषज्ञहरूको रायमा भने फरक पाइयो । उनीहरूका अनुसार गुरुकुलमा उपनयनलाई भर्नाको लागि मुख्य आधारको रूपमा लिइन्थ्यो ।

साथै छजना प्राचार्य तथा शिक्षकहरूका अनुसार उपनयनलाई विद्यार्थी भर्नाको आधार मानिन्थ्यो । साथै विद्यार्थीहरूको अभिलेख राखिन्थ्यो भन्ने पाइयो तर दुई प्राचार्यहरूको धारणा फरक रहेको पाइन्छ, उनीहरूका अनुसार गुरुकुल शिक्षामा यो विद्यार्थी पढ्नयोग्य छ भन्ने कुरा गुरुलाई लागेमा त्यसैको आधारमा गुरुले शिष्यलाई

भर्ना लिन्थे । त्यसबेला विद्यार्थीको अभिलेख राख्ने व्यवस्था थिएन । यसबाट के कुरा स्पष्ट हुन्छ भने विद्यार्थी भर्नाका केही आधारहरू निर्धारण हुन्थे र उनीहरूको अभिलेख लिखित रूपमा राख्ने व्यवस्था पाइएन तर आधुनिक गुरुकुलमा भने यस्तो व्यवस्था छँदैछ ।

विद्यार्थी सहयोग र आचारसंहिताको बारेमा छजना प्राचार्य तथा शिक्षकहरूका राय अनुसार शिष्यको लागि आवश्यक सहयोग मूलतः समुदाय र प्रशासनबाट व्यवस्थित हुन्थ्यो । आचारसंहिता निर्धारण गरिएको हुन्थ्यो जसमा ब्रह्मचर्य ब्रतका नियमहरू प्रमुख थिए । सात्विक भोजन, भिक्षावृत्ति, धनी गरिबमा समानता, सादा दिनचर्या, सन्ध्या, गुरु वन्दना, अग्निको उपासना, गाइको सेवा, गुरु र गुरुआमाको सेवा नै प्रमुख दैनिकीको रूपमा मनुस्मृति, दोश्रो अध्यायमा उल्लेख छ भन्ने भनाइ पाइयो ।

चारजना प्राचार्यहरूको धारणा भने फरक पाइयो । जसअनुसार त्यसबेला विद्यार्थीहरूको सहयोगको व्यवस्था सहयोगी धनी व्यक्ति तथा सङ्घ संस्थाबाट प्राप्त सहयोगबाट हुन्थ्यो । प्राचीनकालमा विद्यार्थीका लागि मौखिक आचारसंहिता थिए । गुरुकुलमा जो आचारसंहिता पालना गर्दैन ऊ दण्डको भागेदार बन्नुपर्थ्यो । गुरु आफ्नो शिष्यलाई गुरुकुलबाट नकारात्मक कियाकलापमा गरेको देखेमा निष्काशन गर्न समेत सक्थे भन्ने भनाइ रह्यो । यसबाट गुरुले विद्यार्थी सहयोगको लागि विभिन्न पक्षहरूसँग समन्वय गरी व्यवस्थापन गर्ने गरेको पाइयो ।

गुरुकुलमा पुरस्कार र दण्ड व्यवस्था, विद्यार्थीको जीविकोपार्जन तथा गुरुकुलका पठनपाठन वाहेकका कियाकलापको सम्बन्धमा सातजना विशेषज्ञहरूको रायमा गुरुकुलमा पुरस्कार र दण्डको निर्णय गर्ने अधिकार कुलपति र गुरुमाको मातहतमा थियो । उनीहरूका अनुसार तत्कालीन गुरुकुलमा विद्यार्थीका जीविकोपार्जनको श्रोत भिक्षागुरु, सामूहिक खेती र गौपालन आदि थिए । त्यहाँ विद्यार्थीहरूले पठनपाठनको कार्यबाहेक अन्य गुरु सेवा, भिक्षाटन र समिधा जम्मा गर्ने जस्ता कार्यहरू गर्दथे तर एकजना विशेषज्ञबाट कुनै प्रतिकिया प्राप्त भएन । सो सम्बन्धमा आठजना प्राचार्य तथा शिक्षकहरूको रायमा एक मत रहेको पाइयो । उनीहरूले बताए अनुसार पुरस्कार र

दण्डको निर्णय प्रमुख गुरुबाट हुन्थ्यो । गुरुकुलका विद्यार्थीले जीविकोपार्जन भिक्षावृत्तिबाट गर्दथे ।

दुईजना प्राचार्यहरूको राय भने फरक ढङ्गबाट प्रस्तुत भएको देखियो । उनीहरूका अनुसार गुरुकुलमा शिष्यले गुरुको निर्देशन अनुसार जीविकोपार्जन गर्दथे । गुरुले आवश्यक ठानेमा स्वः विवेकले शिष्यलाई ध्यू र फलफूल आदि दिएर पुरस्कृत गर्नुहुन्थ्यो भने मन्दिरमा घुम्न लगाउने र एउटा खुट्टा टेकेर उफ्रन लगाउने आदि सजाय गुरुको आदेशमा शिष्यलाई प्रदान गरिन्थ्यो । गुरुकुलका शिष्यलाई पठनपाठन बाहेक वेदपाठ र पुजापाठ आदि कार्यहरू समेत गर्न लगाइन्थ्यो । यसबाट के कुरा स्पष्ट हुन्छ भने गुरुकुलमा राम्रो काम गर्ने शिष्यलाई प्रोत्साहन गरिन्थ्यो र उनीहरूलाई पठनपाठन बाहेक अन्य क्रियाकलापमा सहभागी गराइएकोले गुरुकुल शिक्षा व्यावहारिक थियो भन्ने देखिन्छ ।

गुरुकुलको विद्यार्थी प्रशासन र व्यवस्थापनसँग प्राप्त सूचना तथा तथ्यहरूलाई विश्लेषण गर्दा गुरुकुलीन शिक्षामा उपनयन, अनुशासन, अभिव्यक्ति र प्रदर्शित व्यवहारलाई भर्नाको आधार हुन्थ्यो । त्यसमा जाति सोधेर त्यसको आधारमा पाठ्य विषयहरू निर्धारण हुन्थे तर जाति यदाकदा स्वभावका आधारमा निर्धारण गरिन्थ्यो । त्यसबेला विद्यार्थीको अभिलेख कुलपतिको निर्देशनमा आचार्य र गुरुले आफ्नै तरिकाबाट राख्दथे । विद्यार्थी सहयोगको व्यवस्था मुलतः समुदाय र प्रशासनबाट हुन्थ्यो । त्यस समयमा विद्यार्थीका आचारसंहिता निर्धारण गरिएको हुन्थ्यो । कुलपति र गुरुआमामा पुरस्कार र दण्डको निर्णय गर्ने अधिकार थियो । भिक्षा, सामूहिक खेती र गौपालन आदिबाट तत्कालीन अवस्थामा विद्यार्थीका लागि जीविकोपार्जनको व्यवस्था मिलाइन्थ्यो । गुरुकुलमा विद्यार्थीले पठनपाठनको कार्य बाहेक अन्य गुरु सेवा र समिधा जम्मा गर्ने आदि जस्ता कार्यहरू गर्दथे ।

निचोडमा, शिष्यहरूले गुरुको सेवा गर्ने, गुरुकुलको सुरक्षा गर्ने तथा गुरु-शिष्य सम्बन्ध बढाउने कार्यलाई आफ्नो आदर्शको रूपमा स्वीकार गर्दथे । जुन कार्य गुरुको प्रशासनिक कुशलतामा निर्भर गर्दथ्यो । गुरुले आफ्ना शिष्यको रुचि, चाहना,

आवश्यकता र क्षमताको आधारमा सेवा कार्यमा लगाउँथे । त्यसको आधारमा गुरु-शिष्य सम्बन्ध, गुरूप्रति श्रद्धा, विश्वास र सम्मान आदि कार्य तथा व्यवहारहरू देखिन्थ्यो । आचारसंहिताको पूर्ण पालना, शिष्यहरूबिचमा सहकार्य, सहयोग, मित्रता, अनुशासन, लगनशीलता र व्यावहारिकता जस्ता गुणहरूको विकास तत्कालीन विद्यार्थी प्रशासनको उपलब्धी थियो ।

## ५.२.५ विद्यार्थी मूल्याङ्कन

शैक्षिक व्यवस्थापनमा विद्यार्थी मूल्याङ्कनको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य अनुरूप विद्यार्थीले ज्ञान, सीप तथा अभिवृत्ति प्राप्त गर्न सके वा सकेनन् भन्ने कुरा पत्ता लगाउने महत्त्वपूर्ण संयन्त्र मूल्याङ्कन हो (पाविके, २०६८, पृ. ५७) । यसले विद्यार्थीले सिकेका व्यवहारहरूको निश्चित नियमको आधारमा लेखाजोखा गर्दछ । मूल्याङ्कन विधिहरू शिक्षाको सबै स्तरहरूमा प्रशिक्षकद्वारा सञ्चालनमा राखिन्छन् (Kapur, 2020) । यसले छात्रछात्राहरूको सिकाइमा गुणस्तरको मात्रा पत्ता लगाउने आधार प्रदान गर्दछ ।

शिक्षण विधि र बटुक मूल्याङ्कन परिपाटीको सन्दर्भमा नेपालमा शिक्षाको इतिहास २०६८ मा यसरी उल्लेख गरिएको छ :

> विधिवत् रूपमा अध्ययन समाप्त गरेपछि वेद तथा विभिन्न शास्त्रका विद्वान्हरूको विद्वत्सभालाई शिक्षार्थीले आफूले आर्जन गरेको ज्ञान, सीप, शीलस्वभाव र शास्त्रार्थले सन्तोष गराउन सकेपछि उनीहरू विद्यामा स्नातक हुन्थे । अनुसन्धान गरी तयार पारेका शोधपत्रका बारेमा विद्वता परीक्षण गर्ने, विद्वत् मण्डलीलाई परीक्षार्थीले चित्तबुझ्दो प्रमाण र बहसबाट आफ्नो विद्वता देखाउने परम्परा विश्वविद्यालयमा आजसम्म पनि कायमै छ । पहिले अष्टकलशले स्नान गराई स्नातकोपाधि प्रदान गर्ने परम्परालाई आजभोलि स्नातकहरूको दीक्षान्त समारोहले जीवित राखेको छ । (शर्मा, २०६८, पृ. १६)

यसले गुरुकुल शिक्षामा विद्यार्थी मूल्याङ्कन हुन्थ्यो भन्ने स्पष्ट हुन्छ । “गुरुकुलमा शिक्षा हासिल गरिसकेपछि दीक्षान्त समारोहको आयोजना गरिन्थ्यो ।

यसलाई त्यसबेला समावर्तन भनिन्थ्यो" (Dhahal, 2009, p. 132) । त्यस समारोहमा गुरुले आफ्ना शिष्यहरूलाई सत्यंवद, धर्मचर, मातृदेवो भव, पितृदेवो भव, आचार्यदेवो भव र अतिथिदेवो भव भनेर उपदेश दिने गर्दथे । त्यसपछि विद्यार्थीहरू मेखला, मृगचर्म त्याग गरेर आफ्नो जातजात अनुसारको पोसाक ग्रहण गरी गुरुकुलीय आदर्शलाई स्वीकार गर्दथे । विद्यार्थी समावर्तनपछि गुरुलाई श्रद्धापूर्वक द्रव्य अन्नादिको गुरुभेटी राखी ढोगी दिएर आशीर्वाद सहित गृहस्थाश्रममा प्रवेश गर्दथे (शर्मा, २०६८, पृ. १६) । त्यतिबेला गुरु र उनकी पत्नीले आशीर्वाद दिएर उनीहरूलाई बिदा गर्दथे ।

विद्वत्सभाबाट सफल घोषित विद्यार्थीहरूलाई अष्टकलशले स्नान गराई स्नातकको उपाधि प्रदान गरिन्थ्यो । यसले गुरुकुल शिक्षामा शिष्यले आफ्नो क्षमता प्रर्दशन गरी दीक्षान्त समारोहमा सहभागिता जनाउनु पर्दथ्यो जसबाट शिष्यहरूको सिकाइ क्षमताको परीक्षण गरिन्थ्यो । प्राचीनकालमा शिक्षा प्राप्त गर्ने शैलीको बारेमा 'उपनिषद्मा के छ ?' नामक पुस्तकमा रामचन्द्र भट्टले यसरी स्पष्ट पारेका छन् :

> लौकिक सुखादिमा विरक्त भएका अधिकारी जिज्ञासुलाई केवल कर्मद्वारा ईश्वर प्राप्ति सम्भव छैन भन्ने कुरा बुझेर ब्रह्म ज्ञानको निमित्त गुरु कहाँ पुगे पछि उनले (गुरुले) शान्त चित्त भएका योग्य शिष्यलाई अतद्, व्यावृत्ति मुखले र विधिमुखले यथार्थ रूपमा आत्मवोध गराउँछन् । किताबी अध्ययनबाट तत्त्व ज्ञान सम्भव छैन । अतः गुरु मुखबाट श्रवण गरी प्रामाणिक रूपबाट क्रमशः त्यसलाई प्राप्त गर्न सकिन्छ । यसरी औपनिषदकालमा तत्त्व ज्ञानको लागि गुरुबाट विधिवत् शिक्षा प्राप्त गर्नुपर्ने परिपाटी देखिन्छ । (भट्ट, २०७२, पृ. १५७-१५८)

यसबाट के कुरा स्पष्ट हुन्छ भने प्राचीनकालमा गुरुमुखबाट ज्ञान श्रवण गरी प्रामाणिक रूपबाट शिक्षा प्राप्त गर्न सकिन्छ । गुरुबिनाको सिकाइमा पूर्णता हुँदैन । विद्यार्थीको शिक्षण सिकाइ प्रक्रिया पश्चात् मूल्याङ्कन आवश्यक हुन्छ । प्राच्य शिक्षामा पनि सिकाइ पछि सिकारुको मूल्याङ्कन गरिन्थ्यो ।

"प्राचीन भारतीय शिक्षा प्रणालीमा कुनै परीक्षा, डिप्लोमा र आप्रवासन प्रमाणपत्र थिएन । त्यसैले उच्च पाठ्यक्रममा भर्ना हुन खोज्ने हरेक विद्यार्थीले आफू

त्यसका लागि योग्य छ भनी प्रमाणित गर्नका लागि गम्भीर परीक्षाबाट गुज्रनुपर्थ्यो" (Altekar, 1944, p. 81) । त्यसबेला विद्यार्थीको मूल्याङ्कन प्रयोगात्मक र अनौपचारिक ढङ्गले गरिन्थ्यो । गुरुले अघिल्लो दिनको पाठको तयारी सम्पन्न पछि मौखिक रूपमा अर्को दिनको पाठ दिने गरिन्थ्यो । सुनाइएका कुरा शतप्रतिशत जान्नुपर्ने थियो । गुरुले तिम्रो पढाइ ठिक छ भनि माने पछि पढाइ पूरा हुन्थ्यो । राजकीय परीक्षाको प्रथा थिएन (नेराशियोआ., २०११, पृ. २२) ।

पाणिनीकालीन परीक्षा प्रणालीले परम्परागत विद्यार्थी मूल्याङ्कनको प्रतिबिम्बलाई उजागर गरेको छ । त्यसबेलामा जुनसुकै पाठ्यसामग्रीलाई पारायण र कण्ठस्थ गर्ने परम्परा विद्यमान थियो । कण्ठ गर्नु भनेको आजको जस्तो सुगा रटाइ नभएर ज्ञानपूर्वक कण्ठ गरिन्थ्यो । त्यतिबेला आज जस्तो लिखित परीक्षा लिने व्यवस्था थिएन । मौखिक रूपमा गल्ती नगर्ने विद्यार्थीलाई त्यतिबेला समुत्तीर्ण भएको मानिन्थ्यो । यसबाट के कुरा स्पष्ट हुन्छ भने गुरुकुल शिक्षामा विद्यार्थी मूल्याङ्कन मौखिक र व्यावहारिक पक्षको अध्ययन गरेर गरिन्थ्यो ।

विद्यार्थी मूल्याङ्कन प्रणालीको बारेमा सातजना विशेषज्ञ र सबै प्राचार्य तथा शिक्षकहरूको राय एउटै प्राप्त भयो । उनीहरूका अनुसार विद्यार्थी मूल्याङ्कन प्रणाली प्रयोगात्मक र मौखिक हुन्थ्यो भन्ने धारणा पाइयो । गुरुकुलमा गुरुले अध्यापन लगायत मूल्याङ्कनका कार्यहरू गर्दथे । विशेषज्ञ ऋषिराम पोखरेलको रायमा भने फरक पाइयो । उनका अनुसार गुरुकुल शिक्षामा अघिल्लो दिनको पाठको तयारी भएपछि अर्को दिनको पाठ मौखिक रूपमा दिएर विद्यार्थी मूल्याङ्कन गर्ने पद्धति अपनाइन्थ्यो । सिकाइको पूरा भएपछि स्नातकको उपाधि दिने व्यवस्था गरिएको थियो ।

छजना विशेषज्ञहरूले औंल्याए अनुसार त्यसबेला विद्यार्थीलाई श्रेणी निर्धारण र प्रमाणपत्र वितरण गर्ने तरिका केही थिएन तर गुरुले पढाइको अन्त्यमा आचार, अनुशासन, कियाकलाप र कुशल अभिव्यक्तिका आधारमा दीक्षान्त संस्कार गरिदिन्थे । सुरुमा गुरुकुल शिक्षामा परीक्षाको व्यवस्था तहगत थिएन । त्यस्तै दुईजना विशेषज्ञहरूको धारणा यस्तो रहेको पाइन्छ, पाठगत रूपमा सप्तशती वा अन्य ग्रन्थ

पढेपछि सो ग्रन्थमा पारङ्गत भए नभएको जानकारी लिने व्यवस्था थियो । त्यसको आधारमा कक्षा चढाउने गरिन्थ्यो ।

सो बारेमा सातजना प्राचार्य तथा शिक्षकहरूको रायमा समानता पाइयो । उनीहरूका अनुसार त्यसबेला कक्षागत व्यवस्था थिएन तर श्रेणी निर्धारण योग्यताको आधारमा हुन्थ्यो । श्रेणी निर्धारण भए पनि प्रमाणपत्र वितरण गर्ने व्यवस्था थिएन । परीक्षा प्रणालीमा भएको विकाससँगै तहगत परीक्षा विभिन्न तरिकाले गरिन्थ्यो । जस्तै प्रयोगात्मक र कण्ठस्थीकरण आदि । साथै तीनजना प्राचार्यहरूले फरक ढङ्गले प्रष्टाएका छन्, कक्षा चढाउने नीति र श्रेणी निर्धारण प्रक्रिया तोकिएको थिएन तर शिष्य सुयोग्य भएमा प्रथम भयौ भनेर भनिन्थ्यो । काशी जस्ता क्षेत्रमा पढेर आउने शिष्य स्नातकलाई लिखित प्रमाणपत्र हुँदैन्थ्यो तर ती स्नातकहरूलाई नम्बरी पण्डित भनिन्थ्यो । गुरुको आधारमा शिष्यको पहिचान गरिन्थ्यो । गुरुकुलमा विषयगत र तहगत परीक्षाको व्यवस्था मौखिक रूपमा गरिन्थ्यो । यसबाट प्राच्य शैक्षणिक व्यवस्थापनमा कक्षा चढाउने नीति, श्रेणी निर्धारण प्रक्रिया र प्रमाणपत्र वितरण गर्ने तरिकामा तथ्यगत प्रमाण भेटिएन ।

गुरुकुलमा विद्यार्थीको प्रगति तथा नतिजा अभिभावक स्वयम् बेलाबेलामा गुरुकुल आएर बुझ्ने गर्दथे भन्ने भनाई सातजना विशेषज्ञहरूको पाइयो । सबै प्राचार्य तथा शिक्षकहरूको रायमा भने एक मत रहेको पाइयो । उनीहरूका अनुसार विद्यार्थीको प्रगति अभिभावकले पनि थाहा पाउँथे भन्ने भनाई रहेको पाइयो । यसबाट के कुरा स्पष्ट हुन्छ भने गुरुकुलमा अभिभावकले चाहना गरेमा आफ्ना विद्यार्थीको नतिजा जानकारी लिन सकिने प्रावधान रहेको थियो ।

विद्यार्थी मूल्याङ्कन सम्बन्धी प्राप्त तथ्यहरूको आधारमा हेर्दा प्राचीनकालमा विद्यार्थी मूल्याङ्कन लिखित रूपमा हुँदैन्थ्यो । गुरुले भनेका कुरा सुनेर कति शिष्यले गुरुलाई सुनाउन सक्यो, त्यसको आधारमा गुरु स्वयम्ले प्रयोगात्मक र अवलोकनात्मक तरिकाबाट मूल्याङ्कन हुन्थ्यो । त्यसबेला कुनै पनि प्रमाणपत्र वितरण गर्ने व्यवस्था थिएन । तहगत परीक्षा कण्ठस्थीकरण र प्रयोगात्मक आदि तरिकाबाट गरिन्थ्यो । गुरुले

आफ्नो स्वः विवेक प्रयोग गरेर विद्यार्थीको क्षमता जाँच गराइ स्नातक उपाधिका लागि योग्य भए नभएको बताइ दिन्थे ।

निचोडमा, शिष्यले सिक्नुपर्ने कुरा कति सिक्यो भनेर गुरुले दैनिक विद्यार्थीको व्यवहार अवलोकन गर्नुहुन्थ्यो । निर्धारित विषयवस्तु पढ्न जान्ने भएको महसुस भएमा अर्को विषयवस्तु अध्ययन गर्न लगाउनुहुन्थ्यो । निरन्तर विद्यार्थीको व्यवहार मूल्याङ्कन, विद्यार्थीको प्रगति अभिभावकलाई जानकारी, प्रवचन, बहस र प्रयोगात्मक विधिको प्रयोग गरी मूल्याङ्कन, शिष्यले निधारित विषयवस्तुमा तर्कवितर्क गर्न सकेमा दीक्षान्त समारोहमा सहभागिता गराइ स्नातक उपाधि प्रदान गर्ने परम्परा थियो । जसलाई वर्तमान शिक्षा व्यवस्थामा समेत उपयोग ल्याउन सके निश्चित रूपमा विद्यार्थी मूल्याङ्कन विशिष्ट बनाउन योगदान पुग्दछ ।

## ५.२.६ भौतिक व्यवस्थापन

सामान्यतया सिकाइका लागि भवन, फर्निचर, सरसफाई, प्रकाश, हावा, तापक्रम आदि पक्षको उपयुक्त व्यवस्था गर्नु नै गुरुकुल शिक्षामा भौतिक व्यवस्थापन हो । यो प्राचीन शैक्षिक व्यवस्थापनको अर्को महत्त्वपूर्ण पक्ष हो । गुरुकुल कक्षाहरू खुला स्थान, नदीको किनार वा जङ्गलको एकान्त र शान्तमय वातावरणमा सञ्चालन गरिन्थ्यो (Dubey at al., 2015) ।

गुरुकुलमा चौबिसै घण्टा गुरुको प्रत्यक्ष निगरानीमा शिष्यको समय बित्ने गर्थ्यो । त्यसबखत शिष्यको अभिभावकत्त्व समेत गुरुले निर्वाह गर्दथे । प्राचीनकालमा गुरुकुल जङ्गलको एकान्त स्थलमा स्थापित थियो । जहाँ गुरु शिष्य बस्ने घर झुपडी हुन्थ्यो (Mulhern, 2008) । तत्कालीन आर्थिक व्यवस्थापन बारेमा 'नेपालमा शिक्षा' नामक नेराशियोआ (२०११) को प्रतिवेदनमा यसरी उल्लेख गरिएको छ, संस्कृतमूलक शिक्षा पण्डित, पुरोहित, गुरुघर र गुरुकुलमा केन्द्रित थियो (नेराशियोआ., २०११, पृ. २१) । यसबाट के कुरा स्पष्ट हुन्छ भने गुरुकुल शिक्षाको भौतिक व्यवस्थापन लागि पण्डित वा गुरुको नेतृत्वदायी भूमिका रहेको देखिन्छ ।

ढुण्डिराज भण्डारी (२०४६) ले आफ्नो पुस्तक 'नेपालको उद्‍भव तथा विकासको विश्लेषणात्मक इतिहास' मा तत्कालीन शिक्षामा खेलकुद तथा अन्य अतिरिक्त क्रियाकलापको राम्रो प्रबन्धले गर्दा नै कला कौशलको विकास भएको कुरा उल्लेख गरेका छन् । त्यसबेला सार्वजनिक तथा देवीदेवताका मन्दिरमा राखिएका शिलालेख र शिलालेखमा प्रयोग गरिएका संस्कृत भाषाले त्यतिबेलाको शैक्षिक स्तर स्पष्ट गरेको बुझिन्छ । तत्कालीन लेखनशैली र भाषा अत्यन्तै प्रौढ र परिमार्जित हुन्थ्यो । जसले अतिरिक्त क्रियाकलापको रूपमा ज्ञान विज्ञानलाई स्वीकार गर्न सक्यो । ग्रामवासीहरू आपसमा मिलेर विद्यालय, आरोग्यशाला, देवालय आदि सञ्चालन गर्दथे (भण्डारी, २०४६ पृ. १०७) । यसले गुरुकुलमा पढाइको साथै विद्यार्थीलाई अतिरिक्त क्रियाकलापको पनि व्यवस्थापन थियो भन्ने सङ्केत गर्दछ ।

हाम्रा बाजेपुर्खाहरूले गाउँमा, गोठमा, ओडारमा, बारीमा, खेतमा, चौतारीहरूमा र यस्तै विभिन्न स्थलहरूमा निम्नस्तरदेखि उपल्लो कोटिसम्मका गुरुकुलहरू चलाएका थिए (श्रीवैष्णव कृष्णदासजी महाराज, २०७१, पृ. १३२) । यसबाट समेत गुरुकुलमा सिकाइमैत्री वातावरण थियो भन्ने स्पष्ट हुन्छ । जुन शिक्षण सिकाइ कार्यका लागि आवश्यक मानिन्छ । आजकाल पनि प्राचीन गुरुकुलको स्वरूपमा आधुनिक गुरुकुलहरू यस्तै वातावरणमा सञ्चालनमा रहेका छन् ।

रम्य प्राकृतिक स्थलमा यी आश्रमहरू तथा गुरुकुलहरू सञ्चालित थिए (चिन्तामणि योगी, श्रेष्ठ र मिश्र, २०६२, पृ. १०३) । खास गरेर गुरुकुल आश्रमहरू घनावस्ती र शहरको कोलाहलजन्य वातावरणबाट टाढा, एकान्त, शान्त प्रकृतिरम्य लताकुञ्ज भित्र हुन्थ्यो (मिश्र, २०६१, पृ. ५१-५२) । अधिकांश गुरुकुलहरू जङ्गलमा हुन्थे (उपाध्याय, २०६४, पृ. १) । यसबाट के कुरा स्पष्ट हुन्छ भने प्राचीन गुरुकुलको भौतिक व्यवस्थापन प्राकृतिक र वातावरणमैत्री पाइन्थ्यो । साथै भौतिक व्यवस्थापनको सन्दर्भलाई गोपीनाथ शर्मा (२०६८) ले आफ्नो पुस्तक "नेपालमा शिक्षाको इतिहास भाग १" मा यसरी स्पष्ट गरेका छन् :

शाहकालीन शिक्षाको समयमा विद्वान् पण्डितहरू काशी, मथुरा र प्रयाग आदि ठाउँमा अध्ययन अध्यापन गरी अनुभव प्राप्त गरेर नेपाल आउने गरेको बुझिन्छ । ती पण्डितहरूले आफ्नो निवास, घरको पिँढी, दलान, फलैंचा, बगैंचा, वटवृक्षको छहारी तथा गोठमा र निवास साँघुरो भएको अवस्थामा उपवन, गंगा तटमा गएर छात्रहरूलाई निःशुल्क पढाउन गर्दथे । कतै कतै योगीका मठहरूमा समेत विद्या व्यवसाय चल्दथ्यो । (शर्मा, २०६८, पृ. २९)

भौतिक व्यवस्थापन बारेमा घिमिरे (२०७०) ले यस्तो उल्लेख गरेका छन्, "प्राचीन गुरुकुलको प्राकृतिक वातावरण अत्यन्तै मनोरम र सुन्दर हुन्थ्यो किनकि आश्रम वा गरुकुल नदीखोलाको तट वा गाउँ वा शहरदेखि टाढा, जङ्गलको बिचमा, विकृतिशून्य तथा शान्त स्थल, नजिकै फलफूलको बगैंचा, ऋषि तथा गुरुको तपोभूमि एवं ज्ञानभूमि र उपयुक्त स्थलमा राखिन्थ्यो" (घिमिरे, २०७०, पृ. ५८) ।

उक्त कथनले के स्पष्ट गर्दछ भने प्राच्य शिक्षाको भौतिक व्यवस्थापन प्रकृतिमैत्री रहेको देखिन्छ । स्थलगत अध्ययनको कममा प्राप्त सूचनालाई विवेचना गर्दा प्राचीनकालदेखि गुरुकुलहरू विशेषतः नदीखोलाको तट वा गाउँ वा शहरदेखि टाढा, जङ्गलको बिचमा, विकृतिशून्य तथा शान्तस्थल साथै अति मनोरम दृश्यावलोकन गर्न मिल्ने स्थानको छनोट गरी सञ्चालनमा आएको थियो । यो प्राचीन गुरुकुलको भौतिक व्यवस्थापनभित्र पर्दथ्यो । शिष्यहरू रमाइलो भौतिक वातावरणमा गुरुसँगै रहेर शिक्षा आर्जन गर्दा आनन्दित हुन्थे । जुन प्रकृतिको भौतिक वातावरण आधुनिक शिक्षा प्रणालीमा समेत आवश्यक मानिन्छ ।

अहिले त्यस्तो किसिमको भौतिक वातावरण पाउन सकिदैन । राज्यले शिक्षाक्षेत्रमा भौतिक व्यवस्थापन गर्न यो वा त्यो वहानामा लगानी गरेको पाइएता पनि त्यसको प्रभावकारितामा रहेको देखिदैन । प्राकृतिक गुरुकुलीय संरचनामा सबै किसिमका आधुनिक विद्यालयलाई भौतिक व्यवस्थापन सुधार योजनामार्फत व्यवस्थित गर्न सकेमा गुरुकुल तथा विद्यालयहरूप्रति विद्यार्थीहरूको आकर्षण हुने कुरा निश्चित छ । यसले गुणस्तरीय शिक्षा प्राप्तिको लागि आवश्यक पूर्वाधार तयार गर्दछ ।

तत्कालीन भौतिक अवस्थाको बारेमा छजना विशेषज्ञहरूले पनि गुरुकुल शिक्षा नदीको किनार र वनहरूमा हुन्थे भन्ने धारणा व्यक्त गरेका छन् । उनीहरूले औंल्याए

अनुसार त्यसबेला भौतिक व्यवस्थापनको जिम्मा कुलपतिको हुन्थ्यो । सो बारेमा दुईजना विशेषज्ञहरूले गुरुको घरमा गुरुकुल शिक्षा प्रदान गरिन्थ्यो र गुरुले आफ्नो प्रत्यक्ष निगरानीमार्फत व्यावहारिक शिक्षा दिइन्थ्यो भन्ने कुरा औंल्याएका छन् ।

भौतिक व्यवस्थापनको बारेमा सबै प्राचार्य तथा शिक्षकहरूको राय यस्तो पाइयो । उनीहरूले उल्लेख गरे अनुसार तत्कालीन शिक्षा गुरुकुलमा प्रदान गरिन्थ्यो । गुरुकुलहरू गाउँदेखि टाढा, नदी किनारा वन वा बगैँचाको बिचमा हुन्थे । प्राकृतिक शैलीका खर काठ आदिले बनाइएका हुन्थे । राजकीय व्यवस्थापनमा दरबारका छेउछाउमा पनि यदाकदा गुरुकुल चलेको पाइन्छ । त्यसबेला भौतिक व्यवस्थापनको जिम्मेवारी गुरुको थियो ।

गुरुकुलमा बसाइ व्यवस्थापन सम्बन्धमा सातजना विशेषज्ञहरूले गुरुकुलमा गुरुआमाद्वारा विद्यार्थीहरूको बसाइ व्यवस्थापन गरिन्थ्यो र सिकाइको कममा कक्षाकोठामा विद्यार्थी भुइँमा चकटीमाथि लहरै र गुरु उच्च आसन चौकीमा बसाइ व्यवस्था मिलाइन्थ्यो भनेका छन् । त्यसबेला अहिलेजस्तो मेच र बेन्चमा बसेर पढ्ने व्यवस्था थिएन । उनीहरूको आ-आफ्नो तह र आफ्नै मर्यादानुसार बसाइ व्यवस्थापन तय गर्दथे ।

विशेषज्ञ हरिप्रसाद गौतमले भने गुरुकुलमा गुरुलाई उच्च स्थानमा रहेको कुशासनमा र तल माटोको चौकामा शिष्यको आसन हुन्थ्यो भन्ने कुरा बताएका छन् । पााठको आधारमा कति विद्यार्थी छन् त्यसको आधारमा बसाइ व्यवस्थापन गरिन्थ्यो । प्राच्यकालमा खेलकुद तथा अन्य अतिरिक्त कियाकलापको व्यवस्था बारेमा सातजना विशेषज्ञहरूका राय अनुसार गुरुकुल शिक्षामा अतिरिक्त कियाकलाप गरिन्थे र यस अन्तर्गत योग, व्यायाम, फुटबल, उफ्रने, नाध्ने, फ्याँक्ने र शस्त्राभ्यास आदि प्रमुख थिए भन्ने भनाइ रह्यो । त्यस सम्बन्धमा विशेषज्ञ श्रीराम अधिकारीले गुरुकुल शिक्षामा पठनपाठनको अतिरिक्त योगासन, खेल र प्राणायाम आदि अन्य कियाकलाप पनि हुन्थ्यो भन्ने कुरा बताएका छन् । सो बारेमा दशजना प्राचार्य तथा शिक्षकहरूले बताए अनुसार पढाइका साथै गुरुकुलमा धनुर्वाण हान्न, चित्रहरू बनाउन र अन्य खेलकुद

क्रियाकलापहरू हुने व्यवस्था थियो । त्यसका लागि आवश्यक भौतिक सामग्री व्यवस्थापनको जिम्मेवारी मुख्य गुरुको हुन्थ्यो ।

निचोडमा, गुरुकुलीय भौतिक व्यवस्थापनको विश्लेषण गर्दा गुरुकुल वन, चौतारा रुखको फेद मुनि र नदीको किनारमा सञ्चालनमा रहेको पाइयो । त्यसबेला कुलपतिमा भौतिक व्यवस्थापनको जिम्मा हुन्थ्यो । विद्यार्थीहरूको बसाइ व्यवस्थापन गुरुकुलमा गुरु र गुरुआमाले गरेको देखिन्छ । प्राकृतिक स्वरूपको गुरुकुल व्यवस्थापन (गाउँदेखि टाढा, नदी किनारा वन वा बगैँचाको बिचमा), गुरुको निगरानीमा उमेर र शिष्यको सिकाइस्तर अनुसार भौतिक व्यवस्थापन गरिन्थ्यो । कक्षाकोठाको रूपमा बसाइ व्यवस्थापन ठाउँ र परिवेश अनुसार पाठगत रूपमा समूह बनाएर, गुरुलाई दाहिना बनाएर र शुद्ध वस्त्र लगाएर भुँइमा चकटी माथि शिष्यहरूलाई लहरै बस्न लगाइन्थ्यो र गुरु उच्च कुशासनयुक्त चौकीमा बसेर शिक्षा दिने, लिने परम्परा भएको देखिन्छ ।

## ५.२.७ शैक्षणिक व्यवस्थापन

प्राच्य शैक्षिक व्यवस्थापनको अर्को महत्त्वपूर्ण पक्ष शैक्षणिक व्यवस्थापन हो । औपचारिक वा अनौपचारिक दुबै प्रकृतिका शिक्षण संस्थाको कार्य सम्पादनमा प्रभावकारिता ल्याउन शैक्षणिक व्यवस्थापनको आवश्यकता हुन्छ । शैक्षणिक व्यवस्थापनको आयामले विशेष गरी पाठ्यक्रम र निर्देशनसँग सम्बन्धित क्षेत्रहरूमा शिक्षकहरूसँग काम गर्दछ (Hallinger, & Murphy, 1985) । यसको उद्देश्य शिक्षण संस्थामा हुने सिकाइ क्रियाकलापलाई सक्रिय, नतिजामुखी र व्यावहारिक बनाउनु हो । यसमा प्राचीन र वर्तमान गुरुकुलमा पढाइने शिक्षण विषय, तिनका पाठ्यक्रम तथा पाठ्यपुस्तक, प्रयोग हुने सामग्री, शैक्षणिक योजना, विधि तथा प्रक्रिया केलाउने प्रयत्न गरिएको छ । यसमा शिष्यको दैनिकी र आचारसंहिताको बारेमा चर्चा गरिएको छ ।

प्राचीन भारतमा विभिन्न विषयहरूमा निश्चित अवधिको स्पष्ट पाठ्यक्रम निर्धारण गर्न सिनेट वा अध्ययन बोर्डहरू जस्ता केन्द्रीय निकायहरू थिएनन् । त्यसबेला शिक्षा प्रायः निजी शिक्षकहरूद्वारा प्रदान गरिएको थियो । तिनीहरू कुनै संस्थासँग

सम्बन्धित थिएनन्, न तिनीहरू कुनै सरकारद्वारा नियन्त्रित थिए (Altekar, 1944, p. 88) । यसबाट त्यसबेला सङ्गठित पाठ्यक्रम थिएन भन्ने स्पष्ट हुन्छ ।

प्राचीनकालमा हिन्दुहरूका शिक्षा केन्द्रहरूमा मननशील मनीषी मुनिहरूले विद्यार्थीहरूलाई चौध विद्या र चौसट्ठी कला प्रदान गर्नुभएको थियो (स्वामी चन्द्रेश, २०६७, पृ. १६३) । यी ग्रन्थहरू तत्कालीन समाजका ऐन कानुन, आचारसंहिता, यज्ञादि र संस्कारादिका पद्धति तथा विधि विधानका ग्रन्थ थिए (दीक्षित, २०६९) । साथै हिन्दु संस्थाहरूमा एउटा गृहस्वामीलाई आवश्यक पर्ने सबै ज्ञान जस्तै : चौध विद्या, अठार सील्प र चौसट्ठी कला सिकाइन्थ्यो (Apte, 1924, p. 49) । त्यसैले समय र परिस्थिति अनुसार पाठ्यक्रम लिखित वा मौखिक दुबै हुन सक्थ्यो । आजकाल भने राज्यद्वारा प्रवर्धित तथा स्वतन्त्र रूपले सञ्चालित गुरुकुलहरूमा निर्दिष्ट पाठ्यक्रमलाई आधार बनाएर पठनपाठन गरिएको पाइन्छ ।

"संसारभर उपलब्ध ज्ञान विज्ञानका मुख्य ग्रन्थहरूमध्ये सर्वप्राचीन ग्रन्थ वेदको अध्ययन र अनुसन्धानमा व्याकरणको महत्त्वपूर्ण स्थान छ । गुरुकुलमा वेदको अध्ययनलाई महत्त्वपूर्ण रूपमा लिइएको छ । संस्कृत व्याकरणका नियमहरूको निर्धारण पाणिनि भन्दा अघि इन्द्र, आपिशलि, पौस्करशादि, काशकृत्स्न जस्ता विद्वान्हरूले गरेका थिए" (पाविके, २०६८, पृ. २१) ।

साथै 'वैदिक परम्परामा वैज्ञानिक चिन्तन' शीर्षकको लेखमा कट्टेल (२०७०) ले यसरी आफ्नो धारणा स्पष्ट राखेका छन्, "विज्ञान र प्रविधिको सुरुवात वैदिककालमा भएको देखिन्छ । हातहतियार निर्माण, कृषिविज्ञान, गृहनिर्माण, रथनिर्माण, डुङ्गानिर्माण आदि क्षेत्रमा विज्ञान प्रविधिको विकास भएको पाइन्छ" (कट्टेल, २०७०, पृ. ७०) । यसबाट गुरुकुलमा शिष्यको चाहना बमोजिमको व्यावहारिक शिक्षा उपलब्ध गराइएकोले तत्कालीन शैक्षणिक व्यस्थापन प्रभावकारी रहेको स्पष्ट हुन्छ ।

वि.सं. १२०७ मा भाष्करले बनाएको लीलावती (पाटी गणित=अङ्क गणित) पूर्व मध्यमाको पाठ्यग्रन्थ भएर रहेको छ । त्यस ग्रन्थमा "१३५ लाई १२ ले गुन" भन्ने गुणनको एउटा उदाहरण दिइएको छ । यति एउटा गुन्ने उदाहरणको भरमा दुनोटहरूको अभ्यास नगरी जतिसुकै प्रतिभाशाली पुरुषले पनि गुन्न सिक्न सक्दैन

यसकारण गुणनका प्रशस्त उदाहरणहरू गुरुले चेलालाई अभ्यास गराउँथे भन्ने कुरा स्पष्ट छ (पन्त, २०३९) । यसले प्राच्य शिक्षामा पनि पाठ्यपुस्तक सङ्क्षिप्त रूपमा थिए भन्ने देखिन्छ । पाठ्यपुस्तकहरू तथ्यहरूले भरिएका हुन्छन् जुन विद्यार्थीहरूले कण्ठ गरोस् भन्ने आशा गरिन्छ र तथ्यहरूलाई सम्झनको लागि विद्यार्थीहरूको क्षमताहरूको परीक्षण गर्नुपर्दछ (Bransford et al., 1999) । यसबाट तत्कालीन समयमा पाठ्यपुस्तकको प्रयोग हुन्थ्यो भन्ने कुरा पुष्टि हुन्छ ।

"महर्षि भारद्वाजको आश्रममा गङ्गा र यमुनाको सङ्गम प्रयागमा अवस्थित रहेको पाइन्छ । उक्त आश्रममा वेद, व्याकरण, धर्मशास्त्र, शिक्षाशास्त्र, अर्थशास्त्र, राजशास्त्र, आयुर्वेद, धनुर्वेद, भौतिक विज्ञानशास्त्र र विमानशास्त्र आदि समेतको पढाइ हुने कुरा उल्लेख गरिएको छ" (पोखरेल, २०७४, पृ. २३-२४) । साथै मध्यकालमा औद्योगिक कला, कयविकय, वजन र नापतौल निरीक्षण, स्वास्थ्य, ज्योतिष, व्याकरण, धर्मशास्त्र, स्थापत्यकला, हस्तकला र आयुर्वेद इत्यादि विषय पाठ्यकममा समावेश गरिएका थिए (उपाध्याय, २०६२, पृ. ३५) । यसबाट तत्कालीन समयमा पनि व्यावसायिक शिक्षा प्रदान गरेको कुरा स्पष्ट हुन्छ ।

महेशराज पन्त र दिनेशराज पन्त (२०२९) ले प्राच्य पाठ्यकम र पाठ्यपुस्तकको व्यवस्थाको बारेमा यसरी उल्लेख गरेका छन् :

> लिच्छविकालभन्दा अघि पठनपाठन हुन्थ्यो वा हुँदैन्थ्यो भन्ने विषयमा यकिन गर्न सकिदैन । लिच्छविहरूले भने त्यसबेला ढुङ्गामा राम्रा गद्य पद्य कुँदाएर राखेका हुनाले उनीहरूसंग पुस्तक पनि हुँदाहुन् भन्ने कुरा स्पष्ट छ । प्राच्य शिक्षामा पाठ्यकम तथा पाठ्यपुस्तकका रूपमा मल्ल, सेन र शाह इत्यादिका अभिलेख तथा पुस्तकहरू पनि पाइएकाले त्यसबेला विद्यार्थीहरूका लागि केहि पुस्तक सङ्ग्रह हुँदो हो भन्ने कुरा स्पष्ट छ । विद्यार्थीहरूको लागि आवश्यक पुस्तकहरू पढ्नका लागि राजकीय पुस्तकालयको व्यवस्था रहेको बुझिन्छ । (पन्त र पन्त, २०२९, पृ. १५३)

यसबाट प्राचीन गुरुकुलमा पाठ्यपुस्तक नपाइए तापनि लिच्छविकालपछि भने अभिलेख तथा पुस्तकहरूको विकास भएको देखिन्छ । संस्कृत पाठशालाका पाठ्यपुस्तकहरूको सूचिले भाषाहरूमा अङ्ग्रेजीको भन्दा बढ्ता महत्त्व दिएको छ

(कलेज अफ एजुकेशन, सन् १९५६, पृ. ६०) तर प्राचीन गुरुकुलमा वेद-वेदाङ्गको प्रमुख रूपमा अध्यापन हुन्थ्यो (मिश्र, २०६१, पृ. ५२) ।

गुरुकुलको शैक्षणिक व्यवस्थापनको बारेमा गोपीनाथ शर्मा (२०६८) ले यसरी उल्लेख गरेका छन्, "बाइसी तथा चौबीसी राज्यमध्ये डोटी, जुम्ला, तनहुँ, पाल्पा तथा पर्वतमा प्राप्त भएका पुराना हस्तलिखित ग्रन्थबाट ती ठाउँमा शिक्षा संस्कृत भाषाको माध्यमबाट दिइन्थ्यो भन्ने देखिन्छ" (शर्मा, २०६८, पृ. २४) । यसले गुरु पुरोहितहरूले शिक्षण गर्ने क्रममा पुराना ग्रन्थहरूको उपयोग गर्ने कुरालाई सङ्केत गरेको छ ।

महेशराज पन्त र दिनेशराज पन्तले इतिहास प्रधान त्रैमासिक पत्रिका २७ पूर्णाङ्कमा शैक्षणिक व्यवस्थापनको बारेमा यसरी उल्लेख गरेका छन्, "वि.सं. १९५० को दशकपछि शैक्षणिक सुधारका लागि पाठ्यक्रम तथा पाठ्यपुस्तक रूपमा बालवोध नम्बर १ (१९५८), श्रेस्तादर्पण पहिलो किताब (तेस्रो संशोधन) १९६०, शिक्षादर्पण दोस्रो भाग (भारतको कुरा) १९६४, शिक्षादर्पण तेस्रो भाग (जापानको कुरा) १९६४, डिफेन्स, बृगेड (१९६५, भूगोल विद्या सानो, भूगोल विद्या ठुलो र प्राकृत व्याकरण अर्थात् पर्वतीय भाषाको व्याकरण (१९६९) लाई लिइएको छ" (पन्त र पन्त, २०२९, पृ. १३२) । यसबाट समयको विकाससँगै लिखित पुस्तक तथा ग्रन्थहरू निर्माण भएका देखिन्छन् ।

राणाकालको अन्त्यसम्म आइपुग्दा त्यसबेला केही विभिन्न पुस्तकहरू जयपृथ्वीबहादुर सिंहको नेतृत्वमा प्रकाशित भएको पनि पाइन्छ, जसले शैक्षणिक व्यवस्थापनमा योगदान पुगेको पाउन सकिन्छ । साथै पाठ्यपुस्तकको तारतम्य शीर्षक लेखमा पन्त (२०३९) को धारणा यस्तो रहेको पाइन्छ :

> प्राच्य शिक्षामा पढेको कुरा सधैँ कामयावि रहोस् भन्ने उद्देश्यले हाम्रा प्राचीन ग्रन्थकारहरूले सकेसम्म छोट्याएर ग्रन्थ बनाइ त्यस ग्रन्थलाई पढ्ने परम्परा चलाएका थिए । यसकारण अत्यन्त आवश्यक नियमलाई बुझाउने सूत्र बनाइ त्यसलाई कण्ठस्थ गराउन ग्रन्थमा लेख्दथे । अभ्यास गर्ने कुरा मुल ग्रन्थमा लेख्ने चलन थिएन । प्राचीनकालमा दुनोटको चर्चा पुस्तकमा पाइदैन । यसबाट

प्राचीन शिक्षा पद्धत्ति कस्तो थियो भन्ने कुरा सङ्केत मिल्दछ । (पन्त, २०३९, पृ. ९)

उक्त कथनले के स्पष्ट गर्दछ भने प्राचीन ग्रन्थहरूलाई गुरुले स्वयम् छोटो बनाइ त्यसका आधारमा पठनपाठन कार्य गरिन्थ्यो । यसबाट लिखित रूपमा नभए पनि मौखिक रूपमा शैक्षणिक योजना अनुरूप सिकाइ प्रक्रिया हुन्थ्यो भन्ने तथ्य पुष्टि हुन्छ ।

गुरुकुल शिक्षामा पाठ्यपुस्तकको प्रयोगलाई महत्त्वपूर्ण रूपमा लिइएको पाइन्छ । विष्णुगोपाल रिसालले आफ्नो पुस्तक 'शिक्षा र राष्ट्रियता' मा शिक्षाको सुरुवाती समयमा पुस्तक तथा शिक्षा सम्बन्धी सामानहरूमा साँच्चिकै न्यूनता रहेको प्रष्टाएका छन्, "नेपाली भाषामा लेखिएका पुस्तकहरूको अभाव देखाइएको छ । सबै पाठशालाहरूमा पुस्तक उपलब्ध गराउन कठिन भएको कुरालाई अवगत गराउन खोजिएको छ" (रिसाल, २०६७, पृ. ४१) । यसबाट राणाकालको अन्त्यसम्म पनि पर्याप्त अध्ययन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध नभएको देखिन्छ । साथै ती पाठ्यपुस्तकहरू पर्याप्त र सर्वसाधारण सबैको पहुँचमा थिएनन् ।

संस्कृत साहित्यको आदर्श र मूल्यमान्यता हाम्रो विद्यालयको समावेशी पाठ्यक्रमका लागि पनि आवश्यक छ (CDC, 2007) । त्यसै कुरालाई मध्यनजर गर्दै नेपालमा पहिलो आधुनिक विद्यालयका रूपमा दरबार स्कुलको स्थापना पछि विद्यालय शिक्षा संरचनामा परिवर्तनको शृङ्खला देखा परेको छ (TU, 1985) । विशेष गरेर नेपालमा औपचारिक शिक्षाका सुरुका वर्षहरूमा विद्यालय शिक्षा अङ्ग्रेजी पाठ्यक्रमद्वारा उच्च रूपले प्रभावित थियो (Pradhan, 2018) । फलस्वरूप वि.सं. २०११ मा नेराशियोआले पाठ्यक्रमको आवश्यकता सिफारिस गरेपछि शिक्षा विभागले प्राथमिक र निम्न माध्यमिक पाठ्यक्रम वि.सं. २०१५ मा प्रकाशित गऱ्यो (TU, 1985, p. 33 )।

हाल गुरुकुल शिक्षामा के कस्ता पाठ्यक्रम छन् भन्ने सन्दर्भमा नेपाल सरकार, शिक्षा मन्त्रालय, पाविकेद्वारा वि.सं. २०६८ मा प्रकाशित गुरुकुल शिक्षाको पाठ्यक्रम ढाँचालाई तल क्रमशः तालिका नं ५.२, ५.३, ५.४ र ५.५ मा उल्लेख गरिएको छ ।

तालिका नं. ५.२ : गुरुकुल शिक्षा कक्षा १-३ पाठ्यक्रम ढाँचा

| क.सं. | विषय | पाठ्यभार | पूर्णाङ्क |
|---|---|---|---|
| ०१ | नेपाली | ६ | १०० |
| ०२ | अङ्ग्रेजी /संस्कृत भाषा | ५ | १०० |
| ०३ | गणित | ६ | १०० |
| ०४ | सामाजिक अध्ययन तथा सिर्जनात्मक कला | ६ | १०० |
| ०५ | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा | ५ | १०० |
| ०६ | संस्कृत रचना | ६ | १०० |
| | जम्मा | ३४ | ६०० |

स्रोत : नेपाल सरकार, शिक्षा मन्त्रालय, पाविकेद्वारा वि.सं. २०६८ मा प्रकाशित गुरुकुल शिक्षाको आधारभूत तह कक्षा १-८ को पाठ्यक्रमबाट लिइएको ।

तालिका नं. ५.२ ले हालको गुरुकुल शिक्षा अन्तर्गत कक्षा १-३ पाठ्यक्रम ढाँचालाई स्पष्ट गरेको छ । जसअनुसार संस्कृतसम्बन्धी विषवस्तुलाई बढी प्राथमिकता दिइ २०० पूर्णाङ्कको राखिएको छ । यसले आधारभूत तहदेखि नै संस्कृत शिक्षालाई जोड दिइएको स्पष्ट हुन्छ ।

तालिका नं. ५.३ : गुरुकुल शिक्षा कक्षा ४-५ पाठ्यक्रम ढाँचा

| क.सं. | विषय | पाठ्यभार | पूर्णाङ्क |
|---|---|---|---|
| ०१ | नेपाली | ६ | १०० |
| ०२ | अङ्ग्रेजी /संस्कृत रचना | ५ | १०० |
| ०३ | गणित | ६ | १०० |
| ०४ | सामाजिक अध्ययन | ५ | ७५ |
| ०५ | सिर्जनात्मक कला | ३ | २५ |
| ०६ | संस्कृत व्याकरण | ४ | ५० |

| | | | |
|---|---|---|---|
| ०७ | संदाचार शिक्षा (नित्यकर्म) | ४ | ५० |
| ०८ | वेद/नीतिशास्त्र (स्थानीय विषय) | ६ | १०० |
| | जम्मा | ३९ | ६०० |

स्रोत : नेपाल सरकार, शिक्षा मन्त्रालय, पाविकेद्वारा वि.सं. २०६८ मा प्रकाशित गुरुकुल शिक्षाको आधारभूत तह कक्षा १-८ को पाठ्यक्रमबाट लिइएको ।

तालिका नं. ५.३ ले गुरुकुल शिक्षा अन्तर्गत कक्षा ४-५ पाठ्यक्रम ढाँचालाई स्पष्ट गरेको छ । साथै संस्कृत तथा सदाचार शिक्षासम्बन्धी विषयवस्तुहरू समावेस गर्नुले विद्यार्थीहरूको चरित्र र सदाचार विकासमा जोड गरिएको छ ।

तालिका नं. ५.४ : गुरुकुल शिक्षा कक्षा ६-८ पाठ्यक्रम ढाँचा

| क.सं. | विषय | पाठ्यभार | पूर्णाङ्क |
|---|---|---|---|
| ०१ | नेपाली | ५ | १०० |
| ०२ | अङ्ग्रेजी /संस्कृत भाषा | ५ | १०० |
| ०३ | गणित | ५ | १०० |
| ०४ | सामाजिक अध्ययन र जनसङ्ख्या शिक्षा | ५ | १०० |
| ०५ | संस्कृत व्याकरण | ५ | १०० |
| ०६ | वेद वा नीतिशास्त्र | ५ | १०० |
| ०७ | पेशा, व्यवसाय र प्रविधि शिक्षा वा विज्ञान, स्वास्थ्य तथा शारीरिक शिक्षा | ५ | १०० |
| ०८ | संस्कृत रचना | ५ | १०० |
| | जम्मा | ४० | ८०० |

स्रोत : नेपाल सरकार, शिक्षा मन्त्रालय, पाविकेद्वारा वि.सं. २०६८ मा प्रकाशित गुरुकुल शिक्षाको आधारभूत तह कक्षा १-८ को पाठ्यक्रमबाट लिइएको ।

तालिका नं. ५.४ अनुसार गुरुकुलीय शिक्षा अन्तर्गत कक्षा ६-८ को पाठ्यक्रम ढाँचामा संस्कृतसम्बन्धी विषयवस्तुलाई बढी प्राथमिकता दिइ ४०० पूर्णाङ्कको राखिएको छ । सामाजिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा आएको परिवर्तन भए अनुसार

सरकारले पाठ्यक्रम पुनर्निर्माण र परिमार्जन गर्दै जाने निर्णय गरेको छ (माध्यमिक पाठ्यक्रम परिचयात्मक तालिम पुस्तिका, सन् १९९९) ।

तालिका नं. ५.५ : गुरुकुल शिक्षा कक्षा ९- १० पाठ्यक्रम ढाँचा

| क.सं. | विषय | पाठ्यभार | पूर्णाङ्क |
|---|---|---|---|
| ०१ | नेपाली | ५ | १०० |
| ०२ | गणित | ५ | १०० |
| ०३ | अङ्ग्रेजी | ५ | १०० |
| ०४ | विज्ञान | ५ | १०० |
| ०५ | सामाजिक अध्ययन | ४ | १०० |
| ०६ | अनिवार्य संस्कृत भाषा | ५ | १०० |
| ०७ | ऐच्छिक प्रथम पत्र (वेद, व्याकरण, न्याय, ज्योतिष, साहित्य, नीतिशास्त्र मध्ये कुनै एक) | ५ | १०० |
| ०८ | ऐच्छिक द्वितीय पत्र (कर्मकाण्ड, आयुर्वेद, फलित ज्योतिष, योग शिक्षा, प्राकृतिक चिकित्सा, गृह विज्ञान, अतिरिक्त गणित, शिक्षा, कम्प्युटर विज्ञान, तिब्बती मध्ये कुनै एक) | | |

स्रोत : नेपाल सरकार, शिक्षा मन्त्रालय, पाविकेद्वारा वि.सं. २०६८ मा प्रकाशित गुरुकुल शिक्षाको माध्यमिक शिक्षा कक्षा ९-१० (संस्कृत र वेदविद्याश्रम माध्यमिक विद्यालय) को पाठ्यक्रमबाट लिइएको ।

तालिका नं. ५.५ ले गुरुकुल शिक्षा अन्तर्गत कक्षा ९-१० को पाठ्यक्रम ढाँचालाई स्पष्ट गरेको छ । जसअनुसार संस्कृतसम्बन्धी विषयवस्तुलाई प्राथमिकता दिइ ३०० पूर्णाङ्कको राखिएको छ । पाविके, सानोठिमी भक्तपुरद्वारा २०७६ मा प्रकाशित माध्यमिक शिक्षा पाठ्यक्रमले परम्परागत शिक्षा संस्कृत/वेद विद्यालय/गुरुकुल शिक्षा अन्तर्गत माध्यमिक शिक्षा) कक्षा ९-१०) र माध्यमिक शिक्षा कक्षा ११-१२ को संशोधित पाठ्यक्रम ढाँचालाई क्रमशः निम्नानुसार तालिका नं ५.६ र ५.७ मा देखाइएको छ ।

तालिका नं. ५.६ : गुरुकुल शिक्षा कक्षा ९- १० संशोधित पाठ्यकम ढाँचा

| क.सं. | विषय | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| ०१ | नेपाली | ५ | १६० |
| ०२ | अङ्ग्रेजी /संस्कृत रचना | ५ | १६० |
| ०३ | गणित | ५ | १६० |
| ०४ | वेद वा नीतिशास्त्र वा विज्ञान तथा प्रविधि | ५ | १६० |
| ०५ | संस्कत भाषा तथा व्याकरण | ४ | १२८ |
| ०६ | ऐच्छिक प्रथम | ४ | १२८ |
| ०७ | ऐच्छिक द्वितीय | ४ | १२८ |
| | जम्मा | ३२ | १०२४ |

स्रोत : नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, पाविके, सानोठिमी भक्तपुरद्वारा वि.सं. २०७६ मा प्रकाशित माध्यमिक शिक्षा पाठ्यकमबाट लिइएको ।

तालिका नं. ५.७ : गुरुकुल शिक्षा कक्षा ११-१२ को संशोधित पाठ्यकम ढाँचा

| क.सं. | विषय | कक्षा ११ | | कक्षा १२ | |
|---|---|---|---|---|---|
| | | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
| ०१ | नेपाली | ३ | ९६ | ३ | ९६ |
| ०२ | अङ्ग्रेजी /संस्कृत रचना | ४ | १२८ | ४ | १२८ |
| ०३ | सामाजिक अध्ययन | ५ | १६० | | |
| ०४ | जीवनोपयोगी शिक्षा | | | ५ | १६० |

| | | | | | |
|---|---|---|---|---|---|
| ०५ | संस्कत भाषा तथा व्याकरण | ५ | १६० | ५ | १६० |
| ०६ | ऐच्छिक प्रथम | ५ | १६० | ५ | १६० |
| ०७ | ऐच्छिक द्वितीय | ५ | १६० | ५ | १६० |
| | जम्मा | २७ | ८६४ | २७ | ८६४ |
| ८ | थप ऐच्छिक | ५ | १६० | ५ | १६० |

स्रोत : नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, पाविके, सानोठिमी भक्तपुरद्वारा वि.सं. २०७६ मा प्रकाशित माध्यमिक शिक्षा पाठ्यक्रमबाट लिइएको ।

उपर्युक्त तालिकाबाट के स्पष्ट हुन्छ भने गुरुकुल शिक्षामा संस्कृत भाषा र यससँग सम्बन्धित अन्य विषयहरू शिक्षणको व्यवस्था गरिएको पाइयो । खास गरेर माध्यमिक पाठ्यक्रममा विभिन्न ऐच्छिक विषयहरू विद्यार्थीको इच्छा बमोजिम पठनपाठनको लागि उपलब्ध छ तर ती विषय शिक्षण गर्ने शिक्षक छैनन् । त्यसैले धेरैजसोलाई प्रस्ताव गरिएको छैन (Khaniya & Kiernan, 1994) । यसले प्राचीन गुरुकुल र यसको प्रतिबिम्बका रूपमा वर्तमानमा सञ्चालित विद्यालयमा पठनपाठन हुने विषयहरू स्पष्ट गर्दछ ।

अन्तर्वार्ताको क्रममा पाठ्यक्रम तथा पाठ्यपुस्तकको बारेमा पाँचजना विशेषज्ञहरूको राय अनुसार गुरुकुल शिक्षाको पाठ्यक्रम तथा पाठ्यपुस्तक थियो भन्ने पाइयो । त्यसबेला वेद, वेदाङ्ग र दर्शनलाई पाठ्यक्रम तथा पाठ्यपुस्तकको रूपमा लिइएको पाइयो तर दुईजना विशेषज्ञहरूले बताए अनुसार गुरुकुल शिक्षामा पाठ्यक्रम तथा पाठ्यपुस्तक थिएन । त्यसबेला यो समयभित्र यति पाठ (लघु सिद्धान्त, कौमुदी १८ महिना) पढी सक्नुपर्ने भनेर गुरुले आदेश तथा तरिका दिनुहुने र त्यसको आधारमा गुरुले पाठ अगाडि बढाउने व्यवस्था थियो भन्ने प्रतिक्रिया दिनुभयो ।

प्राच्य शिक्षामा गुरु स्वयम् पाठ्यपुस्तकको स्वरूप हुन् । गुरुको व्यवहार र क्रियाकलापलाई अनुसरण गर्दै शिष्यहरूले गुरुकुलमा पढ्ने भएकाले गुरुलाई आदर्श

व्यक्तित्वको रूपमा ग्रहण गरिन्थ्यो । गुरुको अनुभवलाई विनिमय गरेर नै पाठ्यपुस्तकको अभाव हटाइन्थ्यो । खास गरेर गुरुकुल शिक्षामा श्रुति परम्परा प्रचलनमा थियो । गुरुको वचनलाई ध्यानपूर्वक सुनेर त्यसैमा आफूलाई अभ्यस्त गर्दै जानु नै शिष्यको परम कर्तव्य मानिन्थ्यो भन्ने भनाइ पाइयो ।

सो सम्बन्धमा सबै प्राचार्य तथा शिक्षकहरूको राय एउटै प्राप्त भयो । जसअनुसार पाठ्यक्रम तथा पाठ्यपुस्तक स्थानीय आवश्यकताका आधारमा गुरुले निर्माण गर्नुहुन्थ्यो । धेरै विषयवस्तु मौखिक रूपमा नै पढिन्थ्यो । यसबाट के कुरा स्पष्ट हुन्छ भने प्राचीन गुरुकुलमा शिक्षण विषय बारेमा तथ्यगत स्पष्टता देखिँदैन । साथै त्यसबेला पाठ्यपुस्तकको रूपमा हस्तलिखित कुनै पाण्डुलिपि पाउन दुर्लभ थियो । ताडपत्र, भोजपत्रमा कुनै कुनै ग्रन्थहरू हस्तलिखित हुन सक्थे । गुरुले शिष्यको क्षमता र इच्छा बमोजिम वेदमा आधारित भै आफैँले शिक्षणका लागि विषयवस्तु छनौट गरेका हुन्थे ।

प्राचीन भारतीय शिक्षामा विभिन्न सिकाइ विधि तथा प्रक्रियाहरूको प्रयोग गरिएको पाइन्थ्यो । त्यसबेला सिकाइको क्रममा लिखितलाई भन्दा पनि सुनाइ र मौखिक निर्देशनलाई बढी जोड दिइन्थ्यो । उच्च तहको शिक्षामा सम्मेलन र बहस विधिलाई उपयोग गरिन्थ्यो (Mulhern, 2008) । प्राचीन शिक्षण पद्धतिको बारेमा Mookerji (1951) ले औंल्याएका छन् "प्राचीन शिक्षामा प्रश्नोत्तर, व्याख्यान र प्रवचन आदि पद्धतिहरूको प्रयोग गरिन्थ्यो" (Mookerji, 1951) । यसका साथै कथा वर्णन, दृष्टान्त/उदाहरण प्रस्तुत, स्वयम् अध्ययन, सूत्रविधि, चर्चाविधि, व्याख्यान, अनुक्रमिक प्रणाली, तदर्थ प्रणाली, वादविवाद, तर्क, पर्यटन विधि, सशिष्य देशाटन विधि, रटन्त विधि, श्रम शिक्षण विधि, भिक्षाटन विधि (अन्नोत्पादन, सब्जी उत्पादन, गौपालन) अग्र शिष्य प्रणाली आदि प्रचलित विधिको प्रयोग गरिन्थ्यो ।

संस्कृत शिक्षण विधि बारेमा Pant (1979) को धारणा यस्तो रहेको पाइन्छ, "संस्कृत शिक्षा शिक्षणका दुई विधिहरू प्रचलित छन् । परम्परागत विधि पाठशाला तथा संस्थाहरू (जसको अर्थ शास्त्र वा संस्कृत विज्ञान/साहित्य) मा प्रयोग गरिन्छ । यो विधि

मुख्य गरी भारत र नेपालमा पत्ता लगाइएको विधि हो । यो संस्कृत सिकाइको लागि करिव ३ करोड वर्ष भन्दा अगाडिदेखि नै प्रचलनमा रहेको छ । यस विधिलाई हृदयबाट सिकाइमा दबाब गर्ने विधिको रूपमा मानिन्छ । पश्चिमी विधि आधुनिक विश्वविद्यालयहरूमा प्रयोग गरिन्छ, जहाँ संस्कृतलाई एउटा शास्त्रीय भाषाको रूपमा शिक्षण गरिन्छ । यो विधि नेपाल, भारत लगायत विश्वभरि नै प्रयोग गरिएको छ" (Pant, 1979) । यसले गुरुकुलीय शिक्षण विधिलाई स्पष्ट गर्दछ ।

साथै उपनिषद्को अर्थ संगै बस्नु हो (उपाध्याय, २०६४, पृ. १) । उपनिषद्मा तिन स्तरको शिक्षण पद्धतिको चर्चा गर्दै घिमिरे (२०७०) ले यसरी औंल्याएका छन्, "पहिलो, श्रवण : गुरुको वचनलाई सुन्नु श्रवण हो । यस अनुसार गुरुकुलमा गुरुले जुन ज्ञान विद्यार्थीलाई बताउँछन्, त्यो सुनेर मस्तिष्कमा विद्यार्थीले सङ्ग्रहण गर्नुपर्दछ । प्राचीनकालमा सुनेर ज्ञानको सङ्ग्रह गर्नुलाई श्रुति भन्ने चलन थियो । श्रुति भनेको सुनिएको वा सुनाइएको हो । गुरुको प्रवचन वा शिक्षण ध्यानपूर्वक सुन्नु नै विद्यार्थीको कर्तव्य हो । दोस्रो, मनन : श्रवणपछि सुनिएका कुरालाई मनन गर्नुपर्छ । श्रवण गर्ने क्रममा उत्पन्न शङ्काको निराकरणको लागि तर्कपूर्ण चिन्तनको प्रक्रिया नै मनन हो । तेस्रो, निदिध्यासन : गुरुमुखबाट पाइएको ज्ञानमा मात्र स्थिर गर्ने प्रक्रिया निदिध्यासन हो । यो नै गुरुकुलीय शिक्षाको उच्च नैतिक प्रक्रिया हो" (घिमिरे, २०७०, पृ. ५९) ।

पाणिनीय गुरुकुलमा महर्षि पतञ्जलिले नै सर्वप्रथम पाणिनीय व्याकरणको दैनिक पाठयोजना तयार गरे । एक दिन पढाइ हुने पाठयोजनालाई उनले आह्निक नाम दिए । त्यस्तै प्राथमिक तहमा विषयवस्तु शिक्षणमा विशेष गरी शिक्षक केन्द्रित र व्याख्यान विधिको प्रयोग हुन्थ्यो । यसबाट के कुरा स्पष्ट गर्दछ भने गुरुकुल शिक्षामा शैक्षणिक व्यवस्थापनलाई महत्त्वका साथ ध्यान दिने गरेको थियो । गुरुकुलमा विभिन्न शैक्षणिक सामग्रीहरूको प्रयोग गरेर शिक्षण प्रक्रियालाई उद्देश्यमुखी र प्रभावकारी बनाइएको पाइन्छ ।

शैक्षिक सामग्री योजनाको निर्माण गुरुबाट र यसको प्रयोग शिष्यको योग्यता अनुसार गुरुबाट नै हुन्थ्यो । शिक्षण सिकाइ प्रतिपदा, अष्टमी, त्रयोदशी, औंसी, ग्रहण र

जुठो सुतकमा पढाइ हुँदैन्थ्यो । विशेष गरेर हस्तलिखित पुस्तक मात्र प्रयोग हुन्थ्यो, वाँसको कलम बनाएर प्रयोगमा ल्याइन्थ्यो । कटुसको पात पकाएर मसी बनाइन्थ्यो, पाण्डुलिपि तयार गरेर गुरुले पढ्न दिने व्यवस्था हुन्थ्यो । पाटी, धुलौटो, खरी, काठका छेस्का, बाँसका कलम, कालो रङ, वनस्पतिका बोका पकाएका मसी र बाँसका सुप्ला समेत कागजमा प्रयोग हुन्थ्यो ।

गुरुको योग्यताको आधारमा शैक्षणिक कार्य हुन्थ्यो । गुरुकुलमा कक्षा व्यवस्थापन मठ, मन्दिर, रुख मुनि वा कुनै घरको आँगनमा समूह विभाजन गरी गरिन्थ्यो । विद्यार्थीले विद्यार्थीलाई पढाउने व्यवस्था कक्षाकोठामा मात्र सिमित हुँदैनथ्यो किनकि सिक्नु भनेको उत्पादन होइन, प्रक्रिया हो (Ambrose et al., 2010) । त्यसैले तत्कालीन शैक्षणिक व्यवस्थापन शिष्यको उमेर र बौद्धिक क्षमताअनुसार हुन्थ्यो ।

गुरु र शिष्यहरूबिच सिकाइ सम्बन्धी छलफल, अन्तर्क्रिया र प्रश्नोत्तर कसरी हुन्थ्यो ? भन्ने कुरालाई 'गुरुज्यूको कुटाइमा यति नै' भन्ने लेखमा स्वामी प्रपन्नाचार्यले यसरी उल्लेख गरेका छन्, "ल हिजोका पाठ सुना, पहिलो जमानामा मान्छे कसरी भए, पहिले के थियो, अनि पछि के भए, लुलुलु भन ? नत्र … … भुस भरिएको फर्सी जस्ता टाउकाले कुरा पकिन सकेन कि के हो ? मास्टरज्यू ! माझको कुरा त बुझें । तर वल्लो छेउ र पल्लो छेउको पाठ बुझ्न गाह्रो भयो । धत्तेरी माझको कुन हो, लु भन् त ? " (स्वामी प्रपन्नाचार्य, २०३६, पृ. थ) । उक्त तथ्यले गुरुकुलमा अनुशासनमा रहनुपर्ने तत्कालीन अवस्थालाई सङ्केत गर्दछ ।

शैक्षणिक योजना, शिक्षण सामग्री र सिकाइ स्तर र कक्षाकोठा व्यवस्थापन बारेमा सातजना विशेषज्ञ र सबै प्राचार्य तथा शिक्षकहरूको धारणा यस्तो पाइयो : शैक्षणिक योजनाको निर्माण गर्ने जिम्मेवारी गुरुको नै रहन्थ्यो । उनीहरूको अनुसार सिकाइको क्रममा गुरुकुलमा विषयगत तथा अन्य सन्दर्भ सामग्रीहरू प्रयोग हुन्थ्यो । उक्त सामग्री ग्रन्थ अनुसार आवश्यक रूपमा तयार हुन्थ्यो । यसको निर्माण गुरुबाट गरिन्थ्यो । गुरुकुलको सिकाइ स्तर उच्च र व्यावहारिक थियो । कक्षाकोठा व्यवस्थापन अन्तर्गत शुद्ध वस्त्र लगाइ गुरुलाई दाहिना बनाएर शिष्य भईंमा चकटीमा बसी

पठनपाठन कार्य गराइन्थ्यो । गुरुलाई भने अग्लो स्थान, कुशासनमा बस्ने व्यवस्था गरिन्थ्यो ।

विद्यार्थी दैनिकी र उत्प्रेरित गर्ने तरिका बारेमा छजना विशेषज्ञ र दशजना प्राचार्य तथा शिक्षकहरूको राय बमोजिम प्राचीन गुरुकुलमा शिष्यले गुरु भन्दा पहिले उठ्ने, शौच, स्नान, सूर्यको उपासना, सन्ध्या, अग्निको प्रार्थना, वेद पाठ, गुरुको सेवा गर्ने, भोजन, विश्राम, अतिरिक्त विषयको अध्ययन, गौ सेवा, यात्रा, अनुभवात्मक अध्ययन गर्ने, मह नखाने, माछामासु नखाने, खाटमा नसुत्ने, गुरु भन्दा तलको आसनमा बस्ने, जप, ध्यान र पूजा गर्ने, गुरु सुतेपछि मात्र सुत्ने, भिक्षाटन गर्ने, गुरुको निर्देशन स्वीकार गर्ने, स्वाध्यायनमा लाग्ने र वर्णधर्म अनुसारको कार्य गर्ने आदि आश्रमका नियमहरू रहेको पाइन्छ ।

वर्णाश्रम व्यवस्थामा २५ वर्ष ब्रह्मचारी, २५-५० वर्ष गृहस्थाश्रम (विवाह गर्ने, स्नान, ध्यान, जप गर्ने, व्यवसाय सञ्चालन, पञ्च महायज्ञ १) ब्रह्मयज्ञ (सिकाइ हस्तान्तरण, २) पितृयज्ञ (मातापिता सन्तुष्ट) ३) होमयज्ञ जीवजन्तु सबैलाई खुवाएर खाने (काग, कुकुर, कमिला) ४) बलिवैश्वदेव (अज्ञानमा हुन जाने हत्यामा लाग्ने पापको प्रायश्चित्त) ५) नृयज्ञ (अतिथि पुजन), ५०-७५ वर्ष वानप्रस्थी (जङ्गल जाने, भगवानको सेवा गर्ने, तपस्या गर्ने र गायत्री २४ लाख पटक जप्ने, १ दिनमा ३५०० जप गर्ने) र ७५ वर्ष देखि माथि संन्यासीले के गर्ने भन्ने तोकिए अनुसार आफ्नो दैनिकी पूरा गर्दथे । त्यस्तै विद्यार्थीको योग्यता र क्षमता हेरेर अगाडि सार्ने, धन्यवाद दिने, स्यावासी दिने र माया ममता दिने जस्ता तरिकाबाट गुरुकुलमा विद्यार्थी उत्प्रेरित गरिन्थ्यो ।

निचोडमा, उपर्युक्त विवरणहरूको आधारमा विश्लेषण गर्दा गुरुकुलको शैक्षणिक व्यवस्थापनको महत्त्वपूर्ण जिम्मेवारी गुरुको थियो । उत्प्रेरणाको प्रयोग, पुरस्कार र दण्डको उपयोग, विद्यार्थी दैनिकी/समय तालिकाको व्यवस्था र कार्यान्वयन, व्यावहारिक शिक्षण, श्रवण, मनन, निदिध्यासन, तर्क र छलफललाई प्राथमिकता,

पाठ्यक्रम तथा पाठ्यपुस्तकको मुख्य स्रोत गुरु तथा अतिरिक्त क्रियाकलापमा सहभागितामा प्राच्य शैक्षणिक व्यवस्थापन केन्द्रित देखिन्छ ।

## ५.२.८ शैक्षणिक सुपरीवेक्षण तथा मूल्याङ्कन

कुनै पनि कार्य सुचारु रूपले सञ्चालन र व्यवस्थापन गर्न त्यसमा सुपरीवेक्षणको महत्त्वपूर्ण भूमिका रहन्छ । गुरुकुलमा भएका शैक्षिक तथा अन्य कार्यको अनुगमन गरी सुधार र भावी योजना निर्माणको लागि आवश्यक सल्लाह दिने तत्कालीन कार्य शैक्षणिक सुपरीवेक्षण तथा मूल्याङ्कन हो । यो शैक्षिक व्यवस्थापन अन्तर्गतका महत्त्वपूर्ण पक्ष हो ।

प्राच्य शैक्षिक संरचनादेखि वर्तमानसम्म अध्ययन गर्दा कुनै पनि कार्यको सफलता त्यसप्रतिको सुपरीवेक्षण तथा मूल्याङ्कन कसरी गरियो भन्ने कुरामा निर्भर रहन्छ । थोरै प्रमाणहरू छन् कि शिक्षाको नजिकबाट निगरानी गर्दा विद्यार्थीले बढी उपलब्धि हासिल गदर्छन् (Hallinger & Murphy, 1985) । यसमा प्राचीन गुरुकुलमा भए गरेका सुपरीवेक्षण तथा मूल्याङ्कनसम्बन्धी विषयहरू समावेश गरिएको छ ।

“प्राचीनकालमा गुरुकुल शिक्षा व्यवस्थामा आश्रमलाई ज्ञानको केन्द्र र गुरुलाई सुपरीवेक्षणको केन्द्र मानिन्थ्यो । त्यसैले विद्यार्थीहरूको शास्त्रीय कार्यदक्षता, कार्यक्षमता र अनुशासन समाजले नै पारख गर्दथ्यो” (शर्मा, २०६८, पृ. ६८) । परीक्षण आंशिक रूपमा नैतिक र आंशिक रूपमा बौद्धिक थियो (Altekar, 1944, p. 81) । प्राचीनकालदेखि वैदिक तथा बौद्ध शिक्षाको परम्परा चलि आएको भएता पनि आधुनिक संस्थागत शिक्षाको परिपाटी बसाल्नमा अङ्ग्रेजी शिक्षा पहिलो बनेको हो (शर्मा, २०६८, पृ. ४२) । आधुनिक शिक्षाको नाममा औपचारिक रूपमा स्थापित दरबार स्कुलको सञ्चालन र सुपरीवेक्षण गर्ने जिम्मा श्री रसलाई तोकिएको थियो भने श्री क्यानिङलाई प्रधानाध्यापकको जिम्मेवारी प्रदान गरिएको थियो ।

प्रधानाध्यापकको केन्द्रीय कार्य भनेको स्कूलका लक्ष्यहरूलाई कक्षाकोठा अभ्यासमा उपयोग गरिएको छ भन्ने कुराको सुनिश्चित गर्नु हो (Hallinger, &

Murphy, 1985)। यसबाट दरबार स्कुलको स्थापना पूर्व पनि प्राचीन शिक्षामा शैक्षणिक सुपरीवेक्षण तथा मूल्याङ्कन हुन्थ्यो । यसरी प्रतिपादित हुने शिक्षा प्रणालीमा ऋषि वा गुरुका उपदेशहरू स्वयम् नै शिष्यहरूको शिक्षण र सदाचारको निरीक्षण गर्दथे (आप्राशिप, २०६२) । त्यसबेला गुरु स्वयम्ले शैक्षणिक सुपरीवेक्षण तथा मूल्याङ्कनको जिम्मेवारी बुद्धिमत्तापूर्वक गर्नुहुन्थ्यो । गुरु नै अनुकरणीय व्यक्ति भएकाले उहाँको शैक्षणिक सुपरीवेक्षण तथा मूल्याङ्कन गर्न आवश्यकता महसुस नै गर्न सकिदैन्थ्यो ।

प्राचीनकालको गुरुकुल शिक्षा आत्म निरीक्षणात्मक भएको कुरा बृहदारण्यक उपनिषद्मा देव, मनुष्य र असुर प्रजापतिसँग उपदेश लिन गएको प्रसङ्गबाट थाहा हुन्छ । प्राचीन शिक्षामा गुरु-शिष्यबिचको सम्बन्ध प्रत्यक्ष रहन्थ्यो भन्ने कुरोलाई माधवप्रसाद घिमिरे (२०७०) ले स्पष्ट पारेका छन्, प्राचीन गुरुकुल पद्धति र बौद्ध विहार पद्धतिमा गुरु-शिष्यको प्रत्यक्ष सम्बन्ध रहन्थ्यो । त्यहाँ अध्ययनको निरन्तर आन्तरिक निरीक्षण हुन्थ्यो र परस्पर सहयोगबाट अध्ययनलाई सबल बनाइन्थ्यो । अनि विद्याको परीक्षण त्यसको जीवनमा प्रत्यक्ष प्रयोगबाट गरिन्थ्यो परन्तु आजभोलिको शिक्षा पद्धतिमा गुरु-शिष्यको प्रत्यक्ष सम्बन्ध र प्रगाढता सधैँ सम्भव हुँदैन र विद्युतीय माध्यमबाट पनि अध्ययन अध्यापन गराइन्छ (घिमिरे, २०७०, पृ. ४५) । साथै नेपालमा सामान्य सन्दर्भ र मापदण्डमा आधारित मूल्याङ्कन व्यवस्था अनुसरण गरिएको पाइन्छ (Karki, 2012) । यस्तै विधि आधुनिक गुरुकुलहरूमा पनि प्रयोग भैरहेका छन् । त्यसबेला शिष्यहरूले सिकेका व्यवहारलाई स्थानान्तरण गर्न सके कि सकेनन् भन्ने तथ्यलाई आन्तरिक परीक्षणको माध्यमबाट मूल्याङ्कन गरिन्थ्यो ।

तत्कालीन गुरुकुलको शैक्षिक सुपरीवेक्षण र मूल्याङ्कनको बारेमा छजना विशेषज्ञहरूले उल्लेख गरे अनुसार प्राच्यकालको शिक्षा व्यवस्थामा शैक्षणिक सुपरीवेक्षण र मूल्याङ्कन, वाक्परीक्षा तथा प्रयोग परीक्षाको साधनबाट गरिन्थ्यो । कुलपति तथा गुरुहरूबाट गुरुकुलको नियमित सुपरीवेक्षण तथा मूल्याङ्कन गरिन्थ्यो भन्ने उत्तर दिएका छन् । साथै दुईजना विशेषज्ञहरूको अनुसार त्यसबेला शैक्षणिक सुपरीवेक्षण र मूल्याङ्कन गुरुबाट गरिन्थ्यो । गुरु वा गुरुको घरमा धेरै विद्यार्थी भएमा उपल्लो तहको

विद्यार्थीबाट तल्लो तहमा पढाउन लगाउने तर अवलोकन गुरुबाट हुन्थ्यो भन्ने उत्तर प्राप्त भएको छ । सबै प्राचार्य तथा शिक्षकहरूको राय अनुसार गुरुकुलमा सुपरीवेक्षण र मूल्याङ्कन मुख्य गुरुको निर्देशनमा हुन्थ्यो भन्ने भनाइ रहेको पाइयो ।

कक्षा अवलोकन, प्रशासनिक सुपरीवेक्षण र शिक्षक कार्य सम्पादन मूल्याङ्कन बारेमा सातजना विशेषज्ञ र आठजना प्राचार्य तथा शिक्षकहरूको रायमा समानता भेटियो । उनीहरू अनुसार कुलपति, आचार्य, राजा र राजपुरोहित आदिले समय समयमा गुरुकुल शिक्षाको कक्षा अवलोकन गर्नु भएको दृष्टान्त पाइन्छ । साथै उनीहरूद्वारा विद्यार्थीहरूको प्रशासनिक सुपरीवेक्षण गरिन्थ्यो । गुरुकुलमा गुरु स्वयम्बाट कार्य सम्पादन मूल्याङ्कन गरिन्थ्यो । विशेषज्ञ रुद्रप्रसाद भट्टको धारणा भने फरक पाइयो । जसअनुसार गुरुकुलमा कक्षा अवलोकन गर्न आवश्यकता महसुस हुँदैन्थ्यो किनकि गुरु कहिल्यै पनि उत्तरदायित्वबाट पन्छिनु हुन्न । त्यसैले कुलपति तथा गुरुहरूको नियमित सुपरीवेक्षण तथा मूल्याङ्कन आवश्यक मानिदैन्थ्यो ।

साथै दुईजना प्राचार्यहरूको राय अनुसार गुरुकुलमा गुरुको घरमा धेरै विद्यार्थी भएमा उपल्लो तहको विद्यार्थीबाट तल्लो तहमा पढाउन लगाइन्थ्यो । अवलोकन गुरुबाट हुन्थ्यो तर पनि शिक्षक कार्य सम्पादन मूल्याङ्कन गर्ने कुनै संयन्त्र थिएन । त्यसबेला विद्यार्थीहरूको मूल्याङ्कन वाक्परीक्षा तथा प्रयोग परीक्षाको साधनबाट गरिन्थ्यो । सानोलाई ठुलो विद्यार्थीबाट हेर्ने परम्परा सकारात्मक र सहयोगी हुन्थ्यो । गुरुलाई शिष्यले जानेन भने आफ्नो इज्जत जाने डर हुन्थ्यो ।

गुरुकुलमा गुरु स्वयम् आत्म मूल्याङ्कन गर्नुहुन्थ्यो । गुरूप्रति कसैले पनि टिका टिप्पणी गर्न पर्दैन्थ्यो । गुरु आफ्नो कर्तव्यप्रति सधैँ सजग रहनुहुन्थ्यो । गुरुकुल परम्परामा विद्वानको मूल्याङ्कन गर्नु असान्दर्भिक ठानिन्थ्यो किनकि गुरुबाट गैर-जिम्मेवारी पूर्ण व्यवहार हुन्छ भन्ने कुरामा विश्वास नै गरिदैनथ्यो । गुरु स्वयम् सुपरीवेक्षणकर्ता र मूल्याङ्कनकर्ताको भूमिकामा थिए । विद्यार्थीहरूको व्यवहार अवलोकन तथा प्रशासनिक सुपरीवेक्षण गुरुबाट गरिन्थ्यो । गुरुको निर्देशनमा उच्च स्तर र क्षमताको शिष्यबाट तल्लो तहका शिष्यहरूको सुपरीवेक्षण गरिन्थ्यो ।

निचोडमा, गुरुको प्रशासनिक नेतृत्वद्वारा गुरुकुल सञ्चालित थियो । सङ्गठन प्रमुखको रूपमा गुरुको भूमिका र नेतृत्व सेवामुखी र औपचारिक निकायको रूपमा रहन्थ्यो । गुरुकुल गाउँदेखि टाढा, नदी किनारा वन वा बगैँचाको बिचमा सञ्चालनमा रहन्थे । गुरुको निगरानीमा उमेर र शिष्यको सिकाइस्तर अनुसार भौतिक तथा बसाइ व्यवस्थापन गरिन्थ्यो । भिक्षादान र गुठीलाई नै गुरुकुलको प्रमुख आर्थिक स्रोत मानिन्थ्यो । कुलपति, आचार्य, गुरु र उपाध्याय आदि नामका मुख्य गुरु वा प्राचार्यले स्वः विवेकमा गुरुकुलप्रतिको जिम्मेवारी, उत्तरदायित्व र जवाफदेहिता वहन गर्दथे ।

परिणाम शिष्यहरूमा आचारसंहिताको पूर्ण पालना, शिष्यहरूबिचमा सहकार्य, सहयोग, मित्रता, अनुशासन, लगनशीलता र व्यावहारिकता जस्ता गुणहरूको विकास हुन्थ्यो । शिक्षण सिकाइमा प्रवचन, बहस र प्रयोगात्मक विधिको प्रयोग गरिन्थ्यो । सिकाइमा उत्प्रेरणा, पुरस्कार र दण्डको उपयोग, विद्यार्थी दैनिकी/समय तालिकाको व्यवस्था र कार्यान्वयनमार्फत शैक्षणिक व्यवस्थापन प्रभावकारी बनाइन्थ्यो । शिष्यले निधारित विषयवस्तुमा तर्कवितर्क गर्न सकेमा दीक्षान्त समारोहमा सहभागिता गराइ स्नातक उपाधि प्रदान गर्ने परम्परा थियो । गुरु स्वयम् सुपरीवेक्षणकर्ता भएकाले शिक्षक स्वः मूल्याङकन, विद्यार्थीहरूको व्यवहार अवलोकन तथा प्रशासनिक सुपरीवेक्षण गुरुबाट गरिन्थ्यो ।

प्राच्यकालदेखि नै गुरुकुलीय पद्धतिको लक्ष्य नै आदर्श नागरिक निर्माण गर्ने थियो । समग्र गुरुकुल व्यवस्थापनमा गुरुको महत्त्वपूर्ण भूमिका रहेको पाइयो । गुरुकुलमा शिष्यलाई संस्कारयुक्त र अनुशासित तुल्याउन गुरुबाट असल प्रयासहरू निरन्तर भइरहने हुनाले प्राच्य शिक्षामा शैक्षिक व्यवस्थापन प्रभावकारी थियो भन्न सकिन्छ । यस शोधले वर्तमान शिक्षा व्यवस्थापनमा गुरुकुलका व्यवस्थापकीय पक्षहरूलाई अनुसरण गर्न निर्देश गर्दछ किनकि सभ्य, सुसंस्कृत र आदर्श नागरिक निर्माणमा गुरुकुलीय अभ्यास अनुकरणीय देखिन्छ ।

# अध्याय छ

## प्राच्य शिक्षाले नेपालको वर्तमान शिक्षा व्यवस्थामा पारेको प्रभाव

### ६.१ विषय प्रवेश

प्राच्य गुरुकुल प्रणाली प्राचीनकालदेखि नै सञ्चालनमा रहेकाले यसका सकारात्मक र नकारात्मक दुबै खालको प्रभाव वर्तमान समाजमा पाउन सकिन्छ । यसमा शैक्षिक व्यवस्थापनका आठ पक्षहरूसँग सम्बन्धित रही प्राच्य शिक्षाले नेपालको वर्तमान शिक्षा व्यवस्थामा र समाजमा दिएको सकारात्मक प्रभावहरूलाई समेत विश्लेषण गरिएको छ ।

### ६.२ नेपालको वर्तमान शिक्षा व्यवस्थामा प्राच्य शिक्षा

यसमा शैक्षिक व्यवस्थापन अन्तर्गत अध्याय एकको दफा १.६ (घ) मा उल्लिखित आठ क्षेत्रहरूलाई समेटिएको छ । प्राचार्य/शिक्षक र विशेषज्ञहरूबाट प्राप्त विचार, सम्बन्धित पुस्तक अध्ययन र शोधकर्ता स्वयम्को अनुभव प्रतिविम्बनको आधारमा प्राच्य शिक्षाले उल्लिखित आठ क्षेत्रहरूमा पारेको प्रभावलाई बुदाँगत रूपमा तल विश्लेषण र व्याख्या गरिएको छ ।

#### ६.२.१ शैक्षिक प्रशासन र सङ्गठनमा प्रभाव

प्राच्य शिक्षा व्यवस्थापनमा औपचारिक वा अनौपचारिक संरचना/सङ्गठन कस्तो थियो ? र यसले वर्तमान शिक्षा व्यवस्थामा कस्तो प्रभाव पारेको छ भन्ने तथ्यलाई औल्याएको छ । साथै प्राच्य शिक्षा अन्तर्गत गुरुकुलमा प्रशासनिक भूमिका कसले निर्वाह गर्दथे ? त्यस्तै तत्कालीन शैक्षिक प्रशासनको कार्य विवरण र जिम्मेवारीको अवस्था विश्लेषण गरी वर्तमान शैक्षिक प्रशासन र सङ्गठनमा पारेको प्रभाव उल्लेख गरिएको छ ।

प्राचीन गुरुकुल शिक्षा औपचारिक र अनौपचारिक दुबै प्रकारमा सञ्चालित भएको पाइन्छ भने वर्तमान शिक्षा व्यवस्थामा समेत औपचारिक र अनौपचारिक शिक्षाको बन्दोबस्त गरिएको प्रचलित संविधान, ऐन तथा नियमावलीमा उल्लेख गरिएको छ । यसले वर्तमान शैक्षिक प्रशासन र सङ्गठनमा प्रभाव पारेको छ भन्न सकिन्छ । साथै प्राचीन गुरुकुल गुरुद्वारा नियन्त्रित थियो । त्यसबेला गुरुकुलको प्रशासनिक व्यवस्था गुरुको स्वः विवेकमा निर्भर हुन्थ्यो । गुरु नै स्वतन्त्र र स्वायत्त निकाय भइ गुरुकुलको व्यवस्थापनमा सक्रिय रहेको देखिन्छ । गुरुकुलको श्रीवृद्धिमा बिना स्वार्थ नेतृत्व गर्ने कलाले गुरुको महिमा उच्च रहेको रहन्थ्यो । नेपालको वर्तमान शिक्षामा केही अगाडिसम्म गुरु महिमाको त्यो प्राच्य व्यवस्थाको प्रभाव रहे पनि अहिले देखिँदैन ।

प्राचीनकालमा वशिष्ठ, वाल्मीकि, अङ्गिरा र भारद्वाज आदि कुलपति थिए (पन्त, २०७०, पृ. ५१) । अहिले पनि अति प्राचीनकालदेखिको संस्कृत विद्याको परम्परा र त्यसलाई व्यवस्थित गर्न स्थापित नेसंविको मुख्य संरचनामा विश्वविद्यालय सभा, कुलपति र निर्देशक आदिको व्यवस्थालाई प्राच्य शिक्षाले वर्तमानमा पारेको प्रभावको रूपमा मान्न सकिन्छ ।

साथै नेपालको एकीकरण पश्चात् पनि यहाँको पुरानो र ऐतिहासिक गुरुकुल शिक्षा नै पूर्ववत् रूपमा चल्दै आएको पाइन्छ (आप्राशिप, २०६२) । त्यस समयमा वैदिक शिक्षा संरचना अन्तर्गत देवकुल (मन्दिरसँग सम्बन्धित पूजा र प्रार्थना विधि सिकाउने विद्यालय), राजकुल (राजनीति सिकाउने विद्यालय), पितृकुल (मुलुक र पुर्खाको इतिहास सिकाउने विद्यालय), ऋषिकुल (ऋषि मुनिहरूको आश्रममा गई लिइने शिक्षा) र गुरुकुल (गुरुको आश्रम वा घरमा लिने शिक्षा) शिक्षाहरू प्रचलित थिए (शर्मा, २०६०, पृ. १) ।

गुरुकुलीय संरचना सन्दर्भमा Mookerji (1951) ले यस्तो धारणा उल्लेख गरेका छन, गुरुकुलको पहिलो संरचना नै गुरुको घर र त्यसको प्रशासक नै गुरु थिए । गुरुकुलमा गुरुले आफ्नो घरमा शिष्यलाई भर्ना गरेर उनीहरूको क्षमता र रूचिको

आधारमा शिक्षण व्यवस्था मिलाउँथे । उनका अनुसार त्यसबेला दोस्रो किसिमको विद्यालय संरचनालाई परिषद भनिन्थ्यो । परिषदमा तत्कालीन गुरु, ऋषि र शिष्यहरूबिच निर्धारित विषयमा तर्क र छलफल गरिन्थ्यो । परिषद प्रत्येक विद्यार्थीको ज्ञानलाई पारस्परिक छलफलको माध्यमद्वारा सुधार गर्न सञ्चालन गरिन्थ्यो । प्राचीनकालमा तेस्रो सिकाइ केन्द्रको रूपमा सम्मेलनलाई मानिन्थ्यो । देशभरिका विभिन्न विद्यालयका गुरु तथा चिन्तकहरूलाई सम्मेलनमा निमन्त्रणा गरिन्थ्यो र उक्त सम्मेलनमा उनीहरूले प्रतिनिधित्व गर्दथे । एक आपसमा आ-आफ्ना विचार र कलाको प्रस्तुत गरिन्थ्यो (Mookerji, 1951) ।

प्राचीन गुरुकुल स्वतन्त्र र स्वायत्त थिए । विकेन्द्रीकरणको सिद्धान्त बमोजिम गुरुकुल व्यवस्थापन हुन्थ्यो । प्रजातन्त्रको स्थापनापछि उक्त पदहरूको निरन्तरता रहेको देखिन्छ । साथै अहिले विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहलाई प्रदान गरिएको छ । "नवीन गुरुकुलहरू ठाउँ-ठाउँमा निर्माण हुने हो र गुरुकुलका निमित्त काम गर्ने हिम्मतदार सञ्चालक समितिहरू हुने हो भने शिक्षाले नयाँ जीवन प्राप्त गर्न सक्छ" (आचार्यश्री पथिक, २०७१, पृ. ६८) । यसबाट गुरुकुलमा जस्तै विकेन्द्रित रूपमा विद्यालय सञ्चालन र व्यवस्थापन गर्न प्रचलित संविधान, शिक्षा ऐन नियमावलीले व्यवस्था गरेको पाइन्छ ।

राणाकालमा भने राणाहरूले चाहेर वा नचाहेर पनि केही विद्यालयहरू खुलेको देखिन्छ । त्यसपछि संस्कृत शिक्षाको पनि आधुनीकिकरण हुनुपर्दछ भन्ने जनलहर बढ्दै गयो । वि.सं. २००४ साल आषाढ १ गते, विचित्रसँग तीनधारा पाकशालामा संस्कृत पढ्ने २०० विद्यार्थीहरूले "जयतु संस्कृतम्" भन्ने नारा लगाए (पाँडे, २०३८, पृ. १९८) । समयको विकासक्रमसँगै संस्कृत शिक्षाको विकास र बिस्तार समेत भएको पाइन्छ । उदाहरणको लागि गुरुकुलीय संरचनामा आधारित संस्कृत शिक्षालाई पनि नेपालका विभिन्न भागहरूमा गुरुकुल/आश्रम, वेदविद्याश्रम जस्ता संस्कृत विद्यालयहरू स्थापना गरिएका छन् । नेसंवि स्थापना हुनु अघि त्रिवि अन्तर्गत संस्कृतको छुट्टै संस्थान र संस्कृत कलेजहरूको स्थापना विकास र नियमन त्यसबाट नै हुन्थ्यो । साथै वर्तमान

शिक्षा व्यवस्था अनुसार शिक्षणको तल्लो तहमा मातृभाषाको प्रयोग हुनुलाई प्राच्य शिक्षाको प्रभाव मान्न सकिन्छ ।

प्राचीन ऋषि, महर्षि र गुरुको त्याग, तपस्या, बलिदान, निरन्तर अभ्यास र नेतृत्वको कारण नै समाजमा प्रतिष्ठित र सम्मानित हुनुभएको पाइन्छ । अन्तर्वार्ताको क्रममा गुरु गुरुकुलमा प्रशासन र सङ्गठन प्रमुखको भूमिकामा रहन्थे भन्ने पाइयो । गुरुले आफ्नो कार्यलाई सेवाको भावले सुचारु गरेको देखिन्छ । गुरुको सिकाइको क्रममा देखिएको जटिलता सहजै समाधान गर्ने अभ्यासले शिष्यमा सकारात्मक प्रभाव पार्दछ भन्ने कुरामा सबै विशेषज्ञको रायमा समानता देखियो । जुनपक्ष आजका पिँढीका निमित्त अनुकरण योग्य रहेको पाइन्छ । वर्तमान शिक्षा व्यवस्थापनमा विव्यस, शिअसं र प्रअ आदि रहने र त्यसको नेतृत्वकर्ता शिक्षक (प्रअ) नै हुने भएकोले यसलाई प्राच्य शिक्षाको प्रभाव र निरन्तरताको रूपमा लिन सकिन्छ ।

अन्तर्वार्ताको क्रममा आठजना प्राचार्य तथा शिक्षकले यस्तो धारणा राखेका छन्, तत्कालीन प्राच्य शैक्षिक प्रशासकको काम कर्तव्य र अधिकार लिखित थिएन तापनि गुरु आफ्नो गुरुकुलीय आदर्शबाट कहिल्यै विचलित नभइ कर्तव्य निर्वाहमा लागिरहन्थे । आफ्नो उत्तरदायित्वप्रति सदा सजग रहने हुनाले गुरूप्रति कसैले अविश्वास गर्न सक्दैन्थे । आधुनिक शिक्षामा शिक्षक तथा प्रअको काम, कर्तव्य र अधिकार स्पष्ट लेखिएको पाइन्छ तर त्यसको प्रभावकारी कार्यान्वयन हुन सकिराखेको छैन् । प्रअको काम, कर्तव्य र अधिकार लिखित रूपमा नभए पनि त्यसको पालना र कार्यान्वयन प्रभावकारी हुन जरुरी छ भन्ने कुरा देखिन्छ । गुरुहरू उत्तरदायी भएमात्र शिक्षण संस्था उत्तरदायी हुन्छ भन्ने तथ्य बल्ल बोध हुन थालेको छ । त्यस प्रकृतिको बोध पनि प्राच्य शिक्षा व्यवस्था र गुरुकुलीय आचारसंहिताबाट परेको प्रभाव हो ।

निचोडमा, वर्तमान शिक्षा व्यवस्थामा पनि प्राच्यमा जस्तै औपचारिक र अनौपचारिक शिक्षाको बन्दोबस्त गरी कार्यान्वयनमा आएको, प्राचीनकालदेखिको संस्कृत विद्याको परम्परा र त्यसलाई व्यवस्थित गर्न स्थापित र सञ्चालित नेसंविको मुख्य संरचनामा विश्वविद्यालय सभा, कुलपति र निर्देशक आदिको व्यवस्था साथै

गुरुकुल/आश्रम, वेदविद्याश्रम जस्ता आधुनिक संस्कृत विद्यालयहरू स्थापना, शिक्षणको तल्लो तहमा मातृभाषाको प्रयोग, विद्यालय व्यवस्थापनमा विव्यस, शिअसं र प्रअ आदिको प्रशासनिक र साङ्गठनिक नेतृत्व शिक्षक (प्रअ) नै हुने विद्यमान व्यवस्थालाई प्राच्य शिक्षाको प्रभाव र निरन्तरताको रूपमा लिन सकिन्छ । यसले औपचारिक वा अनौपचारिक दुबै किसिमको शैक्षिक संस्था भए पनि प्राच्यकालदेखि नै शैक्षिक प्रशासन र सङ्गठनको भूमिका प्रभावकारी थियो भन्ने पुष्टि हुन्छ । विद्यालयको सिकाइ वातावरणको प्रभावकारिता शैक्षिक प्रशासन र सङ्गठनमा निर्भर रहन्छ । आजको युगमा त झन् शैक्षिक प्रशासन र सङ्गठनको आवश्यकता दिन प्रतिदिन बढ्दै गएको पाइन्छ ।

## ६.२.२ आर्थिक व्यवस्थापनमा प्रभाव

यसमा प्राच्य गुरुकुल शिक्षाको आर्थिक व्यवस्थापन कसरी गरिन्थ्यो ?, गुरुकुल शिक्षाको प्रमुख आर्थिक स्रोतहरू,गु रु तथा पुरोहितलाई तलब वा पारिश्रमिकको व्यवस्था, यसको निर्धारणका आधारहरू र यसले वर्तमान शिक्षामा व्यवस्थामा कस्तो प्रभाव पारेको छ ? भन्ने तथ्यलाई औल्याएको छ । साथै के प्राच्य शिक्षा निःशुल्क थियो ? यसले गुरुकुलको आर्थिक व्यवस्थापन र वर्तमान शिक्षा व्यवस्थामा पारेको प्रभावको बारेमा चर्चा गरेको छ ।

प्राचीन शिक्षामा भिक्षादान र स्थानीय समुदायको सहयोग नै आर्थिक स्रोत थियो । गुठी, सरकारी अनुदान र स्थानीय चन्दादाताहरूबाट प्राप्त आर्थिक सहयोगले आधुनिक विद्यालयमा अर्थ व्यवस्थापन गर्न सहज हुन्थ्यो । यसका साथै राजाबाट प्राप्त सहयोग, मन्दिर कोष, गुरु दक्षिणा, सिदादान, समिधा, कृषि, गौपालन र मुठीदान आदि स्रोतहरूबाट गुरुकुल सञ्चालन भएका थिए । गुरु आर्थिक निर्देशक भएकोले शिक्षकको पारिश्रमिक र सुविधा व्याख्या स्वयम् गर्दथे । आचार्यश्री पथिक (२०७१, पृ. ६९) ले उल्लेख गरेका छन्, गुरुकुलको सञ्चालक समितिले वा सञ्चालकहरूले धन आर्जन गर्ने लक्ष्य लिदैनन् । गुरुकुलका यस्ता आर्थिक नीतिले वर्तमान शिक्षण संस्थामा पनि सकारात्मक प्रभाव पर्ने देखिन्छ ।

विद्यमान शिक्षा ऐन तथा नियमावलीमा आर्थिक व्यवस्थापन गर्न विव्यस र प्रअलाई जिम्मेवारी तोकिएको छ । वर्तमानको गुरुकुल तथा विद्यालयको खर्च व्यवस्थापनमा गुरुको महत्त्वपूर्ण स्थान रहेको पाइन्छ । गुरुले कुनै शुल्क मात्र माग्दैनन् तर गरिब शिष्यहरूलाई खाना वा लुगा लगाउन मदत गर्दछन् (Altekar, 1944, p. 60)। त्यसबेलामा गुरु तथा पुरोहितलाई पारिश्रमिकको व्यवस्था थिएन । गुरुहरू स्वयम्मा ज्ञानवान् हुने हुनाले उनीहरूले दक्षिणाको माग राख्दैनथे (पौडेल रंघाली, २०७०, पृ. २२) । गुरुकुलमा सेवाको रूपमा शिक्षण कार्यलाई लिइन्थ्यो ।

निःस्वार्थ भावले गुरुको सेवा पाइने भएकोले गुरूप्रति तत्कालीन शासकवर्गको समेत सहयोग प्राप्त हुन्थ्यो । वर्तमानमा भने एकातिर आज शिक्षकको जिविकोपार्जन सबाल चुनौतीपूर्ण रहेकोले शिक्षण पेशामा समयानुकूल परिवर्तन जरुरी भएको छ भने अर्कातिर वर्तमानमा शिक्षण कार्यलाई सेवामुखी बनाउनुपर्ने मत पनि बढ्दै गएको पाइन्छ । गुरुकुलीन शिक्षा व्यवस्थाको प्रभाव घट्दै गएकै कारण यस्तो स्थिति देखा पर्न थालेको तर्क पनि उठिरहेको छ ।

अध्ययनको क्रममा अन्तर्वार्तामा सहभागी प्राचार्य तथा शिक्षकहरूले दिएको उत्तरलाई विश्लेषण गर्दा प्राच्य गुरुकुलको प्रतिबिम्बका रूपमा वर्तमानमा सञ्चालित विद्यालयको आर्थिक स्रोतहरूमा सरकारी अनुदान, संघसंस्थाको सहयोग, चन्दा, धार्मिक अनुष्ठान तथा विद्यालयको गुठीबाट प्राप्त आम्दानी आदि पर्दछन् । साथै प्रचलित शिक्षा ऐन तथा नियमावलीमा विद्यालयमा हुन सक्ने आम्दानीको स्रोतहरू उल्लेख गरेको छ । ती स्रोतहरूमा अनुदान, शुल्क, छात्रवृत्ति, सहयोग, चन्दा आदिलाई मानिएको छ । साथै वर्तमानमा गुरुकुल तथा सरकारी विद्यालयहरू स्थानीय शिक्षाप्रेमी अभिभावकबाट प्राप्त चन्दा, मौसमी बाली सङ्कलन, देउसी भैलोको माध्यमबाट आर्थिक कोष स्थापना गरी चलाइएको पाइन्छ । दाताहरूको ऐच्छिक दान र आर्थिक सहयोगमा विभिन्न ठाउँमा मठ मन्दिर निर्माण भएको भेटिन्छ ।  यो प्राच्य शिक्षाकै प्रभावको निरन्तरता हो ।

गुरुकुल विद्यालयप्रति सकारात्मक धारणा विकास भएको छ । यसको अर्थ हो प्राचीन शिक्षा पद्धतिलाई आज पनि अनुसरण गर्नु पर्दछ भन्ने नै हो । गुरुकुल शिक्षाको

उत्कृष्ट गन्तव्य तक्षशीला प्राचीन विश्वविद्यालय थियो । अहिले कयौँ शिक्षा संस्थाहरूले प्राचीन गुरुकुलको प्रतिबिम्बको रूपमा गुरुकुलको नाम राखेर औपचारिक शिक्षण संस्था सञ्चालनमा ल्याएका छन र कतिपय विद्यालय स्थापना गरी सञ्चालन गर्ने तयारीमा रहेका देखिन्छन् । त्यस्ता गुरुकुल विद्यालयलाई राज्यको तर्फबाट आर्थिक स्रोत उपलब्ध गरिएको पनि पाइन्छ । वर्तमान शिक्षा व्यवस्थामा पनि जुन विद्यालयमा स्थानीय अभिभावक तथा व्यक्तिहरूको सहयोग प्राप्त छ । त्यस विद्यालयको व्यवस्थापन चुस्त र प्रभावकारी भएको देखिन्छ । गुरुकुल विद्यालयले स्वयम् आर्थिक दिगोपना कायम गरी निरन्तर विद्यालय सञ्चालन गर्न सक्छ भन्ने ज्वलन्त उदाहरण वेदवेदाङ्ग संस्कृत पाठशाला, झापामा सञ्चालित गुरुकुलले प्रस्तुत गरेको छ ।

विद्यार्थीहरूलाई आवास, खाना, र छात्रवृत्ति व्यवस्था गर्ने नमुना गुरुकुलमा सबै खर्च सरकारले गर्ने भनि सकिएको छ (पौडेल, २०७०, पृ. ४०) । यसबाट औपचारिक रूपबाट दर्ता कायम भएका गुरुकुल विद्यालयको आर्थिक दायित्व सरकारले लिन खोजेको पाइन्छ । अध्ययनमा सहभागी छजना विशेषज्ञहरूका अनुसार गुरुकुलप्रतिको विश्वास आधुनिक शिक्षा व्यवस्थामा पनि बढ्दै गएको पाइन्छ । यसबाट के स्पष्ट हुन्छ भने गुरुकुल तत्कालीन मानिसका समस्याहरू समाधानका लागि सहयोगी थियो भन्ने देखिन्छ । साथै गुरुकुलले देशप्रेम, राष्ट्रियता, अनुशासन, प्राचीन मौलिकताको संवर्द्धन र व्यवस्थापन गर्न सकेको पाउन सकिन्छ ।

गुरुकुलमा शिष्यहरू समेत आफैँ आत्मनिर्भर भएर आर्थिक स्रोतहरूको जोहो गुरुको निर्देशन र सहयोगबाट गर्दथे । गुरु र शिष्यहरू सबै आर्थिक स्रोत जुटाउन स्वयम्सेवीको भूमिकामा रहन्थे । गुरुकुलहरूमा शुल्क लिने व्यवस्था हुँदैन (पौडेल, २०७०, पृ. ४०) । गुरुकुलको सम्पूर्ण खर्च गुरुकुलले नै व्यवस्थापन गर्दथ्यो किनकि गुरुकुल दानबाट चल्थ्यो । वर्तमानमा पनि कतिपय साधारण र संस्कृत विद्यालयहरू व्यक्ति तथा संस्थाको दानबाट सञ्चालनमा आएको पाइन्छ ।

गुरुकुलीय पद्धतिमा शिष्यहरू आर्थिक अभावको कारण शिक्षाबाट वञ्चित रहनु पर्दैन्थ्यो । नेपालको संविधान २०७२ को भाग-३ मा मौलिक हक र कर्तव्य अन्तर्गत

धारा ३१ मा शिक्षा सम्बन्धी हकको व्यवस्था गरेको छ । जस अन्तर्गत उपधारा २ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ भन्ने कुरा उल्लेख छ (नेस, २०७२) । संविधानले गरेको निःशुल्क शिक्षा व्यवस्था पनि गुरुकुलीय व्यवस्थाकै प्रभाव मान्न सकिन्छ ।

त्यही अनुरूप शिक्षाक्षेत्रमा लगानी गर्न सरकारी पक्षको हिचकिचावट र स्रोत प्रर्याप्तता नहुँदा पनि आधुनिक शिक्षा व्यवस्थापन गर्ने यो वा त्यो नाममा राज्य अथवा सरकारी पक्षबाट लगानी गरिएको पाइन्छ परन्तु लगानी अनुसार प्रतिफल प्राप्त गर्न सकिएको पाइदैन । यसबाट एकातिर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तर अनुसार बजारयोग्य र आत्मनिर्भर जनशक्ति प्राप्त गर्न कठिन भैराखेको छ भने अर्कातिर उच्च शिक्षा प्रदान गर्ने विश्वविद्यालयहरूले दिगो आर्थिक कार्यक्रमहरू सञ्चालन गर्न सकिराखेको छैनन् । गुरुकुलीय आर्थिक व्यवस्थापनको अध्ययन मनन र चिन्तन गर्ने हो र त्यस प्रभाव अनुसरण हुने हो भने यो समस्या पर्दैनथ्यो ।

अन्तर्वार्ताको क्रममा नौजना प्राचार्य तथा शिक्षकहरूले गुरुकुलमा निर्धारित लक्ष्य बमोजिम भिक्षाटन गरेर गुरु सेवा गर्नु नै शिष्यहरूको कर्तव्य थियो भन्ने कुरा बताएका छन् । गुरुकुलमा जति पनि क्रियाकलापहरू हुन्थे, ती सबै क्रियाकलापको प्रत्यक्ष वा अप्रत्यक्ष व्यवस्थापन गुरुको निर्देशन र शिष्यको सक्रियतामा नै हुन्थ्यो । त्यसकारण कम लगानीमा बढी प्रतिफल प्राप्त गर्न गुरुकुल व्यवस्थापन सफल रहेको देखिन्थ्यो । उत्तरदाताहरूले अहिलेका शिक्षालयहरू असफल बन्नुमा प्राच्य शिक्षाको प्रभाव बेवास्ता गर्नु र शिक्षकहरू प्राच्य गुरुहरू जस्तै उत्तरदायी नबन्नुको कारण रहेको बताए ।

पृथ्वीनारायण शाहले आफ्नो छोटो शासनकालमा शिक्षाको विकासमा ध्यान केन्द्रित गर्न सकेनन् (Joshi, 2003 & Sharma, 1990 ) तापनि त्यसबेला राजकुमार र सैनिकहरूको लागि मात्र शारीरिक/सैनिक शिक्षा दिइन्थ्यो (Mulhern, 2008) । पृथ्वीनारायण शाहको धेरैजसो समय युद्धमा बितेकाले आफ्ना ज्येष्ठ सपुत्र प्रतापसिंह

शाहको शिक्षादीक्षा दिने कुरामा समेत ध्यान पुऱ्याउन सकेनन् (उपाध्याय, २०६२, पृ. ५३) तर उनले मृत सैनिकका टुहुरा सन्तानलाई भने सैनिक शिक्षा दिने व्यवस्था गरेका थिए ।

पछि खसभाषा अर्थात् आधुनिक नेपाली भाषाको पनि विकास भयो (उपाध्याय, २०६२, पृ. १३) । त्यसपछि शाहले नेपालमा राज्यको तर्फबाट छात्रवृत्तिको व्यवस्था गरे जस अन्तर्गत वैयाकरण केशरीलाई संस्कृत पढ्न वार्षिक रु ५०।- र बुद्धिमान सिंहलाई फारसी पढ्न वार्षिक रु २०।- दिएर भारत पठाएका थिए (पन्त, २०७०, पृ. ५३) । यसले तत्कालीन शासकहरूको तर्फबाट शिक्षा क्षेत्रमा आवश्यकीय मात्रामा आर्थिक लगानी गरेको देखिएन तापनि छात्रवृत्तिको व्यवस्था गर्नुलाई प्राच्य शिक्षाको प्रभाव मान्न सकिन्छ ।

राज्यको तर्फबाट औपचारिक शिक्षा दिने व्यवस्था नभए पनि शासकको सक्षमता, इच्छा शक्ति, योग्यता र जन उत्तरदायित्वको आधारमा शैक्षिक गुठीहरूको स्थापनाले शिक्षा क्षेत्रमा बिस्तारै चासो बढ्दै गएको देखिन्छ । यसै क्रममा राजा सिद्धिनारायण शाहले विद्यालय सञ्चालन गर्न गुठीको व्यवस्था, विद्यार्थीका लागि छात्रावास, गुरु, विद्यार्थी र साधु सन्तका लागि निःशुल्क भोजनको व्यवस्था, सरस्वती मन्दिर निर्माण, टहलुवाहरूका लागि पारिश्रमिक, हस्तलिखित ग्रन्थहरू सार्ने लिपिकाहरूलाई पारिश्रमिक दिने चलन गुठी जग्गाको आयस्तामार्फत गरेका थिए (शर्मा, २०६८) । यसबाट तत्कालीन अवस्थामा गुठीको व्यवस्था भएकोले शिक्षाको प्रबन्ध गर्न सहज रहेको देखिन्छ । साथै गुरुकुलमा शिक्षा लिन चाहने अपाङ्गता भएकाहरूलाई समेत आवास, खाना र सुविधा सहितको अध्ययनको अवसर हुन्थ्यो । वर्तमान शिक्षा व्यवस्थामा गुठीमार्फत विद्यालय सञ्चालन गर्न पाउने प्रावधान राखिनु पनि प्राच्य शिक्षाको प्रभाव हो ।

प्राच्य गुरुकुलमा पनि समय तालिका निर्माण गरेर शिष्यहरूलाई उनीहरूको दैनिकी पूरा गर्न गुरुले निर्देशन दिनुहुने परम्परा रहेको अन्तर्वार्ताको क्रममा विशेषज्ञ श्रीराम अधिकारीले बताएका छन् । "आधुनिक शिक्षाको इतिहासमा वि.सं. २०२८ को

राशिपयो नै शिक्षा क्षेत्रको परिवर्तनकामी योजना थियो । यस योजनाले परम्परागत रूपमा सञ्चालित शिक्षा पद्धतिलाई योजनाबद्ध र सिद्धान्तमा आधारित शिक्षाको स्थापना गरेको थियो" (बराल, २०६९, पृ. २) । त्यसपछि भने शिक्षामा बजेट र योजनाबद्ध विकासको थालनी हुनुलाई प्राच्य शिक्षाको प्रभाव मान्न सकिन्छ ।

विशेषज्ञ तेजविक्रम शाहका अनुसार गुरुकुलमा आम्दानी खर्चको अभिलेख राख्ने चलन मौखिक थियो र यसको जिम्मेवारी गुरुको हुन्थ्यो । उनले बताए अनुसार गुरुले आफ्नो तरिकाबाट गुरुकुलको आर्थिक अभिलेख राख्ने गर्नुहुन्थ्यो । त्यसबेलाको आर्थिक व्यवस्थापनमा रहेको पारदर्शिताले गुरुको महिमा उच्च थियो । यसले त्यसबेलाको आम्दानी खर्चको व्यवस्थापन प्रभावकारी थियो भन्ने पुष्टि हुन्छ । उदाहरणको लागि काठमाडौँ स्थित पशुपति मन्दिरको आम्दानी स्रोतबाट अहिले पनि नेपाल वेदविद्याश्रम माध्यमिक विद्यालय सञ्चालनमा रहेको देखिन्छ । वर्तमानमा त्यस्तो विद्यालयको आर्थिक र त्यसको अभिलेख व्यवस्थापनको मुख्य जिम्मेवारी प्रअलाई दिइएको छ । प्राच्य शिक्षामा गुरुकुलका प्रमुखले सबै व्यवस्थापनमा निगरानी गरेजस्तै वर्तमान शिक्षामा प्रअले त्यो कार्यभार लिनु पनि प्राच्य शिक्षाको प्रभाव मान्न सकिन्छ ।

निचोडमा, समुचित आर्थिक व्यवस्थापन बिना शिक्षाको विकास सम्भव हुँदैन । त्यसकारण प्राच्य शैक्षिक व्यवस्थापनको एक महत्त्वपूर्ण पक्षको रूपमा आर्थिक व्यवस्थापनलाई लिइएको छ । वर्तमान शिक्षामा गुरुकुलीय आर्थिक व्यवस्थापनको प्रभाव विश्लेषण गर्दा तत्कालीन आार्थिक व्यवस्थापन अनुसरणयोग्य देखिन्छ । वर्तमान शिक्षा व्यवस्थामा विद्यालय तहसम्मको शिक्षा निःशुल्क गर्ने प्रावधान संविधानमा राखिनु, गुरुलाई पेशाप्रति उत्तरदायी र जवाफदेही बनाउन प्रेरित गर्नु, प्रअले विद्यालयको सबै आर्थिक र त्यसको अभिलेख व्यवस्थापनको निगरानी गर्नु, आर्थिक स्रोतको खोजी र व्यवस्थापनमा अनुशासन कायम राख्नु, छात्रवृत्तिको व्यवस्था र छात्रवासको सुरुवात गरिनु आदि सबै प्राच्य शिक्षाको प्रभाव हुन् । त्यसैले वर्तमान हाम्रो भौगोलिक अवस्था, मानवीय जनजीवन, जनसाङ्ख्यिकी अवस्था, शिक्षक, विद्यार्थी वा

सिकारुको रुचि, आवश्यकता, सेवा, सुविधा आदि पक्षलाई गुरुकुलीय आर्थिक व्यवस्थापनले प्रभाव पारेको पुष्टि हुन्छ ।

### ६.२.३ शिक्षक प्रशासनमा प्रभाव

यसमा प्राच्य शिक्षामा शिक्षकको योग्यता, छनोट प्रकिया र नियुक्ति कसरी गरिन्थ्यो ? र गुरुकुल शिक्षामा शिक्षक तालिमको व्यवस्था कस्तो थियो ? र यसले वर्तमान शिक्षा व्यवस्थामा कस्तो प्रभाव पारेको छ भन्ने तथ्यलाई औल्याएको छ । साथै के प्राच्य शिक्षामा शिक्षक सेवा, शर्त, सुविधा, पदोन्नति, उनीहरूको आचारसंहिता र कार्यव्यवस्थाले वर्तमान शिक्षा व्यवस्थामा कस्तो प्रभाव देखिएको छ भन्ने कुरा विश्लेषण गरिएको छ । यसले प्राच्य गुरुकुल प्रणाली अन्तर्गत शिक्षक प्रशासनको प्रभावको बारेमा चर्चा गरेको छ ।

गुरुकुल/साधारण विद्यालयमा शिक्षकको प्रबन्ध गर्न गरिने कार्यलाई शिक्षक प्रशासन मानिन्छ । यसका लागि शिक्षक सक्षम हुनुपर्छ र सिक्नेहरू एक अर्काबिचको सम्बन्ध स्थापित गर्न प्रोत्साहित गर्नुपर्छ (Lave & Wegner, 1991) किनकि शिक्षकहरू सिक्ने प्रकियामा केन्द्रीय अभिनेता हुन् (Zepeda, 2017, p. 3) । प्राचीनकालदेखि नै गुरुबाट नै बालबालिकाको व्यक्तित्व र सामाजिक रूपान्तरण सम्भव भएको ऐतिहासिक दृष्टान्तहरू पाइन्छन् । भनिन्छ, मानिसको सामाजिक अस्तित्वले उसको चेतना निर्धारण गर्दछ (भुसाल, २०६८, पृ. २२) । त्यसकारण गुरुकुलमा शिष्यलाई निश्चित नियमको अधिनस्थ गराई व्यवहारिक, प्रयोगात्मक ज्ञान र अभ्यास गराइन्थ्यो । वर्तमान शिक्षा व्यवस्थाले पनि प्राविधिक र व्यावसायिक शिक्षामार्फत प्रयोगात्मक ज्ञान र सीप प्रदान गर्न आवश्यक पूर्वाधारहरूको विकास प्रारम्भ गर्नुलाई प्राच्य शिक्षाको प्रभावको रूपमा मान्न सकिन्छ ।

अन्तर्वार्ताको कममा नौजना प्राचार्य तथा शिक्षकहरूबाट प्राप्त राय अनुसार गुरुकुलका शिक्षकको आचारसंहिता र कार्य व्यवस्था लिखित थिएन तर पनि उनीहरू लिखित भए जस्तै गरी त्यसको अनुसरण गर्दथे । स्वस्थ विद्यालय संस्कृतिहरूमा,

प्रधानाध्यापकहरू शिक्षकहरूसँग काम गर्दछन्, उनीहरू विद्यार्थी सिकाइमा ध्यान केन्द्रित गर्दथे र उनीहरू दुबै विद्यार्थीहरू र वयस्कहरूको लागि सिक्ने बारेमा धारणाहरूको एक सामान्य समूह अन्तर्गत काम गर्छन् (Zepeda, 2017, p. 8)। उक्त संस्कृतिलाई प्राच्य शिक्षाको प्रभावको रूपमा लिन सकिन्छ ।

आजसम्म जति विद्वान्/विदुषीहरू भेटिन्छन्, उनीहरूमा गुरुकुलीय शिष्टता, व्यवहार, भावना र आचरण पाइन्छ । उनीहरूले नै शिक्षाका दर्शनहरू दिएका छन् । त्यसैले गुरु र शिष्यहरूबिच आपसी सम्पर्क जीवनपछि पनि जारी रहन्छ (Altekar, 1944, p. 62) । पश्चिमी विकसित देशहरूले गुरुकुलको अनुकरण गर्न थालेका दृष्टान्तहरूले यसको प्रभाव महत्त्वपूर्ण देखिन्छ । वर्तमानमा शिक्षक स्वयम् पनि आर्थिक अभावको मनोवृत्तिबाट प्रताडित छन् । जसले गर्दा आफ्नो कर्तव्य, लगनशीलता, जिम्मेवारी र जवाफदेहीताबाट बाहिर भाग्दैछन् । जे भए पनि शिक्षकहरूले प्रयास गर्नैपर्छ र उनीहरूको विद्यार्थीहरूले उनीहरूसँग ल्याएको पूर्व-अवस्थित समझसँग काम गर्नुपर्दछ (Bransford et al., 1999)। यही कुरालाई प्राचीन गुरुहरूले आत्मसात् गरेको पाइन्छ । यसबाट उनीहरू दैनिकी तथा आचारसंहिताको पालना गर्न प्रतिबद्ध थिए भन्न सकिन्छ । अन्तर्वार्ताको क्रममा छजना विशेषज्ञहरूले वर्तमानमा सञ्चालित आधुनिक गुरुकुल तथा विद्यालयहरूले पनि आचारसंहिता निर्माण र पालनालाई जोड दिएका कुरा उल्लेख गरेका छन् । शिक्षक आचारसंहिता सम्बन्धी व्यवस्था प्रचलित ऐन तथा नियमावलीमा उल्लेख हुनु प्राच्य शिक्षाको प्रभाव हो ।

प्राचीनकालमा जति ऋषि, महर्षि र गुरुको नाम चर्चामा देखिन्छ, त्यसको मुख्य कारण शिक्षा सेवाप्रति समर्पण नै थियो । "प्राचीन राजा जयस्थिति मल्लले त्यसबेला शिक्षण कार्यको पेशा लिने द्यौःभाजु, आचार्य, ब्राम्हण तथा गुभाजु (बज्राचार्य) आदिलाई उच्च स्थान प्रदान गर्नुका साथै राजा अंशुवर्माको समयमा शिक्षण कार्य गर्नेहरूलाई कुनै कुनै कर मुक्त गरिएबाट नै प्राचीन शिक्षकहरूको स्थान ज्यादै महत्त्वपूर्ण रहेको रहेछ भन्ने ज्ञान हासिल गर्न सकिन्छ" (बज्राचार्य, २०२०, पृ. २८) । यसले प्राचीनकालमा शिक्षकको स्थानलाई उच्च महत्त्व दिएको पाइन्छ ।

"राजा राजेन्द्रविक्रम शाहले संस्कृति, धर्म परम्परा र कलामा रुचि राख्ने गरेको पाइन्छ । जसलाई उनको राज्यकालमा स्थापित प्रसिद्ध कवि, लेखक र विद्वान्‌हरू विद्यारण्य केशरी अर्ज्याल, पण्डित दैवज्ञ केशरी अर्ज्याल, पण्डित रघुनाथ पोख्र्याल, गुमानीपन्त र बसन्तशर्मा आदिको उदयले स्पष्ट गरेको छ" (शर्मा, २०६८, पृ. ३७) । यसले तत्कालीन गुरुको सक्रियतामा शिक्षाको विकास भएको देखिन्छ । अन्तर्वार्ताको क्रममा आठजना प्राचार्यहरूले कुशल र निःस्वार्थ भावले नेतृत्व गरिएका वर्तमानमा सञ्चालित केही आधुनिक गुरुकुल तथा विद्यालयहरूले असल शिक्षण संस्थाको रूपमा आफ्नो स्थान कायम गर्न सफल भएको तथ्य औंल्याएका छन् । वर्तमानका प्राचार्य/शिक्षकहरूले प्रभावकारी नेतृत्व गर्नुलाई प्राच्य शिक्षाको निरन्तरता मान्न सकिन्छ ।

अन्तर्वार्ताको क्रममा सातजना विशेषज्ञले शिक्षक योग्यताको बारेमा यस्तो धारणा राखेका छन्, प्राच्य गुरुकुलीय शिक्षामा वेद, धर्मशास्त्र र कर्मकाण्ड सबै जानेको व्यक्ति मात्र शिक्षक बन्न योग्यता पुगेको मानिन्थ्यो । तत्कालीन अवस्थामा महिलाहरू पनि शिक्षक बनेका उदाहरण पाइन्छ । शिक्षक समाजको सचेत वर्गको भूमिका निर्वाह गर्दथे भने आधुनिक शिक्षामा पनि प्रचलित ऐन तथा नियमावलीले विषयगत शिक्षकको व्यवस्था गरेको छ । साथै प्राथमिक तहमा महिला शिक्षकको अनिवार्य व्यवस्था लागु गरेको छ । यो प्राच्य शिक्षाको प्रभाव हो ।

अन्तर्वार्ताको क्रममा सबै प्राचार्य तथा शिक्षकले यस्तो धारणा राखेका छन्, "प्राचीनकालमा शिक्षक सेवा, शर्त, सुविधा र पदोन्नति निर्धारणसम्बन्धी निर्णय दिने जिम्मेवारी मुख्य गुरुमा थियो । आवश्यकता बमोजिम गुरुले अन्य गुरुहरूको सहयोग लिएर शिक्षकहरूको उचित प्रबन्ध मिलाउँथे ।" कास्कीका राजा सिद्धिनारायण शाहले विद्यार्थीहरूको पठनपाठन, भोजन, वस्त्र, आवास, सरस्वती पूजा र पुस्तक सार्ने पण्डितहरूको पारिश्रमिक आदि विकास सम्बन्धी कामका निमित्त पण्डितहरूलाई गुठीको लालमोहर गरी दिएका थिए । प्राच्य शिक्षामा गुरु-शिष्यलाई निःशुल्क भोजन र आवासको व्यवस्था भए जस्तै वर्तमान शिक्षामा समेत केही आधुनिक गुरुकुल तथा

विद्यालयमा आवासीय विद्यालय सञ्चालन भएका र केही विद्यालयले भविष्यमा सञ्चालन गर्ने योजना बनाउनु प्राच्य शिक्षाकै निरन्तरता हो ।

साथै शिक्षक छनोट प्रकियामा गुरुको मुख्य भूमिका देखिन्छ । यसले गर्दा जुन शिष्यले शास्त्रार्थ गर्न सक्यो र गुरुको दिव्य नजरमा पर्ने क्षमता विकास गऱ्यो । उसलाई गुरुले शिक्षकको रूपमा नियुक्त गर्दथे । मल्लकालमा राजाहरूले ज्ञान सीप सिकेका व्यक्तिलाई उनीहरूका राजकुमार र राजकुमारीलाई सिकाउन दरबारमा नियुक्ति गर्थे (Joshi, 2003) । उनीहरूले आफ्नो शासनकालमा शिक्षा विकासमा केही सहयोग पुऱ्याएका थिए तर सर्वसाधारण जनतालाई शिक्षा दिनु हाम्रो कर्तव्य हो भन्ने कुरा सबै उनीहरूले आफ्नो शासनकालमा सोचेका थिएनन । वर्तमान शिक्षा व्यवस्थामा पनि शिक्षक छनोट गर्दा निर्धारित योग्यता, क्षमता र अनुभवको आधार लिनु प्राच्य शिक्षाको निरन्तरता हो ।

विक्रमशीला विश्वविद्यालय सञ्चालन भएपछि बंगालका तत्कालीन राजा धर्मपालले १०८ शिक्षक र अन्य विशेषज्ञ गरेर ११४ जना शिक्षकहरूको नियुक्ति दिएका थिए (Apte, 1924) । "मल्लकालको उत्तरार्धमा कान्तिपुरका राजा रत्न मल्लले तिरहुते ब्राम्हणहरूलाई झिकाइ यिनीहरूलाई विभिन्न पाठशालाहरूमा शिक्षकका रूपमा नियुक्त गरेका थिए । यिनीहरूलाई जागिरको रूपमा जग्गा दिइएको थियो" (उपाध्याय, २०६२, पृ. ३४-३५) ।

नेशिवि (२०१०) मा शिक्षक बन्न चाहिने योग्यता निर्धारण भए अनुसार शिक्षक बन्न सर्वप्रथम नेपाली नागरिक हुनुपर्ने, यदि नभए दोस्रोमा प्रवासी नेपालीलाई प्राथमिकता प्रदान गर्नुपर्ने प्रावधान रहेको देखिन्छ । यदि दुबै खालका उम्मेदवार नभएमा अन्य व्यक्तिलाई शिक्षक भर्ना गर्न सकिने नियम पाइन्छ । साथै निजको योग्यता र अनुभवका प्रमाणहरू जाँच्नु आवश्यक मानिन्थ्यो (नेस, २०१०) । यसबाट के कुरो स्पष्ट हुन्छ भने गुरुका निश्चित योग्यता तोकिएको हुन्छ । वर्तमानमा पनि शिक्षक छनोट कानुनी कार्यविधिका आधारमा गरिने व्यवस्था हुनुले प्राच्य शिक्षाको प्रभाव देखिन्छ ।

गुरुकुल शिक्षामा गुरु स्वयम् सक्रिय व्यवस्थापक पनि भएकाले तालिम आवश्यकता पर्दैनथ्यो । त्यसबेला गुरु, परिषद, सम्मेलनको आयोजना, सहभागिता र त्यहाँ हुने बहस, छलफल र अन्तर्क्रियाले गुरु तालिम प्राप्त हुन्थे भने आधुनिक शिक्षा पद्धतिमा पनि शिक्षकको पेशागत क्षमता विकासको लागि शिक्षकहरूलाई तालिम र गोष्ठीमा समावेश गरिन्छ ।

निचोडमा, शिक्षक प्रशासन शैक्षिक व्यवस्थापनको एक महत्त्वपूर्ण क्षेत्र हो । प्राचीनकालमा कुशल गुरुद्वारा सञ्चालित प्रशासनबाट गुरुकुल व्यवस्थित थियो । गुरुको नामबाट शिष्यको पहिचान हुन्थ्यो । शिष्यको प्रतिभाको प्रस्फुटन गुरुको व्यवस्थापनमा निर्भर रहन्थ्यो । वर्तमान शिक्षा व्यवस्थामा पनि प्रअको कुशल नेतृत्व भएका शिक्षण संस्थाहरूमा शिक्षक प्रशासन प्रभावकारी रहनु, योग्यता, क्षमता, अनुभवलाई शिक्षक नियुक्तिको आधार लिनु, कार्य सम्पादन मूल्याङ्कनको आधारमा पदोन्नति गरिनु, आवासीय विद्यालयहरू खुल्दै जानु, प्रत्येक विद्यालयमा महिला शिक्षकको अनिवार्य व्यवस्था गरिनु र शिक्षक आचारसंहिताको प्रावधान प्रचलित ऐन तथा नियमावलीमा रहनु आदिलाई प्राच्य शिक्षाको प्रभाव मानिन्छ ।

### ६.२.४ विद्यार्थी प्रशासनमा प्रभाव

प्राच्य शैक्षिक व्यवस्थापनको महत्त्वपूर्ण प्रभाव क्षेत्र विद्यार्थी प्रशासन हो । तत्कालीन गुरुकुलको शैक्षिक व्यवस्थापनलाई हेर्दा शिष्यको भूमिका महत्त्वपूर्ण रहेको पाइन्छ । यसमा प्राच्य शिक्षामा विद्यार्थी भर्नाको आधार, अभिलेख राख्ने व्यवस्था र विद्यार्थी सहयोगको व्यवस्था कसरी गरिन्थ्यो ?, गुरुकुलमा विद्यार्थीका आचारसंहिता निर्धारण कसरी गरिन्थ्यो ?, के प्राच्य शिक्षामा पुरस्कार र दण्डको व्यवस्था थियो ?, विद्यार्थीले पठनपाठनको कार्य बाहेक अन्य कार्यहरू के के गर्नु पर्दथ्यो ? र यसले वर्तमान शिक्षा व्यवस्थामा कस्तो प्रभाव पारेको छ ? भन्ने तथ्य खोजिएको छ ।

गुरुकुलमा शिष्यहरू स्वतन्त्र रूपबाट शिक्षा लिन सक्दथे भने आधुनिक शिक्षा प्रचलित ऐन तथा नियमावलीबाट नियन्त्रित छ । गुरुकुल शिक्षाको श्रीगणेश शिष्यको

उपनयनबाट प्रारम्भ हुन्छ (घिमिरे, २०७०, पृ. ५९) । उपनयन भनेको सुशिक्षित र सभ्य बनाउनका लागि गुरुको नजिकमा जानु हो (घिमिरे, २०७०, पृ. ५७) । गुरुकुल शिक्षामा विद्यार्थी भर्नाको आधार उपनयन र शिष्यको उमेरलाई आधार मानिन्थ्यो तर प्रचलित शिक्षा ऐनमा पाँच वर्ष उमेर पूरा नभएकालाई एक कक्षामा भर्ना गरिने छैन भन्ने प्रावधान देखिन्छ । यो प्राच्य शिक्षाको प्रभाव हो ।

वर्तमानमा विद्यालय शिक्षा रापाप्रा, २०७६ अनुसार कक्षा र तहगत रूपमा विद्यार्थी भर्ना आधार उमेरलाई मानेको छ जस अन्तर्गत विद्यालय शिक्षालाई प्रारम्भिक बाल विकास र शिक्षा, आधारभूत (कक्षा १-८) र माध्यमिक कक्षा (९-१२) गरी तीन तहमा व्यवस्था गरेको छ । साथै बालबालिकाको ४ वर्ष देखि १६ वर्षको उमेरलाई विद्यालय शिक्षाको उमेर मानेको छ । यसबाट उमेरको आधारमा विद्यालयमा विद्यार्थी भर्ना गर्ने परम्परा समेत गुरुकुलको प्रभावबाट आएको देखिन्छ ।

गुरुकुल व्यवस्थापनमा विद्यार्थी सहयोगको व्यवस्था गुरुले मिलाउनु हुन्थ्यो । विद्यार्थीले जीविकोपार्जनका लागि आश्रम व्यवस्थापनको भूमिका प्रभावकारी रहेको थियो । आधुनिक शिक्षामा विद्यार्थीहरूलाई सहयोग गर्न विद्यार्थी प्रशासन रहेको पाइन्छ । साथै विद्यार्थी सहयोगको लागि वर्तमानमा विव्यस र शिअसं गठन गर्ने प्रावधान राखिएको छ ।

अन्तर्वार्ताको क्रममा सातजना विशेषज्ञ र आठजना प्राचार्य/शिक्षकहरूको रायमा एकरूपता पाइयो । उनीहरूका अनुसार गुरुकुलका विद्यार्थीका आचारसंहिता निर्धारण गरिएको हुन्थ्यो । जस अन्तर्गत ब्रह्मचर्य व्रतका नियमहरू प्रमुख थिए । सात्विक भोजन, भिक्षावृत्ति, धनी गरिवमा समानता, सादा दिनचर्या, सन्ध्या, गुरु वन्दना, अग्निको उपासना, गाइको सेवा, गुरु र गुरुआमाको सेवा नै प्रमुख दैनिकीको रूपमा रहेको पाइन्छ । वर्तमानमा पनि विद्यार्थी आचारसंहितालाई कानुनी रूपमा मान्यता प्रदान गरेर कार्यान्वयन गर्ने प्रयासको थालनी भएको छ । विद्यालयमा प्रभातीय प्रार्थना र वन्दना गर्ने प्रचलन आज पनि छन् । यो पनि प्राच्य व्यवस्थाकै प्रभाव हो ।

आधुनिक समाजमा भने पाश्चात्य शिक्षाको प्रभुत्व बढ्दै गएको पाइन्छ । तर पनि देशमा हत्या, हिंसा, चोरी, डकैती, अपहरण जस्ता अपराधहरू झन् बढिरहेका छन् (पौडेल, २०७०, पृ. ३७) । आधुनिक विद्यालयमा अध्ययनरत छात्रछात्राहरू मातापिता, अतिथि, गुरु मान्यजनको सम्मान नगर्ने, आफ्नो पहिचान हुने धर्म, संस्कृतिको अवलम्बन नगर्ने र अरुको मान मर्यादा गर्न नरुचाउने भएका छन् । यसबाट के स्पष्ट हुन्छ भने बालबालिकालाई मूल्य अथवा भावनाप्रधान प्रयोजनहरू सहनशीलता, आत्मविश्वास, कर्तव्य-निर्वाह, सम्मान, आत्ममूल्याङ्कन, सत्यवादीता, सहानुभूति, नम्रता, उदारता, विश्वास, प्रेम, इमान्दारिता र सहयोग जस्ता विषयहरूबारे पनि सिकाइनु पर्छ भन्नेबारे निकै न्यूनरूपमा काम भएका छन् (उपाध्याय, २०६४, पृ. ८) । विद्यार्थीहरूमा असल चरित्र निर्माण गर्न गुरुकुल शिक्षाको विशेष जोड रहन्छ तसर्थ प्राच्य शिक्षाको प्रभाव र आवश्यकता वर्तमान शिक्षा व्यवस्थामा छ भन्ने पुष्टि हुन्छ ।

गुरुकुलबाट ज्ञानवान्, विवेकशील, विचारवान, मानवीय गुण सम्पन्न मानिसहरू तयार हुन्छन् (पौडेल, २०७०, पृ. ३९) । यस पद्धतिबाट दीक्षित छात्र आज विश्व समुदायलाई नै अनुशासनमा राख्न सहयोग पुऱ्याउने खालको प्रवचन गर्न सक्षमता प्राप्त गर्दछ । उक्त प्रवचनको माध्यमले समाज वा राष्ट्रमा व्याप्त हत्या, हिंसा, अत्याचार, व्यभिचार र अनुशासनहिनता नियन्त्रण गर्न योगदान पुगेको देखिन्छ । वर्तमान सच्चरित्रवान् गुरुहरूको प्रवचनको टड्कारो आवश्यकता महसुस गर्न सकिन्छ, जसले व्यक्ति, समाज र राष्ट्रलाई सही नेतृत्व गरी अनुशासनमा राख्न सघाउँछ (पोखरेल, २०७१, पृ. १४१) । यसबाट गुरुकुल शिक्षा समाजमा शान्ति र अमनचयन कायम गर्दै संस्कृत भाषाको रक्षा र विकास गर्न सक्षम रहेको कुरा प्रस्ट हुन्छ ।

जुनसुकै क्षेत्रमा र वस्तुमा संस्कृत शिक्षाको गहिरो प्रभाव परेको पाइन्छ (तिमल्सिना, २०७७) । यस शिक्षाले आर्जित ज्ञानलाई पुनरावृत्ति गर्न समेत योगदान गर्दछ । साथै शिष्यमा कार्यप्रतिको एकाग्रता, तत्परता, कुशलता, समझ, तर्कशक्ति, संश्लेषण, विश्लेषण, निर्णय शक्ति, आत्म नियन्त्रण र आत्मानुभूति आदि मानसिक गुणको विकास गराउँछ । विद्यार्थीलाई सम्पूर्ण ज्ञान कण्ठस्थ गर्न, अभिव्यक्ति क्षमता,

आत्मविश्वास, उच्चारण एवं स्मरणशक्तिको विकास गर्न सहयोग पु-याउँछ । गुरुकुलका विद्यार्थीहरू सदाचारी, नैतिक, सुसंस्कृत, स्वावलम्बी, परिश्रमी र अनुभवात्मक ज्ञानले पूर्ण भएका हुन्छन् (पौडेल, २०७०, पृ. ३७) । गुरुकुलको मुख्य उद्देश्य व्यक्तिमा व्यक्तित्व विकास र मानसिक सक्रियता बढाउनु हो । सो उद्देश्य वर्तमान शिक्षाको पनि रहेको छ । आधुनिक शिक्षाको उद्देश्यले समेत शिष्यमा उल्लिखित गुणहरूको विकास र अभ्यस्त गराउन निर्देशित गर्नु गुरुकुल शिक्षाको प्रभाव हो ।

अन्तर्वार्ताको क्रममा छजना विशेषज्ञले औल्याए अनुसार गुरुकुलमा पुरस्कार र दण्डको निर्णय गर्ने अधिकार गुरुमा थियो तर सजायलाई भन्दा पुरस्कारलाई नै बढी गुरुले प्रोत्साहित गर्नुहुन्थ्यो । बालबालिकाको रुचि र क्षमतामा आधारित रहेर शिक्षा प्रदान गरिने भएकोले दण्ड दिनुपर्ने शिष्य नै भेटिदैन थियो । शिष्य स्वयम् सबै गुरुकुलीय आदर्शको पालना गर्थे । वर्तमानमा गुरुकुल र विद्यालय शिक्षाले पनि दण्डरहित बालमैत्री शिक्षाको अवधारणालाई जोड दिन्छ ।

कुन ऋषि वा गुरुको आश्रम वा शिष्य भन्ने विषयमा स्वच्छ बहस चल्थ्यो । शिष्यहरू पनि जहाँ अनुकूल पर्दथ्यो, गुरु कहाँ गएर पढ्ने गर्दथे (कलेज अफ एजुकेशन, सन् १९५६, पृ. २२) । यसले शिष्य शास्त्र कण्ठस्थ गर्ने, गुरुको आदेश बमोजिम भक्तिपूर्वक सुनाउने र सिकेका व्यवहार प्रर्दशन गर्न शिष्यहरूबिचमा होडवाजी नै हुन्थ्यो । त्यहाँ व्यावहारिक ज्ञान मात्र प्रदान गरिन्थ्यो । जुन कुरा वर्तमानमा औपचारिक मानिने शिक्षण संस्थाहरूमा कम भएको पाइन्छ । वर्तमान शिक्षा व्यापारको रूपमा विकास भैराखेको छ । यस्तो परिवेशमा त झन् गुरुकुल शिक्षामा भएका राम्रा सकारात्मक अभ्यासहरूले शिक्षण संस्थाको विकास र स्थायित्व, निःशुल्क शिक्षा, व्यवहारिक र प्रयोगात्मक शिक्षा जस्ता विषयहरू गुरुकुल शिक्षाकै प्रभावबाट केही लिइएका छन् र केही लिनुपर्ने देखिन्छ ।

आधुनिक शिक्षाले व्यक्तिलाई प्रविधिमैत्री त बनायो तर प्रविधिको सदुपयोग गर्ने ज्ञान र सीप प्रदान गर्न भने असमर्थ रह्यो । साथै आधुनिक शिक्षाक्षेत्रमा आहारले

विद्यार्थीको मनमस्तिष्क र आचरणमाथि कत्तिको प्रभाव पार्न सक्छ भन्ने कुराको कतै चर्चा गरेको देखिँदैन (स्वामी चन्द्रेश, २०७०, पृ. ४१) । त्यसकारण गुरुकुलका मूल्य मान्यता, आदर्श र संस्कृतिलाई हाम्रा अपार सम्पतिको रूपमा आत्मसात् गरे वास्तवमा नै आधुनिक शिक्षा पनि सान्दर्भिक र समसामयिक बनाउन सकिन्छ । जसले गर्दा कतिपय आधुनिक विद्यालयले गुरुकुलीय आदर्शलाई व्यवहारमा लागु गर्न थालेका समेत पाइन्छ । यसबाट गुरुकुलको वातावरण शिष्यमैत्री रहेको देखिन्छ । गुरुले शिष्यप्रति र शिष्यले गुरूप्रति गर्ने आदर्श व्यवहारले गुरुकुलको मान्यता स्पष्ट बुझ्न सकिन्छ ।

अन्तर्वार्ताको क्रममा दशजना प्राचार्य तथा शिक्षकहरूको धारणा अनुसार गुरुकुलमा विद्यार्थीले पठनपाठनको कार्य वाहेक अन्य कार्यहरू गर्नु पर्दथ्यो । उनीहरूले पठनपाठन नभएको समयमा गौसेवा गर्ने, वादविवाद प्रतियोगितामा सहभागी हुने, गुरुकुलको सरसफाई गर्ने, दाउरा खोज्ने र भिक्षा सङ्कलन गर्ने आदि जस्ता अन्य क्रियाकलाप हुन्थ्यो । आधुनिक शिक्षामा समेत पाठ्यक्रमले तोकेको बाहेक पनि अन्य शिक्षण सिकाइमा सहजीकरण हुने क्रियाकलाप गरिन्छ । अहिले त झन् शुक्रबार सीप र अन्य क्षमता आर्जनका लागि प्रयोग हुन थालेको देखिन्छ । यो गुरुकुल शिक्षाकै प्रभावको रूपमा लिन सकिन्छ ।

स्थलगत अवलोकनबाट प्राप्त उत्तरलाई केलाउँदा आजको शिक्षा शिष्यकुलबाट प्रेरित देखिन्छ । शिष्यको घरमा गएर सिकाउने प्रथा आजकाल मौलाउँदै छ । विद्यार्थी शिक्षक भन्दा टाढा टाढा हुन खोज्दैछ । त्यसैले आधुनिक शिक्षामा अनुशासनहिनता, अकर्मण्यता, गैर जिम्मेवारी चरित्रले वर्तमान शिक्षा व्यवस्थामा नकारात्मक प्रभाव पारेको छ तर पनि व्यक्ति आफू, समाज र राष्ट्रप्रति उत्तरदायी, जवाफदेही, कर्तव्यनिष्ठ र लगनशील बन्न सकेको छैन । उत्तरदाताबाट प्राप्त उत्तरहरू केलाउँदा गुरुकुलीय आदर्श आत्मसात भएका क्षेत्रहरू अझै सकारात्मक देखिएका छन् र प्रभाव नभएका क्षेत्रहरूमा वर्तमान शिक्षा समस्याग्रस्त छ भन्ने उत्तर पाइयो ।

निचोडमा, पाँच वर्ष उमेर पूरा नभएकालाई एक कक्षामा भर्ना नगरिनु, प्रभातीय प्रार्थना र वन्दना गर्ने परम्परालाई निरन्तरता लिनु, विद्यार्थी आचारसंहिता

निर्माण र पालना गर्ने प्रावधान रहनु र अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नु आदि प्राच्य शिक्षाका प्रभाव मान्न सकिन्छ । यस अध्ययनले आधुनिक शिक्षा व्यवस्थामा पनि गुरुकुलीय पद्धतिलाई उपयोगमा ल्याउन सकेमा शैक्षिक तथा शैक्षणिक सिकाइ उपलब्धि प्राप्त गर्न सकिन्छ भन्ने कुरा निधो गर्दछ । वर्तमानका विद्यार्थीहरूले जति र जुन रूपमा सिकाइ सेवा उपभोग गरेका छन् । त्यो प्राच्य गुरुकुलीय पद्धतिमा थिएन । गुरुकुलबाट उनीहरूले व्यावहारिक सिकाइ गरेकाले जीवन र जगत्लाई सजिलै बुझ्न सकें तसर्थ प्राच्य गुरु शिष्यको सम्बन्धले वर्तमान शिक्षा व्यवस्थामा महत्त्वपूर्ण प्रभाव पारेको देखिन्छ ।

## ६.२.५ विद्यार्थी मूल्याङ्कनमा प्रभाव

यसमा प्राच्य गुरुकुलको विद्यार्थी मूल्याङ्कन गर्ने तरिका र कक्षा चढाउने नीति कस्तो थियो ?, श्रेणी निर्धारण प्रक्रिया कसरी गरिन्थ्यो ?, के गुरुकुलमा विद्यार्थीका नतिजा अभिभावकलाई जानकारी दिइन्थ्यो ? र यसले वर्तमान शिक्षा व्यवस्थामा कस्तो प्रभाव पारेको छ भन्ने तथ्यलाई खोजिएको छ ।

गुरुकुलमा ब्रह्मचर्य र आश्रमको नियम पालना गरी अध्ययन र परीक्षण गर्ने काम हुन्थ्यो । गुरुकुलमा विद्यार्थी मूल्याङ्कन गुरुले निर्देशन अनुसार हुन्थ्यो । विद्यार्थी मूल्याङ्कन बारेमा शर्मा (२०६८, पृ. १६) ले औंल्याए अनुसार त्यसबेला जति वेदका श्लोक कण्ठ गर्न सक्यो त्यति नै व्यक्ति वा शिष्यको योग्यता र दक्षता वृद्धि भएको मानिन्थ्यो । उनका अनुसार गुरुकुलमा विद्यार्थीहरूको अन्तिम परीक्षा सामूहिक हुन्थ्यो ।

अन्तर्वार्ताको क्रममा आठजना विशेषज्ञहरूको धारणामा समानता पाइयो । उनीहरूका अनुसार शिष्यको ज्ञान, सीप, शीलस्वभाव, धर्म, दर्शन र शास्त्रार्थको परीक्षण विद्वत् सभाले गर्थ्यो । विद्यार्थीको विद्वता छलफल, बहस र तर्क वितर्कको माध्यमबाट मापन गरिन्थ्यो । विद्वत् सभाद्वारा सफल घोषित विद्यार्थीलाई अष्टकलशले स्नान गराई स्नातकको उपाधि प्रदान गरिन्थ्यो । आवश्यकता र विद्यार्थीको क्षमता अनुसार विद्यार्थी मूल्याङ्कन उच्च स्तरका विद्यार्थीको माध्यमबाट पनि गर्न

लगाउनुहुन्थ्यो । आजकाल दीक्षान्त समारोह अथवा भाइभाको रूपमा विश्वविद्यालयमा प्रचलनमा रही रहेको पाउन  सकिन्छ ।

अन्तर्वार्ताको क्रममा सातजना प्राचार्य तथा शिक्षकहरूका राय अनुसार गुरुकुलमा विद्यार्थीहरूको नतिजा अभिभावकलाई जानकारी दिइन्थ्यो तर त्यस्तो जानकारी गराउँदा लिखित हुँदैन्थियो । मौखिक रूपमा गुरुले शिष्यको चरित्र र उसले गरेका प्रगतिको बारेमा जानकारी गराइन्थ्यो । आजको शिक्षा प्रणालीमा लिखित रूपमा पनि शिष्यको नतिजा सम्बन्धित अभिभावकलाई जानकारी गराउने चलन सुरुवात भएको पाइन्छ । यसले पनि गुरुकुल शिक्षाको प्रभाव वर्तमान शिक्षा व्यवस्थामा रहेको देखिन्छ ।

गुरुकुलमा कक्षाको व्यवस्था थिएन । गुरुले कुनै पाठको बारेमा सोध्दा शिष्यको जवाफ गुरुलाई चित्तबुझ्दो भइ प्रभाव पर्‍यो भने अर्को पाठ पढन निर्देशन दिइन्थ्यो । सम्बन्धित विषयमा मौखिक प्रवचन र बहसको माध्यमबाट गुरुले शिष्यको क्षमता जाँच गरिन्थ्यो । विशेष गरेर प्रयोगात्मक परीक्षणबाट श्रेणी निर्धारण गरिन्थ्यो । आज पनि त्यस्तो परीक्षणलाई निरन्तरता दिइएको पाइन्छ ।

गुरुकुलीय व्यवस्थामा शिष्यको सिकाइ क्षमताको आधारमा तल्लो तहका आधारभूत सिकाइ हासिल गर्ने शिष्यलाई गुरुले माथिल्लो श्रेणीमा पठाइ पठनपाठनको व्यवस्था गर्नुहुन्थ्यो । त्यसैगरी औपचारिक गुरुकुल विद्यालयमा पनि कक्षा एकमा अध्ययन गर्दा कक्षा दुईको समेत आधारभूत ज्ञान प्राप्त गर्न सक्ने शिष्यलाई गुरुले कक्षा तीनमा भर्ना गरी पढन लगाउन सक्थे । यो व्यवस्थाले अति उत्तम प्रतिभाशाली बालबालिकालाई अवसर प्राप्त हुन्थ्यो । सिक्ने कार्यमा थप हौसला प्राप्त हुन्थ्यो । जुन कुरा वर्तमान औपचारिक विद्यालयमा पनि कायम रहेकोले यसलाई प्राच्य शिक्षाको प्रभाव मान्न सकिन्छ ।

गुरुको संसर्गमा रही आफ्नो संस्कृतिका लागि आवश्यकीय सबै विषयहरूमा बटुकहरू अध्ययन गर्दथे । वैदिक शिक्षामा ब्राम्हणहरूलाई वैदिक संहिता सिकाएपछि मात्र शास्त्र र शस्त्र सिकाइन्थ्यो । युद्धशास्त्र, राजनीति र अर्थशास्त्रको दक्षता क्षत्रिय

समुदायका विद्यार्थीहरूले हासिल गर्नुपर्थ्यो भने कृषि, व्यापार र पशुपालन आदि क्षेत्रमा वैश्य समुदायका शिष्यहरूले विशेष दक्षता हासिल गरेको हुनुपर्थ्यो । शूद्रले ब्राम्हण, क्षेत्री र वैश्य सबैको सेवा गर्ने काममा दक्षता प्राप्त गर्नुपर्थ्यो । त्यसपछि विद्वत् सभामा आफूले हासिल गरेका ज्ञान, शील, सीप, शास्त्रार्थबाट गुरुलाई सन्तुष्ट गराएपछि उनीहरूको सिकाइ पूरा भएको मानिन्थ्यो । आजकाल पनि प्रयोगात्मक तथा मौखिक परीक्षणलाई विद्यार्थी मूल्याङ्कन साधनको रूपमा उपयोग गरिएको छ ।

निचोडमा, विद्यार्थी मूल्याङ्कन विद्यार्थीको स्तर र क्षमता परीक्षण गर्ने पद्धति हो । यसले विद्यार्थी सिकाइ स्तर पत्ता लगाउन शिक्षक/सहजकर्तालाई सहयोग गर्दछ । प्राचीन गुरुकुलमा गुरुले प्रयोगात्मक तथा मौखिक परीक्षणबाट शिष्यको ज्ञान र सीप पत्ता लगाउनुहुन्थ्यो । त्यसैले तत्कालीन विद्यार्थी मूल्याङ्कन प्रभावकारी थियो भन्ने पुष्टि हुन्छ । तसर्थ वर्तमान शिक्षा व्यवस्थामा प्रयोगात्मक तथा मौखिक परीक्षणलाई विद्यार्थी मूल्याङ्कन साधनको रूपमा उपयोग गर्नु, शिष्यको नतिजा सम्बन्धित अभिभावकलाई जानकारी गराउनु, तल्लो तहका आधारभूत सिकाइ हासिल गर्ने शिष्यलाई गुरुले माथिल्लो श्रेणीमा पठाइ पठनपाठनको व्यवस्था गर्नु, सिकाइमा उच्च तहका विद्यार्थीलाई परिचालन गर्नु र विश्वविद्यालयमा दीक्षान्त समारोह अथवा भाइभाले निरन्तरता पाउनुलाई प्राच्य शिक्षाको प्रभाव मान्न सकिन्छ ।

### ६.२.६ भौतिक व्यवस्थापनमा प्रभाव

गुरुकुल विद्यालयमा भौतिक व्यवस्थापनको जिम्मेवारी कसको थियो ? गुरुकुल शिक्षा कहाँ प्रदान गरिन्थ्यो र प्राचीन गुरुकुलहरू कस्ता हुन्थे ? र विभिन्न उमेर तहका विद्यार्थीहरूको बसाइ व्यवस्थापन कसरी गरिन्थ्यो ? वर्तमान शिक्षा व्यवस्थापनमा यसको प्रभाव के छ ? जस्ता प्रश्नहरूको प्राप्त उत्तरका आधारमा वर्तमान शिक्षा व्यवस्थामा यसको प्रभावलाई औंल्याइएको छ । साथै के प्राच्य शिक्षामा खेलकुद तथा अन्य अतिरिक्त कियाकलापहरूको व्यवस्था व्यवस्था थियो ? यसको वर्तमानमा कस्तो प्रभाव छ भन्ने बारेमा उल्लेख गरिएको छ ।

प्राच्य गुरुकुल शिक्षामा भौतिक व्यवस्थापनको जिम्मेवारी गुरुको थियो । यसैले यहाँ सर्वसाधारण पाठशालाको स्थापनामा प्रयत्नको आवश्यकता देखिन्थ्यो । घर घरमा पठनपाठन चल्दथ्यो (कलेज अफ एजुकेशन, सन् १९५६, पृ. २२) । यसबाट स्पष्ट हुन्छ कि प्राच्य शिक्षा गुरुको घरमा सञ्चालन गरिन्थ्यो । प्राचीन शिक्षा प्रदान गर्ने भवन/घर/गुरुकुल सामान्य तर प्राकृतिक शैलीका हुन्थे । घरका छानाहरू खरले छाएका हुन्थे ।

शिक्षाको केन्द्रका रूपमा स्थापित यस्ता गुरुकुलहरू प्रकृतिको शाान्त वातावरण तथा कोलाहलशून्य स्थानमा सञ्चालन गरिन्थे (पौडेल रंघाली, २०७०, पृ. २२) । प्राचीनकालमा गुरुले जङ्गलको शान्त स्थान, नदीको किनार, कुटी, चौतारा, मठ र मन्दिरमा पठनपाठन व्यवस्थित गर्दथे । जहाँ सिकाइ वातावरण बालमैत्री पाइन्थ्यो । आज औपचारिक रूपमा व्यवस्थित गरिएको विद्यालयहरूमा समेत विद्यालय परिसर भित्र बगैँचा निर्माण गरिएको पाइन्छ । साथै विद्यालय निर्माण गर्दा शान्त र कोलाहलमुक्त स्थान छनोट गर्न प्राथमिकता दिइएको देखिन्छ ।

शैक्षिक व्यवस्थापनको एक महत्त्वपूर्ण क्षेत्र भौतिक व्यवस्थापन हो । यसका लागि शिक्षकले कक्षाकोठा गतिविधिहरू डिजाइन गर्न र विद्यार्थीहरूलाई आफ्नो ठिक सङ्गठित गर्न सहयोग पुऱ्याउनु पर्दछ (Bransford et al., 1999)। यो शिक्षण सिकाइका लागि आवश्यक मानिन्छ । साथै कक्षाकोठा भेन्टिलेसन विद्यार्थीको स्वास्थ्य र उनीहरूको प्रदर्शनसँग प्रत्यक्ष सम्बन्धित छ (Aryal, 2019)। यस अन्तर्गत विद्यार्थीको सिकाइ सुविधाको लागि आवश्यक भवन वा ठाउँ, कक्षाकोठा, डेस्क बेन्चको व्यवस्था, प्रकाश, सेतो वा कालोपाटी लगायत अन्य शैक्षिक सामग्रीहरू पर्दछन् । यस्ता सामग्रीको व्यवस्थापन आधुनिक विद्यालयले समेत गरेकोले यसलाई प्राच्य शिक्षाको प्रभाव मान्न सकिन्छ ।

प्राच्यकालमा आवश्यकतामुखी शिक्षा प्रणाली थियो भने आधुनिक शिक्षा आरामदायी शिक्षाको रूपमा ग्रहण गर्न सकिन्छ । वास्तवमा त्यसबेला गुरु र शिष्यबिचको समझदारी, सहकार्य र एकता वर्तमानको लागि सकारात्मक प्रभाव हो ।

विद्यालयको भौतिक संरचनामा आएको परिवर्तनले शिक्षाको विकासलाई मापन गरेको हुँदैन । आज विद्यालयको भौतिक अवस्था हिजो भन्दा फरक र विस्तारित भएको पाइन्छ तर शिक्षाको स्तर र स्थिति हेर्दा शिष्यहरूको व्यवहार, सिकाइ र आदर्श झन् खुम्चिदै गएको देखिन्छ । गुरुकुलीय व्यवस्थापनमा मौलिकता पाइन्छ । जुन वर्तमान शिक्षा व्यवस्थाका लागि उपयोगी छ ।

अन्तर्वार्ताको क्रममा आठजना प्राचार्य तथा शिक्षकहरूको रायमा समानता पाइयो । उनीहरूका अनुसार शिष्यको, उचाइ, उमेर, समूह, तह र सिकाइ क्षमताको आधारमा गुरुकुलका विद्यार्थीहरूको बसाइ व्यवस्थापन हुन्थ्यो । कक्षाकोठामा विद्यार्थी तथा शिक्षक बसाइको लागि पनि अलग अलग रूपमा बसाइ व्यवस्थापन गरिन्थ्यो । गुरु बस्ने आसन शिष्यको तुलनामा अग्लो रहन्थ्यो । विद्यार्थी वा शिष्य बस्ने ठाउँ तल हुन्थ्यो । यसबाट गुरुले भनेका, देखाएका र लेखेका विषयहरू शिष्यले सजिलै देख्न र त्यसलाई ग्रहण गर्न सक्ने खालको हुन्थ्यो । यस्तो प्रकृतिको बसाई व्यवस्थापन आधुनिक सिकाइ थलो कक्षाकोठा व्यवस्थापनमा पनि सुरुवात भएको पाइन्छ । वर्तमानमा शिक्षकले शिक्षण गर्ने पोडियम, स्टेज अग्लो हुन्छ त्यो पनि प्राच्य शिक्षाकै प्रभाव हो ।

प्राचीनकालमा संस्थाहरूको स्थान गरिमामय र महत्त्वपूर्ण थियो । गुरुकुल आश्रम, मठ, मन्दिर, गुम्बा स्वयम् प्रतिष्ठित संस्था थिए, जहाँ गुरु तथा ऋषिहरू ध्यान गरी ज्ञान प्राप्त गर्ने र आफ्नो शिष्यलाई ज्ञान हस्तान्तरण गर्ने कार्यमा निरन्तर लागि रहेको पाइन्छ । शिष्य स्वाभाविक रूपमा गुरुको घरको एक सदस्यको रूपमा रहनको लागि र घरको काम गर्नमा आवश्यक परेमा उहाँलाई मदत गर्दथे (Altekar, 1944, p. 60) । शिष्यले गुरुको समीपमा गुरु सेवा गर्दै शिक्षा प्राप्त गर्ने पद्धति नै गुरुकुल पद्धति हो ।

अन्तर्वार्ताको क्रममा सातजना विशेषज्ञहरूले औल्याए अनुसार आजका शैक्षिक संस्थाहरू व्यवस्थित तरिकाबाट सञ्चालनमा आउन सकेको पाइदैन । विद्यालयलाई राजनीति गर्ने थलोको रूपमा विकास गरिदैछ । वर्तमानमा सञ्चालित गुरुकुल तथा

अन्य साधारण विद्यालयको समग्र भौतिक व्यवस्थापनको विकास भएको पाइएता पनि आर्थिक पारदर्शिता पाउन सकेको छैन । विद्यार्थीहरू स्वयम् अनियन्त्रित छन् । यस्तो परिवेशमा गुरुकुल शिक्षाका सकारात्मक पक्षहरूको अनुसरण गर्न झन् जरुरी देखिन्छ । बसाइ व्यवस्थापन प्राच्य शिक्षामा भूइँ वा चकटीमा हुन्थ्यो । वर्तमान शिक्षामा पनि शिशु कक्षादेखि यसको अभ्यास प्रारम्भ गरिएको छ जुन कुरा प्राच्य शिक्षाकै निरन्तरता मान्न सकिन्छ ।

निचोडमा, वर्तमान शिक्षा व्यवस्थामा भौतिक व्यवस्थापनको जिम्मेवारी गुरुमा प्रदान गर्नु, विद्यालय भौतिक संरचना निर्माण गर्दा शान्त र कोलाहलमुक्त स्थान छनोटलाई प्राथमिकता दिनु, विद्यालय परिसरमा बगैंचा निर्माण गर्नु, विद्यार्थीको, उचाइ, उमेर, समूह, तह र सिकाइ क्षमताको आधारमा सामग्री र बसाइ व्यवस्थापन गर्नु साथै शिक्षकले शिक्षण गर्ने पोडियम, स्टेज अग्लो स्थानमा र शिष्य बस्ने ठाउँ तल रहनु, आधुनिक गुरुकुल विद्यालय जङ्गल, नदीको किनार, मठ र मन्दिरमा सञ्चालनमा आउनु आदि प्राच्य शिक्षाका प्रभाव हुन् । प्राचीन गुरुकुलका मूलभूत आदर्श र मूल्य मान्यताहरूबाट प्रभावित भएर सञ्चालनमा आएका केही गुरुकुलहरूको भौतिक व्यवस्थापन नमुनाको रूपमा नै स्थापित भएको पाउन सकिन्छ । जसले प्राच्य शैक्षिक अवस्थाको वास्तविकतालाई प्रकाशमा ल्याएको अनुभूति मिल्दछ । यस्तो नमुना कार्यलाई वर्तमान शिक्षण संस्थामा लागु गर्न सकेमा भौतिक व्यवस्थापन थप प्रभावकारी हुने कुरा निश्चित छ ।

### ६.२.७ शैक्षणिक व्यवस्थापनमा प्रभाव

गुरुकुल विद्यालयमा पाठ्यक्रम तथा पाठ्यपुस्तकको निर्माण र व्यवस्था कसबाट कसरी गरिन्थ्यो ?, गुरुकुलको शैक्षणिक योजनाको निमार्ण गर्ने जिम्मेवारी कसको रहन्थ्यो र यसको प्रयोग कसरी गरिन्थ्यो ?, के गुरुकुलमा विद्यार्थीहरूको लागि विषयगत शैक्षणिक सामग्री र अन्य सन्दर्भ सामग्रीको पनि व्यवस्था थियो ?, शिक्षण विधि, शिक्षण सिकाइ प्रकिया कस्तो अपनाइन्थ्यो र सिकाइ स्तर कस्तो थियो ?, कक्षाकोठा व्यवस्थापनमा गुरुको भूमिका कस्तो हुन्थ्यो ?, गुरुकुलमा शिक्षण सिकाइ पद्धतिहरू के

के हुने गर्दथे ? र गुरुकुलमा विद्यार्थी उत्प्रेरित गर्ने तरिका के हुन्थे ? आदि जस्ता प्रश्नहरूको शास्त्र अध्ययन र उत्तरदाताहरूबाट प्राप्त उत्तरका आधारमा वर्तमान शिक्षा व्यवस्थामा यसको प्रभावलाई खोजी गरिएको छ ।

प्राच्य शिक्षाको पाठ्यक्रम सम्बन्धमा स्वामी चन्द्रेश (२०६७, पृ. १६४) ले यसरी औल्याएका छन्, “हरेक मनुष्यले दुईवटा विद्या जान्नुपर्छ । उनका अनुसार परा विद्याले मनुष्यको मानसिकता, नैतिकता र आध्यात्मिक जीवनलाई समुन्नत गर्थ्यो भने अपरा विद्याले उसलाई भौतिक जीवनको कर्मक्षेत्रमा सक्षम र लायक तुल्याउने गर्थ्यो” । ब्राम्हण परिवारमा परम्परादेखिको संस्कृतमूलक व्याकरण, वेद र दर्शन आदिकै पढाइ हुन्थ्यो (शर्मा, २०६८, पृ. २९) । “हिजोआज दिइने संस्कृत-शिक्षाको प्रणाली र भाषा पाठशालाहरूमा शिक्षकहरूले पढाएको मैले देखेको हिसाबले कर्मकाण्ड गराउने पुरोहितको शिक्षण संस्थाहरूमा काम गर्न विद्यार्थीलाई तयार पारिन्छ” (कलेज अफ एजुकेशन, सन् १९५६, पृ. ७९) ।

ंगुरुकुलमा पूर्णतः अनुशासन र नैतिकताको सीमाभित्र रहेर विद्यार्थीहरूले एकै ठाउँबाट चौध विद्या र चौसट्ठी कला र सीप पनि आर्जन गर्दथे (गौतम, २०६६, पृ. २१७ र स्वामी चन्द्रेश, २०६७) । विद्यार्थीलाई कडा मेहनत, अभ्यास र प्रयोगको माध्यमबाट ज्ञान प्राप्त गर्न प्रोत्साहन गरिन्थ्यो (कश्कर, सन् २०१३) । यसबाट अनुशासनमा रहेर विद्यार्थीहरूले अभ्यासमार्फत सिकाइ आर्जन गर्दथे भन्ने स्पष्ट हुन्छ । प्राविधिक र व्यवसायिक विषयहरूप्रति विद्यार्थीहरूको आकर्षण आज पनि बढ्दै गएको सन्दर्भ प्राच्य शिक्षाकै निरन्तरता हो ।

हामी हाम्रो प्राचीन सभ्यताप्रति गौरव र गर्व गर्छौं । साथै हाम्रो परम्परा, संस्कृति, धर्म, परम्पराप्रति आस्था र विश्वास गर्छौं । वास्तवमा परापूर्वकालको शिक्षा वैदिक शिक्षाको नामबाट परिचित छ । आफ्नै परम्पराको विशाल छहारीमा रम्ने प्रकृतिमा नाच्न र हाँस्न सिकाउने शिक्षाको हामीलाई खाँचो छ (चिन्तामणि योगी र अरू, २०६२, पृ. १०३) । यस्तो शिक्षा गुरुकुल शिक्षा पद्धतिले मात्र प्रदान गर्न सक्छ ।

त्यसैले परम्परागत विद्या संस्कृतमा उच्च शिक्षाको अवसर प्रदान गर्न नेसंविको सञ्चालन, रेखदेख र व्यवस्थापन हुँदै आएको छ । यो प्राच्य शिक्षाकै निरन्तरता हो ।

गुरुकुलमा वेद व्याकरण, न्याय, दर्शन, ज्योतिष, धर्मशास्त्र र नैतिक शिक्षा आदि विषयहरू पठनपाठन भएको देखिन्छ (शर्मा, २०६८) । यसको निर्माण गुरुले आफ्नो अनुभव, विद्यार्थीको रुचि र क्षमताको आधारमा गर्दथे । वेद, उपनिषद र पुराण आदि त्यसबेलाका शिक्षाको स्रोतहरू थिए । त्यसका आधारमा गुरुले पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार गर्दथे । त्यसबेला शिष्यलाई श्रवण गर्न लगाएर सिकाउँथे । गुरुकुल पद्धतिमा पाठ्यक्रम तथा पाठ्यपुस्तक थियो तर लिखित प्राप्त गर्न कठिन थियो । वर्तमानमा पनि शिष्यलाई श्रवण गर्न लगाएर विषयवस्तुका बारेमा अवधारणा स्पष्ट गरिनुलाई प्राच्य शिक्षाको प्रभाव मान्न सकिन्छ ।

त्यसबेला नृत्य, गीत र वाद्यवादन आदि कला सम्बन्धी ज्ञान महिलालाई समेत दिइन्थ्यो । यो कुरा प्राचीन भारतका प्रसिद्ध शासक हर्षवर्धनकी बहिनीलाई दिइने गरेको शिक्षाको प्रकारबाट पनि स्पष्टसँग थाहा पाउन सकिन्छ । मानदेवका नाति वसन्तदेवलाई पनि राम्ररी पढेका र पढाइबाट कीर्ति फैलिएका जस्ता शब्दहरूले सम्बोधन गरिएको छ । यी तथ्यहरू केलाउँदा पाँचौ शताब्दीमा नै नेपालमा शिक्षाको जग बसेको स्पष्ट हुन सक्दछ ।

त्यस्तै सातौं शताब्दीमा चिनियाँ यात्री युवानच्वाङले समेत नेपालमा शासन गर्ने अंशुवर्माको विद्वताबारे चर्चा गरेका छन् । त्यस्तै गरेर चिनियाँ यात्री युवानच्वाङ्ले शब्दविद्या (व्याकरण) सम्बन्धी ग्रन्थ रचनाकारको रूपमा अंशुवर्माको वर्णन गरेका छन् । केही भाषा वंशावलीहरूले “नेपालमा व्याकरणशास्त्र पढ्ने पढाउने रीत चलाया” भनी उनलाई उल्लेख गरेका छन् । अंशुवर्माको समयमा चान्द्रव्याकरणको रचनालाई धनवज्र वज्राचार्यले एउटा महत्वपूर्ण प्राज्ञिक उपलब्धिको रूपमा मानेका छन् । “जुनको प्रसिद्धि प्राचीनकालदेखि १९ औं शताब्दीसम्म तत्कालीन भारत, चीन र नेपालमा समेत फैलिएको थियो । चान्द्रव्याकरणका रचयिता चन्द्रवर्मा थिए” (Dahal, 2009, p. 126) । यसबाट लिच्छविकालमा ग्रन्थको विकास उल्लेखनीय रूपमा भएको कुरा स्पष्ट हुन्छ ।

साथै लिच्छविकालपछिको शिक्षाको बारेमा महेशराज पन्त र दिनेशराज पन्त (२०२९) ले २७ पूर्णाङ्कमा उल्लेख गरेका छन्, मल्ल, सेन, शाह इत्यादिका अभिलेख र पुस्तकहरू पनि पाइएकोले त्यस बेला केही पुस्तकहरू सङ्ग्रह हुँदो हो भन्ने कुरा स्पष्ट छ (पन्त र पन्त, २०२९, पृ. १५३) । तत्कालीन समयमा हरगौरी विवाह, कुञ्जविहारी नाटक, सङ्गीतसार सङ्ग्रह र सङ्गीतचन्द्र आदि रचनाहरू ग्रन्थको रूपमा विकास भएको देखिन्छ ।

"यी ग्रन्थहरू प्रौढ संस्कृत भाषामा लेखिएको पाइन्छन् । उनी स्वयम् ज्योतिष शास्त्री, साहित्यिक, सङ्गीतज्ञ र कलाको पारखी थिए, त्यसैले मल्लशासनमा विद्वान्को आदर गरिएको प्रसङ्ग उल्लेख गरिएको पाइन्छ" (शर्मा, २०६८, पृ. २२) । वर्तमान शिक्षामा त झन् पाठ्यक्रम तथा पाठ्यपुस्तकको निर्माण र प्रयोगलाई उच्च प्राथमिकता दिइएको छ । आधुनिक शिक्षाको लक्ष्य पनि आध्यात्मिकता र दर्शनको विकास, चरित्र निर्माण र सरल जीवन जिउन सहयोग गर्नु हो (Dubey & Nimje, 2015) । त्यसको लागि अनुशासन, शिष्टाचार, सदाचार, शान्ति, अहिंसा जस्ता सार्वभौम मानवोचित सद्गुण अभिवृद्धि गर्न पाठ्यक्रम केन्द्रित हुनेछ (पाविके, २०७६) ।

अन्तर्वार्ताको क्रममा नौजना प्राचार्य तथा शिक्षकहरूले उल्लेख गरे अनुसार गुरुकुल शिक्षामा शैक्षणिक योजनाको निमार्ण गर्ने जिम्मेवारी गुरुको रहन्थ्यो र यसको प्रयोग आवश्यकताको आधारमा गुरुले गर्नुहुन्थ्यो तर आजकलको जस्तो लिखित रूपमा शैक्षणिक योजना हुँदैन्थ्यो । त्यसबेला विद्यार्थीको सिकाइ स्तरको आधारमा गुरुले के पढाउने र किन पढाउने भन्ने कुरालाई मानसिक रूपमा योजना तयार गरिन्थ्यो । त्यसैले Sharma (1990) ले स्पष्ट पारेका छन्, गुरुकुलमा आधुनिक बोर्डिङ जस्तै शिक्षा व्यवस्था थियो । आजको औपचारिक शिक्षामा त शैक्षणिक योजनालाई अनिवार्य गरिएको छ । यो प्राच्य शिक्षाकै प्रभाव हो ।

गुरुकुलमा विषयगत शैक्षणिक सामग्री र अन्य सन्दर्भ सामग्रीको पनि व्यवस्था थियो तर श्रीमद्भगवद् गीताको नवौं अध्यायको श्लोक दुईमा लेखिएको छ कि वैदिक ज्ञान आत्म साक्षात्कारका निमित्त आवश्यकता पर्दछ । मानिस कुनै पनि किसिमको

धार्मिक प्रतिष्ठान नियमित रूपमा सम्पन्न नगरी कुनै परम सिद्धि प्राप्त गर्दछ । के यो सम्भव छ ? वैदिक साहित्यमा यसको पुष्टि गरिएको छ । कुनै गुरुका पाठशालामा नारद पढ्न जानु भएन । उनले वैदिक नियमहरूको शिक्षा पनि कहिल्यै पाउनु भएको थिएन तापनि उनले वेदाध्ययनको उच्चतम प्रतिफल र सफलता पाउनु भएको थियो ।

महान् आचार्यहरूको सत्सङ्ग पाएको व्यक्ति अशिक्षित र कहिल्यै वेदाध्ययन नगरेको भए पनि आत्म साक्षात्कारका लागि आवश्यक पर्ने सम्पूर्ण ज्ञानसँग परिचित भइसकेको हुन्छ । यसले सिकाइको लागि भौतिक वातावरण र साधनको मात्र आवश्यक हुन्छ भन्ने कुरालाई कम महत्त्व दिएको छ तापनि गुरुकुलमा गुरुले उपलब्ध भएसम्मको सामग्रीहरूको निर्माण र प्रयोग गर्नुहुन्थ्यो । गुरुकुलमा खाना पकाउन शिष्यलाई गुरुले लगाउनुहुन्थ्यो । त्यसबेलामा निश्चय नै खाद्य सामग्री सङ्कलन र त्यसको प्रयोगबाट शिष्यले व्यावहारिक सीप प्राप्त गर्दथ्यो । वर्तमान शिक्षा पद्धतिमा त अझ यसको प्रयोग बढ्दै जानुलाई प्राच्य शिक्षाको प्रभाव मान्न सकिन्छ ।

आशा गुप्त (१९९८) ले विवेकानन्द नामक पुस्तकमा यसरी प्रष्टाएका छन्, “विवेकानन्दको पाँचवर्षको उमेरदेखि नै शिक्षा प्रारम्भ भएको थियो । उनले प्राथमिक शिक्षा-ज्ञान प्राप्त गरे पछि महानगर स्थित स्कुलमा भर्ना गरियो । स्कुलद्वारा लागु गरिएका नियमलाई स्वीकार गर्न उनलाई कठिन भएता पनि पढाइको क्रममा विलक्षण स्मरण-शक्ति उनमा थियो” (गुप्त, १९९८, पृ. १५-१६) । त्यस्तै कृष्णले गुरुकुलमा बसेर चौसट्ठी कला सम्बन्धी विद्याध्ययन गरेको कुराबाट गुरुकुलको गरिमा बोध हुन्छ । यसबाट पनि वर्तमानले केही सिक्न जरुरी छ ।

वेद ई.पू. १००० वर्ष या १०००० वर्ष अगाडिको होस् व्यक्ति वा समाजमा सामाजिक मर्यादा र विश्वबन्धुत्वको सन्देश दिन सान्दर्भिक मानिन्छ । कृष्णद्वैपायन व्यासले विश्वकै प्रथम एकेडेमी संस्थापकको विषयमा लेखकद्वारा व्याख्या गरेको कुराबाट यो स्पष्ट हुन्छ (दीक्षित, २०६९) । त्यसैले वेद प्राचीनकालमा आर्ष, मनिषीहरूले तपस्याद्वारा अन्तःस्थ गरेको ज्ञान हो । “वेद चार प्रकारका छन् : ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद । वेदका छ अङ्गहरूमा व्याकरण, ज्योतिष, कल्प, निरुक्त,

छन्द र शिक्षा पर्दछन् । प्रत्येक वेदमा वेदमन्त्र, ब्राम्हण, आरण्यक र उपनिषद् गरी चार भाग रहेका छन्" (कट्टेल, २०७०, पृ. ७०) । यसबाट स्पष्ट हुन्छ कि वेदको दार्शनिक व्याख्याकर्ता नै ब्राम्हण हुन् । वर्तमानमा पाठ्यक्रमका स्रोतहरू पनि वेदबाट निर्देशित भएका पाइन्छ । यो प्राच्य शिक्षाकै प्रभाव हो ।

चौथो शताब्दीमा पनि वेद, व्याकरण, न्याय, साहित्य, दर्शन, कला र ज्योतिष आदि जस्ता विषयहरूको उच्च स्तरमा पढाइ हुने गरेको बुझिन्छ । त्यसबेला नेपालमा भने अध्ययन गर्ने संस्थाको नाम भने उल्लेख भएको पाइदैन तर गुरुकुल शिक्षाका लागि पण्डितहरूद्वारा सङ्गठित सिकाइ केन्द्रहरू थिए (Joshi, 2003) । तत्कालीन राजा अंशुवर्मा र मानदेव हिन्दु र बौद्ध धर्मप्रति समान भावना देखाउँथे । आज पनि त्यस्ता सिकाइ केन्द्रको प्रतिबिम्बका रूपमा विद्यालयहरू सञ्चालित छन् । त्यस समयमा उनले शिक्षालाई जीवनको लागि तयारीको रूपमा विश्वास गर्थे (Sharma, 1990) । साथै देवदेवीका पूजा, जन्म, मरण, व्रतबन्ध, विवाह, घरको शिलान्यास र वास्तु आदि सबैखाले संस्कारमा संस्कृत भाषाको प्रयोग गरिन्थ्यो । संस्कृत भाषालाई हिन्दु संस्कृतिको आधार पनि मानिन्छ । संस्कृत भाषामा कुँदिएका चाँगुनारायणको गरुड, मानदेवको संस्थापित चक्र महाविहार पाटन र लाजिम्पाट शिव मन्दिरका शिलापत्रहरूले यसको महत्त्व झन् दर्शाएका पाइन्छन् (शर्मा, २०६८, पृ. १९) ।

"जयस्थिति मल्लले भाषा, साहित्य र कलाको विकास गरेर समाजलाई उजागर गर्ने प्रयास गरेका थिए । यिनले संस्कृत भाषामा लेखिएका ग्रन्थहरूलाई नेवारी भाषामा अनुवाद गर्न लगाएका थिए । यसले गर्दा प्राचीन ग्रन्थहरूलाई स्थानीय जनताले आफ्नै भाषामा अध्ययन गर्न सके" (उपाध्याय, २०६२, पृ. ९) । तत्कालीन समयमा संस्कृत, मैथिली र नेवारी भाषा ग्रन्थको समेत विकासमा पनि प्रभाव बनाएको देखिन्छ ।

संस्कृत भाषाको महत्त्व सम्बन्धी लेखमा पिनाकीप्रसाद आचार्यले लेखेका छन्, "नेपाल राज्य संविधानले हिन्दु राज्य घोषित भएकोले हिन्दुत्त्वको मूल आधार संस्कृत भाषा नै भएकोले नेपाल सरकारले पाठ्यक्रममा संस्कृत भाषा अनिवार्य गर्नु पर्दछ ।

नयाँ शिक्षा पद्धतिमा संस्कृत अनिवार्य नगर्नु सर्कारको अदूरदर्शिता हुनेछ" (आचार्य, २०२८, पृ. ३४) । यसले परापूर्वकालदेखि नै संस्कृत भाषालाई महत्त्व दिँदै आएको देखिन्छ । वर्तमानमा पनि आधुनिक गुरुकुल तथा विद्यालय तहदेखि विश्वविद्यालयसम्म संस्कृत शिक्षाको अध्ययन अध्यापन कार्य गरिनुलाई प्राच्य शिक्षाको निरन्तरता मान्न सकिन्छ ।

साथै साहित्य, कला, धर्म र संस्कृतिको विकास प्रचुर मात्रामा भएको कारणले लिच्छविकाललाई नेपालको स्वर्णयुग भनेर नामाकरण समेत गरेको पाइन्छ । त्यसबेला गोर्खा, लमजुङ, तनहुँ र कास्की लगायत स्थानमा गुरुकुलहरू रहेको देखिन्छ । शिक्षकहरूले संस्कृत भाषाका पुस्तकको मौखिक रूपमा अनुवाद गरेर सुनाउँथे (उपाध्याय, २०६२, पृ. १४) । शस्त्र विद्यालाई प्रवर्धन गर्नु नै पृथ्वीनारायण शाहको मुख्य उद्देश्य थियो । उनले नेपाल अधिराज्यको एकीकरण गरेपछि खस भाषालाई नै अधिराज्यको राष्ट्रभाषा बनाए । यसैले सिञ्जालाई राष्ट्रभाषा नेपालीको उद्गमस्थल मानिएको हो (आप्राशिप, २०६२) । त्यसपछि पनि नेपाली भाषा सिक्न संस्कृत शिक्षाको उपयोग गरिएको विभिन्न दृष्टान्तहरू पाइन्छ । यो प्राच्य शिक्षाकै प्रभाव हो ।

तत्कालीन बाइसी चौबीसी राज्य अन्तर्गत डोटी, जुम्ला, पाल्पा, तनहुँ, तथा पर्वतमा प्राप्त भएका पुराना हस्तलिखित ग्रन्थहरूको अध्ययन गर्दा ती ठाउँमा संस्कृत भाषाको माध्यमबाट शिक्षा दिइन्थ्यो भन्ने देखिन्छ । गोरखा राज्यमा संस्कृत विद्वानहरूद्वारा परम्परागत संस्कृत शिक्षा प्रवाहित हुन्थ्यो । तत्कालीन शाहवंशीय राजा र राजकुमारहरूले आफ्नो पठनपाठन आफ्नै गुरु पुरोहितबाट गराउँथे । त्यस समयमा कास्कीमा पनि संस्कृतको पठनपाठन व्यवस्थित गरिएको बुझिन्छ (शर्मा, २०६८) । यसले पनि संस्कृत शिक्षाको तत्कालीन व्यवस्थालाई औंल्याएको देखिन्छ भने अहिलेको पाठ्यक्रमले पनि संस्कृत शिक्षालाई समावेश गर्नु प्राच्य शिक्षाको प्रभाव मान्न सकिन्छ ।

गुरुकुलमा विद्यार्थी उत्प्रेरित गर्ने विविध तरिकाहरू गुरुले उपयोग गर्नुहुन्थ्यो । त्यसबेला शिष्यले गरेका प्रगति प्रति धन्यवाद दिने, स्यावासी दिने, समूहको नेतृत्व गर्न लगाउने, कथा प्रवचन सुन्न लगाउने, प्रेरक व्यक्तित्वको सङ्गत गराउने र माया गर्ने

आदि उत्प्रेरित विधिको अवलम्बन गरिन्थ्यो । साथै पुरस्कारहरू व्यक्तिगत र सामूहिक प्रयासहरू स्वीकार गर्न, सिकाउन र सिकाउनमा सुधारको रूपमा प्रयोग गरिन्थ्यो (Wohlstetter & Briggs, 1994)) । सो सन्दर्भमा नारदजी भन्नुहुन्छ, ऋषिहरूका सत्सङ्गले गर्दा म मा पनि भगवान्का महात्म्यहरू सुन्ने र कीर्तन गर्ने रुचि उत्पन्न हुन थाल्यो । यसले गुरुकुल शिक्षा प्रत्यक्ष अनुभूतिमा आधारित शिक्षा थियो भन्ने कुरालाई सङ्केत गरेको छ । विद्यार्थी उत्प्रेरित गर्ने विविध तरिकाहरूलाई वर्तमानमा शिक्षा पद्धतिमा अनुसरण गरिदैछ । यो प्राच्य शिक्षाकै निरन्तरता हो ।

गुरुकुलमा सिकाउने विधि कहानी भन्न, याद गर्न, आलोचनात्मक विश्लेषण, सङ्गोष्ठी र प्रश्नोत्तर थिए (Chouhan, 2016, p. 2) । त्यस्तै अवलोकन, प्रवचन, बहस, छलफल, शास्त्रार्थ, वादविवाद र श्रवण आदि शिक्षण विधि प्रयोग गरिन्थ्यो । यस्तो शिक्षण प्रक्रिया नर्सरी स्कुल, कलेजहरू, विश्वविद्यालय सहित विभिन्न प्रकारको समूहमा हुन सक्छ (Boeren, 2019) । धर्मस्वामीले समेत तिब्बती विद्यार्थीहरूलाई नेपाली विद्वान्हरूसँग, अभ्यास, अन्तर्क्रिया र सहकार्य गरिएको कुरा तत्कालीन एक शिलालेखले पनि स्पष्ट गरेको छ (रेग्मी, २०३०, पृ. १६८-१६९) । तत्कालीन समयमा धर्मस्वामीहरूले नेपाली विद्यार्थीहरूलाई विभिन्न अन्तर्क्रिया, गोष्ठीमा सहभागिता गराउँथे । जुन कार्यक्रम तथा शिक्षण विधिहरू वर्तमानमा सञ्चालित विद्यालयहरूले समेत प्रयोगमा ल्याइरहेका छन् । श्रवण, प्रवचन, प्रयोगात्मक, छलफल र मौखिक आदि विधिहरू आधुनिक शिक्षामा पनि प्रयोगमा ल्याइएकाले यसलाई प्राच्य शिक्षाको निरन्तरता मान्न सकिन्छ ।

अन्तर्वार्ताको क्रममा छजना विशेषज्ञहरूले बताए अनुसार प्राच्य गुरुकुलमा पाठ्यक्रम निर्माणकर्ता, योजनाकर्ता र व्यवस्थापकको भूमिका स्वयम् गुरुले निर्वाह गर्नुहुन्थ्यो । आधुनिक शिक्षा व्यवस्थामा कक्षाकोठा व्यवस्थापन, पाठ्यक्रम तथा पाठ्यपुस्तक, सामग्री व्यवस्थापन, शैक्षिक योजना आदि पक्षहरूको नेतृत्वको भूमिकामा विद्यमान शिक्षा ऐन तथा नियमावलीले विद्यालयको प्रधानाध्यापक र शिक्षकलाई

तोकेको छ जुन विषय प्राच्य शिक्षामा गुरुकुलीय आचार्यहरूकै जिम्मामा रहन्थ्यो । यसलाई प्राच्य शिक्षाकै प्रभाव मान्न सकिन्छ ।

निचोडमा, गुरुकुलको शैक्षणिक व्यवस्थापनमा गुरुको महत्त्वपूर्ण भूमिका थियो । । त्यसैले प्राच्य शिक्षामा शिष्यहरूको सिकाइ स्तर वृद्धि गर्न अतुलनीय योगदान पुगेको पाइयो । वर्तमान शिक्षा व्यवस्थामा शैक्षणिक योजनाहरू निर्माणमा प्रअ/शिक्षकलाई जिम्मेवारी सुम्पिनु, शिक्षण सिकाइको क्रममा श्रवण, प्रवचन, प्रयोगात्मक, छलफल र मौखिक आदि विधिहरू प्रयोगमा ल्याउनु, कक्षामा उत्प्रेरणा जगाउन धन्यवाद दिने, स्यावासी दिने, समूहको नेतृत्व गर्न लगाउने, कथा प्रवचन र सुन्न लगाउने, प्रेरक व्यक्तित्वको सङ्गत गराउने र माया गर्ने आदि विधिको अवलम्बन गर्नु, संस्कृत शिक्षाको पाठ्यक्रमलाई उपयोगमा ल्याउनु, आधुनिक गुरुकुल तथा विद्यालय तहदेखि विश्वविद्यालयसम्म संस्कृत शिक्षाको अध्ययन अध्यापन कार्य गरिनु र प्राविधिक र व्यावसायिक विषयको शिक्षणले निरन्तरता पाउनु आदिबाट प्राच्य शिक्षाको प्रभाव रहेको पुष्टि हुन्छ ।

## ६.२.८ शैक्षणिक सुपरीवेक्षण तथा मूल्याङ्कनमा प्रभाव

गुरुकुलको सुपरीवेक्षण र मूल्याङ्कन कुन निकायबाट कसरी गरिन्थ्यो ?, गुरुकुल शिक्षामा सिकाइ अवलोकन कसरी गरिन्थ्यो ? आदि प्रश्नहरूको प्राप्त उत्तरका आधारमा वर्तमान शिक्षा व्यवस्थामा यसको प्रभावलाई औंल्याइएको छ । गुरुकुलका विद्यार्थीहरूको प्रशासनिक सुपरीवेक्षणमा गुरुको भूमिका के हुन्थ्यो ? र के गुरुकुलमा शिक्षक कार्य सम्पादन मूल्याङ्कन गर्ने गरिन्थ्यो ? यसको वर्तमानमा कस्तो प्रभाव छ भन्ने बारेमा उल्लेख गरिएको छ ।

लिच्छविकालमा शैक्षिक निकायलाई चुस्त दुरुस्त राख्ने निकायको रूपमा अग्रहारलाई महत्त्वका साथ लिइन्थ्यो । गुरुकुलीय परम्परामा सुपरीवेक्षण र मूल्याङ्कन गर्ने मुख्य निकाय नै गुरु थिए । गुरु स्वयम् संस्था प्रमुख मानिन्थे । गुरुको कुशल सुपरीवेक्षणमा नै गुरुकुलमा शिक्षण सिकाइ व्यवस्थापन भएको देखिन्छ ।

Altekar (1944 : 11) ले आफ्नो पुस्तक 'प्राचीन भारतमा शिक्षा' मा उल्लेख गरेका छन्, प्राचीन भारतको शिक्षामा शिष्यहरू तिनीहरूका शिक्षकको प्रत्यक्ष र व्यक्तिगत पर्यवेक्षणमा थिए, जसले उनीहरूको बौद्धिक प्रगति मात्र होइन तर तिनीहरूको नैतिक व्यवहारलाई पनि हेर्नु थियो । यसले गुरुकुलको जस्तै व्यवस्थापन वर्तमान शिक्षामा पनि आवश्यक रहेको देखाउँछ । वर्तमानमा पनि शैक्षणिक सुपरीवेक्षणको जिम्मा विद्यालयको प्रअलाई नै दिइएको छ । गुरुकुल शिक्षामा सिकाइ अवलोकन गुरु वा गुरुले तोकेको शिष्यले गर्ने गरेको पाइन्छ । कुन विद्यार्थीले पढ्न सक्यो सकेन भनेर हेर्ने काम गुरुको थियो । उनले आफ्नै शैलीमा त्यसलाई अनुगमन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्ने गरेको प्राचीन तथ्यहरू पाउन सकिन्छ ।

अन्तर्वार्ताको क्रममा छजना विशेषज्ञहरू र नौजना प्राचार्य तथा शिक्षकहरूले गुरुकुल सुपरीवेक्षण गर्ने सम्बन्धमा प्राप्त रायमा समानता पाइयो । उनीहरूले बताए अनुसार गुरुकुलका शिष्यहरूको प्रशासनिक सुपरीवेक्षण गर्ने काम समेत प्रमुख गुरुको हुन्थ्यो । यसबाट शिष्यले कुनै पनि प्रशासनिक झन्झट बेहोर्नु पर्दैनथ्यो । शिष्यले सिक्नुपर्ने पाठको अनुगमन मात्र नभइ गुरुकुलमा बस्दा आइलाग्ने हरेक समस्याहरूको समाधानमा गुरुको अवलोकन र निर्देशन रहन्थ्यो । आजको शिक्षा प्रणालीमा पनि विद्यार्थीहरूको समस्यामा सहयोग वा सेवा गर्ने प्रमुख दायित्व शिक्षकहरूमा निर्धारण गरिएको पाइन्छ । विद्यालयमा प्रअ तथा शिक्षक, विश्वविद्यालयमा कुलपतिलाई शैक्षिक सुपरीवेक्षण तथा मूल्याङ्कनको जिम्मेवारी सुम्पिएको देखिन्छ । गुरुकुलमा जस्तै अहिले पनि शिक्षकको कार्य सम्पादन मूल्याङ्कन गर्ने प्रारम्भिक जिम्मेवारी प्रअलाई प्रदान गरिएको छ । यो प्राच्य शिक्षाकै परम्परा हो ।

निचोडमा, नेपालको शिक्षा व्यवस्था विभिन्न कालखण्डमा फरक रूपले विकसित हुँदै आएको देखिन्छ । वैदिककालदेखि विकसित गुरुकुलीय पद्धति वर्तमान अवस्थासम्म आइपुग्दा शिक्षाका नीति, योजना, कार्यक्रम तयारी तथा त्यसको कार्यान्वयनमा उपयोगी सिद्ध छ । वर्तमानमा शिष्यहरूको प्रशासनिक सुपरीवेक्षण गर्ने काम प्रअ तथा शिक्षकलाई दिइएको छ । शिक्षकको कार्य सम्पादन मूल्याङ्कन प्राच्य

शिक्षामा प्रधानाचार्यले जस्तै नेपालको वर्तमान शिक्षा व्यवस्थामा प्रअले गर्ने व्यवस्था प्राच्य शिक्षाकै प्रभाव हो भन्न सकिन्छ ।

## ६.३ प्राच्य शिक्षाले समाजमा पारेको प्रभाव

शिक्षाले रूपान्तरण र व्यक्तित्व सुधार गर्ने एक एजेन्सीको रूपमा कार्य गर्दछ (Murty, 2013, p. 67) । यस कार्यमा व्यक्तिलाई समाज र सामाजिक मूल्य मान्यता सम्बन्धी ज्ञान आवश्यक हुन्छ (TU, 2007, p. 30) । त्यसका लागि शिक्षाको विकासक्रमसँगै मानिसले नयाँ, नयाँ व्यवस्थापन सिद्धान्तको प्रतिपादन गर्न पुग्यो । मानिसहरूबिचको पारस्परिक सम्बन्धको व्यवस्था नै समाज हो (मित्तल, सन् १९९४-१९९५) । प्रत्येक समाजको लक्ष्य र मूल्यहरूको प्राप्तिमा संस्कृत शिक्षाको प्रभाव रहन्छ । संस्कृत शिक्षाको यही आवश्यकतालाई विचार गरेर विभिन्न मुलुकहरूका विश्वविद्यालयहरूमा पनि अध्ययन अनुसन्धान भैरहेको अवस्था देखिन्छ (पाविके., २०७६, पृ. २५-२६) । यस बाहेक, संस्कृत शिक्षा धेरै लामो इतिहास भएको साथै नेपालको विभिन्न सामाजिक, धार्मिक, राजनीतिक र धेरै अन्य संस्थाहरूको विकास बुझ्नको लागि आवश्यक छ (Panta, 1979, p. 109 )। यसबाट संस्कृत शिक्षाको प्रर्वधन झन् गर्नुपर्ने देखिन्छ ।

शिक्षा कुनै पनि आधुनिक समाजको विकासको प्रमुख पक्ष हो किनकि यदि त्यहाँ शिक्षित मानिसहरूको कमी छ भने समाजले यसको थप प्रगतिमा रोक लगाउँछ (Idris et al., 2011) । त्यसैले शिक्षाबिना समाजको जुनसुकै आयोजना एवं पद्धति असफल रहन्छ । शिक्षाले व्यक्तिलाई मात्र होइन उसको परिवारबाटै सम्पूर्ण समुदायलाई पनि असर गर्दछ (Yuliani & Hartanto, 2017) । समाजको कुनै एउटा क्षेत्रको विकास हुँदैमा समग्रमा समाजको विकास भएको मान्न सकिदैन ।

त्यसकारण समाजको आवश्यकता, सभ्यता एवं संस्कृतिको संरक्षण, पोषण र विकास साथै विद्यार्थीको रचनात्मक शक्तिको विकासमा शिक्षाको समाजप्रतिको कर्तव्य रहेको हुन्छ (मित्तल, सन् १९९४-१९९५) । समाजमा सामाजिक परिवर्तन भैरहेको हुन्छ

(Yuliani & Hartanto, 2017) । यसका लागि समाजमा राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक आदि पक्षहरूमा समेत सकारात्मक कार्य हुनु आवश्यक देखिन्छ । सरकारी स्तरमा कुनै योजना नभएका बेलामा पनि गुरुकुलहरूले शिक्षाका क्षेत्रमा स्वतन्त्र रूपले निःस्वार्थ सेवा गरी शिक्षाको क्षेत्रमा जुन अद्भुत कार्य गरे त्यो सदासर्वदा वन्दनीय एवं प्रंशसनीय रहनेछ (चिन्तामणि योगी, २०७१ पृ. १७) । जसले व्यक्तिलाई आत्मनिर्भर बनाइ अनुशासित जीवन जिउन योगदान गरेको अनुभूति मिल्दछ ।

अनुशासन प्राचीन शिक्षाको आधार हो (Dubey & Nimje, 2015) । वास्तवमा विद्यार्थीले गुरुकुलमा गएर गुरुको संरक्षणमा अनुशासनको दायराभित्र बसेर ज्ञान सिक्छ, तालिम पाउँछ र उज्ज्वल भविष्यको निर्माण गर्दछ (पन्त, २०७०, पृ. ४९) । यी ज्ञानहरू व्यक्तिलाई समाजमा स्थापित गर्ने माध्यम पनि हो । समाजको अस्तित्वको लागि सामाजिक नियन्त्रण अनिवार्य हुन्छ (मित्तल, सन् १९९४-१९९५) । यसले शिष्यलाई उत्तरदायित्व वहन गर्ने तर्फ डोऱ्याउँछ । जब शिष्य आफ्नो जिम्मेवारीलाई इमान्दारीका साथ पूरा गर्दछ । उसले जीवनमा आदर्श व्यक्तिको रूपमा परिचय बनाउँछ ।

विद्यार्थीमा नैतिक विकास र आदर्श व्यक्तित्व निर्माण गर्नु वर्तमान शिक्षाको पनि लक्ष्य हो । सबैलाई सम्मान गर्नु, दायित्व पूरा गर्नु, सदैव सत्य बोल्नु, अनुशासनमा रहनु जस्ता गुणहरू विद्यार्थीमा हुनुपर्छ (उपाध्याय, २०६७) । त्यही मान्यता अनुरूप विद्यार्थीहरूले गुरूप्रति नम्र भएर गुरुको आदर सत्कार गर्दथे र नवीनतम् ज्ञानका कुरा अनुशासित भएर सिक्दथे । शिष्यहरू अनुशासित र व्यावहारिक हुन्थे । यसले स्पष्ट गर्दछ कि वैदिक शिक्षा प्रणालीले साँच्चिकै एक पूर्ण मानव जन्माउँछ (चिन्तामणि योगी, २०७०, पृ. ३५) । त्यसका लागि गुरुकुलमा विद्यार्थीहरूलाई नैतिक बनाउन वा राम्रो चरित्र निर्माण गर्न नीतिशास्त्रको शिक्षामा विशेष जोड दिइन्छ (पौडेल, २०७०, पृ. ३७) । जसले व्यक्तिलाई सामाजिकीकरण गराउँछ ।

त्यस्तै गुरुकुलीय ऋषिमुनिहरूको सफलताको कथाले समेत सकारात्मक भूमिका खेल्ने भएकाले गुरुकुलबाट व्यक्तिमा प्रभाव परेको देखिन्छ । विशिष्ट विद्वान्हरूको बोलीचालीमा संस्कृत भाषाको प्रभाव परेको देखिन्छ (तिमल्सिना, २०७७) । समाज र राज्यको कल्याणका लागि व्यक्तिको सकारात्मक कार्य र लगानीको खाँचो परेको हुन्छ । समाजका लागि गुरुकुलले कृष्ण र राम जस्तो आदर्श अनुशासित शिष्यको उत्पादन गर्न सकेको गुरुकुलको इतिहासबाट जानकारी पाउन  सकिन्छ ।

आदर्श व्यक्तिको अनुकरणबाट नै समाजमा अरू बढी असल र क्षमतावान् व्यक्तित्व स्थापित हुने भएकाले गुरुकुलको प्रभाव उदाहरणीय रहेको पाइन्छ । “मातृदेवो भवः पितृदेवो भवः, आचार्यदेवो भव” को आदर्श गुरुकुलमा पढाइन्छ । त्यस्तै भगवान् शिवभन्दा अर्को श्रेष्ठ देवता कोही छैन । अघोर मन्त्रभन्दा अर्को मन्त्र छैन र गुरु भन्दा श्रेष्ठ तत्त्व केही छैन (सुवेदी, २०७२, पृ. १३९) । त्यसैले आफू भन्दा मान्यजनलाई आदर गर्नका लागि गुरुकुलमा सिकाइन्छ । जो शिष्य अनुशासनहीन र अशिष्ट छ, उसलाई गुरुकुलमा राखेर सुधार गर्नु नै गुरुकुलको ध्येय हो ।

प्रत्येक व्यक्तिले आफ्नो स्वयम् र समाजको प्रयासबाट शिक्षाको स्तर वृद्धिमा गरेको प्रगतिले देशको शैक्षिक अवस्थाको बोध हुन्छ । यसका लागि व्यक्ति स्वयम् सक्रिय र अनुशासित हुन आवश्यक हुन्छ । प्राचीन गुरुघरमा तोकिएको आचरण पालना गरेर गुरु-शिष्य सम्बन्ध विकास गरी शिक्षा आर्जन गरिन्थ्यो । त्यस समयमा गुरु र शिष्यबिचको सम्बन्ध पारस्परिक थियो (Chouhan, 2016) । साथै “हाम्रो नेपाली संस्कृतिमा गुरु र शिष्यबिचको सम्बन्ध पहिले धेरै मधुर र सुखद थियो । यसको एक मात्र कारण एक अर्का माथि विश्वास थियो । गुरुले शिष्यलाई आफ्नो छोराछोरी र शिष्यले गुरुलाई मातापिता जस्तै आदारप्रदान गर्दथे” (दास, २०७४) ।

प्राचीन नेपालीहरूको विचार “कुनै व्यक्तिलाई जन्म दिने आमा, कर्म दिने बाबु र संसारको मर्म विषयक ज्ञान दिने गुरु हुन् भन्ने बलियो धारणा पनि नेपाली समाजमा उलेख्य रहेको पाइन्छ” (बज्राचार्य, २०२०, पृ. २८-२९) । हाम्रो मातृभूमि नेपालमा आफ्ना पुर्खाको नाममा श्राद्ध तर्पणादि आदि कार्य गर्दा राजमाता, राजपिता, गुरुमाता र

गुरुपिता गायत्रीगुरु आदिको नामबाट समेत पिण्ड तर्पण दिने परम्परा अद्यावधिक चलिरहेको कुराले पनि गुरुहरू उपर सर्वसाधारण तथा शिष्यको कति अगाध श्रद्धा रहेछ भन्ने कुराको प्रमाण मिल्दछ । यसले पनि समाजमा प्रत्यक्ष प्रभाव पार्दछ ।

मानिसको वास्तविक जीवनको सिकाइको सुरुवात विद्यालयबाट हुने हुनाले विद्यार्थीको असल आनीबानी तथा मूल्यको विकास गर्न विद्यालयको स्थान उच्च मानिन्छ (न्यौपाने, २०७९, पृ. १) । गुरुकुलीय शिक्षा प्रणालीले शिक्षालाई सार्थक, सफल, उपयोगी बनाउँछ र सामूहिक परिवार प्रणालीलाई अघि बढाउन समेत मदत गर्दछ (आचार्यश्री पथिक, २०७१, पृ. ६८) । गुरुको व्यवहारले शिष्यलाई सदा कर्तव्य बोध गर्न अभिप्रेरित गर्दथ्यो किनकि गुरु जे गर्नुहुन्थ्यो, त्यसले शिष्यलाई अनुशासित बनाउन योगदान गर्थ्यो । गुरुकुलका शिष्य गुरुको निर्देशनमा रहेर सिकाइ र गुरुकुलको प्रवर्द्धनात्मक कार्यमा सरिक हुनुपर्थ्यो ।

"गुरुको विरुद्ध कुनै कुरा बोल्नाले आफूले जानेको शिक्षा वा कार्यको नाश हुन्छ" भन्ने लोकोक्ति र "गुरु द्रोह गर्नेहरूको फलिफाप हुँदैन भन्ने उखानबाट पनि प्राचीन नेपालमा शिक्षकले स्वतन्त्र स्थान प्राप्त गरेको कुरा अनुमान गर्न सकिन्छ" (बज्राचार्य, २०२०, पृ. २८-२९) तर आजकाल शिक्षक विद्यार्थीबिचको सम्बन्ध प्रगाढ देखिदैन । त्यसका लागि उनीहरूबिचको सम्बन्ध बढाउने प्रयत्न र क्रियाकलापहरू भएका छन् । जसलाई प्राच्य शिक्षाले समाजमा पारेको प्रभाव मान्न सकिन्छ ।

साथै नासाले संस्कृतलाई अति नै सहज, सरल र शुद्धता रहेको भाषाको रूपमा लिएको छ तर आजका सन्दर्भमा शिक्षकले विद्यार्थीलाई खोजी गरेर सिकाउनु पर्ने बाध्यता देखा परेको छ । यस्तो परिस्थितिमा सिकाइ कति प्रभावकारी र अपेक्षित हुन सक्छ ? यो जिज्ञासाले वर्तमान शिक्षाका सरोकावालाहरू सबैलाई एक पटक सोच्नु पर्ने बनाएको छ किनकि व्यक्ति शिक्षित नभए समाज र समाज शिक्षित नभए राष्ट्रको शिक्षा विकास हुन सक्दैन ।

आधुनिक शिक्षाले व्यक्तिलाई डिग्री पासको प्रमाणपत्र त प्रदान गर्न सक्यो तर डिग्री पास गर्ने विद्यार्थीलाई राष्ट्रियता, अनुशासन र नैतिकताको पाठ पढाउन सकेन । यहाँ त प्राध्यापकहरू पद र पैसाका लागि तल्लीन देखिएका छन् र अन्य समय राजनीतितिर लगाइ त्यताबाट राजनीतिमा प्रवेश गर्न खोज्ने प्रवृत्ति देखाइरहेका पाइन्छन् (शर्मा, २०७०, पृ. ३७) । यस्तो अवस्थाबाट वर्तमान समाजलाई मार्ग निर्देशन गर्न प्राच्य शिक्षाको अनुसरण गर्नु वाञ्छनीय मानिन्छ तसर्थ गुरुकुलमा असल चरित्र भएका अनुभवी ऋषि महर्षिले नै गुरुको स्थान प्राप्त गरेको देखिन्छ ।

गुरु शब्द पूर्वको एउटा महत्त्वपूर्ण खोजमूलक अवधारणा हो । यो पूर्वको अटल सम्पतिको रूपमा रहेको देखिन्छ । गुरु-शिष्य परम्परा पूर्वको संस्कृति, सभ्यता र पहिचान हो । पूर्वले गुरुको महत्त्व र गरिमालाई राम्ररी बुझेको छ किनकि यस परम्परालाई सकारात्मक, नियमित र प्राकृतिक परम्पराको रूपमा लिएको छ, यति मात्र होइन गुरु शब्द पूर्वको लागि अति प्यारो, सर्वव्यापक र सर्वमान्य बनेको छ । यो परम्परा विद्यार्थीले शिक्षक खोज्ने परम्पराको रूपमा देखिएको छ । जसलाई तिर्खा लागेको हुन्छ, ऊ स्वाभाविक रूपमा खोला धाउँछ भने झैं शिष्य गुरुकुलमा गएर आफ्नो ज्ञानको तिर्खा मेटाउँछ ।

गुरुकुल शिक्षा प्रणालीमा गुरुले ज्ञान प्रदान गरेको देखिन्छ तर अहिले गुरुको स्थान शिक्षकले लिएको छ । अहिलेका विद्यालयका गुरुहरू पनि सच्चा गुरु रहेनन् । जागिरे मात्र भए । दिन काट्ने, तलब पचाउने, आफ्नो दुनो सोझ्याउने र राजनीतिको आडमा मनपरी गर्ने भएका छन् (पौडेल, २०७०, पृ. ३७) । प्राच्यकालमा शिक्षण कार्य पेसा नभएर सुख र आनन्द थियो भने अहिले शिक्षणलाई पेसा बनाइएको छ र अतीतबाट प्राप्त जानकारी वा सूचनालाई शिक्षाको रूपमा प्रदान गरिन्छ ।

साथै धर्म, कर्म, आध्यात्मिकता र नैतिकताबाट पूर्णतया वञ्चित यस्तो किताबी भौतिक शिक्षा अझै सय वर्षसम्म चलिरह्यो भने मनुष्य जीवन यस्तो बोझिलो र समाज पनि  दुषित भइहाल्छ कि भन्ने जस्तो भइसकेको छ । मानवका लागि यो धर्तीमा जीवन धारण दुष्कर हुन जान्छ (स्वामी चन्द्रेश, २०६७, पृ. १६३) । त्यसकारण

पूर्वीय वाङ्मय, भाषा, धर्म र संस्कृति आदिको विकास गर्ने उद्देश्यले सन्त मोहनशरण दासले श्री राधाकृष्ण संस्कृत वेदविद्याश्रमको स्थापना गर्नुभयो (लुइटेल र अरू, २०७२) । यसले समाजको प्राचीन संस्कृति, योग साधना, कला र स्थापित मूल्य मान्यताहरू जोगाउन गुरुकुल शिक्षाको प्रभाव स्पष्ट हुन्छ ।

त्यस्तै प्रकारले वैदिक आर्य महिलाहरूले पुरुषहरू जस्तै पूर्ण सामाजिक अधिकार पाएका थिए (स्वामी प्रपन्नाचार्य, २०७२, पृ. ७१) । जुन वातावरण निर्माण वर्तमान समाजमा शतप्रतिशत बन्न सकेको देखिदैन तर आधुनिक शिक्षाले देशको लागि आवश्यक अनुशासित, राष्ट्रप्रेमी, लगनशील, कर्तव्यनिष्ठ र जवाफदेही नागरिक निर्माण गर्न अपेक्षित रूपमा असफल रह्यो । त्यही कुरा गुरुकुल शिक्षामा हाम्रा पूर्वज ऋषि, महर्षि र गुरुहरूले शिक्षा विकासमा अब्बल रूपमा आफ्नो कर्तव्य पूरा गरी देखाइ दिएका थिए । फलस्वरूप आज हामी पुर्खाको त्याग, बलिदान र इतिहासप्रति गर्वको अनुभूति गर्न पाएका छौ ।

विभिन्न कालखण्डमा भएका सशस्त्र द्वन्द्व र आन्दोलनको कारण संस्कृत विषयको पठनपाठन समेत अवरुद्ध भएको पाइन्छ तर पछि नेपालको संविधान २०७२ लागु भएपछि संस्कृत शिक्षाको महत्त्व तथा प्रभाव बढ्दै गएको देखिन्छ । अहिले फेरि संस्कृत शिक्षालाई साधारण जस्तै विद्यालय र विश्वविद्यालय तहको संरचनाभित्र व्यवस्थित गर्न खोजिएको छ । शिक्षाले जनसंख्यालाई ज्ञान र सीपहरू प्रदान गर्दछ । साथै राष्ट्रको युवा व्यक्तित्वको आकार दिन्छ । यसले मानवीय अवसरमा उनीहरूको जीवनस्तर जारी राख्न ठुलो प्रभाव पार्न सक्छ (Idris et al., 2011) । त्यसैले संस्कृत शिक्षाले मानिसलाई सभ्य नागरिक बनाउन मदत गर्दछ ।

संस्कृत भाषा जान्ने व्यक्तिमा बोलीमा स्पष्टता हुनुको साथै अङ्ग्रेजी सिक्न, बुझ्न र प्रयोग गर्न संस्कृतले सजिलो बनाउँछ । संस्कृतले नै नेपाली भाषा सिकाउँछ । जसले जुनसुकै क्षेत्रमा बस्ने व्यक्तिलाई समाजमा स्थापित हुन सक्षमता प्रदान गर्दछ किनकि गुरुकुल शिक्षा अनिवार्य रूपमा जानकारीमूलक भन्दा परिवर्तनकारी थियो (Ferrer, 2018) । समाजका जुनसुकै व्यक्ति चाहे त्यो राजनीतिकर्मी, सरकारी तथा

निजी क्षेत्रमा कार्यरत कर्मचारी, शिक्षक तथा सर्वसाधारणलाई गुरुकुल शिक्षाको महत्त्वपूर्ण प्रभाव रहेको पाइन्छ ।

ईश्वरीय सर्वोच्चता, परोपकार, अँध्यारोबाट उज्यालोतिरको खोजी, आस्तिक चिन्तन, उच्चतम् आदर्शको प्राप्ति र अग्रजप्रति सम्मान आदि हिन्दु दर्शनका तत्कालीन शैक्षिक मूल्यहरू थिए । वैदिक क्षेत्रमा प्रकाशित अधिकांश वैदिक ग्रन्थहरू वा पुस्तकहरू संस्कृतमा नै लेखिएको पाइन्छ । ज्ञानको गम्भीरता र पुस्तकको मिठासलाई सहज रूपले ग्रहण गर्न संस्कृत भाषा जान्नु आवश्यक देखिन्छ । यसका लागि विद्यार्थीहरूलाई कार्यमा प्रतिबिम्बित गर्ने अवसर दिन महत्त्वपूर्ण छ (Ambrose et al., 2010) । यसले व्यक्तिलाई अनुशासित, आत्मनिर्भर र उत्तरदायी बनाउन योगदान पुग्दछ ।

आधुनिक शिक्षा व्यवस्थामा चाहे नेपाल होस् या पश्चिमी मुलुक, शिक्षाको नाममा एक अन्धो दौड सुरु भएको छ । जसले डाक्टर, इन्जिनियर, टेक्निसियन, प्रोफेसनल आदि त जन्माउन सक्छ तर एक असल मान्छे वा पूर्ण मान्छे भने जन्माउन सक्दैन (चिन्तामणि योगी, २०७०, पृ. ३३) यसको अर्थ प्राचीन शिक्षाले जीवन र जगत् सम्बन्धी चिन्तन र दर्शनको उत्पति गर्न व्यक्ति र समाजलाई निर्देशित गर्दछ भन्ने नै हो ।

साथै हाम्रो समाजमा वास्तविक समस्याहरू समाधान गर्न सक्षम गर्ने नयाँ पुस्ताको उत्पादनको लागि शिक्षाको भूमिका अपरिहार्य हुन्छ (Idris et al., 2011) । त्यसकारण पूर्व औद्यौगिक समाजमा नयाँ पुस्ता संस्थाको माध्यमबाट होइन बितेका पुस्ताको व्यवहार र बानी पछ्याउन चाहन्छ जुन आज स्कुल हो (Yuliani & Hartanto, 2017) । यसले व्यक्तिमा ज्ञान, सीप र धारणाको विकास गराउँछ ।

त्यसैले त आजका कयौँ विद्यालयहरू गुरुकुलको आदर्श लिएर सञ्चालनमा रहेको समेत पाइन्छ तर पनि आजकालका विद्यार्थीमा गुरु, आमा र बुबाप्रति बफादार, इमान्दार, नैतिकता र जिम्मेवारपन हराउँदै गएको पाइन्छ । यसको पछाडि शिक्षाका नीति निर्माता, शिक्षक, अभिभावक र राज्यको गैर जिम्मेवारपूर्ण व्यवहारले पनि

सघाएको छ । यस्तो प्रवृत्ति र व्यवहारलाई नियन्त्रित र प्रवर्द्धित गर्न गुरुकुल शिक्षा पद्धतिलाई अझ राम्रोसँग व्यवस्थापन गर्नु जरुरी देखिन्छ ।

शिक्षाले व्यक्तित्व, समाज र राष्ट्रको विकासमा महत्वपूर्ण भूमिका खेल्छ (Anderson & Lindkvist, 2000, p.13)। वैदिककालमा हिन्दुहरूले शिक्षालाई जीवनको एक प्रक्रियाको रूपमा मान्छन् र यसले व्यक्तिलाई संस्कृति संरक्षणको लागि तयार गर्दछ (Suresh, 2018) । साथै विद्यार्थीहरूको विकासको स्तरले सामाजिक, भावनात्मक र बौद्धिक अन्तर्क्रियाद्वारा उनीहरूको सिकाइमा प्रभाव पार्दछ (Ambrose et al., 2010) । आधुनिक समाज व्यक्तिवादी भयो, समाजवादी बन्न सकेन (चिन्तामणि योगी, २०७०, पृ. ३४) । गुरुकुल त्यस्तो शिक्षा पद्धति हो, जसअन्तर्गत राष्ट्र, राष्यिट्रता र स्वदेश प्रेम रहन्छ (पौडेल, २०७०, पृ. ३९) । व्यक्तिलाई सामाजिक दायित्वप्रति उत्तरदायी बनाइन्छ र निःस्वार्थ राष्ट्रप्रेम र विश्वबन्धुत्वको पाठ पढाइन्छ (घिमिरे, २०७०) । यस शिक्षामा राष्ट्र तथा अन्तर्राष्ट्रिय क्षेत्रलाई के योगदान दिन सकिन्छ भन्ने प्रश्नको जवाफ प्राप्त गर्न विद्यार्थीको ध्यान केन्द्रित गर्ने गरिन्छ । गुरुकुलमा विभिन्न धार्मिक प्रवचन, कथाहरू र वैज्ञानिक दृष्टिकोणहरूको चर्चा गरिन्छ जुन सुनाएपछि यसले शिष्यलाई राष्ट्रप्रेमी र देशप्रेमी बन्न प्रेरित गर्दछ । यसमा अध्यात्मवादको वर्णन गरिएको तथ्य उल्लेख पाइन्छ । यसले वसुधैव कुटुम्बकम्को सन्देशमार्फत विश्वबन्धुत्वको भावनामा जोड दिन्छ ।

गुरुकुलमा बस्ने शिष्यहरूले धोती, गम्छा, भोटो र कछाड जस्ता कपडा धारण गर्ने परम्परा रहेको पाइन्छ । त्यसले उनीहरूलाई समाजमा सादा जीवन जिउन उत्प्रेरित गर्दथ्यो । त्यहाँ उनीहरूलाई महङ्गा र उच्छृङ्खल खालका लत्ताकपडा लगाउन पाउँदैन थिए (घिमिरे, २०७०, पृ. ६५) । के खाने र के लगाउने भन्दा पनि शिष्यहरूको विचारलाई कसरी शुद्ध बनाउने भन्ने कुराले महत्त्व राख्दथ्यो । खानु र पिउनु भन्दा शुद्ध मनको चिन्तन गर्नु र मानसिक रूपमा सकारात्मक तथा सिर्जनात्मक दिमाग बनाउनका लागि गुरुकुलको योगदान रहन्थ्यो । स्नातक प्राप्त गरी दीक्षित शिष्यले साधारण तर बौद्धिक रूपमा उच्च स्तरका व्यक्तित्वको स्थान समाजमा ग्रहण गर्दथे ।

वास्तवमा असल नागरिकबाट असल समाज बन्दछ, असल समाजले असल राष्ट्र दिन सक्छ (पौडेल, २०७०, पृ. ३८) । कुनै पनि ज्ञानलाई व्यावहारिक रूपमा उपयोग गर्न सकिएन भने त्यो ज्ञान भारको रूपमा सावित हुन्छ । समाजमा विभिन्न समस्याहरूसँग जुध्नु पर्दछ, ती समस्याहरूको उचित समाधान प्रायोगिक र व्यावहारिक ज्ञानको उपयोगमा मात्र सम्भव हुन्छ । आफ्नो शिष्यलाई व्यावहारिक ज्ञान प्रदान गर्नु नै गुरुकुलीय आदर्श हो । प्राचीन गुरुकुलहरूमा विना सरकारी हस्तक्षेप संस्कृत शिक्षा परम्परागत रूपमा सञ्चालित थियो । भनिन्छ कि नवौँ शताब्दी विक्रम युगसम्म नेपालमा शिक्षाको गुरुकुल प्रणाली थियो (Joshi, 2003, p. 3) ।

आजको आधुनिक शिक्षा निर्धारित बन्धनमा राखिएको छ । विद्यार्थीलाई मात्र किताबी किरो बनाइन्छ, अन्य व्यवहार सिकाइदैन तर गरुकुलमा शास्त्रीय, सैद्धान्तिक ज्ञानका साथै त्यसलाई व्यवहारमा उतार्नका लागि कर्मकाण्ड, कथावाचन, प्रवचन र कौशलको प्रायोगिक शिक्षा पनि सिकाइन्छ । यसका साथै गुरुकुलमा बसेका शिष्यले खाना पकाउने, लुगाधुने, गाइवस्तु चराउने, पूजा सामग्री सङ्कलन र सफा गर्ने, फलफुल तरकारी लगाउने, बगैँचाको निर्माण र संरक्षण गर्ने, देवीदेवताको पूजा आराधना र यज्ञ सञ्चालन गर्ने जस्ता क्रियाकलाप सम्पन्न गरिन्छ ।

यसले गर्दा शिष्यलाई व्यावहारिक क्षेत्रमा समेत कुशलता अभिवृद्धि गराउँछ किनकि सिक्नु भनेको ज्ञान परिवर्तन गर्नु हो (Ambrose et al., 2010)। यसले समाजमा प्राच्य शिक्षाको प्रभाव स्पष्ट देखिन्छ । अमेरिकाको फ्लोरिडा राज्यमा अवस्थित हिन्दु विश्वविद्यालय विश्वप्रख्यात प्राज्ञहरूको नेतृत्वमा हिन्दुत्त्वको युगानुकूल व्याख्या, वर्तमान सरकारी र निजी क्षेत्रका विद्यालयहरूले उत्पादन गरेको विद्यार्थीहरूको पारिवारिक सम्बन्ध राम्रो भएको पाइदैन् किनकि उनीहरू दैनिक व्यवहारमा परावलम्बी र सामाजिक रूपमा घुलमिल नहुने विशेषता देखिन्छ । गुरुकुल उत्पादनमा भने त्यो अवस्था विद्यमान देखिदैन (पौडेल, २०७०, पृ. ३८) । संस्कृति, परम्परा र समाजको व्यवस्थालाई जिवन्तता दिने र नैतिक मूल्य र मान्यताप्रति सजग बनाउन संस्कृत शिक्षा अपरिहार्य देखिएको छ (घिमिरे, २०७७) । गुरुकुलमा शिष्यप्रति सदा समानको

आँखाले हेरिन्छ । राजादेखि गरिव परिवारका शिष्य नै किन नहोस् उनीहरूसँगै एउटै गुरुकुलमा अध्ययन गर्न सक्थे । ऋषि तथा गुरुहरूको नजरमा उनीहरू समान मानिन्छन् र समान दृष्टिले व्यवहार गर्दछन् । त्यहाँ कोही शिष्यबिच कुल, वंश, धन र शक्ति कुनै पनि किसिमको भेदभाव र रवाफ हुँदैन ।

पुराणमा उल्लेख गरिएको छ कि भगवान् श्रीकृष्ण र सुदामाले सान्दीपनि गुरुबाट एउटै गुरुकुलमा अध्ययन गरेको प्रसङ्गले यो कुरा पुष्टि गर्दछ । साथै अनौपचारिक शिक्षा केन्द्रहरूमा साक्षरता, सीप र धार्मिक शिक्षा बालबालिकामा प्रदान गरिन्थ्यो (Joshi, 2003) । त्यही स्वरूपको शिक्षा वर्तमान समाजमा बढी प्रचलित बन्दै गएको पाइन्छ । साथै गुरुकुल त्यस्तो संस्था हो जहाँ शिष्यहरूलाई सदाचार र सच्चरित्र सिकाउन सदा उत्प्रेरित गराउँछ किनकि सकारात्मक प्रतिक्रिया सहितको लक्ष्य-निर्देशित अभ्यासले विद्यार्थीको सिकाइ गुणस्तरमा विस्तार गर्दछ (Ambrose et al., 2010) । गुरुकुलीय पद्धतिको मान्यता शुद्ध र सत् आचरणमा रहेको शिष्यले मात्र ज्ञान आर्जन गर्न सक्छ भन्ने हुन्छ ।

शिष्यले शुद्ध आहार विहारमा सदैव ध्यान दिनु बुद्धिमानी मानिन्छ । गुरुकुलमा उपनयन सम्पन्न शिष्यले आफ्नो आचरणमा सुधार नल्याए निजलाई आवश्यक सुधारका लागि सदाचार र सच्चरित्रको पाठ सिकाइन्छ र उसलाई सत्यवादी भई राम्रो आचरण गर्न प्रोत्साहन गरिन्छ (घिमिरे, २०७०) । यदि कुनै शिष्य नियम र अनुशासनको पालन नगरी उत्ताउला व्यवहार देखाउँछ भने साम, दाम, दण्ड र भेदको नीति अवलम्बन गरिन्छ । यसबाट शिष्यको गलत व्यवहार तथा प्रतिक्रियालाई निरुत्साहित गरिन्छ । राम्रो भूमिका निर्वाह गर्ने शिष्यलाई माया, प्रेम र पुरस्कार प्रदान गरेर सदाचारी शिष्य बनाइन्छ ।

गुरुकुलमा चौबिसै घण्टा गुरुको प्रत्यक्ष निगरानीमा शिष्यको समय बित्ने गर्दछ । गुरुकुल घर गाउँदेखि टाढा शान्त र हरियाली जङ्गलको बिचमा रहने भएकाले आफ्ना मातापिता भन्दा धेरै टाढा शिष्य रहनुपर्थ्यो । त्यसबखत शिष्यको अभिभावकत्त्व समेत गुरुले निर्वाह गर्दथे । त्यसैले गुरु-शिष्य परम्परा बाबु छोरा जस्तै पवित्र र नजिक रहेको

पाइन्छ । यसबाट गुरु र शिष्य एक अर्कादेखि सदा निकटस्थ रहनु गुरुकुलको समाजमाथिको प्रभाव हो ।

विशेष गरेर गुरुकुलले शिष्यलाई सैद्धान्तिक र व्यावहारिक ज्ञान प्रदान गरेपछि उनीहरूमा स्वावलम्बीपनको भावना विकास हुन्छ । त्यहाँबाट ज्ञानवान्, विवेकशील, विचारवान, मानवीय गुण सम्पन्न मानिसहरू तयार हुन्छन् (पौडेल, २०७०, पृ. ३९) । यसले शिष्यलाई आत्मविश्वासको भावना समेत जगाउँछ । शिष्यलाई आत्मनिर्भर तथा सामान्य जीवनयापनको लागि कसैको भर नपर्ने क्षमताको विकास गुरुकुलले गराउँछ । त्यहाँ जीवनमा सधैँ उत्साही र जाँगरिलो बन्नका लागि सदैव प्रेरित गरिन्छ किनकि जीवनलाई सफल बनाउन कठिन छ ।

यो कठिन यात्रामा जो व्यक्ति हरेस नखाई सदा अगाडि बढ्ने प्रयास गर्दछ । उसले निश्चय नै आफ्नो गन्तव्य भेट्टाउन सक्छ, जसले गर्दा गुरुकुलका छात्र आत्मविश्वासका साथ बौद्धिक तथा व्यावहारिक क्षेत्रमा प्रशंसनीय भूमिका निर्वाह गर्न सक्ने उच्च हैसियतको असल नागरिक बन्न सक्छन् । गुरुकुलमा लिइएको शारीरिक, बौद्धिक, सामाजिक र आध्यात्मिक शिक्षाले व्यक्तिको चौतर्फी विकास हुन सक्छ ( चैतन्यकृष्ण, २०७०, पु. ६५) । शिष्यमा स्वावलम्बीपन तथा आत्मविश्वासको भावना विकसित गराउनु नै गुरुकुलको समाजप्रतिको प्रभाव हो ।

संस्कृत शिक्षाप्रति शिष्यहरूको आकर्षण बढ्दै गएको देखिन्छ किनकि प्राच्य शिक्षाले शिष्टता र मर्यादा पालनालाई जोड गराउँछ । जो शिष्य अनुशासनहीन र अशिष्ट छ, उसलाई गुरुकुलमा राखेर सुधार गर्न सल्लाह प्रदान गर्दछ । असभ्य शिष्यलाई सानै उमेरदेखि अनुशासनमा रहन गुरुकलमा प्रेरित गरिन्छ । जसले शिष्यलाई परिवार, समाज र राष्ट्रप्रति आफ्नो कर्तव्य र उत्तरदायित्व बहन गर्न सक्षम बनाई शिष्ट र मर्यादित बनाउँछ (घिमिरे, २०७० पृ. ६०) । व्यक्तिको जीवनलाई व्यवस्थित अनुशासित बनाउन शिष्यलाई आधार प्रदान गर्दछ ।

निचोडमा, वर्तमानमा सञ्चालित आधुनिक तथा गुरुकुल विद्यालयलाई शान्तिक्षेत्रको रूपमा विकास गर्दै संस्कृति, योग, साधना, कला र स्थापित मूल्य मान्यताहरूको प्रर्वधनका लागि उपयोग गर्नु प्राच्य शिक्षाले समाज माथि पारेको प्रभावलाई लिन सकिन्छ । तिथिश्राध्दमा संस्कृतको उपयोग, नयाँ र शुध्द वस्त्र धारण, अग्निमा खाद्यान्न चढाउनु, उपनयन संस्कार, जलमा दिसा पिसाव उत्सर्जन नगर्नु, सामूहिक कार्यमा सहभागिता जनाउनु र भूमि, जल, अग्नि, वायु आदिलाई देवता मानेर पूजा गर्नु आदि प्राच्य शिक्षाको प्रभाव हुन् । साथै असल गुरूप्रति श्रद्धा, सम्मान र असल कार्यको अनुसरण गर्नु, व्यक्तिलाई नैतिक, अनुशासित, आत्मनिर्भर र उत्तरदायी बनाउने कुरा शिक्षाको राष्ट्रिय उद्देश्यमा समावेस गर्नु, संस्कृत शिक्षालाई साधारण जस्तै विद्यालय र विश्वविद्यालय तहको संरचनाभित्र व्यवस्थित गर्नु र व्यावसायिक तथा प्राविधिक शिक्षालाई प्राथमिकता दिने जस्ता पहलकदमीले वर्तमान समाज प्राच्य शिक्षाबाट निर्देशित छ भन्ने तथ्य पुष्टि गर्दछ । एउटा आदर्श नागरिक निर्माण गर्ने लक्ष्य सहित पिँढी शिक्षाबाट सुरु भएको प्राचीन नेपालको शिक्षा आजसम्म आइपुग्दा प्राच्य गुरुकुल शिक्षाको प्रभाव समाजको हरेक तह र क्षेत्रमा परेको पाइन्छ ।

# अध्याय सात

## सारांश र निष्कर्ष

### ७.१ विषय प्रवेश

प्राच्य शिक्षा अन्तर्गत गुरुकुल शिक्षालाई मुख्य आधार मानी यो अध्ययन गरिएको हो । यस अध्ययनको प्रमुख उद्देश्यहरूमा प्राच्य शैक्षिक व्यवस्थापनका औपचारिक तथा अनौपचारिक संरचना/सङ्गठनको समीक्षा गर्नु, प्राच्य शिक्षामा शैक्षिक व्यवस्थापनका पक्षहरू विश्लेषण गर्नु र प्राच्य शिक्षाले नेपालको वर्तमान शिक्षा व्यवस्थामा पारेको प्रभावको खोजी गर्नु रहेका थिए ।

उपर्युक्त उद्देश्यहरू प्राप्तिका लागि प्राथमिक र सहायक दुबै स्रोत सामग्रीको प्रयोग गरिएको थियो । प्राथमिक स्रोत अन्तर्गत संस्कृत वा गुरुकुल शिक्षामा नाम स्थापित भएका आठजना विद्वान्हरूलाई विशेषज्ञको रूपमा र देशका विभिन्न भागमा सञ्चालित गुरुकुलका तेह्रजना प्राचार्य/शिक्षकहरूलाई अन्य उत्तरदाताको रूपमा लिइएको थियो । सहायक स्रोत अन्तर्गत आधिकारिक पुस्तकहरू, जर्नलमा प्रकाशित लेखहरू, विभिन्न शिक्षाका प्रतिवेदनहरूलाई लिइएको थियो । यी दुबै स्रोतबाट प्राप्त सूचनाहरूका आधारमा यो शोधप्रबन्ध तयार पारिएको छ ।

यस अध्ययनले वर्तमान शिक्षाको समग्र सुधार, विकास र व्यवस्थापनका निमित्त पारेको प्रभावलाई उल्लेख गरिएको छ । अध्यायको अन्त्यमा भविष्यमा यस क्षेत्रमा गर्न सकिने सम्भावित शोधका क्षेत्रहरू प्रस्तावित गरिएका छन् । जसले भविष्यमा शोधकार्य गर्न चाहने जो कोही अनुसन्धातालाई उपयोगी हुने विश्वास लिइएको छ ।

### ७.२ प्राप्तिको सारांश

शोधले निर्धारित गरे बमोजिमका उद्देश्य अनुसार प्राप्तिको अध्यायगत सारांश बुदाँगत रूपमा यस प्रकार रहेका छन् ।

## ७.२.१ प्राच्य शैक्षिक व्यवस्थापनका औपचारिक तथा अनौपचारिक संरचना/ सङ्गठन

मानव सभ्यतासँगै विकसित शिक्षा चाहे त्यो औपचारिक वा अनौपचारिक रूपमा नै किन प्राप्त नहोस्, त्यससँग मानव जीवनको घनिष्ठ सम्बन्ध गाँसिएको हुन्छ । प्राच्यकालदेखि नै शिक्षा लिनदिन र त्यसको उचित प्रबन्ध गर्न औपचारिक वा अनौपचारिक संरचना/सङ्गठन विकसित हुँदै आएको हो । अध्याय चारमा गरिएको तथ्यगत विश्लेषणका आधारमा प्राप्तिको अध्यायगत सारांश बुदाँगत रूपमा निम्नानुसार रहेका छन् :

१) प्रारम्भिक समाजमा एक पुस्ताबाट अर्को पुस्तामा ज्ञान हस्तान्तरण अनौपचारिक रूपमा हुन्थ्यो तर गुरुबाट शिष्यले जे ग्रहण गर्दथ्यो त्यो औपचारिक नै हुन्थ्यो ।

२) व्यक्तिलाई सत्कर्मप्रति आकर्षित गर्ने, व्यक्तिको चरित्र निर्माण र व्यक्तित्व विकास गर्ने, नागरिक र सामाजिक कर्तव्यको जानकारी दिने, सामाजिक सक्षमता र खुशी प्रवर्धन साथै संस्कृतिको संरक्षण र प्रचार गर्नु प्राच्य शिक्षाको लक्ष्य तथा उद्देश्य थियो ।

३) गुरुकुलमा गुरु निःस्वार्थ भावनाले स्वः परिचालित भएको देखिन्छ । उनी कहिल्यै कोहीबाट निर्देशित र नियन्त्रित भएको देखिन्न । गुरु स्वयम् स्वायत्त निकायको भूमिकामा रहेको पाइयो ।

४) गुरुकुलमा रामो व्यवहार प्रर्दशन गर्ने शिष्यहरूलाई पुरस्कृत गर्ने, प्रशंसा गर्ने र स्यावासी दिने तथा नराम्रो गतिविधिमा संलग्न हुने विद्यार्थीलाई गुरुकुलबाट निष्काशित गर्ने अधिकार गुरुमा निहित हुन्थ्यो । गुरुले जे निर्णय गर्नुहुन्थ्यो त्यसले औपचारिक मान्यता प्राप्त गर्दथ्यो तर प्राच्य शिक्षाको प्रारम्भिक समयमा प्रशासनिक भूमिका निर्वाह गर्ने संरचित निकाय भने पाइएन ।

५) लिच्छविकालीन नेपालमा पनि राज्यकोषबाट बजेट व्यवस्था गरी शिक्षाको व्यवस्थापन गर्ने परिपाटी भएको पाइएन । शिक्षाको विकासक्रमसँगै प्राच्य शैक्षिक व्यवस्थापनका संरचना/सङ्गठनमा विकास र सुधार हुँदै आएको पाइन्छ । तत्कालीन संरचनागत तत्त्वहरूमा गुरु, शिष्य, शास्त्र र प्राचीन शिक्षालयलाई लिइएको छ ।

६) प्राच्यकालमा विद्यार्थी मूल्याङ्कन गर्ने संरचित निकाय थिएन तर लिच्छविकालमा तत्कालीन शिक्षा केन्द्रहरूको व्यवस्थापन र अनुगमन गर्न सरकारी प्रशासनको एक अङ्गको रूपमा अग्रहारलाई लिइन्थ्यो ।

७) शिष्यले गुरुकुलमा रहेर सिक्नुपर्ने विषयवस्तुहरू शास्त्रार्थ गर्न सकेमा दीक्षान्त समारोह आयोजना गरी स्नातकोपाधि प्रदान गरेर गुरुले निपुण भएका छात्रलाई गुरुकुलबाट गृहस्थाश्रममा पठाउने परम्परा थियो ।

८) प्राचीन पाठ्यक्रम तथा पाठ्यपुस्तकको मुख्य स्रोत नै गुरुलाई मानिन्थ्यो । गुरुले पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्धारण स्थानीय आवश्यकताको आधारमा गर्नुहुन्थ्यो तर धेरै विषयवस्तु मौखिक रूपमा नै पढिन्थ्यो । खासगरी वेद सुनेर पढिने भएकाले श्रुति भनिन्थ्यो ।

९) गुरुकुलको सुपरीवेक्षण तथा मूल्याङ्कन गर्ने निकाय गुरुमा निहित थियो । गुरुले आफ्नो जिम्मेवारी गुरुकुलको सुपरीवेक्षण तथा मूल्याङ्कन गर्न समेत ठान्दथे र आफ्नो उत्तरदायित्व वहन गर्दथे । गुरुकुलमा शिक्षक कार्य सम्पादन मूल्याङ्कन गुरु स्वयम्बाट हुन्थ्यो ।

१०) साधारण र विशिष्ट, प्रत्यक्ष र अप्रत्यक्ष तथा व्यक्तिगत र सामूहिक शिक्षालाई प्राच्य शिक्षाको स्वरूपमा समेटिएको छ । साथै प्राचीनकालदेखि नै अनौपचारिक र औपचारिक दुबै संरचनामा शिक्षा व्यवस्थापन हुँदै आएको पाइन्छ ।

११) प्राच्य शिक्षामा मुख्य भूमिका प्रशासनिक प्रमुखको रूपमा गुरुको हुन्थ्यो । गुरु आफ्नो विवेकले गुरुकुलको व्यवस्थापन गर्दथे । गुरुकुलमा सङ्गठन प्रमुखको मातहतमा सम्पूर्ण गुरु, गुरुआमा र सेवकसमेत रहन्थे ।

अन्त्यमा, प्राच्य शिक्षा औपचारिक तथा अनौपचारिक दुबै स्वरूपमा प्रवर्धित थियो । गुरुकुल शिक्षा व्यवस्थामा प्रभाव र दबाब विना गुरुलाई विद्यालय व्यवस्थापन गर्न सहज हुने संरचना/सङ्गठन थियो । गुरु स्वयम् स्वः परिचालित भइ सेवा दिन सक्ने संरचना थियो । त्यसैले तात्कालिक शिक्षण संस्थाका प्राचार्य पूर्ण अधिकार सहित स्वायत्त निकायको रूपमा स्वः परिचालित थिए । बुबाआमाले आफ्ना सन्तान दरसन्तानलाई पारिवारिक र पिँढी शिक्षाको माध्यमबाट वा पुरोहित, पण्डित, संन्यासीले स्वतन्त्रपूर्वक ज्ञान हस्तान्तरण गर्ने पद्धतिले प्राच्य शिक्षाको अनौपचारिक संरचना/सङ्गठनलाई सङ्केत गर्दछ । त्यस्तै गुरुले गुरुकुल तथा प्राचीन शिक्षालयहरूमा प्रदान गर्ने शिक्षा संरचनाले औपचारिक संरचना/सङ्गठनलाई प्रतिनिधित्व गर्दछ । वैदिककालीन संरचना, गुरुको नेतृत्व र व्यवस्थापकीय क्षमतालाई वर्तमान शिक्षा व्यवस्थामा समेत आत्मसात गर्न सकेमा राष्ट्रको आदर्श नागरिक तयार निर्माणमा योगदान गर्न सकिन्छ ।

## ७.२.२ प्राच्य शिक्षामा शैक्षिक व्यवस्थापन

आधुनिक शिक्षाबाट समुन्नति खोज्ने हाम्रो प्रयासले सबै वर्गमा समानुपातिक रूपले लक्षित समुदायसम्म शिक्षाको पहुँच पुऱ्याउन सकिएको देखिदैन । यसको मुख्य कारण नै शैक्षिक व्यवस्थापनको कुनै न कुनै पक्षमा समस्या भएकोले हो भन्न सकिन्छ । नेपालमा परम्परागत शिक्षा प्रभावकारी हुनुको पछाडि त्यसबेलाको उचित शैक्षिक व्यवस्थापन थियो । प्राच्य शैक्षिक व्यवस्थापनलाई अनुसरण गरेमा आधुनिक शिक्षा व्यवस्थापनमा पनि अपेक्षित परिवर्तन सम्भव छ भन्ने यस अध्यायको प्राप्ति हो । अध्याय पाँचमा गरिएको विश्लेषणको आधारमा प्राप्तिको अध्यायगत सारांश बुदाँगत रूपमा निम्नानुसार रहेका छन् :

१) शिक्षा व्यवस्थापनको बारेमा कहिल्यै प्रशासन, कहिल्यै विद्यार्थी र तिनका अभिभावक र कहिल्यै सरकारी संयन्त्र र राज्यको नीतिलाई दोष लगाउने र पन्छिने प्रवृत्ति सनातन गुरुकुलमा थिएन ।

२) गुरुकुलमा नीति नियमको पालना गरिन्थ्यो । गुरु-शिष्य आ-आफ्नो उत्तरदायित्व र भूमिका निर्वाह गर्दथे ।

३) गुरुकुलमा सिकाइ वातावरण निर्माण भएकै कारण गुरु-शिष्य सम्बन्धले गुरूप्रति शिष्यको श्रद्धा र सामीप्यताको स्तर उच्च रहेको देखिन्छ ।

४) गुरुकुल प्रशासन सेवामुखी रहेको पाइयो । सेवाको भावनाबाट अभिप्रेरित प्रशासन भएकै कारण तत्कालीन शैक्षिक व्यवस्थापन प्रभावकारी हुन्थ्यो ।

५) गुरुकुल शिक्षामा गुरु शिष्यले नै एक अर्काप्रति सकारात्मक व्यवहार र सहयोग गरेको पाइयो ।

६) गुरुकुल शिक्षामा आर्थिक व्यवस्थापन शिक्षा वृत्तिबाट हुन्थ्यो । मुख्य रूपमा कृषि, भिक्षाटन, गौपालन, राजा, समुदाय, दान दातव्य, धनी र श्रद्धालु व्यक्ति, मुठी दान र सिदादान आदिलाई  आर्थिक स्रोत मानिन्थ्यो ।

७) गुरुको निजी प्रभावको कारण गुरुकुलमा सहयोगी हातहरू फैलिएको पाइन्थ्यो । गुरूप्रति समाजको हेर्ने दृष्टिकोण, सकारात्मक सोच र विश्वासको वातावरण रहेको देखिन्छ ।

८) गुरुकुलमा गुरु विना पारिश्रमिक शिक्षा दिन खुशी हुन्थे । शिष्यलाई शिक्षा प्रदान गर्नुलाई गुरु आफ्नो कर्तव्य ठान्दथे ।

९) गुरुकुलमा विद्यार्थीको आचारसंहिता मौखिक रूपले निर्धारण गरिएको हुन्थ्यो । उक्त आचारसंहिताको पूर्ण पालना भएको कारण नै विद्यार्थी अनुशासन र शिष्टाचारलाई गुरुकुलीय आदर्शको रूपमा पाउन सकिन्छ ।

१०) गुरुकुल शिक्षा निःशुल्क हुन्थ्यो । त्यसको लागि गुरुले सम्बन्धित पक्षसँग समन्वय गरी गुरुकुलीय शिक्षाका सबै किसिमको व्यवस्थापन गर्ने कार्य गर्दथे ।

११) गुरुकुलमा शिष्यहरूको लागि गुरुद्वारा दैनिकी निश्चित गरिएको हुन्थ्यो । यसले विद्यार्थीहरूबिचमा सहकार्य, सहयोग, मित्रता र व्यावहारिकताको भावनालाई प्रोत्साहित गरेको पाइयो ।

१२) गुरुकुलीय शिक्षा पद्धतिमा विद्यार्थी मूल्याङ्कन परिपाटी प्रभावकारी थियो । विद्यार्थीको प्रगति अभिभावकले पनि थाहा पाउँथे ।

१३) प्राच्यकालदेखि नै गुरुकुलहरू गाउँदेखि टाढा, नदी किनारा वन वा बगैँचाको बिचमा हुन्थे । प्राकृतिक शैलीका खर, स्याउला र काठ आदिले गुरुकुल बनाइएका हुन्थे । राजकीय व्यवस्थापनमा दरबारका छेउछाउमा पनि यदाकदा गुरुकुल चलेको पाइयो ।

१४) गुरुकुल शिक्षामा भौतिक व्यवस्थापनको जिम्मेवारी गुरुको थियो । गुरुकुलमा गुरुको आसन केही अग्लो चौकीमा र शिष्यको भुँइमा गुन्द्री, सुकुल, चकटीहरू बिछ्याएर गरिन्थ्यो । बसाइ व्यवस्थापन सामूहिक र गुरुको निगरानीमा उमेर र शिष्यको सिकाइ स्तर अनुसार हुन्थ्यो ।

१५) स्थानीय स्तरमा उपलब्ध भएका र भविश्यमा हुन सक्ने सम्भावित आर्थिक स्रोतहरूको पहिचान गरी गुरु स्वयम्ले गुरुकुलको व्यवस्थापन गरेको पाइयो ।

१६) गुरुकुलले शिष्यलाई गुरूप्रति श्रद्धा, सम्मान गर्न सिकाउनका साथै स्वयम् अनुशासन, कर्तव्यपरायण, लगनशीलता, जिम्मेवारी र उत्तरदायित्वको भावना जागृत गराएको पाइयो ।

१७) मानव मस्तिष्कबाट स्वच्छ र निस्वार्थ भावना निर्देशित हुन सकेमा सिमित स्रोतसाधनले पनि व्यक्तिमा व्यावहारिक ज्ञान, सीप र धारणाको विकास गराउन सकिन्छ भन्ने पाठ प्राच्य शैक्षिक व्यवस्थापनबाट सिक्न सकिन्छ ।

प्राच्य सिकाइ वातावरण शिष्यमैत्री भएको देखिन्छ । तत्कालीन शिक्षा प्रशासन सेवामुखी भावनाबाट निर्देशित रहेको पाइन्छ । गुरु स्वयम् मानवीय सेवाको लागि प्रेरक व्यक्तित्व हुनुहुन्थ्यो । प्राच्य शिक्षा व्यवस्थामा आचारसंहिताको पालना तथा कार्यान्वयनमा प्रभावकारिता थियो । यसबाट निःशुल्क गुरुकुल शिक्षा प्रदान गर्न आवश्यक प्रकृतिमैत्री व्यवस्थापन गर्न प्रअ/शिक्षकले नेतृत्व अनुकरणीय रहेको स्पष्ट हुन्छ । प्राच्य शिक्षामा दैनिकीको पालना, समय तालिकाको निर्माण र प्रयोग तत्कालीन शैक्षणिक व्यवस्थापनको सुन्दर पक्षहरू हुन् । साथै विद्यार्थी प्रगति सम्बन्धित अभिभावकलाई जानकारी गर्ने र सुझाव प्राप्त गर्ने प्रभावकारी व्यवस्था तत्कालीन शिक्षा व्यवस्थामा पनि रहेको देखिन्छ ।

निचोडमा, प्राच्य शिक्षा व्यवस्थापकीय दृष्टिकोणले उत्कृष्ट रहेको पाइयो । प्रारम्भमा प्राच्य शैक्षिक प्रशासन असंरचित थियो । सङ्गठन प्रमुखको रूपमा गुरुको नेतृत्व र निजको व्यक्तिगत प्रभावको कारण गुरुकुलको समग्र व्यवस्थापन अनुकरणीय रहेको पुष्टि हुन्छ । गुरुले सरोकारवाला पक्षसँगको विश्वास प्राप्त गरी सङ्गठनको स्वरूप निर्माण र व्यवस्थापनमा योगदान गरेको पाउन सकिन्छ । फलस्वरूप गुरुकुल अनुशासित, नैतिक र असल नागरिक उत्पादन गर्न सफल भएको पाइन्छ ।

### ७.२.३ प्राच्य शिक्षाले नेपालको वर्तमान शिक्षा व्यवस्थामा पारेको प्रभाव

वास्तवमा शिक्षाको विकास नभइ समाजको सर्वाङ्गीण विकास सम्भव छैन । समग्र शिक्षाको विकासलाई विगतमा भएका शिक्षा व्यवस्थाले प्रभाव पारेको हुन्छ । यस शोधले प्राच्य शिक्षा र यसको व्यवस्थापनमा विगतमा भए गरेका प्रयासहरूको सुक्ष्म रूपले अध्ययन गरी ज्ञान र अनुभव प्राप्त गर्न सहयोग गर्दछ । यसमा प्राच्य शिक्षाले नेपालको वर्तमान शिक्षा व्यवस्थामा पारेका प्रभावलाई अध्याय छ मा गरिएको विश्लेषणको आधारमा प्राप्तिको अध्यायगत सारांश बुदाँगत रूपमा निम्नानुसार रहेका छन् :

१) प्राचीन शिक्षामा गुरु, परिषद, सम्मेलन जस्ता संरचना भए जस्तै वर्तमानमा सञ्चालित उच्च शिक्षामा सभा, परिषद, कुलपति र निर्देशकको व्यवस्था रहेको देखिन्छ । साथै शिक्षामा विकेन्द्रीकरण गर्दै स्थानीय तहलाई विद्यालय व्यवस्थापन जिम्मेवारी प्रदान, आधुनिक गुरुकुल तथा विद्यालयमा प्रशासकीय नेतृत्व प्रअमा रहने व्यवस्था र तल्लो तहको शिक्षणमा मातृभाषाको प्रयोग गर्ने जस्ता प्रावधानको अवलम्बनले वर्तमान शैक्षिक प्रशासन र सङ्गठनमा प्राच्य शिक्षाले प्रभाव पारेको देखिन्छ ।

२) प्राच्य गुरुकुल शिक्षामा जस्तै वर्तमान शिक्षा व्यवस्थामा माध्यमिक तहसम्म निःशुल्क शिक्षाको व्यवस्था, प्रचलित शिक्षा ऐनमा सरकारी अनुदान, चन्दा वा दानदातव्यलाई विद्यालयको आर्थिक स्रोतको रूपमा उल्लेख, विद्यालयले स्वयम् आर्थिक दिगोपना कायम, शैक्षिक गुठीको रूपमा विद्यालय सञ्चालन गर्न पाउने व्यवस्था, आधुनिक गुरुकुल तथा विद्यालयको खर्च व्यवस्थापनमा गुरुलाई अधिकार प्रत्यायोजन तथा विद्यालयको आर्थिक अभिलेख व्यवस्थापनको मुख्य जिम्मेवारी प्रअलाई दिइएको आदि व्यवस्था गरिनुलाई आर्थिक व्यवस्थापनमा प्राच्य शिक्षाको निरन्तरता मान्न सकिन्छ ।

३) आधुनिक गुरुकुल तथा विद्यालयमा प्रधानाध्यापक तथा शिक्षक नियुक्तिको निश्चित मापदण्डहरू निर्धारण, शिक्षक आचारसंहिताको निर्माण र पालनामा जोड, गुरुहरूको काम, कर्तव्य र अधिकार, महिला शिक्षकको व्यवस्था र पुरस्कार र दण्डको निर्णय गर्ने अधिकार गुरुमा निहित जस्ता पक्षहरू प्राच्य शिक्षाका प्रभाव हुन् ।

४) प्राचीन गुरुकुलमा सरकारी हस्तक्षेप हुँदैनथ्यो । गुरुले पनि निजी स्वार्थ कत्ति पनि राख्दैनथे । गुरुकुलीय आदर्शभन्दा फरक हुने गरी गुरुले अलग जीवन कहिल्यै जिउदैनथे । वर्तमान शिक्षामा पनि अनौपचारिक तथा औपचारिक शिक्षामा गुरुलाई आदर्श व्यक्ति र नेतृत्वको रूपमा स्थापित गरिएको छ ।

५) गुरुकुलमा असल गुरूप्रति गर्वको अनुभूति, प्रशंसा, श्रद्धा, सम्मान र निजको असल कार्यको अनुसरण वर्तमान शिक्षा व्यवस्थामा समेत आवश्यक र अनुकरणीय रहेको देखिन्छ ।

६) गुरुकुल शिक्षाको श्रीगणेश शिष्यको उपनयनबाट प्रारम्भ भए जस्तै आधुनिक शिक्षामा पाँच वर्ष उमेर पूरा भएकालाई एक कक्षामा भर्ना गरिने व्यवस्था, विद्यार्थी आचारसंहिताको निर्माण र पालना र विद्यार्थी सहयोगको व्यवस्था आदि प्राच्य शिक्षाको प्रभाव हुन् ।

७) गुरुकुलमा गुरुको आचरणलाई अनुसरण गर्दै विद्यार्थीले सिकेका ज्ञान तथा सीपले नै उनीहरूको योग्यता निर्धारण गर्दथ्यो । त्यसबेलाको विद्यार्थी मूल्याङ्कन प्रणाली मौखिक र प्रयोगात्मक हुन्थ्यो । जुन पद्धति वर्तमान शिक्षा व्यवस्थामा आंशिक रूपमा उपयोगमा ल्याइनु प्राच्य प्रभाव हो ।

८) वर्तमानमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयन तथा शिष्यको सिकाइ क्षमताको आधारमा तल्लो तहका आधारभूत सिकाइ हासिल गर्ने शिष्यलाई गुरुले माथिल्लो तहमा पठाइ पठनपाठनको व्यवस्था तथा उपाधिपरक मूल्याङ्कन जस्ता पक्षहरूको अनुसरण गरिएकाले यसलाई प्राच्य शिक्षाको प्रभावको रूपमा लिन सकिन्छ ।

९) विद्यालय व्यवस्थापन, कक्षाकोठामा सिकाइ सामग्री तथा बसाइ व्यवस्थापनको मुख्य जिम्मेवारी र नेतृत्व प्राच्य शिक्षामा झैं वर्तमानमा पनि प्रअ तथा शिक्षकलाई दिइएकोले यसलाई प्राच्य शिक्षाको प्रभाव मान्न सकिन्छ ।

१०) गुरुकुलमा गुरुले जे सिकाउनुहुन्थ्यो, त्यो शिष्यले तुरुन्तै गर्नुपर्थ्यो । यसको तात्पर्य गुरुकुलीय शिक्षा जीवनोपयोगी, व्यावहारिक र प्रयोगात्मक थियो । वर्तमान शिक्षामा विद्यार्थीको रूचि र क्षमताको आधारमा विशिष्ट रूपमा प्राविधिक विषय अध्ययन गर्न सक्ने वातावरणको सुनिश्चितता पनि प्रभाव मान्न सकिन्छ ।

११) गुरुकुल शिक्षाको प्राचीन ग्रन्थ वेदमा संस्कृत भाषाको प्रयोग हुन्थ्यो । वर्तमान शिक्षा व्यवस्थामा संस्कृत शिक्षाको पठनपाठनलाई आत्मसात् गर्दै प्राच्यकालमा जस्तै सरल ढङ्गबाट शिक्षा प्रवाह गर्ने, बुझ्ने, ग्रहण गर्ने, व्यावहारिक र प्रयोगात्मक ज्ञान स्थानान्तरण गर्ने परिपाटी विकसित भएको देखिन्छ ।

१२) अवलोकन, प्रवचन, बहस, छलफल, वादविवाद, श्रवण, मनन आदि शिक्षण विधिको प्रयोग, शिक्षाका योजनाकर्ता र व्यवस्थापकको भूमिकामा प्रअ तथा शिक्षकलाई राख्नु, विषयगत शैक्षणिक सामग्री छनोट र प्रयोग र विद्यार्थी उत्प्रेरित गर्ने विविध तरिकाहरूलाई वर्तमान शिक्षामा अनुसरण गर्नुलाई प्राच्य शिक्षाको प्रभाव मान्न सकिन्छ ।

१३) शिष्यहरूले यति संस्कार सिकेका हुन्थे कि गुरुकुलमा सञ्चालन गरिने हरेक अतिरिक्त क्रियाकलापमा उनीहरूको प्रत्यक्ष सहभागिता रहन्थ्यो । जसले गर्दा शिष्यहरू आफ्ना अधिकार र कर्तव्यप्रति सचेत थिए । उक्त कुरा व्यक्तिको सर्वाङ्गिण विकासका लागि वर्तमान शिक्षा व्यवस्थामा समेत उपयोगमा ल्याइएको छ ।

१४) गुरुकुल शिक्षा अन्तर्गत चौसठ्ठी कला र अठ्ठार विद्यालाई समेटिएको छ तर अहिलेको शिक्षा सैद्धान्तिक पक्षमा बढी केन्द्रित छ तापनि वर्तमान समयमा प्राविधिक तथा व्यावसायिक शिक्षालाई जोड दिन थालिनु पनि प्रभाव नै हो ।

१५) गुरुकुल शिक्षामा सुपरीवेक्षण र मूल्याङ्कन कार्य मुख्य गुरु वा उहाँको निर्देशनमा हुन्थ्यो । कक्षा कार्यको अवलोकन मुख्य गुरुबाट गरिन्थ्यो । साथै विद्यार्थीहरूको प्रशासनिक सुपरीवेक्षण गुरुले गर्दथे । वर्तमान शिक्षा पद्धतिमा सुपरीवेक्षण र मूल्याङ्कन गर्ने प्रारम्भिक जिम्मेवारी प्रअलाई तोकिएको पाइन्छ ।

१६) गुरुबाट आफ्नो शिष्यको पढाइमा यति महत्त्व दिइन्थ्यो कि शिष्य कुनै शास्त्रार्थमा कमजोर देखिएमा त्यहाँ गुरुको परीक्षण हुन्थ्यो । प्रचलित व्यवस्थाले पनि शिक्षकको कार्य सम्पादन मूल्याङकनको प्रावधानलाई व्यवस्थित गर्दै

आधुनिक गुरुकुल तथा विद्यालयका शिक्षकको स्वः मूल्याङ्कन गर्ने व्यवस्था साथै विद्यालयमा प्रअ/शिक्षक तथा विश्वविद्यालयमा उपकुलपतिलाई शैक्षिक सुपरीवेक्षण तथा मूल्याङ्कनको जिम्मेवारी सुम्पिएको छ ।

१७) सामाजिक कार्य जस्तै तिथिश्राध्दमा संस्कृतको उपयोग, नयाँ र शुध्द वस्त्र धारण, दैनिक अग्निमा खाद्यान्न चढाउनु, उपनयन संस्कार पछि सामाजिक-सांस्कृतिक कार्य गर्न योग्य हुनु, जलमा दिसा पिसाव उत्सर्जन नगर्नु, जनहित कार्यमा सहभागिता जनाउनु र भूमि, जल, अग्नि, वायु आदिलाई देवता मानेर पूजा गर्नु आदि सबै प्राच्य शिक्षाकै सामाजिक प्रभाव हो ।

प्राच्य शैक्षिक व्यवस्थापन एक कला हो । गुरुको नेतृत्वमा गुरुकुलको सम्पूर्ण व्यवस्थापन सम्भव रहेकोले त्यस प्रकृतिको व्यवस्थापकीय ज्ञान र सीप नेपालको वर्तमान शिक्षा व्यवस्थामा उपयोगी देखिन्छ । विशेष गरी वर्तमानमा सञ्चालित आधुनिक गुरुकुलहरूले प्राकृतिक गुरुकुलका विशेषता झल्कने गरी व्यवस्थित गरेकोमा राम्रा अभ्यासहरू भएगरेका समेत देख्न सकिन्छ । साथै वर्तमानका आधुनिक विद्यालयहरूले पनि गुरुकुलीय मूल्य मान्यताहरूलाई आत्मसात् गर्दै सञ्चालन गर्ने तरखरमा लागेको अवस्थाले प्राच्य शिक्षाले वर्तमान शिक्षा व्यवस्थामा प्रभाव पारेको स्पष्ट हुन्छ ।

## ७.३ निष्कर्ष

प्रस्तुत शोधले शैक्षिक व्यवस्थापन अन्तर्गत अध्याय एकको दफा १.६ (घ) मा उल्लिखित आठ क्षेत्रहरूलाई समेटेको छ । यस अध्ययनले नेपालमा राणाकालपूर्वको प्राच्य शैक्षिक व्यवस्थापन र त्यसले नेपालको वर्तमान शिक्षा व्यवस्थामा पारेको प्रभावलाई औल्याएको छ ।

गुरुकुल परम्परागत अभ्यास, शैली र व्यवहारमा आधारित छ । वैदिककालदेखि आधुनिककालसम्म स्वायत्त रूपमा गुरुकुल सञ्चालित छ । यसको परम्परादेखि नै व्यवस्थापन प्रभावकारी र लचकदार देखिन्छ । वर्तमानमा गुरुकुलको प्रतिबिम्बका

रूपमा औपचारिक र अनौपचारिक दुबै प्रकृतिका विद्यालयहरू रहेका छन् । औपचारिक गुरुकुलले राज्यबाट निर्धारित नीति नियम एवं संरचनालाई स्वीकार गरेको पाइन्छ भने अनौपचारिक गुरुकुलमा परम्पराको प्रभाव देखिन्छ ।

नेपालमा परम्परागत गुरुकुलको शैक्षिक प्रशासन र सङ्गठनको स्वरूप स्पष्ट रूपमा उपलब्ध छैन् । गुरु, शिष्य र शास्त्रलाई तत्कालीन शिक्षाको औपचारिक संरचना मानिन्छ । अङ्ग्रेजी शिक्षाको प्रारम्भसँगै औपचारिक शिक्षाको संरचित ढाँचा विकास हुँदै आएको पाइन्छ । खासमा मानव सभ्यतासँगै मौलिक स्वरूपमा प्राचीन गुरुकुल शिक्षाको विकास भएको देखिन्छ । प्राचीनकालदेखि नै मातापिता, अग्रज अथवा पारिवारिक सदस्यहरूले आफ्ना आफ्ना सन्तानलाई ज्ञान, सीप र अनुभव अनौपचारिक शिक्षा पद्धतिमार्फत हस्तान्तरण गर्दै आएको पाइन्छ तापनि गुरुकुलमा गुरुबाट शिष्यले जे प्राप्त गर्दथ्यो त्यो औपचारिक नै हुन्थ्यो ।

वैदिक शिक्षा पद्धति अन्तर्गत गुरुकुल शिक्षा र बौद्ध शिक्षा पद्धति पर्दथ्यो । त्यस पद्धतिमध्ये गुरुकुल औपचारिक शिक्षाको सुरुवाती समयसम्म मूलधारमा  चलनचल्तिमा रह्यो । शिक्षाको विकासलाई अझ तीव्र रूपमा गतिशील बनाउन आधुनिक शिक्षा प्रचलनमा देखिन्छ तापनि गुरुकुल शिक्षा पद्धतिद्वारा सञ्चालित विद्यालयहरूको योगदान अतुलनीय पाइन्छ । त्यसैले गुरुकुलको तत्कालीन शैक्षिक प्रशासन र सङ्गठनको स्वरूपलाई प्रत्येक स्थानीय तहमा संस्थापित र व्यवस्थित गर्नुपर्ने देखिन्छ ।

राजा, समुदाय, धनी व्यक्ति, कृषि, भिक्षाटन र गौपालन आदिबाट प्राप्त दान, दातव्य, मुठी तथा सिदादानलाई गुरुकुलको मुख्य आर्थिक स्रोत मानिन्थ्यो । त्यसबेलादेखि नै गुरुकुल शिक्षा निःशुल्क हुन्थ्यो । गुरुकुल शिक्षाको समग्र वित्तीय व्यवस्थापन एवं गुरु-शिष्यहरूको सरल जिविकोपार्जन, शिक्षकवृत्तिको निमित्त मुख्य जिम्मेवारी मुलगुरुको रहेको पाइयो ।

गुरुकुलमा गुरुको व्यक्तित्व अनुकरणीय हुन्थ्यो । गुरुकुलीय आदर्श भन्दा फरक हुने गरी गुरुले अलग जीवन कहिल्यै जिउँदैनथे । प्राचीन गुरुकुलमा विद्यार्थीहरूबिचमा

कुनै भेदभाव भएको प्रमाण पाइँदैन । यही गुरुको निःस्वार्थ भावनाका कारण गुरुकुलमा शिष्यहरू अनुशासित, नैतिक, कर्तव्यनिष्ठ, आज्ञाकारी र जेहेन्दार रहेको पाइयो । गुरुकुलमा गुरुद्वारा जीवनोपयोगी शिक्षा दिने गरिन्थ्यो । गुरुकुलमा गुरु-शिष्य सम्बन्धलाई प्रगाढ र जिवन्त बनाउन सकेकोले नै आज्ञाकारी र अनुशासित शिष्य उत्पादन भएको देखिन्छ । गुरुकुल एक पद्धति हो, जहाँ गुरुबाट निर्देशित व्यवस्थापकीय शैलीलाई उत्कृष्ट शैलीको रूपमा लिइन्छ । गुरुकुलीय पद्धतिबाट आर्जित हुने जीवनोपयोगी सीप र मूल्य मान्यतालाई आत्मसात् गर्दै राष्ट्रिय मूलधारमा गुरुकुलीय शिक्षालाई समायोजन गर्न सकेमा समग्र शिक्षाको विकासमा योगदान पुग्ने देखिन्छ ।

गुरुकुलमा धार्मिक, व्यावसायिक र व्यावहारिक प्रकृतिको एकीकृत शिक्षा पाठ्यक्रममार्फत पठनपाठन गर्ने व्यवस्था गरिन्थ्यो । खासमा शास्त्रीय ज्ञान र गुरुवाणीलाई पाठ्यक्रम निर्माणका आधार मानिन्थ्यो । गुरुकुलमा विद्यार्थी मूल्याङ्कन प्रणाली प्रयोगात्मक हुन्थ्यो । कक्षागत व्यवस्था थिएन तर श्रेणी निर्धारण योग्यताका आधारमा हुन्थ्यो । शिक्षण क्रियाकलाप सम्पन्न पछि गुरुले पढाउनु भएका विषयवस्तु शास्त्रार्थ गर्न सकेमा विद्वत्सभामा शिष्यलाई दीक्षान्त समारोहमार्फत स्नातक उपाधि दिइन्थ्यो ।

द्रोणाचार्य, धौम्य, सान्दीपनी, वशिष्ठ, वाल्मीकि, अङ्गिरा, गौतम, भारद्वाज आदि ऋषिका प्राचीन आश्रमहरू प्रसिद्ध गुरुकुलका रूपमा थिए । त्यही गुरुकुलमा प्राचीन शिक्षा प्रदान गरिन्थ्यो । गुरुकुलहरू गाउँदेखि टाढा, नदी किनारा, वन वा बगैँचाको बिचमा हुन्थे । प्राकृतिक प्रकृतिको गुरुकुलीय भौतिक वातावरणलाई वर्तमानमा पनि उचित व्यवस्थापन गरी सिकाइलाई व्यावहारिक र प्रकृतिमैत्री बनाउन सकिन्छ ।

गुरु आफ्नो दायित्वप्रति सदा आत्मनिर्देशित भइ स्वः मूल्याङ्कनद्वारा आफ्ना र शिष्यका व्यवहारको प्रत्यक्ष एवं अप्रत्यक्ष निगरानी गरी असल आचरण निर्माणमा सक्रिय रहेको पाइयो । गुरुकुलको सुपरीवेक्षण तथा मूल्याङ्कन गर्ने प्रमुख जिम्मेवारी प्रधान गुरुको रहन्थ्यो । मुख्य गुरुले आफ्नो जिम्मेवारी अन्य गुरु, गुरुआमा एवं अनुभव प्राप्त शिष्यलाई हस्तान्तरण गरेको देखिन्छ । गुरुकुलका गुरु-शिष्यले आफूले प्राप्त

गरेको जिम्मेवारीप्रति उत्तरदायित्व र जवाफदेहिता वहन गर्न अनुशासित ढङ्गले कर्तव्य पूरा गर्ने प्रचलनले गुरुकुल व्यवस्थापनमा सहयोग पुगेको देखिन्छ ।

प्राचीनकालदेखि अङ्ग्रेजी शिक्षा सुरु हुनुभन्दा अगाडिसम्म शिक्षा विकासमा गुरुकुल शिक्षा पद्धतिको भूमिका एकनिष्ठ भएको देखिन्छ । परम्परित गुरुकुलीय पद्धति आधुनिक शिक्षाको विकास र विस्तारका लागि मार्गदर्शक बन्न सक्छ तसर्थ प्राच्य शैक्षिक व्यवस्थापनबाट पाठ सिकेर वर्तमान गुरुकुल तथा विद्यालयको व्यवस्थापनमा योगदान पुग्न  सक्छ ।

गुरुकुलीय संरचनाहरू बिचको समझदारीपूर्ण समायोजनले प्राच्य शिक्षा प्रभावकारी रहेको पाइन्छ । प्राच्यकालमा गुरुले निर्वाह गरेका भूमिका र शिष्यले पालना गरेका कर्तव्यलाई वर्तमानका गुरुकुल तथा विद्यालयहरूले अनुसरण गर्न सकेमा शैक्षिक व्यवस्थापन थप प्रभावकारी र उपलब्धिमूलक हुन्छ । त्यसैले गुरुकुल शिक्षा व्यवस्थापन गर्न राज्यले छुट्टै अधिकार सम्पन्न स्वायत्त र स्वतन्त्र संवैधानिक निकायको आवश्यक व्यवस्थाका निम्ति राज्यको तर्फबाट पहल गर्नुपर्ने देखिन्छ ।

गुरुको सबल नेतृत्व, निःस्वार्थ सेवा समर्पण, गुरु-शिष्य सम्बन्ध, स्वाध्यायमार्फत पेसागत विकास, निःशुल्क शिक्षा, मूल्यमा आधारित शिक्षा, असंरचित प्रशासन/सङ्गठन, पाठ्यक्रमबिनाको सफल सिकाइ, भिक्षादानद्वारा प्रवर्धित, जीवनोपयोगी सीप, प्रयोगात्मक र व्यावहारिक शिक्षा, प्रकृतिमैत्री सिकाइ वातावरण, अनुशासन, नैतिकता र स्वः मूल्याङ्कन आदि गुरुकुल शिक्षा पद्धतिका अनुकरणीय पक्षहरू हुन् । वर्तमानमा वैदिककालमा जस्तो गुरुकुल सञ्चालन गर्न सम्भव छैन तापनि गुरुकुलका सकारात्मक कार्य तथा व्यवहारहरूलाई पछ्याइनु वर्तमान शिक्षा व्यवस्थापन, विकास र सुधारका निम्ति आवश्यक रहेको देखिन्छ । त्यसैले प्राचीन स्वरूपका कम्तीमा एक स्वायत्त र स्वतन्त्र गुरुकुल प्रत्येक स्थानीय तहमा व्यवस्थापन गर्ने प्रभावकारी नीति बनाइ कार्यान्वयनमा ल्याउनु उचित देखिन्छ ।

प्राच्य शिक्षामा शिष्यद्वारा गुरुलाई र आधुनिक शिक्षामा गुरुद्वारा शिष्यलाई खोज्नु परेको अवस्था देखिन्छ । शिक्षण कार्यलाई गुरुकुलमा सेवा र आधुनिक शिक्षामा

पेशाको रूपमा चिनिन्छ । आधुनिक शिक्षाको विकाससँगै व्यक्तिमा नैतिकता र अनुशासनमा ह्रास आएको अनुभूति हुन्छ । गुरुकुल पद्धतिले आफ्नै किसिमको गुरु-शिष्य सम्बन्ध, लचकता र नैतिक मूल्य मान्यतालाई आत्मसात् गरेको छ । तसर्थ आधुनिक शिक्षामा पनि गुरुकुलीय व्यवस्थापनको राम्रो अभ्यास अनुसरण गरेर सुसंस्कृत आचरण र नैतिक व्यवहारको विकास गराउनु आवश्यक देखिन्छ भन्ने शोधको निष्कर्ष रहेको छ र शोधलाई निम्नानुसार उपयोगमा ल्याउन सकिन्छ :

## ७.४ शैक्षिक उपयोग

यस शोधप्रबन्धमा अध्ययनबाट प्राप्त सूचना र शोधकर्ताको अनुभवको आधारमा अध्याय एकको दफा १.६ (घ) मा उल्लिखित व्यवस्थापनका आठ पक्षहरूसँग सम्बन्धित प्राप्तिलाई विश्लेषण गर्दा निम्नानुसार शैक्षिक उपयोगहरू लिपिबद्ध गरिएका छन् :

### ७.४.१ प्रशासन र सङ्गठनसँग सम्बन्धित उपयोग

१) गुरुकुलमा विकसित संस्कृति, कला, दर्शन, योग र ज्ञानको भण्डार संसारभरी नै प्रसिद्ध बन्न सकेको सन्दर्भमा यसको प्राचीनतालाई जिवन्तता प्रदान गर्न हालको प्रशासनिक संरचनालाई दुरुस्त बनाउनुपर्ने देखिन्छ । त्यसैले आधुनिक शिक्षा पद्धतिसँग सम्बन्धित गरी गुरुकुल शिक्षाको प्रशासनिक संरचना/सङ्गठनलाई केन्द्रदेखि स्थानीय तहसम्म वस्तुनिष्ठ र व्यावहारिक बनाउन आवश्यक देखिन्छ ।

२) गुरुकुलको मूल्य मान्यतालाई संस्थागत गर्न वर्तमानमा सञ्चालित गुरुकुल विद्यालय एवं संस्कृत भाषाका केन्द्रहरू विकास र विस्तार हुन नसकेको अवस्था छ । त्यसैले यसलाई गतिशील, वैज्ञानिक र आत्मनिर्भर बनाउन सो संस्थाहरूको साङ्गठनिक तथा व्यवस्थापकीय कौशलता अभिवृद्धि गर्न आवश्यक देखिन्छ ।

३) संस्कृत वाङ्मयमा निहित ज्ञान र नेपाली परम्परा, संस्कृति, सार्वभौम तथा मौलिक मूल्य र मान्यतालाई जोगाउनका लागि गुरुकुल शिक्षा पद्धतिलाई वर्तमान समयमा पनि व्यवस्थित गर्न सङ्घीय अवधारणा अनुसार प्रत्येक स्थानीय तहमा कम्तीमा एकवटा स्वतन्त्र र प्राकृतिक गुरुकल आश्रम तथा विद्यालयहरू सञ्चालन र व्यवस्थापन गर्न आवश्यक देखिन्छ ।

४ गुरुकुलको प्रशासनिक र साङ्गठनिक स्वायत्ततालाई प्राचीन स्वरूपमा नै व्यवस्थित गर्न राज्यले आवश्यक कानुनको निर्माण र समयसापेक्ष परिमार्जन गरी स्वतन्त्र र स्वायत्त शैक्षिक संस्थाको रूपमा सञ्चालन गर्न आवश्यक देखिन्छ ।

## ७.४.२ आर्थिक व्यवस्थापनसँग सम्बन्धित उपयोग

१) गुरुकुल शिक्षाको समग्र आर्थिक व्यवस्थापन एवं गुरुहरूको सरल जीविकोपार्जन साथै शिक्षकवृत्तिको निमित्त छुट्टै आर्थिक कोष स्थापना, सञ्चालन र व्यवस्थापन गर्न उचित देखिन्छ ।

२) प्राच्य गुरुकुलमा आर्थिक जिम्मेवारी गुरु स्वयम्ले लिएकाले सम्पूर्ण आर्थिक व्यवस्थापन प्रभावकारी ढङ्गले गरिएको देखिन्छ । त्यसबेला उनको कुशल व्यवस्थापनले गर्दा कुनै पनि किसिमको आर्थिक सङ्कट देखिदैन्थ्यो । शिष्यहरू निःशुल्क रूपले शिक्षा ग्रहण गर्न पाउँथे । त्यहाँ आर्थिक स्वतन्त्रता थियो तर अव्यावहारिक आर्थिक नीतिका कारण आधुनिक शिक्षामा प्राचार्य तथा शिक्षकहरूले कठिनाइ भोग्नु परेकोले प्राच्य शिक्षामा जस्तै उनीहरूलाई आर्थिक स्वायत्तता प्रदान गर्नुपर्ने देखिन्छ ।

३) प्राचीन गुरुकुलीय संस्कृतिमा भिक्षादान र दाताहरूको सहयोगबाट गुरुकुलको आर्थिक व्यवस्थापन भएको देखिन्छ । यसबाट शिक्षा लिइ आर्थिक स्रोतको लागि दाताहरूको खोजी गरी शिक्षा व्यवस्थापनमा सहयोग गर्ने वातावरणको निर्माण गर्दै दाताहरूको सम्मानलाई बढावा दिन सकिन्छ ।

४) केन्द्रीय, प्रान्तीय र स्थानीय सरकारले गुरुकुल शिक्षामा पर्ने आर्थिक दायित्वबोध गरी लगानीमैत्री वातावरण वृद्धि गर्दै सन्तुलित र प्रभावकारी आर्थिक व्यवस्थापन गर्न आवश्यक देखिन्छ ।

### ७.४.३ शिक्षक प्रशासनसँग सम्बन्धित उपयोग

१) प्राचीनकालको झैं गुरुले निःशुल्क सेवा दिने प्रचलनलाई निरन्तरता दिनु जटिल विषय हो । सनातनी गुरुका सेवाभावप्रति उच्च सम्मान गर्दै गुरुको पारिश्रमिक, सेवा, सुविधा, पुरस्कार, पदोन्नति र तालिम जस्ता पेशागत विकासका पक्षहरूको समयानुकूल व्यवस्था र सुधारका लागि केन्द्रदेखि स्थानीय सरकारले जिम्मेवारी वहन गर्नुपर्ने देखिन्छ ।

२) प्राच्यकालमा शिक्षकहरूको काम, कर्तव्य र अधिकार मौखिक रूपमा निर्धारित थियो भने कार्यान्वयन पक्ष पनि प्रभावकारी रहेको पाइन्छ । आधुनिक शिक्षामा शिक्षक आचारसंहिता लिखित रूपमा व्यवस्थित भएपनि कार्यान्वयन पक्ष कमजोर रहेकाले सम्बन्धित पक्षबाट आचारसंहिताको पालना गराउन नियमित सुपरीवेक्षण र वस्तुपरक शिक्षक मूल्याङ्कन पद्धतिको विकास गर्नुपर्ने देखिन्छ ।

३) गुरुहरूलाई वर्तमानको आवश्यकता र रुचिको आधारमा पेशागत विकास र क्षमता अभिवृद्धि गर्नका लागि संस्कृत र यससँग सम्बन्धित विषयमा अनुसन्धान गर्न प्रोत्साहन कार्यक्रम सञ्चालनमा जोड दिनुपर्ने देखिन्छ ।

### ७.४.४ विद्यार्थी प्रशासनसँग सम्बन्धित उपयोग

१) आधुनिक गुरुकुल वा विद्यालयमा सिकाइप्रति विद्यार्थीलाई आकर्षण गर्न बालमैत्री सिकाइ वातावरणको अवधारणालाई कार्यान्वयनमा लैजान जोड दिनुपर्ने देखिन्छ ।

२) वर्तमानमा गुरुकुल विद्यालयका विद्यार्थीको रुचि र क्षमताका आधारमा संस्कृत, अङ्ग्रेजी तथा मातृभाषा शिक्षणको व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

### ७.४.५ विद्यार्थी मूल्याङ्कनसँग सम्बन्धित उपयोग

१) शैक्षणिक मूल्याङ्कन दुरुस्त र प्रभावकारी बनाउन गुरु-शिष्यबिचको सम्बन्ध सुमधुर हुन आवश्यक हुन्छ । यस्तो सम्बन्धले गर्दा नै तत्कालीन शैक्षिक व्यवस्थापन सिकाइमैत्री र दुरुस्त थियो । आजकाल गुरु-शिष्य सम्बन्ध त के गुरुले शिष्य र शिष्यले गुरुलाई चिन्ने प्रयत्न समेत हुन छोडेको देखिन्छ । त्यसकारण आधुनिक शिक्षामा गुरु-शिष्य सम्बन्धलाई सुमधुर गराउन उपयुक्त मूल्याङ्कन प्रणाली अबलम्वन गर्नुपर्ने देखिन्छ ।

२) अभिभावक पनि शिक्षा प्रक्रियामा एक महत्त्वपूर्ण तत्त्व भएकोले विद्यार्थीको प्रगतिलाई सम्बन्धित पक्षलाई नियमित जानकारी गर्न सूचना प्रविधिलाई समयसापेक्ष र सम्बन्धित सरोकारवालाहरूको पहुँचमा पुऱ्याउन सकिन्छ ।

३) विद्यार्थी मूल्याङ्कनमा गुरुकुलीय विधि जस्तै प्रयोगात्मक, मौखिक, तार्किक विधि आदिलाई विषयवस्तुमा आधारित भै उपयोगमा ल्याउनु पर्ने देखिन्छ ।

### ७.४.६ भौतिक व्यवस्थापनसँग सम्बन्धित उपयोग

१) प्राच्य शिक्षामा पठनपाठन, योग, व्यायाम, फुटबल, उफ्रने, फ्याँक्ने र शस्त्राभ्यास आदि अतिरिक्त कियाकलाप सञ्चालन गर्ने राम्रो व्यवस्था गुरुकुल लगायत अन्य विद्यालयहरूले गर्नुपर्ने देखिन्छ ।

२) प्रकृतिमैत्री प्राचीन गुरुकुलको भौतिक व्यवस्थालाई गुरुकुल लगायत अन्य आधुनिक विद्यालयहरूले पनि अबलम्वन गर्नुपर्ने देखिन्छ ।

### ७.४.७ शैक्षणिक व्यवस्थापनसँग सम्बन्धित उपयोग

१) वर्तमान युगसापेक्ष प्राचीन धर्म, संस्कृति, दर्शन, इतिहास, साहित्य र ज्ञान विज्ञान लगायतका विषयवस्तुहरूमा आधारित पाठ्यक्रम निर्माण र प्रविधिमैत्री

गुरुकुलको स्थापना, सञ्चालन र व्यवस्थापनमा तीनै तहका सरकारले दायित्व लिनुपर्ने देखिन्छ ।

२) आधुनिक समयमा लिखित रूपले दैनिकी तथा आचारसंहिताको निर्माण गरिए पनि कार्यान्वयन ठोस रूपमा भएको पाइदैन तसर्थ विद्यार्थी अनुशासन प्रभावकारी बनाउन आचारसंहिताको प्रभावकारी कार्यान्वयन र पालनामा विशेष जोड दिने वातावरण सुनिश्चित गर्न आवश्यक देखिन्छ ।

३) गुरुकुलमा अपनाइएको शैक्षणिक विधि श्रवण, मनन र निदिध्यासनलाई वर्तमानमा पनि अपनाउनु पर्ने देखिन्छ । यसले विद्यार्थीहरूका लागि सिकाइ वातावरण र उत्प्रेरणाका प्रविधिको उपयोगमा जोड दिन्छ ।

## ७.४.८ शैक्षिक सुपरीवेक्षण तथा मूल्याङ्कनसँग सम्बन्धित उपयोग

१ प्राचीन गुरुकुलमा शिष्य कुनै शास्त्रार्थमा कमजोर देखिएमा त्यसबाट गुरुको परीक्षण हुन्थ्यो । त्यसबेला गुरु आफ्नो दायित्वप्रति आत्मनिर्देशित हुन्थे र आफ्नो स्वः मूल्याङ्कन गर्दथे । यस किसिमको पद्धति र त्यसको अनुसरण वर्तमान विद्यालय शिक्षामा पनि दृढताका साथ अबलम्वन गर्नुपर्ने देखिन्छ ।

यसका निमित्त राज्यले प्राच्य गुरुकुलीय आदर्श र मूल्य मान्यतालाई अबलम्वन गर्दै वर्तमानमा गुरुकुलमैत्री विद्यालय स्थापना, सञ्चालन, विकास र विस्तार मार्फत शैक्षिक व्यवस्थापनलाई संस्थागत गर्न जोड दिनुपर्दछ । गुरुकुलको सकारात्मक पक्षलाई आधुनिक शिक्षामा उपयोगमा ल्याउन सकेमा निश्चित रूपमा नै वर्तमान शिक्षामा रहेका विकृति र विसङ्गतिलाई न्युनीकरण गर्न सकिन्छ । उल्लिखित शैक्षिक उपयोगमार्फत शिक्षाको उचित व्यवस्थापन भइ सभ्य र सुसंस्कृत नागरिक निर्माणका लागि आधार तयार हुन्छ ।

## ७.५ सम्भावित शोध शीर्षकहरू

अनुसन्धानको क्षेत्र व्यापक छ । शिक्षालाई अनुसन्धानको महत्त्वपूर्ण क्षेत्र मान्न सकिन्छ । कुनै पनि व्यक्ति, समाज र राष्ट्रको समुचित विकासमा शिक्षाको प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव देखिन्छ । जीवन र जगत्लाई बुझ्ने माध्यम नै शिक्षा हो । शिक्षाको कुनै क्षेत्रमा अनुसन्धान गर्दैमा त्यससँग सम्बन्धित सम्पूर्ण पक्षको खोजी गर्न सकिदैन । एउटा अनुसन्धानले विशिष्ट रूपका एउटा समस्याको समाधान गर्ने बाटो मात्र पहिल्याउन सक्छ । प्रस्तुत शोध एउटा समस्यामुलक अनुसन्धान भएकाले यससँग जोडिएको अन्य विषयवस्तुहरू सम्भाव्य शोध शीर्षकको रूपमा प्रस्ताव गरिएको छ :

- नेपालमा गुरुकुल र आधुनिक शिक्षाबिच तुलनात्मक अध्ययन
- प्राचीनकालीन नेपालको शैक्षिक व्यवस्थापन
- प्राच्य शिक्षाको ऐतिहासिक विकास र त्यसले तत्कालीन मानव जीवनमा पारेको प्रभाव
- नेपालमा संस्कृत शिक्षाको विकास र विस्तार हुन नसक्नुका कारणहरू र सुधारका उपायहरूको खोजी
- राणाशासनपूर्व नेपालको शिक्षा व्यवस्था
- प्राच्य शिक्षाबारे जनसाधारणको धारणा
- गुरुकुलको पाठ्यक्रम व्यवस्थापन

## परिशिष्ट-क

(प्राचार्य/शिक्षक तथा विशेषज्ञहरूका लागि असंरचित अन्तर्वार्ता प्रश्नावली)

म नेपाल संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्र, काठमाडौँमा शिक्षा विषय विशिष्टीकरणका लागि विद्यावारिधि (पिएच.डी.) गर्न गइरहेको छु। मेरो शोधको विषय 'प्राच्य शिक्षामा औपचारिक तथा अनौपचारिक शैक्षिक व्यवस्थापन' रहेको छ । विद्यावारिधि तहको कार्य पूरा गर्न यहाँ जस्तो प्राचार्य/शिक्षक तथा विशेषज्ञहरूको विशेषज्ञता, ज्ञान तथा अनुभव आवश्यकता भएकोले तपाई माफ तथ्याङ्क/सूचना सङ्कलन गर्न आएको छु । तपाईले उपलब्ध गराउने जानकारीहरूले मेरो अनुसन्धान कार्यलाई सफल एवं पूर्ण बनाउने कुरामा म विश्वस्त छु। त्यसैले यस असंरचित अन्तर्वार्ता प्रश्नावलीमा आफ्नो ज्ञान तथा अनुभव प्रदान गरी सहयोग गरिदिनु हुन हार्दिक अनुरोध गर्दछु । यस प्रश्नावलीमा प्राच्य गुरुकुल शिक्षाको शैक्षिक प्रशासन र सङ्गठन, आर्थिक व्यवस्थापन, शिक्षक प्रशासन, विद्यार्थी प्रशासन, विद्यार्थी मूल्याङ्कन, भौतिक व्यवस्थापन, शैक्षणिक व्यवस्थापन र शैक्षिक सुपरीवेक्षण तथा मूल्याङ्कन गरी आठवटा विषयगत क्षेत्र समेटिएका छन् । यो अध्ययन पूर्णतया प्राज्ञिक कार्यको लागि मात्र हुनेछ । तसर्थ यसमा सङ्कलन गरिएका तथ्याङ्कहरू गोप्य राखिनेछ । साथै अन्य कुनै प्रयोजनको लागि अभिलेखीकरण तथा प्रयोग नगरिने कुरा पनि अनुरोध गर्दछु ।

मोहनबहादुर कडेल

### शैक्षिक प्रशासन र सङ्गठन

१) गुरुकुल शिक्षाको सुरुवात कहिलेदेखि भएको मानिन्छ ?

२) गुरुकुल शिक्षा (औपचारिक, अनौपचारिक वा दुबै) कुन प्रकारको थियो ?

३) गुरुकुल शिक्षामा प्रशासनिक व्यवस्था के कस्तो थियो ?

४) तत्कालीन शैक्षिक प्रशासनको जिम्मेवारी कसमा निहित हुन्थ्यो ?

५) के तत्कालीन शैक्षिक प्रशासनको काम, कर्तव्य र अधिकार तोकिएको हुन्थ्यो ?

६) गुरुकुल शिक्षामा गुरुको भूमिका कस्तो थियो ?

७) गुरुकुलमा सङ्गठन प्रमुखको मातहतमा को को रहने व्यवस्था हुन्थ्यो ?

### आर्थिक व्यवस्थापन

१) गुरुकुल शिक्षामा गुरुद्वारा आर्थिक व्यवस्थापन कसरी गरिन्थ्यो ?

२) गुरुकुल शिक्षाको प्रमुख आर्थिक स्रोतहरू के के हुन्थे ?

३) के त्यसबेलामा गुरु तथा पुरोहितलाई पारिश्रमिकको व्यवस्था थियो ?

४) गुरु/प्राचार्य/शिक्षकको पारिश्रमिक र सुविधा के को आधारमा कसले निर्धारण गर्दथ्यो ?

५) के गुरुकुल शिक्षा निःशुल्क थियो ?

६) शिक्षा व्यवस्थापनमा भएका आम्दानी खर्चको अभिलेख राख्ने जिम्मेवारी कसको हुन्थ्यो ?

शिक्षक प्रशासन

१) के गुरुकुल शिक्षामा प्रशासकीय प्रमुखको व्यवस्था थियो ? थियो भने को हुन्थ्यो ?

२) गुरुकुल शिक्षामा शिक्षक बन्न कति योग्यता हुनुपर्थ्यो ?

३) के महिलाहरू पनि शिक्षक बन्न सक्थे ?

४) शिक्षक छनोट प्रक्रिया के हुन्थे र नियुक्ति कसरी गरिन्थ्यो ?

५) के गुरुकुल शिक्षामा शिक्षक तालिमको व्यवस्था थियो ?

६) त्यसबेलामा शिक्षक सेवा, शर्त, सुविधा र पदोन्नति कस्तो थियो र कसले निर्धारण गर्दथ्यो ?

७) गुरुकुलका शिक्षकको आचारसंहिता र कार्य व्यवस्था के थियो ?

विद्यार्थी प्रशासन

१) गुरुकुल शिक्षामा विद्यार्थी भर्नाको आधार के लाई मानिन्थ्यो ?

२) के विद्यार्थीको अभिलेख राख्ने व्यवस्था थियो ?

३) गुरुकुल शिक्षाको व्यवस्थापनमा विद्यार्थी सहयोगको व्यवस्था कोबाट कसरी प्रदान गरिन्थ्यो ?

४) के विद्यार्थीका आचारसंहिता निर्धारण गरिएको हुन्थ्यो ? यदि हुन्थ्यो भने के के हुन्थे ?

५) गुरुकुलमा पुरस्कार र दण्डको निर्णय गर्ने अधिकार कसमा थियो ?

६) गुरुकुलका विद्यार्थीले जीविकोपार्जन कसरी गर्दथे ?

७) गुरुकुलमा विद्यार्थीले पठनपाठनको कार्य बाहेक अन्य कार्यहरू के के गर्नु पर्दथ्यो ?

विद्यार्थी मूल्याङ्कन

१) गुरुकुल शिक्षामा कुन प्रकारको विद्यार्थी मूल्याङ्कन प्रणाली थियो ?

२) गुरुकुलमा कक्षा चढाउने नीति र श्रेणी निर्धारण प्रक्रिया के कस्तो थियो ?

३) के गुरुकुलमा विद्यार्थीहरूको नतिजा अभिभावकलाई जानकारी दिइन्थ्यो ?

४) विद्यार्थीलाई श्रेणी निर्धारण र प्रमाणपत्र वितरण गर्ने तरिका कस्तो थियो ?

५) गुरुद्वारा विद्यार्थी मूल्याङ्कन गर्न के, कस्तो किसिमको परीक्षाहरू सञ्चालन गरिन्थे ?

६) के गुरुकुल शिक्षामा तहगत परीक्षाको व्यवस्था थियो ? यदि थियो भने के कस्तो थियो ?

भौतिक व्यवस्थापन

१) गुरुकुल शिक्षा कहाँ प्रदान गरिन्थ्यो ? यो शिक्षा प्रदान गर्ने घर/गुरुकुल कस्ता हुन्थे ?

२) गुरुकुल शिक्षामा भौतिक व्यवस्थापनको जिम्मेवारी कसको थियो ?

३) गुरुकुलका विद्यार्थीहरूको बसाइ व्यवस्थापन कसरी गरिन्थ्यो ?

४) कक्षाकोठामा विद्यार्थी तथा शिक्षक बसाइको लागि के कस्तो व्यवस्था हुन्थ्यो ?

५) विभिन्न उमेर र तहका विद्यार्थीको बसाइ व्यवस्थापन कसरी गरिन्थ्यो ?

६) के प्राच्य शिक्षामा खेलकुद तथा अन्य अतिरिक्त क्रियाकलापहरूको व्यवस्था थियो ? यदि थियो भने के के थियो ?

शैक्षणिक व्यवस्थापन

१) के गुरुकुल शिक्षामा पाठ्यक्रम तथा पाठ्यपुस्तक थियो ? यसको निर्माण कसबाट गरिन्थ्यो ?

२) त्यसबेला पाठ्यक्रम तथा पाठ्यपुस्तकको व्यवस्था के कसरी गरिन्थ्यो ?

३) गुरुकुलको शैक्षणिक योजनाको निमार्ण गर्ने जिम्मेवारी कसको रहन्थ्यो र प्रयोग कसरी गरिन्थ्यो ?

४) के गुरुकुलमा विद्यार्थीहरूको लागि विषयगत शैक्षणिक सामग्री र अन्य सन्दर्भ सामग्रीको पनि व्यवस्था थियो ?

५) गुरुकुलमा शिक्षण विधि, शिक्षण सिकाइ प्रकिया कस्तो अपनाइन्थ्यो र सिकाइ स्तर कस्तो थियो ?

६) कक्षाकोठा व्यवस्थापनमा गुरुको भूमिका कस्तो हुन्थ्यो ?

७) गुरुकुलमा शिक्षण सिकाइ पद्धतिहरू के के हुने गर्दथे ?

८) गुरुकुलमा विद्यार्थी उत्प्रेरित गर्ने तरिका के हुन्थे ?

शैक्षिक सुपरीवेक्षण तथा मूल्याङ्कन

१) गुरुकुलको सुपरीवेक्षण र मूल्याङ्कन कुन निकायबाट कसरी गरिन्थ्यो ?

२) गुरुकुल शिक्षामा सिकाई अवलोकन कसरी गरिन्थ्यो ?

३) गुरुकुलका विद्यार्थीहरूको प्रशासनिक सुपरीवेक्षणमा गुरुको भूमिका के हुन्थ्यो ?

४) के गुरुकुलमा शिक्षक कार्य सम्पादन मूल्याङ्कन गर्ने गरिन्थ्यो ?

प्राच्य शिक्षामा औपचारिक तथा अनौपचारिक शैक्षिक व्यवस्थापन

## परिशिष्ट-ख

(नमुना छनोटमा परेका विशेषज्ञहरूको नामावली विवरण)

| क.सं. | विशेषज्ञको नामथर | जिल्ला |
|---|---|---|
| ०१ | प्रा.डा. ऋषिराम पोखरेल | काठमाडौं |
| ०२ | प्रा.डा. हरिप्रसाद गौतम | नुवाकोट |
| ०३ | प्रा. दिनेशराज पन्त | काठमाडौं |
| ०४ | डा. श्रीराम अधिकारी | काभ्रेपलान्चोक |
| ०५ | तोयानाथ पौड्याल | स्याङ्जा |
| ०६ | विष्णुगोपाल रिसाल | ललितपुर |
| ०७ | रुद्रप्रसाद भट्ट | धादिङ |
| ०८ | तेजविक्रम शाह | जाजरकोट |

## परिशिष्ट-ग

(नमुना छनोटमा परेका प्राचार्य/शिक्षकहरूको नामावली विवरण)

| क.सं. | प्राचार्य/शिक्षकको नामथर | जिल्ला |
|---|---|---|
| ०१ | डा. गुरूप्रसाद सुवेदी | तनहुँ |
| ०२ | सुरेन्द्र घिमिरे | झापा |
| ०३ | छविराज रेग्मी | इलाम |
| ०४ | मनोज कुमार राय | सर्लाही |
| ०५ | केशव अधिकारी | काठमाडौं |
| ०६ | नारायणप्रसाद रिमाल | चितवन |
| ०७ | केशवराज पाण्डे | धादिङ |
| ०८ | अर्जुन पाण्डेय | तनहुँ |
| ०९ | श्रीधर पौडेल | नवलपरासी पूर्व |
| १० | पूर्णप्रसाद शर्मा | जाजरकोट |
| ११ | ज्ञानचन्द्र उपाध्याय | कैलाली |
| १२ | श्रीराम तिमल्सिना | कास्की |
| १३ | स्वामी भागवतानन्द | प्युठान |


परिशिष्ट-घ

(नमुना छनोटमा परेका गुरुकुल विद्यालयहरूको नामावली विवरण)

| क.सं. | गुरुकुल विद्यालयको नाम | जिल्ला |
|---|---|---|
| ०१ | महेश संस्कृत गुरुकुल विद्यापीठम् | तनहुँ |
| ०२ | वेदवेदाङ्ग संस्कृत पाठशाला | झापा |
| ०३ | सप्तमाई गुरुकुल संस्कृत विद्याश्रम मावि, | इलाम |
| ०४ | श्री चमेलीमाई गुरुकुल प्रावि | सर्लाही |
| ०५ | नेपाल वेद विद्याश्रम मावि | काठमाडौं |
| ०६ | मुक्तेश्वर आसंमावि | चितवन |
| ०७ | भद्रकाली गुरुकुल संस्कृत वेद विद्याश्रम | धादिङ |
| ०८ | परमानन्द संस्कृत गुरुकुलम् (आउमावि) | तनहुँ |
| ०९ | पशुपति साङ्गवेद आसंमावि, | नवलपरासी पूर्व |
| १० | शिव गुरुकुल वेद विद्याश्रम | जाजरकोट |
| ११ | विराट् सनातन धर्म संस्कृति वेद विद्याश्रम | कैलाली |
| १२ | पोखरा चिसाखोला वेद विद्याश्रम | कास्की |
| १३ | बालतपस्वी वेद विद्यालय स्वर्गद्वारी | प्युठान |

## परिशिष्ट-ङ

# चित्र सूची




चित्र नं. १ प्रदेश छुट्टिएको नेपालको नक्शा



चित्र नं. २ अन्तर्वार्ताको क्रममा प्राचार्य ज्ञानचन्द्र उपाध्यायसँग अनुसन्धाता, कैलाली



चित्र नं. ३ अन्तर्वार्ताको क्रममा शिक्षक श्रीधर पौडेलसँग अनुसन्धाता, नवलपरासी पूर्व



चित्र नं. ४ विशेषज्ञ प्रा.डा. ऋषिराम शर्मा पोखरेलसँग अनुसन्धाता, काठमाडौँ



चित्र नं. ५ अन्तर्वार्ताको क्रममा विशेषज्ञ तेजविक्रम शाहसँग अनुसन्धाता, जाजरकोट




चित्र नं. ६ अन्तर्कियाको कममा आश्रम व्यवस्थापन समितिसँग अनुसन्धाता, झापा



चित्र नं. ७ अवलोकनको कममा विशेषज्ञ तोयानाथ पौड्यालसँग अनुसन्धाता,
बेनीघाट, धादिङ



चित्र नं. ८ अन्तर्वार्ता पश्चात् ९० वर्षीय विशेषज्ञ रुद्रप्रसाद भट्ट,

धादिङ



चित्र नं. ९ ऋषि वशिष्ठको कुटी
(/https://images.search.yahoo.com) बाट लिइएको)



चित्र नं. १० ऋषि याज्ञवल्क्य
(https://images.search.yahoo.com बाट लिइएको)



चित्र नं. ११ ऋषि वाल्मीकि
(https://images.search.yahoo.com बाट लिइएको)




चित्र नं. १२ प्राचीनकालका गुरु-शिष्यहरू
(https://images.search.yahoo.com बाट लिइएको)




चित्र नं. १३ विदुषी गार्गी
(https://images.search.yahoo.com बाट लिइएको)



चित्र नं. १४ अन्तर्वार्ता पश्चात् डा. गुरुप्रसाद सुवेदीसँग अनुसन्धाता देवघाट, तनहुँ



चित्र नं. १५ वेदवेदाङ्ग संस्कृत गुरुकुलमा अवस्थित गौशाला,
साधुटार, झापा



चित्र नं. १६ शिष्यहरू अध्ययन गर्दै, वेदाङ्ग संस्कृत गुरुकुल
साधुटार, झापा



चित्र नं. १७ प्राचीन गुरुकुल
(https://www.bing.com/images/search बाट लिइएको)



चित्र नं. १८ लिच्छविकालीन गुरुकुल
(**https://www.bing.com/images/search** बाट लिइएको)



चित्र नं. १९ स्थलगत अवलोकनको क्रममा गुरु-शिष्यबिचमा शिक्षण सिकाई क्रियाकलाप हुँदै पोखरा चिसाखोला वेद विद्याश्रम, सराङ्कोट, कास्की



चित्र नं. २० अन्तर्वार्ता पश्चात् प्रा. दिनेशराज पन्त,
काठमाडौँ



चित्र नं. २१ अन्तर्वार्ता पश्चात् प्राचार्य छविराज रेग्मीसँग अनुसन्धाता, सप्तमाई गुरुकुल संस्कृत विद्याश्रम माध्यमिक विद्यालय, इलाम




चित्र नं. २२ राष्ट्रनिर्माता पृथ्वीवारायण शाह

(https://www.bing.com/images/search बाट लिइएको)



चित्र नं. २३ बौद्ध शिक्षा

(**https://www.bing.com/images/search बाट** लिइएको)



चित्र नं. २४ तक्षशीला विश्वविद्यालय
(**http://www.mysteryofindia.com/2014/09/takshashila-worlds-oldest-university.html** बाट लिइएको)


चित्र नं. २५ पशुपति मन्दिर
(**https://www.bing.com/images/search** बाट लिइएको)


चित्र नं. २६ अध्ययनमा सहभागी शिष्यहरू, महेश संस्कृत गुरुकुल, देवघाट, तनहुँ



चित्र नं. २७ मल्लकालीन गुरुकुल

(https://images.search.yahoo.com बाट लिइएको)



चित्र नं. २८ अनुशासन प्रदर्शन गर्दै सिकाइ क्रियाकलापमा सहभागी शिष्यहरू, चिसाखोला, वेदविद्याश्रम, पोखरा,, कास्की



चित्र नं. २९ गुरु-शिष्य सिकाइमा अभ्यस्त हुँदै, वेदवेदाङ्ग संस्कृत पाठशाला, झापा

# सन्दर्भ सामग्रीहरू


अधिकारी, विष्णु (२०६३), *रामायण.* काठमाडौँ : एडुकेसनल पब्लिसिङ हाउस ।

अधिकारी, हरिविनोद (२०६८), महाभारतकालीन शिक्षामा सामाजिक न्याय. *शिक्षा अर्धवार्षिक शैक्षिक पत्रिका.* सानोठिमी : नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, पृ. ११३-१२० ।

आचार्य, जयराज (२०७०), मूल्यवान् शिक्षा : कस्तो र कसरी ?. *शिक्षा.* काठमाडौँ : शमी सम प्रकाशन गृह, पृ. ८-१५ ।

आचार्य, पिनाकीप्रसाद (२०२८), संस्कृत भाषाको महत्त्व. *संस्कृत-समीक्षा.* दाङ : नेपाल संस्कृत विश्वविद्यालय, पृ. ३४ ।

आचार्य, बाबुराम (२०१८), *प्राचीनकालको नेपाल.* काठमाडौँ : लेखक स्वयम् ।

आचार्य, बाबुराम (२०७३), *नेपाल संक्षिप्त वृत्तान्त.* काठमाडौँ : प्रा. श्रीकृष्ण आचार्य ।

आचार्य, सम्मोद (२०६९), जीवनदर्शन र शिक्षा. *दर्शन-दृष्टि (अर्ध-बार्षिक).* पूर्णाङ्क ३, पृ. ३५ ।

आचार्यश्री पथिक (२०७०), *त्रिभुजीय शिक्षा.* काठमाडौँ : पथिक फाउण्डेशन ।

आचार्यश्री पथिक (२०७१), *नेपालमा शिक्षा नीतिले निम्त्याएका समस्या र समाधानको उपाय.* काठमाडौँ : पथिक पब्लिकेसन्स प्रा.लि. ।

आधारभूत तथा प्राथमिक शिक्षा परियोजना (२०६२), *विद्यालय सुपरीवेक्षण स्रोत-सामग्री.* काठमाडौँ : मकालु बुक्स एण्ड स्टेशनर्स ।

उच्च माध्यमिक शिक्षा परिषद् (२०६७), *शिक्षण निर्देशिका.* भक्तपुर : पाठ्यक्रम तथा प्रशिक्षण महाशाखा ।

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग (२०५५), *उच्चस्तरीय राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदन.* काठमाडौँ : उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग ।

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग (२०७५), *उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन.* काठमाडौँ : उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग ।

उपाध्याय, गोविन्द शरण (२०६४), *व्यवहारिक हिन्दु-दर्शन.* काठमाडौँ : ए. के. बुक्स पब्लिशर्स एण्ड डिस्ट्रीब्यूटर्स ।

उपाध्याय, माधवशरण (२०७१), गुरुकुल शिक्षाको परिचय. *गुरुकुल-सन्देश.* काठमाडौँ : गुरुकुल/आश्रम व्यवस्थापन परिषद, पृ. ११-१३ ।

उपाध्याय, मुकुन्दप्रसाद (२०७४), गुरुकुल र संस्कृत शिक्षा नियमावली. *गुरुकुल-सन्देश.* काठमाडौँ : गुरुकुल/आश्रम व्यवस्थापन परिषद, पृ. ९०-९२ ।

उपाध्याय, श्रीरामप्रसाद (२०६२), *नेपालको सामाजिक, आर्थिक तथा प्रशासनिक इतिहास* (तृ.सं.). काठमाडौँ : रत्न पुस्तक भण्डार ।

ओशो (२०६७), *शिक्षामा क्रान्ति.* (अनु. पुन्य कार्की).लाहान : ओशो माधुर्य ध्यान केन्द्र ।

कट्टेल, नवराज (२०७०), वैदिक परम्परामा वैज्ञानिक चिन्तन. *गुरुकुल-सन्देश.* भक्तपुर : गुरुकुल/आश्रम व्यवस्थापन परिषद, पृ. ७० ।

कलेज अफ एजुकेशन (सन् १९५३-१९५९), *नेपालमा शैक्षिक प्रगतिको ६ वर्ष.* काठमाडौँ : प्रकाशन विभाग, कलेज अफ एजुकेशन ।

कलेज अफ एजुकेशन (सन् १९५६), *नेपालमा शिक्षा.* काठमाडौँ : प्रकाशन विभाग, कलेज अफ एजुकेशन ।

कलेज अफ एजुकेशन (२०१४) *नेपालमा शिक्षा.* काठमाडौँ : व्यूरो अफ पब्लिकेशन ।

कश्कर, एस (सन् २०१३), *अमेरिकन अन्तरराष्ट्रिय जर्नल रिसर्च मानवता, कला र सामाजिक विज्ञान.* आई एस एस एन ३७२८-३७३४, खंड २ अंक १ पृ. ८१-८४ ।

कोइराला, कुमारप्रसाद (२०७३), अनुसन्धान सामग्रीको सङ्कलन विधि. *अनुसन्धान-प्रकाश.* वर्ष ९, पृ. ७८-८५ ।

कोइराला, खेमनाथ (२०६४), नेपालको शैक्षिक इतिहासमा नेपाली भाषाको पठनपाठन : एक चर्चा. *विकासको निम्ति शिक्षा.* काठमाडौँ : त्रिभुवन विश्वविद्यालय, शिक्षा विकास तथा अनुसन्धान केन्द्र (सेरिड), पृ. ९-१६ ।

कोइराला, विद्यानाथ (२०६२), राष्ट्रिय शैक्षिक मुद्दा र सम्भाव्य समाधानहरू. *ध्येय चिन्तन.* काठमाडौँ : मातृभूमि सेवक संघ, पृ. २५-३३ ।

कोइराला, विद्यानाथ (२०६६), परिवेश अनेक : अनौपचारिक शिक्षा एक. *साक्षरता विशेषाङ्क.* भक्तपुर : अनौपचारिक शिक्षा केन्द्र, पृ. १६-२० ।

कोइराला, विद्यानाथ (२०७४), संस्कृत शिक्षा : जोड्ने कि ?. *गुरुकुल-सन्देश. भक्तपुर :* गुरुकुल/आश्रम व्यवस्थापन परिषद, पृ. ५३-५६ ।

खनाल, केशवराज (२०७१), *अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रमको प्रभावकारिता.* काठमाडौँ : लेखक स्वयम् ।

खनाल, वासुदेव (२०७२), स्मृति परम्परामा नारीको स्थान. *अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध.* काठमाडौँ : नेपाल संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्र ।

गुप्त, आशा (सन् १९९८), *विवेकानन्द.* दिल्ली : आत्माराम एण्ड संस ।

गुप्त, श्रीमुनिलाल (सन् १९९०), *श्रीश्रीविष्णु पुराण.* गोरखपुर : मोतिलाल जालान गीताप्रेस ।

गौतम, डिल्लीराम (२०६६), *पूर्वीय सोच र स्रोत.* भक्तपुर : काठमाडौँ स्कुल अफ ल ।

घिमिरे, उमेशप्रसाद (२०७०), गुरुकुलीय शिक्षाका संरचनागत तत्त्व. *गुरुकुल-सन्देश.* काठमाडौँ : गुरुकुल/आश्रम व्यवस्थापन परिषद, पृ. ५५-६२ ।

घिमिरे, गणेशप्रसाद (२०७७, चैत्र २८), संस्कृत शिक्षामा आकर्षण. *नागरिक दैनिक.* काठमाडौँ : नेपाल रिपब्लिक मिडिया ।

घिमिरे, गणेशप्रसाद (२०७८, वैशाख १८), गुरुकुल शिक्षा. *नागरिक दैनिक.* काठमाडौँ : नेपाल रिपब्लिक मिडिया ।

घिमिरे, पशुपति (२०७०), *बुद्धवादका तीन आयाम.* काठमाडौँ : बुद्धिसागर घिमिरे र तारादेवी घिमिरे ।

घिमिरे, पुरुषोत्तम (२०७०), गुरुकुल विद्याश्रमका लागि पाठयक्रम तथा पाठ्यपुस्तकको अवस्था. *गुरुकुल-सन्देश.* काठमाडौँ : गुरुकुल/आश्रम व्यवस्थापन परिषद, पृ. ४१-४८ ।

घिमिरे, पुरुषोत्तम (२०७१), गुरुकुल/आश्रममा पाठयक्रम तथा पाठ्यपुस्तक. *गुरुकुल-सन्देश.* काठमाडौँ : गुरुकुल/आश्रम व्यवस्थापन परिषद, पृ. १२१-१२९ ।

घिमिरे, माधवप्रसाद (२०७०), पूर्वीय र पश्चिमी शिक्षाबारे. *शिक्षा.* काठमाडौँ : शमी सम प्रकाशन गृह, पृ. ४४-४९ ।

चापागाईं, चण्डीप्रसाद (२०७१), सकारात्मक सोच र गुरुकुल शिक्षा. *गुरुकुल-सन्देश.* भक्तपुर : गुरुकुल/आश्रम व्यवस्थापन परिषद, पृ. २४-३४ ।

चालिसे, पुष्पराज (२०५३), *नेपालको शैक्षिक परम्परा : प्रारम्भदेखि त्रिभुवन विश्वविद्यालयको स्थापनासम्म.* काठमाडौँ : लेखक स्वयम् ।

चिन्तामणि योगी (२०७०), मानवीय मूल्यको विकासमा नैतिक शिक्षा. *गुरुकुल-सन्देश.* काठमाडौँ : गुरुकुल/आश्रम व्यवस्थापन परिषद, पृ. ३२-३६ ।

चिन्तामणि योगी (२०७१), वर्तमान परिप्रेक्ष्यमा संस्कृत भाषाको उपादेयता. *ध्येय चिन्तन.* ललितपुर : मातृभूमि सेवक संघ, पृ. १३-२३ ।

चिन्तामणि योगी (२०७३), *चिन्तनमाला.* काठमाडौँ : लेखक स्वयम् ।

चिन्तामणि योगी, श्रेष्ठ, श्रीओम र मिश्र गणेशप्रसाद सम्पा.(२०६२), *ध्येय चिन्तन.* काठमाडौँ : मातृभूमि सेवक संघ ।

जोशी, हरिराम (२०२८), *नेपाली संस्कृति.* काठमाडौँ : हेमराज शाक्य ।

झा, नारायण (२०४४), *नेपालको शैक्षिक दर्पण.* काठमाडौँ : जगतारिणीदेवी झा ।

ढकाल, मतिप्रसाद (२०७४), पाणिनीय गुरुकुलको जीवन्त परम्परा. *गुरुकुल-सन्देश.* काठमाडौँ : गुरुकुल/आश्रम व्यवस्थापन परिषद, पृ. २९-३३ ।

तिमल्सिना, सुजन (२०७७, असार २), संस्कृत शिक्षा आजको आवश्यकता. *ओके खबर.* काठमाडौँ : ओके खबर.कम ।

दास, अनन्तकुमार लाल (२०७४, साउन १), आधुनिक शिक्षा र चरित्र निर्माण. *प्रतीक दैनिक.* विरगञ्ज : प्रतीक दैनिक.कम ।

*दास, रामपाल (सन् २०१२), गीता तिम्रो ज्ञान अमृत.* हरियाणा : प्रचारप्रसार समिति तथा सम्पूर्ण भक्तजन सतलोक आश्रम ।

*दास, रामपाल (सन् २०१४), अन्ध श्रद्धा भक्ति खतरामा ज्यान.* हरियाणा : प्रचारप्रसार समिति तथा सम्पूर्ण भक्तजन सतलोक आश्रम ।

दीक्षित, मदनमणि (२०६९), *हिन्दु संस्कृतिको परिशीलन.* काठमाडौँ : मञ्जरी पब्लिकेसन ।

धमला, गणेश (२०७५), राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ पूर्वको संस्कृत तथा पाश्चात्य शिक्षा. *अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध.* काठमाडौँ : नेपाल संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्र ।

नेपाल, मोहनीलाल (२०६९), नेपालमा संस्कृत-शिक्षणको परम्परा र विकासक्रम. *अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध.* काठमाडौँ : नेपाल संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्र ।

नेपाल राष्ट्रिय शिक्षा योजना आयोग (२०११), *नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदन.* काठमाडौँ : नेपाल राष्ट्रिय शिक्षा योजना आयोग ।

नेपाल सरकार (२०१०),*नेपाल शिक्षा विधान.* काठमाडौँ :चीफ इन्सपेक्टर अफ स्कूल्स ।

नेपाल सरकार (२०७२), *नेपालको संविधान.* काठमाडौँ : नेपाल कानुन किताब व्यवस्था समिति ।

नेपाल सरकार (२०७९), *परम्परागत शिक्षण संस्था (सञ्चालन तथा व्यवस्थापन) मापदण्ड.* काठमाडौँ : शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।

नेपाल सरकार (२०६८), *बालमैत्री विद्यालयको सेरोफेरो स्रोत सामग्री.* भक्तपुर : शैक्षिक जनशक्ति विकास केन्द्र ।

नेपाल सरकार (२०७६), *राष्ट्रिय शिक्षा नीति.* काठमाडौँ : शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।

नेपाल सरकार (२०७६), *विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप.* भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

नेपाल सरकार (२०६९), *शैक्षिक सूचना.* काठमाडौँ : शिक्षा मन्त्रालय ।

न्यौपाने, अणप्रसाद (२०७९), विद्यालयीय शिक्षामा नैतिक शिक्षा : अवधारणा, अभ्यास र चुनौती. *शिक्षा अर्धवार्षिक शैक्षिक पत्रिका.* सानोठिमी : नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, पृ. १-१० ।

पन्त, नयराज (२०३९), *प्राचीन गणित र नवीन गणितको तुलना.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पन्त, निराजन (२०७०), नेपालमा गुरुकुल शिक्षाको ऐतिहासिक पृष्ठभूमि. *गुरुकुल-सन्देश.* काठमाडौँ : गुरुकुल/आश्रम व्यवस्थापन परिषद, पृ. ४९-५४ ।

पन्त, महेशराज र पन्त, दिनेशराज सम्पा. (२०२९), २७ पूर्णाङ्क. *पूर्णिमा इतिहास प्रधान त्रैमासिक पत्रिका.* काठमाडौँ : संशोधन-मण्डल ।

पाठ्यक्रम विकास केन्द्र (२०६८), *गुरुकुल शिक्षाको पाठ्यक्रम आधारभूत तह कक्षा १-८.* भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

पाठ्यक्रम विकास केन्द (२०६८), *माध्यमिक शिक्षा पाठ्यक्रम अन्तर्गत संस्कृत धारका परिमार्जित पाठ्यक्रम कक्षा ९-१०.* भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

पाँडे, भीमबहादुर (२०३८), *त्यस बखतको नेपाल (भाग-२).* ललितपुर : नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय ।

पाँडे, भीमबहादुर (२०४२), *त्यस बखतको नेपाल (भाग-५).* ललितपुर : साझा प्रकाशन ।

पोखरेल, ईश्वरीप्रसाद (२०६९), *शिक्षा दर्शन र सामाजिक रूपान्तरणका मुद्दा.* काठमाडौँ : शिक्षा-परीक्षा सामग्री केन्द्र ।

पोखरेल, ईश्वरीप्रसाद (२०७०), *नेपालको शैक्षिक व्यवस्थापन : सङ्गति-विसङ्गति.* काठमाडौँ : शमी सम प्रकाशन गृह ।

पोखे्रल, केशव, चिन्तामणि योगी र पोखे्रल, सुमन सम्पा.(२०७१), *ध्येय चिन्तन.* काठमाडौँ : मातृभूमि सेवक संघ ।

पोखरेल, नुरापति (२०७४), संस्कृत साहित्यमा प्रतिवम्बित गुरुकुल परम्परा र तिनको स्वरूप. *गुरुकुल-सन्देश.* भक्तपुर : गुरुकुल/आश्रम व्यवस्थापन परिषद, पृ. २२-२८ ।

पोखरेल, पुष्पा (२०७१), गुरुकुल शिक्षाको विकासक्रम आवश्यकता र गतिविधि. *गुरुकुल-सन्देश.* भक्तपुर : गुरुकुल/आश्रम व्यवस्थापन परिषद, पृ. १३९-१४३ ।

पोखरेल, हरिप्रसाद (२०७४), विद्यालयीय नैतिक शिक्षामा चाणक्य नीतिको प्रभाव. *अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध.* काठमाडौँ : नेपाल संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्र ।

पौडेल, महेश्वर (२०७१), गुरुकुल/आश्रम विद्यालयको व्यवस्थापन. *गुरुकुल/आश्रम व्यवस्थापन परिषद नेपालको अनुसन्धानमूलक मुखपत्र गुरुकुल-सन्देश.* वर्ष ५, पृ. १३६-१३८ ।

पौडेल रंघाली, रामचन्द्र (२०७०), गुरुकुलका उज्याला पक्षहरू. *गुरुकुल-सन्देश.* काठमाडौँ : गुरुकुल/आश्रम व्यवस्थापन परिषद, पृ. २२-२७ ।

पौडेल रंघाली, रामचन्द (२०७१), गुरुकुलको अवधारणा. *गुरुकुल-सन्देश.* काठमाडौँ : गुरुकुल/आश्रम व्यवस्थापन परिषद, पृ. २२-२७ ।

पौडेल, वासुदेव (२०७६, फागुन ११), पिँढी पाठशालाबाट पठनपाठन थालिएको पोखरा शिक्षाको केन्द्र. *आदर्श समाज.* पोखरा : रासस ।

पौडेल, विनिता सम्पा. (२०६६), *विवेकानन्द जीवनी.* काठमाडौं : डीकुरा पब्लिकेशन ।

प्रसाई, भीष्मराज (२०६४), *गीता-बोध* (पाँ.सं.).काठमाडौं : एडुकेशनल पब्लिसिङ हाउस ।

प्याकुरेल, शिवराम (२०६८), *अनौपचारिक शिक्षा र साक्षरताको स्तर.* काठमाडौं : लेखक स्वयम् ।

बराल, खगराज सम्पा. (२०६९), विद्यालय क्षेत्र सुधार योजनामा पाठ्यक्रम विकास केन्द्र : प्रावधान, उपलब्धि, चुनौती र भावी दिशा. *शिक्षा अर्धवार्षिक शैक्षिक पत्रिका.* भक्तपुर : पाठ्यक्रम विकास केन्द्र, पृ. १-२७ ।

बराल, खगराज (२०७७), नेपालका वर्तमान गुरुकुल र आधुनिक विद्यालय शिक्षा पद्धतिमा शिक्षक व्यवस्थापन.*विद्यावारिधि शोध-प्रबन्ध.* काठमाडौं : नेपाल संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्र ।

भट्ट, रामचन्द्र (२०७२), *उपनिषद्मा के छ ?.* काठमाडौं : डिकुरा पब्लिकेशन ।

भट्टराई, गणेशप्रसाद (२०७८), आधुनिक गुरुकुल तथा विद्यालय पद्धतिमा पाठ्यक्रम विकास.*विद्यावारिधि शोध-प्रबन्ध.* काठमाडौं : नेपाल संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्र ।

भण्डारी, ढुण्डीराज (२०४६), *नेपालको उद्भव तथा विकासको विश्लेषणात्मक इतिहास.* काठमाडौं : प्रकाश-प्रकाशन ।

भुषाल, टंङ्कप्रसाद (२०७१), गुरुकुल/आश्रममा शिक्षक व्यवस्थापन. *गुरुकुल/आश्रम व्यवस्थापन परिषद, नेपालको अनुसन्धानमूलक मुखपत्र गुरुकुल-सन्देश.* वर्ष ५, पृ. ११६-१२० ।

भुसाल, बेदुराम (२०६८), *नेपालमा प्रचलित दार्शनिक चिन्तनहरू.* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

भारतीय योगी (सन् १९८८), *कौटिल्य अर्थशास्त्र.* वेदनगर : संस्कृति संस्थान ।

मनु (सन् २००२), *मनुस्मृति.* (अनु. ज्वाला प्रसाद चतुर्वेदी).हरिद्वार : रणधीर प्रकाशन ।

मनु (२०६६), *मनुस्मृति* (सम्पा. गोपालशास्त्री नेने).वाराणसी : चौखम्बा संस्कृत भवन ।

मित्तल, एम.एल. (सन् १९९४-१९९५), *शिक्षा सिद्धान्त.* मेरठ : ईभल बुक्स इन्टरनेशनल ।

मिश्र, रुद्रप्रसाद (२०६१), *ब्रह्म-बिन्दु.* काठमाडौँ : लेखक स्वयम् ।

यादव, ज्ञानी र अन्य (२०६८) *शिक्षक सेवाको खुल्ला प्रतियोगितात्मक परीक्षा तयारी कक्षा सञ्चालन- आधारभूत तह) स्रोत सामग्री (भाग-१).* भक्तपुर : शैक्षिक जनशक्ति विकास केन्द्र ।

राष्ट्रिय शिक्षा योजना आयोग (सन् १९५६), *नेपालमा शिक्षा.* काठमाडौँ : कलेज अफ एजुकेशन ।

राष्ट्रिय शिक्षा आयोग (२०४९), *राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन.* काठमाडौँ : राष्ट्रिय शिक्षा आयोग ।

रिसाल, विष्णुगोपाल (२०६७), *प्रशासनिक गति र राजनीति.* ललितपुर : श्रीप्रेस जावलाखेल ।

रिसाल, विष्णुगोपाल (२०६७), *शिक्षा र राष्ट्रियता.* ललितपुर : श्रीप्रेस जावलाखेल ।

रेग्मी, जगदीशचन्द्र (२०३०), *नेपालको धार्मिक इतिहास.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

रेग्मी, रामराज (२०६९), आदि भौतिकवादी वैदिक दर्शन र उपनिषद. *दर्शन-दृष्टि (अर्धबार्षिक).* अङ्क १, पूर्णाङ्क ३, पृ. ३४ ।

लुइटेल, तिलकप्रसाद (२०६३), *ऋग्वेद.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

लुइटेल, लोकनाथ, गर्तौला, यादवप्रसाद र भट्टराई, प्रल्हाद (२०७२), *राष्ट्रभक्तिका उदगारहरू.* ललितपुर : जगद्गुरु आश्रम ।

वज्राचार्य, पुण्यरत्न (२०२०), *हाम्रो संस्कृति.* काठमाडौँ : एडुकेशनल इन्टरप्राइजेज (प्रा. लि.) ।

वाग्ले, मनप्रसाद, र ढकाल, माधवप्रसाद (२०६७), *शिक्षाको प्रारम्भिक परिचय (तृ.सं.).* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

विष्ट, मीनबहादुर (२०३९), *शिक्षाको सिद्धान्त.* काठमाडौँ : साझा प्रकाशन ।

वैद्य, रत्नकमल (२०३७), *एशियाली यूनानी तथा पाश्चात्य राजनीतिक चिन्तन.* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

शर्मा, गोपीनाथ (२०६०), *नेपालमा शिक्षाको इतिहास भाग २.* काठमाडौँ : मकालु बुक्स एण्ड स्टेशनर्स ।

शर्मा, गोपीनाथ (२०६८), *नेपालमा शिक्षाको इतिहास भाग १* (चौ.सं). काठमाडौँ : मकालु प्रकाशन गृह ।

शर्मा नेपाल, विनयकुमार (२०५७), *नेपाली शब्द सागर.* काठमाडौँ : आभा पुस्तक भण्डार ।

शर्मा पौडेल, घनश्याम (२०५७), नेपालको केन्द्रीय प्रशासनिक व्यवस्थामा संस्कृत वाङ्मयको स्थान. *विद्यावारिधि शोध-प्रबन्ध.* काठमाडौँ : महेन्द्र संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्र ।

शाही उच्च शिक्षा आयोग (२०४०), *शाही उच्च शिक्षा आयोगको प्रतिवेदन.* काठमाडौँ : शाही उच्च शिक्षा आयोग ।

शिवाकोटी 'यात्री', टहलदास (२०५५), *श्रीकृष्णाष्टमी धर्म नेपाली परिवेश.* झापा : लक्ष्मी अफसेट प्रेस ।

शिक्षा मन्त्रालय (२०२८), *राष्ट्रिय शिक्षा पद्धति २०२८-२०३२ सम्मको योजना.* काठमाडौँ : श्री ५ को सरकार, शिक्षा मन्त्रालय ।

शिक्षा मन्त्रालय (२०३०), *निरीक्षण निर्देशिका.* काठमाडौँ : श्री ५ को सरकार, शिक्षा मन्त्रालय ।

शिक्षा विभाग (२०७४), *फ्ल्यास एक प्रतिवेदन २०७४ (सन् २०१७/१८).* भक्तपुर : शिक्षा विभाग ।

श्रीवैष्णव कृष्णदासजी महाराज (२०७१), गुरुकुल सञ्चालनमा मठ, मन्दिर र आश्रमको भूमिका. *गुरुकुल-सन्देश.* काठमाडौँ : गुरुकुल/आश्रम व्यवस्थापन परिषद, पृ. १३०-३५ ।

श्रेष्ठ, अमृतमान (२०३८),*नेपालको अर्थशास्त्र-परिचय.*काठमाडौँ : रत्न पुस्तक भण्डार ।

श्रेष्ठ, दयाराम (२०७७), *साहित्यको अनुसन्धान व्यवस्थापन.* काठमाडौँ : शिखा बुक्स ।

श्रेष्ठ, विमललाल (२०५०), *प्राथमिक पाठ्यक्रम दिग्दर्शन.* भक्तपुर : प्राथमिक पाठय्क्रम पाठ्यपुस्तक विकास एकाइ ।

सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति (२०१८), *राष्ट्रिय सर्वाङ्गीण शिक्षा समितिको प्रतिवेदन.* काठमाडौँ : सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति ।

सुवेदी, गुरूप्रसाद (२०७१), गुरुकुल आश्रम विद्यालयमा अनुमति, स्वीकृति विषय र प्रकिया. *गुरुकुल/आश्रम व्यवस्थापन परिषद, नेपालको अनुसन्धानमूलक मुखपत्र गुरुकुल-सन्देश.* वर्ष ५, पृ. १०७-११५ ।

सुवेदी, गुरूप्रसाद (२०७१), वेदको महत्त्व. *गुरुकुल/आश्रम व्यवस्थापन परिषद, नेपालको अनुसन्धानमूलक मुखपत्र गुरुकुल-सन्देश.* वर्ष ५, पृ. १४ ।

सुवेदी, गुरूप्रसाद (२०७२), *रुद्राष्टाध्यायी.* तनहुँ : महेश-संस्कृत-गुरुकुलम् ।

सुवेदी, देवीप्रसाद (२०७३), *वाल्मीकि र व्यास : तुलनात्मक अनुशीलन.* काठमाडौँ : स्वदेश प्रकाशन प्रा.लि. ।

सुवेदी, रामकृष्ण (२०६६), नेपालमा अनौपचारिक शिक्षा, साक्षरताको स्थिति र हाम्रो प्रयास.*साक्षरता विशेषाङ्क.* भक्तपुर : अनौपचारिक शिक्षा केन्द्र, पृ. ५३-५८ ।

सुवेदी, राजाराम (२०६८), पूर्वीय शिक्षा पद्धतिको पूर्वाधार. *शिक्षा.* भक्तपुर : नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, पृ. ८८-९५ ।

स्वामी चन्द्रेश (२०६७), *शिक्षा र समाज.* काठमाडौँ : शमी सम प्रकाशन गृह ।

स्वामी चन्द्रेश (२०७०), शिक्षा र सात्विक भोजनबारे. *शिक्षा.* काठमाडौँ : शमी सम प्रकाशन गृह, पृ. ३८-४३ ।

स्वामी चैतन्यकृष्ण (२०७०), गुरुकुल शिक्षामा योग र ध्यानको भूमिका. *गुरुकुल-सन्देश.* भक्तपुर : गुरुकुल/आश्रम व्यवस्थापन परिषद, पृ. ६३-६७ ।

स्वामी चैतन्यकृष्ण (२०७४), संस्कृत विश्वभाषा र नेपाल विश्व गुरु. *गुरुकुल-सन्देश.* काठमाडौँ : गुरुकुल/आश्रम व्यवस्थापन परिषद, पृ. ६२-६३ ।

स्वामी प्रपन्नाचार्य (२०५०), *वेदमा के छ ?* ललितपुर : साझा प्रकाशन ।

स्वामी प्रपन्नाचार्य (२०७२), *वेदमा के छ ?*. काठमाडौँ : साझा प्रकाशन ।

स्वामी प्रभुपाद (सन् १९९७), *श्रीमद्भगवद्गीता यथारूप* (अनु. वादरायण दास). मुंबई : भक्तिवेदान्त बुक ट्रस्ट ।

हरि मञ्जुश्री (२०७४), दण्डवत् राष्ट्रगुरु. *गुरुकुल/आश्रम व्यवस्थापन परिषद, नेपालको अनुसन्धानमूलक मुखपत्र गुरुकुल-सन्देश.* वर्ष ७, पृ. ६४-६६ ।

## *References*


Altekar, A. (1944). *Education in ancient India.* Banaras : Nanda Kishore & Bros.

Amadi-Eric, C. (2008). *Introduction to educational administration; A module*. Port Harcourt: Harley Publications.

Ambrose, S.A., Bridges, M.W., DiPietro, M., Lovett, M.C., & Norman, M.K. (2010). *How learning works*. John Wiley & Sons.

Anderson, J., & Lindqvist, J. (2000). *Education in Nepal: A study of Nepalese teachers' view on their school situation.* Sweden: Linkoping University.

Apte, D.S. (1924). *Universities in ancient India*. Baroda: University of Baroda Press.

Aryal, B. (2019). *Impact of classroom physical environment in reading among early graders in Nepalese school. 5*: 26-30. 10.31871/IJNTR.5.12.9.

Ashouri, A. (2014). *Educational management and leadership. Applied mathematics in engineering management and technology, 2* (5), 120-127.

Besterfield, D.H., Besterfield -Michna, C., Besterfield, G.H., Besterfield - Sacre, M., Urdhwareshe, H., & Urdhwareshe, R. (2012). *Total quality management* (3rd ed.). New Delhi : Dorling Kindersley Pvt. Ltd.

Boeren, E. (2019). Understanding sustainable development goal (SDG) 4 on "quality education" from micro, meso and macro perspectives. *International review of education*. 65. 10.1007/s11159-019-09772-7.

Bransford, J.D., Brown, A.L., & Cocking, R.R. (1999). *How people learn: Brain, mind, experience, and cool*. Washington, D.C: National Academy Press.

Bush, T. (1995). *Theories of educational management*. London: Paul Chapman Publishing.

Bush, T. (2008). *Leadership and management development in education*. Thousand Oaks CA : Sage.

Bush, T. (2011). '*Cultural models' Theories of Educational Leadership & Management.:* Sage Publications Ltd.

Chouhan, K. (2016). Education system in ancient India. *International Journal of History and Research,* (1-4), 2249-8079.

Curriculum Development Centre (1999). *Secondary curriculum introductory training booklet, English*. Bhaktapur: Curriculum Development Centre.

Dahal, K. (2009). Prachin Nepalma siksa. *Tribhuvan University Journal, 26* (1), 121-138.

Dahal, P. (2053). *Nepalko itihas ( History of Nepal)*. Kathmandu : M.K. Publisher.

Dawson, C. (2009). *Introduction to research methods* (4th ed.). How to content of division of how to books Ltd. Spring Hill House.

Dubey, K.T., & Nimje, A.A. (2015). A study of critical comparative analysis of ancient Indian education and present education system. *International Journal of Advance Research in and Engineering, 4* (1), 814-819.

Duwadi, E. P. (2018). *Historical developments in the teaching & learning of English in Nepal*, 179-184.

European Parliament-Nuffic (2015). *Education system Nepal - The Nepalese education system escribed and compared with the Dutch System*. Den Haag: EP-Nuffic: Internationalizing Education.

Ferrer, A. (2018). Integral education in ancient India from Vedas and Upanishads to Vedanta, *International Journal of Research - Granthaalayah*, *6* (6), 281-295.

Freire, P. (1970). *Pedagogy of the oppressed*. New York: Penguin Books Ltd.

Goetsch, D. L., & Davis, S. (2014). *Quality management for organizational excellence Introduction to total quality (7th ed.).* Edinburgh Gate : Pearson Education Limited.

Government of Nepal (2007). *National curriculum framework for school education in Nepal*. Bhaktapur: Curriculum Development Centre.

Hallinger, P., & Murphy, J. (1985). Assessing the instructional management behaviour of principals. *Elementary School Journal - ELEM SCH J*. 86. 10.1086/461445.

Hiltebeitel, A. 2001. *Rethinking the Mahabharata: A Reader's Guide to the Education of the Dharma King*. Chicago: Chicago University Press.

Ibrahim, I., & Mohamed, M. (2017). *Educational management, educational administration and educational leadership : Definitions and general concepts.*

Idris, F., Hassan, Z., Yaacob, A., Gill, S.K., Awal, M., & Azih, N. (2011). *The role of education in shaping youth's national identity.* Kebangsaan: Elsevier Ltd.

Joshi, G. (2003). *The story of the primary education of Nepal.* Pokhara: Maiya Kumari Joshi.

Kafle, B. (2066). Literacy is for life. *Saksarata visesanka.* Bhaktapur: Non-formal Education Center, 110-114.

Kane, P.V. (1930). *History of dharmasastra*. Bombay : Bhandarkar Oriental Research Institute.

Kapur, R. (2020). *Evaluation methods: Ways of identifying the learning abilities and academic performance of students.*

Karki, R. (2012). *Contemporary TVET management practice in Nepal*: *An Overview. TVET Development Journal*, *1*(12), 87-96.

Khaniya, T.R. & Kiernan. (1994). *Nepal: system of education. In the international encyclopedia of education.* Second Edition, Volume 7. Pergamon.

Khatri, P. K., (1980). *Social life and civilization of ancient and medieval Nepal*. Kathmandu: Curriculum Development Centre.

Kothari, C.R. (2004). *Research methodology, methods and techniques* (2nd ed.). New Delhi: New Age International (P) Ltd.

Koontz, H., & Donnell, C. (1993). *Introduction to Management*. New York: McGraw-Hill.

Kumari, P. & Singh, R. (2022). *Philosophy of Education in India: Ancient and Modern Perspective.*

Lave, J., & Wenger, E. (1991). *Situated Learning: Legitimate Peripheral Participation.* New York: Cambridge University Press.

Manic hander, T. (2015). *Educational management*. Solapur: Laxmi Book Publication.

Ministry of Education, (1997). *The basic and primary education master plan for 1997-2002*. Kathmandu: His Majesty's Government of Nepal.

Ministry of Education. (2009). *School sector reform plan* 2009-2015 (Version June). Kathmandu Government of Nepal.

Mookerji, R.K. (1947). *Ancient Indian education :brahmanical and buddhist.* London : Macmillan and Co. Limited.

Mookerji, R. K.(1951). *Ancient Indian education: brahmanical and buddhist (2nd ed.).* Delhi : Motilal Banarsidass Publishers Pvt. Ltd.

Mookerji, R.K (1989). *Ancient Indian Education: Brahmanical and Buddhist.* Delhi: Motilal Banarsidass Publishers Pvt. Ltd.

Mulhern, J. (2008). *A history of education : A social interpretation.* Delhi : Jurjeet Publications.

Murty, K.V.S.N. (2013). Foundations of education in ancient Indian system and ancient Greek- Roman system- some comparisons. *International Journal of Current Research and Academic Review. 4*(1), 65-71.

Olum, Y. (2004). Modern management theories and practices : A critical overview . *being a paper presented at the 15th east African central banking course.* Kenya: Kenya School of Monetary Studies.

Pant, M. (1979). *On sanskrit education.* Kathmandu : Lusha Press.

Petersen, P. B. (1999). Total quality management and the Deming approach to quality management. *Journal of Management History (Archive), 5* (8), 468-488.

Pradhan, U. (2018). *Education in south Asia national education system in Nepal: between the 'local' and the 'global.* London: Bloomsbury Publications.

Rather, Z. (2015). Relevance of vedic ideals of education in the modern education system. *Journal of Humanities and Social Sciences (IOSR-JHSS), 20* (1), 30-36.

Sallis, E. (2002). *Total quality management in education* (3rd ed.). London and Newyork: Routledge.

Sarkar, B. K. (July 13, 2020). *Management Education and Training In Ancient India: Implications For The Present*, 2-4: HYPERLINK "https://dx.doi.org/10.2139/ssrn.3650201 "\t" blank" http://dx.doi.org/10.2139/ssrn.3650201.

Sharma, G. (1990). The impact of education during the rana period in Nepal. *Himalaya the Journal of the Association for Nepal and Himalayan Studies, 10* (2).

Sharma, R. (1971). *A socio-political study of the Valmiki Ramayana*. Patna : Motilal Banarsidass.

Shrestha, D.B. & Singh, C.B. (1972). *The history of ancient and medieval Nepal.* Kathmandu: Author.

Sinha, R.S. (2066). Non-formal education within policy debates: Towards a new paradigm. *Saksharata Wisheshangaka.* Bhaktapur: Non-formal Education center, 101-109.

Singh, U. (2006). *A history of ancient and early medieval India*. Delhi: Pearson India Education Services Pvt. Ltd.

Skar, H., & Cederroth, S.(1997). *Development aid to Nepal. NIAS (Nordic Institute of Asian Studies).* Copenhagen: Denmark Curzon Press, Richmond.

Suresh, K. (2018). An Introduction status of women education in the Vedic period. *Research Review International Journal of Multidisciplinary. 3* (11).

Thapaliya, M.P. (2016). *Moving away from 'gurukul' education system to inclusive education practices in Nepal*.

Tribhuvan University. (1985). *School level curriculum.* Kathmandu : Research Centre for Educational Innovationand Development (CERID).

Tribhuvan University. (1999). *A study on the traditional system of education through vihars and gumbas in Nepal.* Kathmandu : Research Centre for Educational Innovationand Development (CERID).

Tribhuvan University. (2007). *Education in gumbas, vihars and gurukuls in Nepal : Linking with mainstream education.* Kathmandu : Research Centre for Educational Innovation and Development (CERID).

Wardle, D. (1974). *The rise of the schooled society*. London: Routledge & Kegan Paul.

Weber, M. (1947). in T Parsons (ed) *The theory of social and economic organization* in T Parsons (ed.). New York: Free Press, Glencoe, Illinois and Collier-Macmillan.

Wohlstetter, P., & Briggs, K. (1994). *The principal's role in school-based management. Principal.74(*2), 16-17.

Wood, H. B. (1965). The development of education in Nepal. *Studies in comparative education. bulletin.* Washington D.C.: U.S. Department of Health, Education, and Welfare, Office of Education.

Yuliani, S., & Hartanto, D. (2016). Perceptions of education role in developing society: A case study. *Journal of Education and Learning. 6.*143. 10.5539/Jul. 6n1p143.

Zepeda, S.J. (2017). *Instructional supervision: applying tools and concepts* (4th ed.). New York: Routledge.